संस्कृत, प्राकृत र नेपालीका सन्धिनियम

डा. मतिप्रसाद ढकाल

Digitized By:

साझा शिक्षा ई-पाटी

OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

माध्यमिक तहदेखि स्नातकोत्तर तहसम्मका शिक्षक र विद्यार्थीका निमित्त
नेपालीमा प्रयुक्त संस्कृत, प्राकृत र मौलिक शब्दमा सन्धिविश्लेषणको सन्दर्भ पुस्तक

संस्कृत, प्राकृत र नेपालीका सन्धिनियम

ई-पुस्तकालयको प्रयोजनका लागि।
2069/8/192

डा. मतिप्रसाद ढकाल
सहप्राध्यापक
कालिका संस्कृत विद्यापीठ (क्याम्पस)
नेपाल संस्कृत विश्वविद्यालय
गैंडाकोट, नवलपरासी

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

कृति	:	संस्कृत, प्राकृत र नेपालीका सन्धिनियम
प्रकाशक	:	विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाडौं फोन नं.: ४२२७२४६, ४२४५८३४
लेखक	:	डा. मतिप्रसाद ढकाल
सर्वाधिकार	:	लेखकमा
प्रथम संस्करण	:	२०६९, भाद्र
मूल्य	:	रू. २५०।-
ISBN	:	978-99946-1-656-5
टाइप	:	लेखक स्वयम्
मुद्रक	:	

Sanskrit, Prakrit & Nepalika Sandhi Niyam

शब्दनिर्माण र सन्धिको प्रामाणिक विश्लेषण

- प्रा.डा.माधवशरण उपाध्याय

नेपालीमा प्रयुक्त संस्कृत, प्राकृत र नेपालीका सन्धिनियमको एकै ठाउँमा अध्ययन गर्ने र सैद्धान्तिक धरातलका आधारमा प्रामाणिकताको विवेचना गर्ने उद्देश्यले नेपाली भाषामा नौलो प्रयासका रूपमा डा.मतिप्रसाद ढकालको यो कृति पाठकवर्ग समक्ष प्रस्तुत हुन लागेकोमा हार्दिक प्रसन्नताको अनुभव भएको छ। डा.ढकालका अनुसन्धानात्मक ग्रन्थ र प्रशस्त फुटकर लेखरचनाहरू संस्कृत एवम् नेपालीका पाठक वर्गसमक्ष यसभन्दा पहिले पनि प्रस्तुत भइसकेका छन्। त्यसै क्रमको निरन्तरताका रूपमा यो कृति प्रकाशित हुन लागेको हो। संस्कृत व्याकरणका ज्ञाता एवम् नेपालीका पनि अध्येता डा.ढकालद्वारा प्रस्तुत गरिएको यो ग्रन्थ प्रामाणिक, स्तरीय एवम् अनुसन्धानमूलक रहेकाले उपयोगी हुनेछ। नेपाली भाषामा संस्कृत र प्राकृत भाषाको प्रभाव अत्यधिक रहेको हुनाले तीनै भाषाका शब्दको निर्माणप्रक्रिया र सन्धिनियमको विवेचन गरिएको हुँदा डा. ढकालको यस कृतिबाट प्रचलनमा देखिएका भ्रमात्मक त्रुटिहरूलाई सच्याउन र नेपाली भाषाका शुद्ध एवम् परिष्कृत शब्दको स्वरूप अवगत गर्न सजिलो हुने कुरामा विश्वस्त हुन सकिन्छ।

हिंजो आज नेपाली भाषाको प्रयोगमा व्यापक परिमार्जन गर्ने र प्रचलनमा रहेका मान्यताहरूलाई क्रमशः विस्थापन गर्दै प्रामाणिक आधारको परिकल्पना नै नगरिकन नयाँ मान्यतालाई प्रतिष्ठित गराउने कसरतमा कतिपय नेपाली विषयका विद्वान्हरूको सक्रियता रहेको पाइन्छ भने केही विज्ञजन आफूले प्रयोग गर्ने गरेका संस्कृतमूलका नेपाली शब्दहरूको आफ्नै किसिमको मनगढन्ते व्युत्पत्ति र मनचिन्ते सिद्धिप्रक्रियाको व्याख्या गर्ने र त्यस किसिमका व्याख्याको संस्कृत व्याकरणका अध्येताले पाणिनिको कुनै नियमबाट पुष्टि गरिदिऊन् भन्ने आशय राखेको देखिन्छ। नेपाली शब्दको व्युत्पत्ति निर्धारण गर्ने प्रामाणिक ग्रन्थ ठानिएको 'बृहत् नेपाली शब्दकोश'मा पनि त्यस किसिमका शब्द र संस्कृतमूलका भनी हिन्दी भाषामा भ्रमवश प्रयोगमा आएका शब्दहरू समाविष्ट भएका पाइन्छन्। तिनको सम्भाव्य व्युत्पत्तिको आधार र शब्दसिद्धिप्रक्रियाको स्पष्ट रेखाङ्कन विना नै यथावत् समावेश हुनपुग्दा कुन शब्दको मूल के हो र त्यसको निर्माणप्रक्रिया केकस्तो छ ? भन्ने कुराको हेक्का राख्न कठिन भएको छ भने कोशजस्तो प्रामाणिक ग्रन्थमा पनि परस्परमा बाझिने खालका वर्णविन्यासगत त्रुटिहरू समावेश भएकाले थप अन्योल बढ्दै गएको छ। यस किसिमको अन्योलको निराकरण गर्ने दिशामा हालसम्म पनि अपेक्षित प्रयास भने हुन सकेको देखिँदैन।

वर्तमानमा संस्कृतका अध्येताले नेपाली शब्दको व्युत्पादनमा खासै रुचि नलिने र नेपाली भाषाका विज्ञहरूले समेत तत्सम र तद्भव शब्दको मूल पहिल्याएर शब्दव्युत्पादन गर्ने दिशातर्फ खासै ध्यान नदिने गरेको अवस्था छ। नेपाली व्याकरणको व्यवस्थापन प्रक्रियालाई संस्कृत व्याकरणका मान्यताबाट टाढै राख्ने र अंग्रेजीका शब्दहरूलाई अनूदित गरी नयाँपन दिएर स्थापित गर्ने होडबाजी पनि नेपालीमा चलेको पाइन्छ। यस किसिमको अस्थिरता र अन्योलले गर्दा देश र विदेशमा छरिएर रहेका नेपाली भाषीहरूलाई निकै चिन्तित तुल्याएको देखिन्छ।

'यद्यपि बहुनाधीषे तथापि पठ पुत्र व्याकरणम्।
स्वजन: श्वजनो मा भूत्, सकलं शकलं सकृच्छकृत्॥'

अर्थात् हे पुत्र! तिमीले धेरै पढ्दैनौ भने पनि व्याकरण चाहिँ अवश्य पढ, किनभने व्याकरणको अध्ययनविना 'स्वजन' (आफ्नो मानिस) 'श्वजन' (कुकुर) हुन नपुगोस्, 'सकल' (सम्पूर्ण) 'शकल' (टुक्रा) नभइदिओस् अनि 'सकृत्' (एकपल्ट) 'शकृत्' (विष्ठा) हुन नपाओस्। यसरी एउटा वर्ण 'स' र 'श' को मात्र फरक हुँदा पनि अर्थको अनर्थ हुन्छ भने अन्य वर्णहरूको फेरबदल हुँदा कस्तो असर पर्छ ? भन्ने कुरातिर ध्यान नै नदिई लोकप्रचलनका नाममा लामो परम्परादेखि प्रचलित देवनागरी लिपिको प्रामाणिक वर्णमालालाई नै खण्डित गर्ने प्रयास नेपालीमा हुन थालेको पाइन्छ। यस प्रकारका क्रियाकलापहरूबाट नेपाली भाषाको स्तर कायम गर्न र स्तरोन्नयन गर्न महत पुग्दैन। यसका लागि नेपाली भाषाप्रति माया र ममता हुने संस्कृत एवम् नेपाली भाषाका विज्ञहरूको संयुक्तरूपमा सक्रियताको आवश्यकता अपरिहार्य रहेको छ।

प्रस्तुत कृति नेपालीमा प्रयुक्त तत्सम, तद्भव र मौलिक नेपाली शब्दहरूको निर्माणप्रक्रिया र सन्धिमा मात्र केन्द्रित रहेको छ। यस्तै किसिमको प्रयास कारकको अध्ययन, शाब्दबोध निर्धारणजस्ता क्षेत्रमा पनि अपेक्षित छ। नेपाली भाषाको सर्वाङ्गीण विकास, स्तरोन्नयन, परिष्कार आदिमा यस्ता ग्रन्थहरूको योगदान महत्त्वपूर्ण हुने भएकाले यस किसिमका ग्रन्थहरूको प्रणयन, प्रकाशन र प्रचारमा सम्बद्ध सबैको हार्दिक संलग्नता अपेक्षित हुन्छ। यस्तो साधनामा समर्पित डा.मतिप्रसाद ढकालको उज्ज्वल भविष्यको कामना गर्दै अघि बढ्ने जोस र जाँगर सदैव रहिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०६९ असार १७

वाल्मीकि विद्यापीठ
नेपाल संस्कृत विश्वविद्यालय
काठमाडौं।

शिष्यादिच्छेत् पराजयम्

- प्रा.डा.माधव प्रसाद पोखरेल

अनौपचारिक रूपमा डा.मति प्रसाद ढकाललाई म मेरै गुरु कुलका उत्कृष्ट चेला मान्दछु । मसँग भेट हुँदा डा.ढकाल संस्कृत व्याकरणमा आचार्य र नेपालीमा एमए उत्तीर्ण भई सकेका थिए । उनले मेरो 'ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय' भन्ने किताब पढी सकेका रहेछन् र त्यस भित्रको 'सन्धि' भन्ने अध्यायबाट उनी प्रभावित भएका रहेछन् । मेरो त्यस किताबको सन्धि प्रकरण भित्र पनि विशेष गरी 'संस्कृत र नेपाली सन्धिका नियममा फरक' भन्ने अंशले उनलाई सबभन्दा धेरै तानेको रहेछ । उनले मलाई पिएचडीको गुरु थाप्ने इच्छा व्यक्त गरे ।

चीनमा एक वर्ष बस्ता मैले 'व्युत्पत्ति मूलक नेपाली शब्द व्याकरण' भन्ने किताब झन्डै १७० पृष्ठ जति लेखें । नेपालीमा प्रचलित संस्कृत शब्दको व्युत्पत्ति केलाउँदा मेरो हलो अड्कियो, किन भने मैले संस्कृत शब्दहरूको व्युत्पत्ति फोर्न सक्ने गरी संस्कृत व्याकरण गुरु मुख भएर पढेकै छैन । संस्कृत व्याकरणको मेरो ज्ञान आधार भूत रूपमा डेक्कन कलेजमा गरेको स्वाध्ययनका भरमा मात्र ठडिएको मैले अनुभव गरेको छु । मति प्रसाद ढकाललाई मैले पुरा गर्न नसकेको काम पुरा गर्न सक्ने शोधार्थी ठहराएँ र उनलाई संस्कृत भाषाको सन्धि बारे पिएचडी गर्न सघाउने वचन दिएँ ।

प्रातिशाख्यहरूमा संस्कृतको उच्चारण सम्बन्धी अनुसन्धान गरिएको पाइन्छ । प्रातिशाख्यहरूको उच्चारण सम्बन्धी अनुसन्धान कति आदर्श र वैज्ञानिक छ भने, लन्दनको गुरु कुलका प्रसिद्ध भाषा वैज्ञानिक प्राध्यापक फर्थले भनेका छन् 'उन्नाइसौं शताब्दीमा लन्दनको गुरु कुलमा भाषा वैज्ञानिकहरूले वैदिक प्रातिशाख्य पढ्न नपाएका भए, पश्चिममा ध्वनि विज्ञानको जन्म हुने कुराको कल्पनै गर्न सकिने थिएन ।' प्राध्यापक फर्थ प्राध्यापक कुन्जुन्नी राजाका गुरु हुन्, जुन कुन्जुन्नी राजाले संस्कृत अर्थ विज्ञानको अद्वितीय वैज्ञानिक अनुसन्धान गरेका छन् । शिक्षा ग्रन्थहरू भन्दा प्रातिशाख्य (ऋग्वेद, शुक्ल यजुर्वेद, कृष्ण यजुर्वेद, साम वेद, अथर्व वेदको उच्चारणको विश्लेषण) हरूको ध्वनि विज्ञान धेरै वैज्ञानिक छ । वैदिक साहित्यमा 'शिक्षा' शब्दको अर्थ 'उच्चारणको शिक्षा' भन्ने देखिन्छ, तर अहिले भारतीय उपमहाद्वीपको कुनै पनि विश्व विद्यालयमा संस्कृतको उच्चारण सिकाईदैन । गुरु र विद्यार्थीहरू आफ्ना आफ्नै मातृभाषाका वर्णहरू प्रयोग गरेर वेदको समेत 'शुद्ध' उच्चारण गर्छन्, सिक्छन् र सिकाउँछन् ।

शिक्षा र प्रातिशाख्य ग्रन्थहरूमा आज भाषा विज्ञानमा 'ध्वनि विज्ञान' र 'वर्ण विज्ञान' भन्ने परस्पर सम्बन्धित तर छुट्टा छुट्टै वैज्ञानिक विषयहरू छ्यासमिस भएका पाइन्छन्। 'ध्वनि विज्ञान' मा कुनै भाषा विशेषको उच्चारण नभएर संसारका सबै भाषामा लागु हुने उच्चारण सम्बन्धी प्रक्रियाको विश्लेषण, वर्णन र वर्गीकरण पाइन्छ भने, 'वर्ण विज्ञान' मा चाहिँ कुनै भाषा विशेषमा अर्थ छुट्याउने ध्वनि वा वर्ण कति ओटा छन् (वर्ण माला) भन्ने टुङ्गो लगाउने र त्यस भाषाका व्याकरणमा (शब्द निर्माण वा वाक्य निर्माणमा) कुन वर्ण फेरिएर कुन वर्ण बन्छ (सन्धि) भन्ने कुराको कस्तो व्यवस्था वा नियम छ भन्ने कुराको पुर्पच्छे हुन्छ। ध्वनि विज्ञान र वर्ण विज्ञान बिचको आधुनिक भाषा विज्ञानको यस भिन्नतालाई ठम्याएर केलाउँदा के देखिन्छ भने, प्रातिशाख्यहरूको अध्ययनको विषय आधार भूत रूपले ध्वनि विज्ञान हो र पाणिनिको वर्ण विश्लेषण आधार भूत रूपले वर्ण वैज्ञानिक हो। पाणिनि संसारका सबभन्दा पहिला वर्ण वैज्ञानिक ठहर्छन्, किन भने उनले संस्कृत भाषाका व्याकरणमा मात्र चल्ने ध्वनि अर्थात् वर्णहरूको सूची वा वर्ण माला 'शिव सूत्र' (वर्णसमाम्नाय) का रूपमा बनाए र त्यहाँ संस्कृत वर्णहरूको ध्वनि वैज्ञानिक वर्गीकरण छ, जस्तै : १. अइउ (उच्च स्वर), २. ऋलृ (व्यञ्जनात्मक स्वर वा आक्षरिक व्यञ्जन), ३. एओ (मध्य स्वर), ४. ऐऔ (सन्ध्यक्षर वा द्विस्वर), ५. हयवरल् (अर्ध स्वर), ६. ञमङणन (नासिक्य), ७. झभघढध (घोष महाप्राण), ८. जबगडद (घोष अल्प प्राण), ९. खफछठथ (अघोष महाप्राण), १०. चटतकप (अघोष अल्पप्राण), ११. शषसह (ऊष्म वा सङ्घर्षी)। पाणिनिको शिव सूत्रमा पहिले स्वरपछि व्यञ्जन, पहिले घोष पछि अघोष, पहिले महाप्राण पछि अल्प प्राण, पहिले स्पर्श पछि ऊष्म, स्पर्शको क्रममा पहिले जिब्रो उचाल्नु नपर्ने उच्चारण स्थान पछि जिब्रो उचाल्नु पर्ने उच्चारण स्थान आउने गरी संस्कृत वर्णहरूलाई विद्यार्थीहरूले थाहै नपाउने गरी ध्वनि वैज्ञानिक क्रममा मिलाइएको छ। ह वर्ण त्यहाँ दुई पल्ट आउँछ, किन भने पहिलो हकार घोष हो, दोस्रो हकार अघोष हो। वर्ण मालाका यस सूचीमा पाणिनिले प्रातिशाख्यमा विश्लेषण गरिएका तर संस्कृतमा वर्णका रूपमा नआएर संवर्ण (वर्णको उच्चारण भेद) का रूपमा आउने धेरै ध्वनिहरू (काकल्य; दन्त्य र दन्तमूलीय बिचको फरक; हनुमूलीय, काकल्य र कण्ठ्य ध्वनि बिचको ध्वनि वैज्ञानिक फरक; जिह्वामूलीय र उपध्मानीय) को चर्चै छोडी दिएका छन्, किन भने त्यो ध्वनि वैज्ञानिक सूक्ष्मता संस्कृत शब्दको अर्थ छुट्याउने काम लाग्दैन।

पाणिनिले संस्कृत व्याकरण कति सजिलो, यान्त्रिक र व्यवस्थित पारी दिए भने, पाणिनीय व्याकरण पढे पछि संस्कृत व्याकरण सिक्न ध्वनि विज्ञान वा उच्चारण नजाने पनि हुन्छ, त्यसै कारणले भारतीय उपमहाद्वीपका संस्कृत विश्व विद्यालयहरूमा प्रातिशाख्य र संस्कृतको मानक उच्चारण चाहिँ

सिकाइँदैन, पाणिनीय व्याकरण चाहिँ सिकाइन्छ, त्यसैले गर्दा असमीया पण्डित, बङ्गाली पण्डित, तमिल पण्डित, महाराष्ट्री पण्डित र बनारसी पण्डितलाई यजुर्वेदको एउटै मन्त्र पढ्न लगायो भने, अनेक थरीको तथाकथित 'शुद्ध' संस्कृतको उच्चारण गर्छन्। सम्पूर्ण उपमहाद्वीपका संस्कृत विश्व विद्यालयहरूको बृहद् गोष्ठी गरेर संस्कृतको मानक उच्चारणको निर्धारण गर्ने र त्यसै अनुसार संस्कृत भाषाको मानक उच्चारण पनि विश्व विद्यालयहरूमा पढाउन थाल्नु पर्ने आवश्यकता छ।

मति प्रसाद ढकालका अगाडि संस्कृतमा पिएचडी गरे पनि हुने नेपालीमा पिएचडी गरे पनि हुने दुइटा विकल्प थिए। मैले उनलाई संस्कृत व्याकरणमा पिएचडी गर्ने, तर शोध प्रबन्ध चाहिँ नेपालीमा लेख्ने सुझाउ दिएँ। यसो गर्दा म उनको पूर्ण गुरु हुन नसक्ने अर्ध गुरु मात्र हुन सक्ने अवस्था आयो। मैले प्राध्यापक डा.माधव शरण उपाध्यायलाई औपचारिक गुरु बन्न अनुरोध गर्न लगाएँ र अर्का विशेषज्ञ बस्न चाहिँ प्राध्यापक माधवराज गौतमलाई अनुरोध गर्न लगाएँ।

मति प्रसादलाई मैले स्टयान्डफोर्ड विश्व विद्यालयका प्राध्यापक पल किपर्स्कीले संस्कृत व्याकरण सिकेर प्रतिपादन गरेको 'शाब्दिक वर्ण विज्ञान' (लेक्सिकल फोनोजोजी) का आधारमा संस्कृत भाषाका सन्धि नियमको अनुसन्धान गर्ने प्रेरणा दिएँ। पाणिनीय व्याकरण आधार भूत रूपमा दुई किसिमले सिकाइन्छ : (क) अष्टाध्यायीका सूत्रहरूको क्रम अनुसार अथवा (ख) प्रकरणहरूको क्रम अनुसार। भारतीय उपमहाद्वीपका धेरै जसो संस्कृत विश्व विद्यालयमा प्रकरणहरूको क्रम अनुसार पाणिनीय व्याकरण सिकाइन्छ। प्रकरणका क्रममा संस्कृत पढाइने परिपाटिमा सन्धि प्रकरण भित्र बाह्य सन्धि मात्र सिकाइन्छ, आन्तरिक सन्धि सिकाइँदैन। कुनै शब्द भित्र हुने धातु, प्रातिपदिक, उपसर्ग, प्रत्यय, अव्युत्पन्न र व्युत्पन्न शब्द भित्रै पनि वर्णहरू कुन पछि कुन क्रममा आउन सक्ने कि नसक्ने भन्ने नियम हुन्छ। उपसर्ग र धातु वा प्रातिपदिकका बिचमा, अथवा धातु वा प्रातिपदिक र त्यस पछि आउने प्रत्ययका बिचमा अर्थात् एउटै शब्द भित्र व्यवस्थित हुने वर्णहरूको सन्धि नियम 'आन्तरिक सन्धि' हो भने, दुइटा शब्द नजिक नजिक आउँदा वर्णहरूका बिचमा सन्धिको जस्तो नियम हुन्छ, त्यस नियमलाई 'बाह्य सन्धि' भन्दछन्। प्रकरणहरूका आधारमा संस्कृत पढाउने परिपाटिमा 'सन्धि प्रकरण' भन्ने शीर्षक भित्र चाहिँ खालि बाह्य सन्धिका नियम मात्र आउँछन्, आन्तरिक सन्धिका नियम आउँदैनन्। किपर्स्कीको वर्गीकरण अनुसार आन्तरिक सन्धिलाई 'शाब्दिक सन्धि' र बाह्य सन्धिलाई 'अन्तरशाब्दिक' वा 'उत्तर शाब्दिक सन्धि' भन्न सकिन्छ। मैले मति प्रसाद ढकाललाई उनको संस्कृत

सन्धिको अनुसन्धानमा शाब्दिक र अन्तरशाब्दिक दुइटै सामेल गर्ने सुझाउ दिएँ ।

वर्ण परिवर्तन त कृदन्त भित्र पनि, तिङन्त भित्र पनि, समस्त शब्द भित्र पनि, सुबन्त भित्र पनि अर्थात् शब्द निर्माण वा शब्दानुशासनमा पनि आउँछ, तर परम्परागत सन्धि प्रकरण भित्र चाहिँ त्यो वर्ण परिवर्तन पढाइँदैन, सम्बन्धित बेग्ला बेग्लै प्रकरण भित्र मात्रै पढाइन्छ, त्यसैले सोचेर भन्दा घोकेर संस्कृत व्याकरणमा पोख्त भएका पण्डितहरूले शाब्दिक सन्धिलाई सन्धि नै नमान्ने सम्भावना हुन्छ ।

मति प्रसाद ढकालको संस्कृत व्याकरणमा असाधारण अधिकार र सिद्धि देखेर म रमाएको छु । त्यसै प्रतिभा र पाण्डित्यमा मेहनत, तपस्या र अनुसन्धानको कुत्कुती लागेर उनले 'संस्कृत, प्राकृत र नेपालीका सन्धि नियम' भन्ने यो कृति अत्यन्त छोटो समयमा तयार गरेका हुन् । यसमा उनको मेहनत, पाण्डित्य र प्रतिभा सबै कुँदिएको छ ।

यस कृतिको अर्को उल्लेखनीय विशेषता के छ भने, यसमा संस्कृत र प्राकृत भाषाका भनेर दिइएका सबै उदाहरणहरू नेपालीमा प्रचलित छन् । यस कृतिमा डा. ढकालले अर्को अपूर्व मेहनत के गरेका छन् भने, उनले यहाँ प्राकृत भाषा र नेपाली भाषाका सन्धि नियम समेत दिएर नेपाली शब्द भण्डारको व्युत्पत्ति केलाएका छन् । प्राकृत भाषाका व्याकरण समेत अध्ययन गरेर उनले मेहनतले खोजेर नेपालीमा प्रयोग हुने प्राकृत शब्दका उदाहरण दिएका छन् ।

संस्कृत र प्राकृत भाषाका व्याकरणको ज्ञानलाई प्रयोग गरी नेपाली शाब्दिक सन्धिका नियमहरूको व्याख्या गरिएको अद्वितीय नमुनाका रूपमा डा. ढकालको यो शोध ग्रन्थ तयार भएको देखिन्छ । उनको पिएचडीका लागि गरिएको शोध त संस्कृत सन्धिको मात्रै थियो, तर नेपालीमा प्रयोग हुने संस्कृत, प्राकृत र व्युत्पन्न नेपाली शब्द भित्रको सन्धि नियमको व्याख्या भने उनको आफ्नो छुट्टै एकलव्य साधनाको प्रतिफल हो ।

डा. ढकालको नेपालीमा प्रचलित संस्कृत, प्राकृत र नेपाली सन्धिका नियमहरूको यो अनुसन्धान ग्रन्थ पढेर अब मेरो व्युत्पत्ति मूलक शब्द व्याकरणमा अड्केको हलो म फुस्काउन सक्छु होला । म मेरा चेलाबाट पराजित भएँ । 'शिष्यादिच्छेत् पराजयम्' (चेलासँग हार स्वीकार गर्ने इच्छा हरेक गुरुको हुनु पर्छ) ।

२०६९ जेठ ५

साँचल मार्ग, सानेपा
ललितपुर ।

लेखकीय

संस्कृतबाट प्राकृत हुँदै नेपाली भाषाको विकास भएकाले नेपाली भाषाको अध्ययन र अनुसन्धानका सन्दर्भमा संस्कृत र प्राकृत भाषाको सर्वोपरि महत्त्व स्वीकृत हुँदै आएको छ। त्यसैले नेपाली शब्दको निर्माणप्रक्रिया र सन्धिका सन्दर्भमा पनि नेपालीमा प्रयुक्त संस्कृत सन्धि, प्राकृत सन्धि र मौलिक नेपाली सन्धिको पृथक् अस्तित्व र महत्त्व छ भन्ने कुरालाई पुष्टि गर्नका लागि 'संस्कृत, प्राकृत र नेपालीका सन्धिनियम' शीर्षकको यो अनुसन्धानात्मक पुस्तक तयार गरिएको हो।

यस पुस्तकका चार अध्यायहरूमध्ये पहिलो अध्यायमा संस्कृत र प्राकृतको वर्णमालाका साथै व्याकरण र सन्धिको परिचयात्मक पृष्ठभूमि दिइएको छ। त्यसपछिका तीन अध्यायमा क्रमशः संस्कृत, प्राकृत र मौलिक नेपालीका लोप, आगम र वर्णविकारसम्बन्धी २५९ सन्धिनियमहरूको स्वरवर्ण, व्यञ्जनवर्ण, खण्डेतरवर्ण र द्विस्वरवर्णका दृष्टिले अध्ययन एवम् विश्लेषण गरिएको छ भने परिशिष्टमा संस्कृत र प्राकृतका लोप, आगम, वर्णविकार र वर्णव्यत्यय (वर्णको साटफेर हुने प्रक्रिया) सम्बन्धी सन्धिका मूल नियमहरू दिइएको छ।

नेपालीमा प्रयुक्त शब्दहरूमध्ये कुन शब्द तत्सम हो, कुन तद्भव हो र कुनचाहिँ मौलिक नेपाली शब्द हो ? भन्ने कुरा पाठकहरूले पत्ता लगाउनु आवश्यक छ। त्यसपछि तत्सम शब्द भए संस्कृत सन्धिनियमसँग सम्बद्ध दोस्रो अध्यायबाट, तद्भव शब्द भए प्राकृत सन्धिनियमसित सम्बद्ध तेस्रो अध्यायबाट तथा मौलिक नेपाली शब्द भए नेपाली सन्धिनियमसँग चौंथो अध्यायबाट त्यसको निर्माणप्रक्रिया पत्ता लगाउन सकिन्छ। त्यसमा पनि कुनै वर्णको लोपमात्र भएको भए सम्बद्ध अध्यायको लोपनियममा, कुनै नयाँ वर्ण थपिएको भए आगमनियममा र कुनै वर्णका स्थानमा अर्के वर्णको परिवर्तन भएको भए वर्णविकार नियममा हेर्न सकिन्छ। उदाहरणका लागि 'गति' र 'सूर्योदय' दुवै शब्द तत्सम हुन्। 'गम्' धातुमा 'ति' (क्तिन्) प्रत्ययको योग हुँदा कसरी मकारको लोप भएर 'गति' शब्द बन्यो एवम् 'सूर्य' शब्दको अन्त्य अकार र 'उदय' शब्दको आद्य उकार दुवै मिलेर कसरी ओकारमा परिणत भई 'सूर्योदय' शब्द बन्यो ? भन्ने कुरा संस्कृतको लोपसन्धिनियम (६) र द्विस्वरको विकारनियम (१०६) बाट प्रमाणित भएको छ।

नेपाली शब्दको निर्माणप्रक्रिया र सन्धिको शिक्षण गर्दा हालसम्म शब्दमा कसरी वर्णको लोप, आगम र विकार (परिवर्तन) भयो ? भन्ने आधार सिकाउने प्रचलन नरहेकाले विद्यार्थीका लागिमात्र होइन शिक्षकका लागि पनि शब्दनिर्माणप्रक्रिया अत्यन्त बोझिलो बन्दै आएको छ। यस पुस्तकमा यथासम्भव सरल र सहज किसिमले त्यस बोझलाई हलुका गर्ने प्रयत्न गरिएको छ।

स्नातक तहमा संस्कृत व्याकरणको महाभाष्य पढ्ने बेलामा 'लोप, आगम र वर्णविकारलाई जान्नेले नै वेदको रक्षा गर्नसक्छ' भन्ने भाष्यकार पतञ्जलिको भनाइले मलाई आकृष्ट गरेको थियो। पछि त्रिविमा नेपाली पढाउँदा प्रा.डा.माधवप्रसाद पोखरेल गुरुको 'ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि-परिचय' (२०५७) नामक पुस्तकबाट लोप, आगम र वर्णविकारलाई वाजसनेयी प्रातिशाख्यमा सन्धि भनिएको रहेछ भन्ने सूचना पाएपछि संस्कृत र नेपाली सन्धिको अध्ययन र अनुसन्धानतर्फ मेरो रुचि अगाडि बढेको हो। तदनुरूप प्रा.डा.माधवशरण उपाध्याय र प्रा.डा.माधवप्रसाद पोखरेल दुवै गुरुको विशेष निर्देशन पाएर मैले लोप, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणको सन्धिवैज्ञानिक अध्ययन पूर्ण गर्न समर्थ भएको हुँ। त्यो अध्ययन नेपाली भाषाका निम्ति केकति उपयोगी हुनसक्छ र त्यही अध्ययनका आधारमा प्राकृत एवम् मौलिक नेपाली शब्दमा केकस्ता सन्धिनियमहरू प्रवृत्त हुनसक्छन् ? भन्ने जिज्ञासाको परिपूर्ति गर्ने सन्दर्भमा तयार भएको यस पुस्तकको पाण्डुलिपिलाई दुवै गुरुले पढेर प्रेरणात्मक हौसला प्रदान गर्ने गहनतम भूमिका लेखी प्रकाशनका लागि बारम्बार घच्घच्याइरहनु भएको हुँदा उहाँहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै प्रकाशनका सिलसिलामा महत्त्वपूर्ण सुझाउ दिनुहुने दाजु प्रा.डा. गोविन्दराज भट्टराईप्रति कृतज्ञ छु र अन्तमा, यस कृतिलाई यथासमयमै जनसमक्ष ल्याइदिएर लेखकीय हौसला बढाइदिने विद्यार्थी पुस्तक भण्डारका सञ्चालक मित्र शान्त गौतमप्रति सधन्यवाद हृदयत: आभार प्रकट गर्दछु।

डा.मतिप्रसाद ढकाल
सहप्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय

२०६९ असार २९
१९९ औं भानु जयन्ती

विषयसूची

अध्याय : एक

संस्कृत व्याकरण, प्राकृत व्याकरण र सन्धिको परिचय

१.१ विषय-प्रवेश १
१.२ संस्कृत व्याकरणको परिचय १
१.२.१ संस्कृत व्याकरणको ऐतिहासिक पृष्ठभूमि १
१.२.२ पाणिनीय व्याकरणको संरचना २
१.२.२.१ पाणिनिको 'अष्टाध्यायी' २
१.२.२.२ कात्यायनका वार्तिकहरू ३
१.२.२.३ पतञ्जलिको 'व्याकरण-महाभाष्य' ३
१.२.२.४ वामन र जयादित्यको 'काशिकावृत्ति' ४
१.२.२.५ भट्टोजि दीक्षितको 'वैयाकरणसिद्धान्तकौमुदी' ५
१.२.३ संस्कृतको वर्णमाला र लेख्य नेपाली वर्णमालामा त्यसको प्रभाव ६
१.३ प्राकृत व्याकरणको परिचय ८
१.३.१ वररुचिको 'प्राकृत-प्रकाश' ८
१.३.२ हेमचन्द्रको 'सिद्ध-हैम-शब्दानुशासन' ९
१.३.३ प्राकृतको वर्णमाला र उच्चार्य नेपाली वर्णमालामा त्यसको प्रभाव १०
१.४ सन्धिको परिचय १२
१.४.१ शब्दको नित्यता र सन्धिको आवश्यकता १२
१.४.२ लोपसन्धिको स्वरूप र वर्गीकरण १३
१.४.३ आगमसन्धिको स्वरूप र वर्गीकरण १५
१.४.४ वर्णविकारसन्धिको स्वरूप र वर्गीकरण १७

अध्याय : दुई

संस्कृत सन्धिनियम

२.१ विषयप्रवेश २२
२.२ संस्कृतका लोपसन्धि नियम २२
२.२.१ संस्कृतका स्वरलोपी सन्धिनियम २२
अलोप, आलोप, इलोप, उलोप, ईलोप र अत् (टि) लोप नियम
२.२.२ संस्कृतका व्यञ्जनलोपी सन्धिनियम २४
णलोप, नलोप, मलोप र रलोप नियम
२.३ संस्कृतका आगमसन्धि नियम २८
२.३.१ संस्कृत स्वरागमका सन्धिनियम २८
अम् (अ), इट् (इ) र ऐ आगम नियम

२.३.२ संस्कृत व्यञ्जनागमका सन्धिनियम ३३
पुक् (प्), मुक् (म्) र युक् (य्) आगम नियम
२.३.३ संस्कृत स्वरव्यञ्जनागमका सन्धिनियम ३६
आपुक् (आप्) र आनुक् (आन्) आगम नियम
२.४ संस्कृतका वर्णविकारसन्धि नियम ३७
२.४.१ एक स्वरवर्णको विकारनियम ३७
२.४.१.१ अकारको आ, इ र ई नियम ३८
२.४.१.२ आकारको अ, इ र ई नियम ४४
२.४.१.३ इकारको ई, ए, ऐ र य् नियम ४५
२.४.१.४ ईकारको ई, ए, ऐ र य् नियम ५०
२.४.१.५ उकारको ऊ, ओ, औ र व् नियम ५१
२.४.१.६ ऊकारको ओ, औ र व् नियम ५५
२.३.१.७ ऋकारको अर्, आर् र र् नियम ५७
२.४.१.८ ॠकारको अर्, आर्, इर् र उर् नियम ६०
२.४.१.९ एकारको ऐ र अय् नियम ६१
२.४.१.१० ओकारको उ, औ र अव् नियम ६२
२.४.१.११ ऐकारको आ र आय् नियम ६४
२.४.१.१२ औकारको आव् नियम ६५
२.४.२ द्विस्वरवर्णको विकारनियम ६५
२.४.२.१ अकार र अच्को आ, ए, ओ, ऐ, औ र अर् नियम ६६
२.४.२.२ आकार र अच्को आ, ए, ओ, ऐ, औ र अर् नियम ७३
२.४.२.३ इवर्ण र इवर्णको ई नियम ७५
२.४.२.४ उकार र अच्को उ र ऊ नियम ७६
२.४.२.५ ऊकार र उवर्णको ऊ नियम ७७
२.४.२.६ ऋकार र अकारको ऋ नियम ७८
२.४.२.७ एकार र अकारको ए नियम ७८
२.४.३ व्यञ्जनवर्णको विकार नियम ७९
२.४.३.१ ककारको ग् नियम ८०
२.४.३.२ गकारको ङ् नियम ८०
२.४.३.३ घकारको ग् नियम ८०
२.४.३.४ चकारको क् र ज् नियम ८१
२.४.३.५ छकारको श् नियम ८२
२.४.३.६ जकारको ग्, च् र ष् नियम ८२
२.४.३.७ टकारको ड् नियम ८३
२.४.३.८ डकारको ट् र ण् नियम ८३
२.४.३.९ तकारको आ, क्, च्, ट्, द्, ध्, न्, ल् र व् नियम ८४

२.४.३.१० धकारको ठ् नियम ८८
२.४.३.११ दकारको ज्, ड्, त् र न् नियम ८८
२.४.३.१२ धकारको द् र द् नियम ९०
२.४.३.१३ नकारको आ, ञ्, ण् र र् नियम ९१
२.४.३.१४ पकारको ब् नियम ९३
२.४.३.१५ भकारको ब् नियम ९३
२.४.३.१६ मकारको व् र अनुस्वार नियम ९४
२.४.३.१७ रकारको उ, ऋ र ल् नियम ९५
२.४.३.१८ वकारको उ नियम ९८
२.४.३.१९ शकारको छ् र ष् नियम ९९
२.४.३.२० षकारको छ् र ह् नियम ९९
२.४.३.२१ सकारको र्, श् र ष् नियम १००
२.४.३.२२ हकारको घ्, ढ्, ध् र प् नियम १०२
२.४.४ खण्डेतर वर्णको विकारनियम १०४
२.४.४.१ अनुस्वारको ङ्, ञ्, न् र म् नियम १०४
२.४.४.२ विसर्ग (:) को विसर्ग (:) ष् र स् नियम १०६

अध्याय : तीन

प्राकृत सन्धिनियम

३.१ विषयप्रवेश १०९
३.२ प्राकृतका लोपसन्धि नियम १०९
३.२.१ इकारको लोपनियम
३.३ प्राकृतका आगमसन्धि नियम ११४
३.३.१ इकार र उकारको आगमनियम
३.३.२ णकारको आगमनियम
३.३.३ अनुस्वारको आगमनियम
३.४ प्राकृतका वर्णविकारसन्धि नियम ११५
३.४.१ स्वरवर्णको विकारनियम ११६
३.४.१.१ एक स्वरवर्णको विकारनियम ११६
३.४.१.१.१ अकारको आ, इ र ए नियम ११६
३.४.१.१.२ आकारको अ नियम ११७
३.४.१.१.३ इकारको अ, ई र उ नियम ११८
३.४.१.१.४ ईकारको इ नियम ११८
३.४.१.१.५ उकारको अ, इ र ओ नियम ११९
३.४.१.१.६ ऊकारको उ र ओ नियम १२०
३.४.१.१.७ ऋकारको अ, इ, उ र रि नियम १२०

३.४.१.१.८ ऐकारको ए, अअ र अइ नियम १२१
३.४.१.१.९ औकारको उ, ओ र अउ नियम १२२
३.४.१.२ द्विस्वरवर्णको विकारनियम १२३
३.४.१.२.१ रयो, रयस् र अदको ए नियम १२४
३.४.१.२.२ उलू र उपको ओ नियम १२४
३.४.२ एक व्यञ्जनवर्णको विकारनियम १२५
३.४.२.१ ककारको ख् र म् नियम १२५
३.४.२.२ खकारको ह् नियम १२६
३.४.२.३ टकारको ड् नियम १२६
३.४.२.४ ठकारको ढ् नियम १२६
३.४.२.५ णकारको न् नियम १२७
३.४.२.६ तकारको छ, र् र च्च् नियम १२७
३.४.२.७ थकारको ह् नियम १२८
३.४.२.८ दकारको आ, ड्, ध्, र् र ल् नियम १२८
३.४.२.९ धकारको ढ् र ह् नियम १२९
३.४.२.१० पकारको व् नियम १३०
३.४.२.११ भकारको ह् नियम १३०
३.४.२.१२ यकारको ज्, ल् र ह् नियम १३१
३.४.२.१३ रकारको ल् नियम १३१
३.४.२.१४ शकारको छ, स् र ह् नियम १३२
३.४.२.१५ षकारको छ् र स् नियम १३३
३.४.२.१६ सकारको छ् नियम १३३
३.४.३ संयुक्त व्यञ्जनवर्णको विकारनियम १३४
३.४.३.१ क्ष, ष्क र स्तको ख् नियम १३४
३.४.३.२ त्यको च् नियम १३६
३.४.३.३ क्ष, त्स र श्चको छ् नियम १३६
३.४.३.४ द्य, य्य र र्यको ज् नियम १३६
३.४.३.५ ध्यको झ् नियम १३७
३.४.३.६ त्त, र्त र स्तको ट् नियम १३७
३.४.३.७ ष्टको ठ् नियम १३८
३.४.३.८ र्तको ड् नियम १३८
३.४.३.९ द्धको ढ् नियम १३९
३.४.३.१० ञ्चको ण् नियम १३९
३.४.३.११ स्तको थ् नियम १३९
३.४.३.१२ त्मको प् नियम १४०
३.४.३.१३ ग्मको म्ब् नियम १४०

३.४.३.१४ ध्व र ह्वको भ् नियम १४०
३.५ प्राकृतको वर्णव्यत्यय सन्धिनियम १४१
रकार र णकार, हकार र रकार, दकार र हकार एवम् हकार र लकारको व्यत्ययनियम

अध्याय : चार

नेपाली सन्धिनियम

४.१ विषयप्रवेश १४२
४.२ नेपालीका लोपसन्धि नियम १४२
४.२.१ स्वरवर्णको लोपनियम १४२
अ, आ, इ, ई, उ, ऊ, ओ र औ-को लोपनियम
आइ र आउ-को लोपनियम
४.२.२ व्यञ्जनवर्णको लोपनियम १५०
क्, च्, ट्, ठ्, ण्, त्, द्, प्, ब्, य्, र्, ल्, ष्, स् एवम् ह्-को लोपनियम
४.२.३ खण्डेतर वर्णको लोपनियम १५२
विसर्ग (:) र चन्द्रविन्दु (ँ) को लोपनियम
४.२.४ अनेक वर्णको लोपनियम १५३
एट्, लो, इज, उव्, ड्गो र दन्-को लोपनियम
४.३ नेपालीका आगमसन्धि नियम १५३
४.३.१ स्वरवर्णको आगमनियम १५४
अकार र इकारको आगमनियम
४.३.२ व्यञ्जनवर्णको आगमनियम १५४
क्, ग्, ट्, ठ्, त्, न्, म्, य्, र्, ल्, व् र स्-को आगमनियम
४.३.३ खण्डेतर वर्णको आगमनियम १५९
चन्द्रविन्दु (ँ) को आगमनियम
४.४ नेपालीका वर्णविकारसन्धि नियम १६०
४.४.१ स्वरवर्णको विकारनियम १६०
अ, आ, इ, ई, उ, ऊ, ए र ओ-को विकारनियम
४.४.२ व्यञ्जनवर्णको विकारनियम १७६
क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ड, ढ, ण, त, थ, द, न, प, ब, भ, म, य, व, ल, श, स् र ह्-को विकारनियम
४.४.३ अनेक वर्णको विकारनियम १८०
जा, लैजा र हु धातुको पूर्णविकार नियम
दुई, तीन र चार प्रातिपदिकको पूर्णविकार नियम
४.५ नेपालीको वर्णव्यत्यय सन्धिनियम १८२
रकार र डकार, लकार र गकार एवम् रकार र लकार व्यत्ययनियम

परिशिष्ट

१. संस्कृतका लोप, आगम र वर्णविकारसम्बन्धी मूल नियमहरू १८३
२. प्राकृतका लोप, आगम, वर्णविकार र वर्णव्ययसम्बन्धी मूल नियमहरू १८६
सन्दर्भ कृति-सूची १८९

सङ्क्षेपीकृत शब्दसूची

अ.	अष्टाध्यायी	आ.	आगम
उद्यो.	उद्योत टीका	का.वृ.	काशिकावृत्ति
ग.वा.	गणवार्तिक	ग.सू.	गणसूत्र
नि.	नियम	ने.	नेपाली
पा.	पाणिनि	पृ.	पृष्ठ
प्रा.	प्राकृत	प्रदी.	प्रदीप टीका
बा.म.	बालमनोरमा टीका	भा.इ.	भाष्येष्टि
म.भा.	महाभाष्य	व.वि.	वर्णविकार
वा.	वार्तिक	लो.	लोप
सं.	संस्कृत	सि.कौ.	सिद्धान्तकौमुदी
सू.	सूत्र	सि.है.श.	सिद्धहैमशब्दानुशासन
हे.	हेमचन्द्र		

सङ्केत चिह्नसूची

+	:	आधारतत्त्व र आधेयतत्त्वको परिच्छेदक
=	:	सम्पन्न वा सिद्ध प्रयोग
/	:	वैकल्पिक
>	:	परिवर्तित वर्ण, रूप र उदाहरण

संस्कृत व्याकरण, प्राकृत व्याकरण र सन्धिको परिचय

१.१ विषय-प्रवेश

संस्कृत, प्राकृत र अपभ्रंश हुँदै नेपाली, मैथिली, भोजपुरी, अवधी, हिन्दी आदि आधुनिक आर्यभाषाहरूको विकास भएको मानिन्छ। यसरी विकसित करिब असी प्रतिशतजति शब्दहरू नेपाली भाषामा प्रयोग भइरहेका पाइन्छन् र संस्कृतमूलका नयाँ-नयाँ शब्दहरूको प्रयोग पनि नेपाली भाषामा दिनानुदिन बढ्दै गएको देखिन्छ। यस किसिमका शब्दहरूको निर्माणका क्रममा विद्यमान कुन-कुन वर्णहरूको लोप हुन्छ, कसरी अविद्यमान नयाँ वर्णहरू थपिन्छन्, विद्यमान कुन-कुन वर्णका स्थानमा के-कस्ता परिवर्तनहरू हुन्छन् र विद्यमान कुन-कुन वर्णहरूको एकआपसमा साटफेर हुन्छ भन्ने कुरालाई बुझाउन क्रमशः लोप, आगम, वर्णविकार र वर्णव्यत्यय शब्दहरू प्रयोग गरिन्छन्, जसलाई सन्धिका विशिष्ट प्रक्रिया मान्न सकिन्छ। यस अध्यायमा संस्कृत व्याकरण र प्राकृत व्याकरणको सामान्य परिचय दिँदै सन्धिका तिनै विशिष्ट प्रक्रियाहरूका बारेमा सङ्क्षिप्त परिचय दिइएको छ।

१.२ संस्कृत व्याकरणको परिचय

१.२.१ संस्कृत व्याकरणको ऐतिहासिक पृष्ठभूमि

ब्रह्माले बृहस्पतिलाई, बृहस्पतिले इन्द्रलाई, इन्द्रले भरद्वाजलाई, भरद्वाजले ऋषिलाई र ऋषिहरूले ब्राह्मणलाई सबै विद्याको प्रवचन/अध्यापन गरेका थिए भन्ने किंवदन्ती संस्कृत वाङ्मयमा उल्लेख भएको पाइन्छ (ऋक्तन्त्र १।४)। सबै शास्त्रहरूसँगै व्याकरणशास्त्रको पनि अध्ययन-अध्यापनको परम्परा ब्रह्माबाट थालिएको हुँदा ब्रह्मा नै प्रथम वैयाकरण मानिन्छन् (मीमांसक, २०५१ : ६६)। त्यसपछि बृहस्पति, महेश्वर, इन्द्र, वायु, भारद्वाज, भागुरि, पौष्करसादि, चारायण, काशकृत्स्न,

शान्तनव, व्याडि, आपिशलि, काश्यप, गार्ग्य, गालव, चाक्रवर्मण, शाकटायन, शाकल्य, सेनक, स्फोटायन, शौनक, कात्यायन, पाणिनि आदि वैयाकरणहरू देखिन्छन्। यीमध्ये अधिकांश वैयाकरणहरूका व्याकरणग्रन्थहरू सम्प्रति अनुपलब्ध रहे पनि तिनका व्याकरणसम्बन्धी केही मान्यताहरू उपलब्ध छन्। काशकृत्स्नको उपलब्ध व्याकरणांश र शौनक, कात्यायन आदिका उपलब्ध प्रातिशाख्य ग्रन्थहरूमा पाइने व्याकरणविषयक मान्यताहरू पाणिनिको व्याकरणग्रन्थ 'अष्टाध्यायी' मा पाइएकाले पूर्ववर्ती वैयाकरणहरूका मान्यताहरूलाई पाणिनिले परिष्कारात्मक रूपमा जनसमक्ष ल्याइदिएका हुन् भन्ने स्पष्ट हुन्छ। सूत्रकार पाणिनिपछि पाणिनिका मान्यताहरूमाथि गम्भीरतापूर्वक विचारविमर्श गरी त्यसमा रहेका कमी कमजोरीहरूलाई संशोधन र परिष्कार गर्ने महत्त्वपूर्ण काम वार्तिककार कात्यायन र भाष्यकार पतञ्जलिले गरे। यसरी तीन मुनिको सत्प्रयासमा पूर्ण भएको व्याकरण नै पाणिनीय व्याकरणका रूपमा सुप्रसिद्ध रहँदै आएको छ। पाणिनिपछि कातन्त्र, चान्द्र, जैनेन्द्र, शाकटायन, हैम आदि व्याकरणहरू देखिए पनि तिनीहरू सर्वाङ्गपूर्ण र परिष्कारपूर्ण नभएकाले लोकमा तिनको प्रसिद्धि र व्यापकता हुन सकेन। त्यसैले वर्तमानमा संस्कृत व्याकरण भन्ने बित्तिकै परिष्कृत र अद्वितीय वैज्ञानिक व्याकरणका रूपमा पाणिनीय व्याकरणलाई नै सबैले चिन्दै आएको पाइन्छ।

१.२.२ पाणिनीय व्याकरणको संरचना

पाणिनीय व्याकरणको संरचनात्मक स्वरूपलाई बुझ्न मुख्यतः पाणिनि, कात्यायन, पतञ्जलि, वामन-जयादित्य र भट्टोजिदीक्षितका अध्ययनहरू महत्त्वपूर्ण ठानिन्छन्।

१.२.२.१ पाणिनिको अष्टाध्यायी

पाणिनिको मूल व्याकरणग्रन्थ 'अष्टाध्यायी' हो र यसमा सूत्रहरूमात्र पढिएका छन्। *अष्टाध्यायी*मा आठ अध्याय र प्रत्येक अध्यायका चार-चार पाउमा सूत्रहरू विभक्त छन्। सूत्रपछि निर्देश गरिने तीन प्रकारका अङ्कहरूमध्ये पहिलो अङ्कले अध्याय, दोस्रो अङ्कले पाउ र तेस्रो अङ्कले सूत्र सङ्ख्यालाई बुझाउँछ (आद् गुणः ६।१।८७)। *अष्टाध्यायी*का सूत्रहरू ३९६५ देखि ३९९६ सम्मको सङ्ख्याका बीचमा रहेको बारेमा विभिन्न विद्वान्हरूबीच मतभेद पाइन्छ। पाणिनिको मूल *अष्टाध्यायी*मा जम्मा ३९६५ सूत्रहरू रहेका हुन सक्छन् (ढकाल, २०६७ : २३)। पछि आएर एउटै

सूत्रलाई पृथक् गरिनाले र वार्तिक एवम् गणसूत्रलाई समेत सूत्रका रूपमा समावेश गरिएका कारण *अष्टाध्यायी*का जम्मा सूत्रहरूको सङ्ख्यामा मतभेद रहन गएको हो । *अष्टाध्यायी*मा अध्यायगत रूपमा प्रतिपादन गरिएका प्रमुख विषयहरू निम्नलिखित छन् :

अध्याय प्रमुख प्रतिपाद्य विषय

१ संज्ञा, परिभाषा, अतिदेश र एकशेष

२ समास, विभक्ति, सामासिक लिङ्ग र धातुको आदेश (परिवर्तन)

३ धातुसंज्ञा र धातुदेखि विहित तिङ् प्रत्यय र कृत् प्रत्यय

४ सुप् प्रत्यय, स्त्री प्रत्यय र तद्धित प्रत्यय

५ तद्धित प्रत्यय, समासान्त प्रत्यय र प्रातिपदिकको आदेश

६ प्रातिपदिकादेश, धात्वादेश, वर्णलोप, वर्णागम र वर्णविकार

७ प्रातिपदिकादेश, प्रत्ययादेश, वर्णलोप, वर्णागम र वर्णविकार

८ द्वित्व, स्वरविधि, वर्णलोप, वर्णागम र वर्णविकार ।

१.२.२.२ कात्यायनका वार्तिकहरू

कात्यायनले पाणिनिका सूत्रहरूमा उक्त, अनुक्त र दुरुक्त पक्षहरूको गम्भीरतापूर्वक विश्लेषण गरी पाणिनिको व्याकरणमा थप नियमहरू समावेश गरिदिएका थिए, जसलाई 'वार्तिक नियम' मानिन्छ । कात्यायनका वार्तिकहरूको मात्र स्वतन्त्र ग्रन्थ हालसम्म प्रकाशमा आएको देखिँदैन । पाणिनिका व्याख्येय सूत्रसहित कात्यायनका समग्र वार्तिकहरूको सङ्कलन र विश्लेषण पतञ्जलिको *व्याकरण-महाभाष्य*मा भएको पाइन्छ ।

१.२.२.३ पतञ्जलिको 'व्याकरण-महाभाष्य'

अत्यन्त सरल भाषा र शैलीमा पाणिनिका सूत्रहरू र कात्यायनका वार्तिकहरूको युक्तिपूर्वक खण्डन र मण्डन गर्ने काम पतञ्जलिले गरे । उनको यस किसिमको व्याख्यानात्मक ग्रन्थ 'व्याकरण-महाभाष्य' का नामले संस्कृत वाङ्मयमा सुप्रसिद्ध छ । त्यसैले पतञ्जलिलाई महाभाष्यकार भनिएको हो । महाभाष्य ८५ 'आह्निक' मा विभक्त छ । एक दिनको पाठ्यभारलाई 'आह्निक' भनिएको हो । यस 'आह्निक' शब्दका आधारमा पतञ्जलिका समयमा सम्पूर्ण व्याकरण-महाभाष्यको पाठ्यभार तीन महिनाको थियो, त्यसलाई पूरा गर्ने अत्यन्त प्रतिभाशाली शिष्यहरू विद्यमान थिए र शैक्षणिक प्रयोजनका निम्ति दैनिक रूपमा पाठ्यभारको योजना निर्धारण गर्ने कार्यको थालनी पतञ्जलिबाट भएको थियो भन्ने कुराको पुष्टि हुन्छ । 'अष्टाध्यायी'

का ३९६५ सूत्रहरूमध्ये १७०९ सूत्रहरूको मात्र अध्ययन एवम् विश्लेषण महाभाष्यमा गरिएको छ (ढकाल, पूर्ववत्)। त्यसमध्ये ४४० सूत्रहरूमा केवल भाष्यमात्र गरिएको पाइन्छ (मिश्र, १९७० : ६८)। महाभाष्यमा अव्याख्यात २२५६ सूत्रहरू र भाष्यमात्र उपलब्ध ४४० सूत्रलाई छाडेर बाँकी १२६९ सूत्रहरूमा जम्मा ४८२४ वार्तिक नियमहरू उपलब्ध छन्। महाभाष्यको प्रथम आह्निकमा व्याकरणशास्त्रका दार्शनिक पक्षको विश्लेषण गरिएको छ भने द्वितीय आह्निकमा १४ प्रत्याहारसूत्रमध्ये प्रारम्भिक आठ सूत्रको अध्ययन एवम् विश्लेषण गरिएको छ तृतीय आह्निकदेखि ८५ औं आह्निकसम्म पाणिनिका सूत्र र कात्यायनका वार्तिकलाई आधार बनाएर समग्र पाणिनीय व्याकरणको सूक्ष्मतम अध्ययन एवम् अनुशीलन गरिएको छ। महाभाष्यका प्रारम्भिक दुई आह्निकमा पठित ८८ वार्तिकसहित महाभाष्यमा पढिएका समग्र वार्तिकहरूको सङ्ख्या ४९१२ रहेको छ (ढकाल, पूर्ववत् : २४)। तीमध्ये केही वार्तिकहरू व्याघ्रभूति, भरद्वाज, सौनाग, वाडव आदि पूर्वाचार्यका, केही वार्तिकहरू पतञ्जलिका र केही वार्तिकहरू अज्ञातकर्तृक रहेकाले कात्यायनका वार्तिकहरूको सङ्ख्या यति नै थियो भनेर निश्चय गर्न सकिँदैन। हाल प्रचलनमा रहेको 'व्याकरण-महाभाष्य' को पाठलाई आधार मानेर मूल महाभाष्यमा व्याख्यात र वार्तिक उपलब्ध नहुने २६९६ सूत्रहरूमाथि कात्यायनले तथा महाभाष्यमा अव्याख्यात २२५६ पाणिनिका सूत्रहरूमाथि पतञ्जलिले कुनै पनि विचार प्रकट गरेका थिएनन् भन्न सकिँदैन र यसका बारेमा समेत प्राचीनतम तथ्यको अन्वेषण हुनु आवश्यक छ।

१.२.२.४ वामन र जयादित्यको 'काशिकावृत्ति'

वामन र जयादित्यद्वारा 'अष्टाध्यायी' माथि लेखिएको व्याख्यानात्मक वृत्ति नै 'काशिकावृत्ति' का नामले प्रसिद्ध छ। यो वृत्ति विशेषत: महाभाष्यपछिको प्रामाणिक वृत्ति मानिन्छ। काशिकावृत्तिको तारा संस्करण (२०४१–२०५७) मा ३९८१ सूत्रनियम र ११६० सूत्रेतरनियमहरू पढिएका पाइन्छन्। ८ वार्तिक एवम् २ गणसूत्र सूत्ररूपमा पढिएकाले र महाभाष्यका ७ सूत्र योगविभाग गरी १४ सूत्र बनाइएकाले मूल अष्टाध्यायीमा भन्दा काशिकावृत्तिमा १६ सूत्र बढी देखिन्छन्। सूत्रका रूपमा पढिएका ८ वार्तिक र २ गणसूत्रलाई पृथक् सूत्र मान्न नसकिए पनि योगविभाग गरिएका सूत्रलाई महाभाष्यको मान्यताका आधारमा पृथक् सूत्र स्वीकार्न सकिने हुँदा काशिकावृत्तिको वास्तविक सूत्रसङ्ख्या ३९७१ हुने देखिन्छ गणसूत्र १३६, पतञ्जलिका भाष्येष्टि ६३, कात्यायनका वार्तिक ८१७ र अपरवार्तिक २१

गरी काशिकावृत्तिमा १०३७ सूत्रेतर नियमहरू पाणिनीय व्याकरणसँग सम्बद्ध देखिन्छन् भने १२३ सूत्रेतर नियमहरू पाणिनीय व्याकरणका दृष्टिले विचारणीय छन् ।

महाभाष्यमा प्रत्याख्यान (अस्वीकृत) भइसकेका कतिपय विषयलाई अनुसरण गरिएको भए पनि महाभाष्यका अनेकौं वार्तिकहरूमध्ये आवश्यक वार्तिकहरूको छनोट गर्नु, भाष्येष्टि (पतञ्जलिका वचनहरू) एवम् प्रदीपेष्टि (कैयटका वचनहरू) लाई समेत नियमका रूपमा अवतरण गराउनु र नियमले अपेक्षा गरेका यथासम्भव सबै उदाहरणहरूलाई प्रस्तुत गर्नुमा काशिकावृत्तिको मुख्य वैशिष्ट्य रहेको देख्न सकिन्छ ।

१.२.२.५ भट्टोजि दीक्षितको 'वैयाकरणसिद्धान्तकौमुदी'

पाणिनिको अष्टाध्यायीक्रम (नियममुखी व्याकरण) को अध्ययनबाट विमुख भई विद्यार्थीहरू प्रक्रियाक्रम (उदाहरणमुखी) मा आधारित कातन्त्र, चान्द्र आदि अन्य व्याकरणतिर उन्मुख हुन थालेपछि पाणिनीय व्याकरणको परम्परामा सर्वप्रथम धर्मकीर्तिले 'रूपावतार' ग्रन्थबाट प्रक्रियाक्रमको प्रारम्भ गरेका हुन् । त्यसपछि विमल सरस्वतीको 'रूपमाला' र रामचन्द्रको 'प्रक्रियाकौमुदी' ले प्रक्रियाक्रमको परम्परालाई अगाडि बढाए पनि तिनमा पाणिनीय व्याकरणका समग्र नियमहरूको अध्ययन भने हुन सकेको थिएन । यसपछि भट्टोजि दीक्षितले व्याकरण-महाभाष्यलाई मुख्य आधार मानी कात्यायनका वार्तिक र पतञ्जलिका भाष्येष्टि नियमलाई स्पष्ट रूपमा निर्देश गर्दै अष्टाध्यायीपद्धतिले विस्तारपूर्वक वैदिक र लौकिक संस्कृतका सम्पूर्ण प्रतिनिधि शब्दहरूको निर्माणप्रक्रियाको अध्ययन-विश्लेषण गरी 'शब्दकौस्तुभ' नामक व्याकरण ग्रन्थ बनाए ।

विस्तारपूर्वक नियममुखी 'शब्दकौस्तुभ' नामक व्याकरण ग्रन्थको निर्माणपछि भट्टोजि दीक्षितले प्रक्रियापद्धति (उदाहरणमुखी) का आधारमा वैदिक संस्कृत र लौकिक संस्कृत शब्दहरूको निर्माणप्रक्रियाको दिग्दर्शनका लागि 'वैयाकरणसिद्धान्तकौमुदी' को रचना गरेका हुन् । संस्कृतमा सुबन्त र तिङन्त दुई प्रकारका पदको व्यवस्था छ (पा.,अ.१।४।१४) । यसका आधारमा सिद्धान्तकौमुदी पूर्वार्द्ध र उत्तरार्द्ध दुई खण्डमा विभक्त छ । यी दुवै खण्ड लौकिक संस्कृतसँग सम्बद्ध रहेकाले यिनलाई 'पाणिनीय लौकिक व्याकरण' मानिन्छ । सिद्धान्तकौमुदीको अन्तमा अष्टाध्यायीपद्धतिका आधारमा वेदमा मात्र प्रवृत्त हुने नियमलाई वैदिक र स्वर प्रकरणका नामले दुई प्रकरणहरू समावेश गरिएका छन्, जुन दुवै प्रकरणलाई 'पाणिनीय वैदिक व्याकरण' मानिन्छ ।

हाल प्रचलनमा रहेको वैयाकरणसिद्धान्तकौमुदीमा ३९७८ सूत्रनियम र ९१४ सूत्रेतर नियमहरू उपलब्ध छन् । ३ वार्तिक र ३ गणसूत्र सूत्ररूपमा पढिएकाले र महाभाष्यको निर्देशअनुरूप काशिकावृत्तिमा विभक्त ७ सूत्रको आधिक्यलाई अवलम्बन गरिएकाले सिद्धान्तकौमुदीमा मूल अष्टाध्यायीमा भन्दा १३ सूत्रहरू बढी देखिएका हुन् । त्यसमध्ये सूत्रका रूपमा पढिएका ३ वार्तिक र ३ गणसूत्र बाहेक महाभाष्यको निर्देशअनुरूप ७ सूत्रलाई पृथक् सूत्र स्वीकार्दा सिद्धान्तकौमुदीका सूत्रहरूको वास्तविक सङ्ख्या ३९७१ हुन पुग्छ । सिद्धान्तकौमुदीमा ७८ गणसूत्रको चर्चा गरिएको भए पनि ६८ गणसूत्रमात्र प्रामाणिक हुनु सम्भव छ । सिद्धान्तकौमुदीमा ८३६ वार्तिकहरू पढिएको भए पनि वार्तिकको क्रमसङ्ख्या न्यूनतम १५० देखि अतिकतम ५०६६ अङ्क कायम गरिएको पाइन्छ, तर यस प्रकारको क्रमसङ्ख्या निर्धारण कुन आधारमा गरियो भन्ने स्पष्ट छैन । महाभाष्यमा पृथक्-पृथक् रूपमा पढिएका कतिपय वार्तिकलाई सिद्धान्तकौमुदीमा एउटै बनाइएको छ भने कतिपय एउटै वार्तिकलाई पृथक्-पृथक् वार्तिक मानिएको छ । महाभाष्यमा नपाइने कतिपय वार्तिकहरूको स्रोत काशिकावृत्तिलाई बनाइएको छ । सिद्धान्तकौमुदीमा वार्तिक, भाष्येष्टि, अपरवार्तिक र काशिकावृत्तिका वचन सबैलाई वार्तिकका रूपमा अध्ययन गरिएकाले सिद्धान्तकौमुदीमा पाइने सबै वार्तिक कात्यायनका हुन् भन्ने भ्रम पाठकहरूलाई परिरहेको छ । प्रक्रियाक्रमको अनुसरण गरी तयार गरिएका 'लघुसिद्धान्तकौमुदी', 'मध्यसिद्धान्तकौमुदी', 'वैयाकरणसिद्धान्तकौमुदी' र तिनका व्याख्यानात्मक ग्रन्थहरू मात्र पाठ्यक्रममा समावेश गरिँदै आइएकाले अष्टाध्यायीक्रमका महत्त्वपूर्ण पक्षहरू उपेक्षित भइरहेका छन् । प्रारम्भमा अष्टाध्यायीक्रम र त्यसपछि प्रक्रियाक्रममा प्रवेश गरी दुवैको समन्वयबाट पाणिनीय व्याकरणको साङ्गोपाङ्ग अध्ययन सम्भव छ । भट्टोजि दीक्षितको उद्देश्य पनि यही दिशातर्फ उन्मुख थियो । त्यसैले व्याकरण विषयको प्रचलित पाठ्यक्रममा 'अष्टाध्यायी' लाई पनि पाठ्यपुस्तक र 'काशिकावृत्ति', 'शब्दकौस्तुभ' जस्ता ग्रन्थलाई पनि सन्दर्भ पुस्तकका रूपमा समावेश गर्न सकिएमा अष्टाध्यायीक्रमका उपेक्षित र महत्त्वपूर्ण पक्षहरूबाट पाठकहरू लाभान्वित हुनसक्ने देखिन्छ ।

१.२.३ संस्कृतको वर्णमाला र लेख्य नेपाली वर्णमालामा त्यसको प्रभाव

पाणिनिले 'अष्टाध्यायी' को प्रारम्भ गर्नुभन्दा अगाडि १४ सूत्रहरू पढेका छन् । महेश्वरको वरप्रसादका रूपमा प्राप्त भएकाले 'शिवसूत्र' र

अच् आदि विभिन्न प्रत्याहारहरूको निर्माण गर्न सकिने भएकाले 'प्रत्याहारसूत्र' का नामले ती सूत्रहरू प्रसिद्ध छन्। तिनका आधारमा संस्कृतको लोकप्रसिद्ध वर्णमाला निम्नानुसार निर्धारण गरिएको पाइन्छ :

(क) **स्वरवर्ण** : अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ए, ओ, ऐ, औ।

(ख) **व्यञ्जनवर्ण** : क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह।

पाणिनिले प्रत्याहारसूत्रमा ह्रस्व स्वरमात्र पढी तिनका आधारमा सवर्णी दीर्घ स्वर र प्लुत स्वरको ग्रहण गर्न निर्देश गरेका छन् (अ.१।१।६३)। त्यसैले प्रत्याहारसूत्रमा माथि उल्लिखित दीर्घ आकार, ईकार, ऊकार र ऋकार बाहेकका अकार आदि ९ ओटामात्र स्वरवर्णहरू पढिएका हुन्। ककारदेखि हकारसम्मका ३३ प्रकारका व्यञ्जनवर्णको व्यवस्था संस्कृतमा छ। सबै व्यञ्जनवर्ण खुट्टा काटिएका हुन्छन् र उच्चारण गर्न सजिलो होस् भनेर तिनको अन्तमा अकार जोडेर क, ख आदि वर्णका रूपमा तिनको प्रयोग गर्ने गरिएको हो। अच् प्रत्याहारभित्र संस्कृतका सबै स्वरवर्णहरू पर्दछन् भने हल् प्रत्याहारभित्र संस्कृतका सबै व्यञ्जनवर्णहरू आउँछन्। त्यसैले नेपाली, मैथिली आदि भाषामा समेत स्वरवर्णलाई बुझाउन *अच्* र व्यञ्जनवर्णलाई बुझाउन *हल्* शब्दको प्रयोग गर्ने गरिएको हो।

परम्परागत रूपमा नेपाली वर्णमालालाई लेखन र उच्चारणका दृष्टिले दुई-दुई प्रकारमा चिनाउने गरिएको छ। लेख्य नेपाली वर्णमाला संस्कृतको वर्णमालासँग र उच्चार्य नेपाली वर्णमाला प्राकृतको वर्णमालासँग सन्निकट देखिन्छन्। 'लेख्य नेपाली वर्णमाला' को स्वरूप यस किसिमको छ

(क) **स्वरवर्ण** : अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ओ, ऐ, औ, [अं, अः]।

(ख) **व्यञ्जनवर्ण** : क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह, [क्ष, त्र, ज्ञ] ।

संस्कृतमा ऌकार र दीर्घ ॠकारको प्रयोग अत्यन्त कम हुने गरेको र नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूमा यिनको प्रयोग नदेखिएकाले ऌकार र दीर्घ ॠकार दुवैलाई लेख्य नेपाली वर्णमालामा समावेश नगरिएको हो।

अनुस्वार (ं) र विसर्ग (:) लाई बुझाउनका लागि मात्र 'अं' र 'अ:' को प्रयोग गरिएको हो। संस्कृत र प्राकृतको दुवै वर्णमालामा यिनलाई स्वरवर्णका रूपमा स्वीकार नगरिएकाले र औकारपछि अकार नआउने भएकाले लेख्य नेपाली वर्णमालामा 'अं' र 'अ:' को अध्ययन अवैज्ञानिक र भ्रमपूर्ण देखिन्छ। त्यसैले माथि उल्लिखित अकारदेखि औकारसम्मका ११ स्वरवर्णलाई मात्र लेख्य नेपाली वर्णमालामा स्वीकार गरी अनुस्वार (ं), अनुनासिक (ँ) र विसर्ग (:) लाई बुझाउन पृथक् रूपमा अं, अँ र अ: को अध्ययन गर्न सकिन्छ। त्यस्तै लेख्य नेपाली व्यञ्जनवर्णमालाको अन्तमा अध्ययन गरिँदै आइएका 'क्ष', 'त्र' र 'ज्ञ' संयुक्त व्यञ्जन वर्ण हुन्। क्+ष् मिलेर क्ष्, त्+र् मिलेर त्र् एवम् ज्+ञ् मिलेर ज्ञ् संयुक्त व्यञ्जनवर्णको निर्माण हुन्छ। त्यसैले क्ष्, त्र्, ज्ञ् जस्ता संयुक्त व्यञ्जनलाई संस्कृतको वर्णमालामा ग्रहण गरिएको पाइँदैन। ङ्क, ङ्ख, ङ्ग, ङ्घ, ञ्च, ञ्छ, ञ्ज आदि अनेकौं संयुक्त व्यञ्जनवर्णको प्रचलन नेपालीमा रहँदै आएको र यस किसिमका सबै संयुक्त व्यञ्जनवर्णलाई वर्णमालामा पृथक् रूपमा समावेश पनि गरिएको छैन। त्यसैले लेख्य नेपाली वर्णमालामा 'क्ष', 'त्र' र 'ज्ञ' संयुक्त व्यञ्जनवर्णको समावेश गर्न उपयुक्त देखिँदैन। यसरी लेख्य नेपाली वर्णमालामा ११ स्वरवर्ण र ३३ व्यञ्जनवर्णमात्र प्रामाणिक ठहरिन्छन्।

१.३ प्राकृत व्याकरणको परिचय

लौकिक संस्कृत भाषा र त्यसका नियमहरू लोकमा क्रमश: जटिल बन्दै गए। फलस्वरूप पालि, प्राकृत र अपभंश जस्ता मध्यकालीन आर्यभाषाहरूको उदय भयो। त्यस प्रकारका भाषाहरूमा देखापरेका विशेष किसिमका परिवर्तनलाई आधार बनाएर तिनका व्याकरणहरू लेखिए। यस क्रममा 'प्राकृत-प्रकाश', 'प्राकृत-लक्षण', 'सिद्ध-हैम-शब्दानुशासन', 'संक्षिप्तसार', 'प्राकृत-व्याकरण', 'षड्भाषा-चन्द्रिका', 'प्राकृत-सर्वस्व', 'प्राकृत-कल्पतरु' जस्ता अनेकौं प्राकृत व्याकरणहरू देखिए। यीमध्ये वररुचिको 'प्राकृत-प्रकाश' र हेमचन्द्रको 'सिद्ध-हैम-शब्दानुशासन' प्राकृत व्याकरणका क्षेत्रमा महत्त्वपूर्ण ग्रन्थ मानिन्छन्।

१.३.१ वररुचिको 'प्राकृत-प्रकाश'

प्राकृत व्याकरणहरूमध्ये वररुचिकृत **'प्राकृत-प्रकाश'** सर्वप्राचीन प्राकृत व्याकरण मानिन्छ। यो १२ परिच्छेदमा विभक्त छ र यसमा ४८७ सूत्रहरू रहेका छन्। 'प्राकृत-प्रकाश' मा परिच्छेदगत प्रमुख प्रतिपाद्य विषयहरू निम्नानुसार रहेका छन् :

परिच्छेद प्रमुख प्रतिपाद्य विषय

१. आद्य स्वरको विकार (परिवर्तन)
२. असंयुक्त व्यञ्जनको लोप र विकार
३. संयुक्त व्यञ्जनको लोप, विकार, व्यत्यय, द्वित्व र स्वरागम
४. अन्त्य व्यञ्जनको लोप, विकार र अनुस्वारको आगम
५. नाम र सुप् प्रत्ययको लोप र विकार
६. सर्वनाम र सुप् प्रत्ययको विकार
७. धातु र तिङ् प्रत्ययको विकार
८. धातुका स्थानमा अन्य वर्ण र धातुको परिवर्तन
९. निपात र तिनको अर्थनिर्देश
१०. पैशाची प्राकृतका प्रमुख विशेषता
११. मागधी प्राकृतका प्रमुख विशेषता
१२. शौरसेनी प्राकृतका प्रमुख विशेषता

प्राकृत-प्रकाशका अन्तिम तीन परिच्छेदहरू पैशाची, मागधी र शौरसेनी प्राकृतसँग सम्बद्ध छन् । पैशाची र मागधी दुवैको प्रकृति शौरसेनी मानिएको (व.,प्रा.प्र.१०।२, ११।२) र शौरसेनीको प्रकृति संस्कृत मानिएको (व.,प्रा.प्र.१२।२) हुँदा शौरसेनी प्राकृतको अध्ययन दशौं परिच्छेदमा एवम् पैशाची र मागधी प्राकृतको अध्ययन एघारौं र बाह्रौं परिच्छेदमा गरिनु युक्तिसङ्गत हुन्थ्यो । प्राकृत-प्रकाशको अन्तमा बाँकी विषयहरू महाराष्ट्रीमा भैं हुन्छन् भनेर निर्देश गरिएको (व.,प्रा.प्र.१२।३२) हुँदा वररुचिले पहिलो परिच्छेददेखि नवौं परिच्छेदको अन्तसम्मका ४२४ सूत्र-नियमहरूलाई महाराष्ट्री प्राकृतको संज्ञा दिन चाहेको बुझिन्छ । 'महाराष्ट्री प्राकृत' भन्नाले मागधी आदि प्राकृतभैं कुनै प्रान्तविशेषको प्राकृत नभएर तत्कालीन भारतवर्षमा बोलिने राष्ट्रभाषालाई सङ्केत गर्न खोजिएको देखिन्छ । यस दृष्टिले महाराष्ट्री प्राकृतको प्रमुख भाषा हो भने पैशाची, मागधी र शौरसेनी प्राकृतका भाषिका हुन् भन्न सकिन्छ ।

१.३.३ हेमचन्द्रको 'सिद्ध-हैम-शब्दानुशासन'

पाणिनिको 'अष्टाध्यायी' भैं हेमचन्द्रको 'सिद्ध-हैम-शब्दानुशासन' पनि आठ अध्याय र बत्तीस पाउमा विभक्त छ । यसका प्रारम्भिक सात अध्यायहरूमा संस्कृत व्याकरणका ३५६६ सूत्र र आठौं अध्यायमा प्राकृत व्याकरणका १११९ सूत्रहरू गरी यसमा जम्मा ४६८६ सूत्रहरू पाइन्छन् ।

वररुचिको 'प्राकृत-प्रकाश' मा भन्दा हेमचन्द्रको प्राकृत व्याकरणमा ६३२ सूत्रहरू बढी देखिन्छन् । सङ्क्षेपमा हेमचन्द्रकृत प्राकृत व्याकरणका पादगत प्रमुख प्रतिपाद्य विषयहरू यस किसिमका छन् :

पाउ	*प्रतिपाद्य प्रमुख विषय*
१.	स्वरसन्धि, अन्त्य व्यञ्जनको लोप र विकार, अनुस्वारको आगम, लिङ्गविधान, आद्य स्वर र असंयुक्त व्यञ्जनको विकार ।
२.	संयुक्त व्यञ्जनको विकार, व्यञ्जनको द्वित्व, व्यञ्जनको व्यत्यय, पदादेश, प्रत्ययादेश र अव्ययहरूको अर्थनिर्देश ।
३.	सुबन्त, तिङन्त र कृदन्त शब्दको निर्माणप्रक्रिया ।
४.	धात्वादेश, शौरसेनी, मागधी, पैशाची र अपभ्रंशका प्रमुख विशेषता ।

१.३.३ प्राकृतको वर्णमाला र उच्चार्य नेपाली वर्णमालामा त्यसको प्रभाव

हेमचन्द्रले आफ्नो स्वोपज्ञ नामक वृत्ति (टीका) मा ऋकार, ॠकार, ऌकार, दीर्घ ऌकार, ऐकार, औकार, ङकार, ञकार, शकार, षकार, विसर्ग (:) र प्लुतलाई छाडेर लौकिक व्यवहारका आधारमा प्राकृत वर्णमालाको ज्ञान गर्न निर्देश गरेका छन् (सि.है.श.८।१।१) । तदनुसार प्राकृतको वर्णमाला निम्नानुसार निर्धारण गर्न सकिन्छ :

(क) **स्वरवर्ण** : अ, आ, इ, ई, उ, ऊ, ए, [ऐ], ओ, [औ] ।

(ख) **व्यञ्जनवर्ण** : क, ख, ग, घ, [ङ], च, छ, ज, झ, [ञ], ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह ।

कसैले ऐकार र औकारलाई पनि प्राकृत स्वरवर्ण मानेका छन् भने अनुस्वार (ं) को प्रयोग पनि प्राकृतमा भएको पाइन्छ । स्ववर्गीय वर्णका साथमा संयुक्त रूपमा ङकार र ञकारको प्रयोगसमेत प्राकृतमा भएको देखिन्छ । प्राकृतमा स्वररहित व्यञ्जनको प्रयोग हुँदैन । त्यसैले प्राकृत वर्णमाला उपर्युक्त प्रत्येक व्यञ्जनवर्णको अन्तमा अकारको संयोजन गरिएको हो । यसरी प्राकृतमा नित्य रूपमा ८ स्वरवर्ण र २९ व्यञ्जनवर्णको तथा वैकल्पिक रूपमा १० स्वरवर्ण र ३१ व्यञ्जनवर्णको अस्तित्व स्वीकृत भएको पाइन्छ ।

नेपाली भाषामा *उच्चार्य नेपाली वर्णमाला*को स्वरूप निम्नानुसार प्रचलनमा रहेको छ :

(क) **स्वरवर्ण** : अ, आ, इ, उ, ए, ओ ।

(ख) **व्यञ्जनवर्ण** : क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह ।

लेख्य नेपाली वर्णमालामा पाइने ई, ऊ, ऋ, ऐ र औ ५ स्वरवर्णको समावेश उच्चार्य नेपाली वर्णमालामा भएको पाईदैन । व्यञ्जनवर्ण नगाँसिएका ऋकारको उच्चारण 'रि' हुन्छ भन्ने कुरा प्राकृत व्याकरण (हे., सि.है.श.८।१।१४०) ले पुष्टि गरिसकेको थियो र तदनुसार नेपालीमा ऋकारको उच्चारण रि गरिन्छ । ऐकार र औकार संस्कृतका वृद्धिसंज्ञक वर्ण हुन् (पा., अ.१।१।१) । यी दुवै वर्णलाई प्राकृतले सामान्यतया ह्रस्व एकार र ओकारका रूपमा प्रयोग गर्न निर्देश गरेको छ (हे.,सि.है.श.८।१।१४८, १५९) । प्राकृतमा ह्रस्वीभूत एकार र ओकार दुवै वर्ण संस्कृतका गुणसंज्ञक वर्ण हुन् (पा., अ.१।१।२) । 'अ' र 'इ' मिलेर एकारको तथा 'अ' र 'उ' मिलेर ओकारको निर्माण हुने भएकाले एकार र ओकार दुवैलाई गुणसंज्ञक वर्ण मानिएको हो । प्राकृत व्याकरणले ऐकार र औकार दुवैलाई क्रमश: 'अइ' र 'अउ' का रूपमा परिवर्तन गर्न निर्देश गरेको छ (हे., सि.है.श.८।१।१५१, १६२) । त्यसैले लेख्य नेपाली वर्णमालामा ऋकार, ऐकार र औकारको उल्लेख भए पनि प्राकृत व्याकरणका आधारमा तिनको उच्चारण क्रमश: 'रि', 'अइ' र 'अउ' का रूपमा हुने भएकाले ती तीन वटै स्वरवर्णहरू उच्चार्य नेपाली वर्णमालामा समावेश नगरिएका हुन् । त्यस्तै दीर्घ ईकार र ऊकारको नेपाली उच्चारण पनि ह्रस्व इकार र उकारका रूपमा गरिएका कारण उच्चारणका दृष्टिले ह्रस्व इकार र दीर्घ ईकार एवम् ह्रस्व उकार र दीर्घ ऊकारका बीचमा भिन्नता नदेखिएकाले दीर्घ ईकार र ऊकारसमेत उच्चार्य नेपाली वर्णमालामा समावेश हुन नसकेका हुन् ।

शकार र षकार दुवैको सट्टा एउटामात्र सकारको प्रयोग गर्ने निर्देशन प्राकृत व्याकरण (हे.,सि.है.श.८।१।२६०) ले गरेको हुँदा प्राकृत वर्णमाला र त्यसको प्रभावमा उच्चार्य नेपाली वर्णमालामा समेत शकार र षकारको समावेश नभएको हो । ङकारको प्रयोग संस्कृत र प्राकृतमा कवर्गका वर्णसँग संयुक्त रूपमा मात्र प्रयोग हुन्थ्यो भने नेपालीमा कवर्गेतर वर्णसँग पनि संयुक्त रूपमा प्रयोग भएको देखिन्छ । ञकारको प्रयोग संस्कृत र प्राकृतमा चवर्गका वर्णसँग संयुक्त रूपमा भए पनि त्यसको उच्चारण नेपालीमा नकारका रूपमा हुने भएकाले उच्चार्य नेपाली वर्णमालामा त्यसलाई समावेश नगरिएको हो । प्राकृतमा नकारका स्थानमा पनि प्राय: णकारको प्रयोग गरिन्थ्यो भने पैशाची प्राकृतले णकारका

स्थानमा सर्वत्र नकारको प्रयोग गर्न निर्देश गरेको छ (हे., सि.है.श.८।४।३०६)। नेपालीमा पैशाची प्राकृतकै प्रभावमा सर्वत्र णकारको उच्चारण नकारका रूपमा गरिने भएकाले उच्चार्य वर्णमालामा णकारको ग्रहण नभएको हो। यसरी उच्चार्य नेपाली वर्णमालाको निर्धारणमा प्राकृत वर्णमालाको विशेष प्रभाव रहेको देखिन्छ।

१.४ सन्धिको परिचय

'सम्' उपसर्गपूर्वक धारणार्थक 'धा' धातुदेखि भावार्थक 'कि' (इ) प्रत्यय लागी धात्वन्त आकारको लोप एवम् मकारको अनुस्वार र परसवर्ण भएर 'सन्धि' शब्द व्युत्पन्न हुन्छ। सन्धि शब्दले विभिन्न अर्थलाई बुझाउनसक्ने भए पनि व्याकरणमा 'सन्धि' भन्नाले संहिता, उच्चारणको सुगमताका लागि ध्वनिपरिवर्तनको प्रवृत्ति र वर्णविकार भन्ने बुझिन्छ। सन्धिमा लोप, आगम एवम् वर्णविकारहरू देखापर्ने र लोप, आगम एवम् वर्णविकारको समग्र प्रक्रियालाई सन्धि शब्दका माध्यमले पनि चिनाउन सकिने भएकाले लोप, आगम एवम् वर्णविकार र सन्धिको पारस्परिक सम्बन्ध रहेको छ। 'वाजसनेयी प्रातिशाख्य' मा सन्धिको पर्यायका रूपमा संस्कार' शब्दको प्रयोग भएको छ। संस्कार शब्दलाई उवटकृत भाष्यले लोप, आगम, वर्णविकार र प्रकृतिभावका रूपमा अर्थ्याएको छ। 'याज्ञवल्क्यशिक्षा' मा लोप, आगम, विकार र प्रकृतिभाव गरी सन्धि चार प्रकारको पाइन्छ भने 'चारायणीय शिक्षा' मा सन्धिलाई लोप, आगम, विकार र प्रकृतिका नामले चार भागमा विभाजन गरिएको छ। त्यसैले लोप, आगम र वर्णविकारलाई सन्धिका प्रमुख प्रकारका रूपमा समेत ग्रहण गर्न उपयुक्त देखिन्छ (ढकाल, पूर्ववत्, पृ.५३)।

१.४.१ शब्दको नित्यता र सन्धिको आवश्यकता

शब्द, अर्थ र तिनको सम्बन्ध नित्य हुन्छ। जसको रूपान्तरण, वृद्धि, विनाश आदि हुँदैन, त्यसलाई 'नित्य' भनिन्छ। कुनै वर्ण वा वर्णसमुदायका स्थानमा आदेशका माध्यमले रूपान्तरण हुन्छ। स्थानीले सत्को विनाश र आदेशले असत्को प्रादुर्भाव गर्ने भएकाले नित्य शब्दमा यसप्रकारको रूपान्तरण असम्भव देखिन्छ। परन्तु लौकिक र वैदिक व्यवहारमा अभूतपूर्वमा पनि स्थान शब्दको प्रयोग गरिएको हुँदा नित्य शब्दमा त्यसप्रकारको रूपान्तरण सम्भव छ। वृद्धिको मात्र विपरिणाम हुने भएकाले पनि नित्य शब्दमा रूपान्तरण सम्भव हुन्छ। शब्दको आद्यरूप, मध्यरूप र

अन्तरूप कुनै एकदेशमा परिवर्तन हुनाले शब्दको नित्यता नरहने हुँदा वाक्षीपुत्र पाणिनिको मतमा सबै आदेश सम्पूर्ण शब्दका स्थानमा प्रवृत्त हुन्छन् । 'अस्तेर्भूः' (पा,अ.२।४।५२) सूत्रको विधानमा 'अस्' र 'भू' दुवै धातु आ-आपनो स्थानमा नित्य छन् परन्तु 'अस्' बुद्धिका प्रसङ्गमा 'भू' बुद्धि प्रवृत्त भएकाले तिनमा निवृत्तिमूलक 'अस्' स्थानी र प्रवृत्तिमूलक 'भू' आदेशको प्रतीति भएको देखिन्छ । बुद्धिविपरिणामकै आधारमा 'तव्य' बुद्धिका प्रसङ्गमा 'इतव्य' बुद्धिको प्रवृत्ति हुने भएकाले 'भवितव्य' आदि शब्दमा वृद्धिमूलक इडादि आगम भएको पाइन्छ भने 'सखान्स्' बुद्धिका प्रसङ्गमा 'सखा' बुद्धि प्रवृत्त हुने भएकाले पदान्तीय 'सखा' शब्दमा विनाशमूलक नकारलोप र सकारलोपको प्रतीति भएको देखिन्छ । 'अस्' को 'भू', 'तव्य' को 'इतव्य' एवम् 'सखान्स्' को 'सखा' शब्दमा परिवर्तन हुनुलाई पनि आदेश नै मान्न सकिन्छ । यस किसिमको आदेशात्मक परिवर्तन बुद्धिविपरिणामबाट सम्भव भएको हो । त्यसैले स्फोटात्मक शब्दका प्रकृति-प्रत्ययादिको आद्यन्तादिमा देखापर्ने लोप, आगम आदि सबै प्रक्रियाहरू पारमार्थिक दृष्टिले काल्पनिक हुन् । परन्तु असत्य मार्गमा रहेर पनि सत्य मार्गतर्फ उन्मुख हुन सकिने भएकाले त्यस किसिमका लोप, आगम आदि प्रक्रियाहरुलाई व्यवहारतः अनुपयुक्त र अनावश्यक ठहऱ्याउन सकिँदैन । लोकव्यवहारमा पदको अर्थ बुझाउने ध्वनिलाई पनि शब्द मानिएको हुँदा त्यस किसिमका शब्दहरूको निर्माणप्रक्रियाका क्रममा आदि, मध्य र अन्तमा लोपसन्धि, आगमसन्धि र वर्णविकारसन्धिको प्रवृत्ति र आवश्यकता देखिएको हो (ढकाल, पूर्ववत्, पृ.२७) ।

१.४.२ लोपसन्धिको स्वरूप र वर्गीकरण

छेदनार्थक 'लुप्' धातुदेखि भावार्थक 'घञ्' (अ) प्रत्यय र धातुको उपधाभूत उकारको 'ओ' गुण भएर 'लोप' शब्द बन्दछ । संस्कृत वाङ्मयमा उल्लङ्घन, अभाव आदि अर्थमा 'लोप' शब्दको प्रयोग भएको पाइन्छ । संस्कृतमा भाषाशास्त्रीय दृष्टिले 'लोप' शब्दलाई अपाय, विनाश, वर्णको अदर्शन, वर्णनाश, सर्वापकर्षण, अदर्शन, विद्यमानको अदर्शन, अश्रवण, अनुच्चारण, अनुपलब्धि आदि शब्दमा अर्थ्याइएको भेटिन्छ (पूर्ववत्, पृ.२८) । यसरी संस्कृत व्याकरणअनुसार विद्यमान कुनै एकवर्ण, द्विवर्ण वा बहुवर्णको अविनाशी रूपमा अदर्शन हुनुलाई 'लोप' भनिन्छ र यस किसिमले कुनै वर्ण वा वर्णसमुदायको लोप भएर हुने सन्धिलाई 'लोपसन्धि' मानिन्छ । नेपालीमा प्रयुक्त संस्कृत, प्राकृत र मौलिक नेपाली शब्दमा प्रवृत्त हुने लोपसन्धिमा भने प्रायः एक वर्णको लोप भएको देखिन्छ ।

भाषाशास्त्रीय लोपको चिन्तन-परम्परा यास्ककृत 'निरुक्त' भन्दा पुरानो भए पनि लोपको वर्गीकरण सर्वप्रथम 'निरुक्त' मा भएको पाइन्छ। यास्कले लोपलाई निम्नानुसार छ प्रकारमा विभाजन गरेका थिए (पूर्ववत्, पृ.३१–३२) :

१. आदिशेष– प्र+दा+क्त (त) =प्रत्तम्
२. आदिलोप– अस्+तस् =स्तः
३. अन्तलोप– गम्+क्त (त) =गतः
४. उपधालोप– जगम्+अतुस् =जग्मतुः
५. वर्णलोप– तं त्वा याचामि =तत्त्वा यामि
६. द्विवर्णलोप– त्रि+ऋचः =तृचः।

पाणिनिले संज्ञाका आधारमा लोपलाई लुक्, श्लु, लुप् र लोप गरी मुख्यतः चार प्रकारमा विभाजन गरे पनि वर्णात्मक वा अक्षरात्मक आधारमा उनले लोपलाई शब्दतः वर्गीकरण गरेको पाईंदैन। पाणिनीय व्याकरणका नियम र उदाहरणलाई दृष्टिगत गरी वर्णात्मक र अक्षरात्मक दृष्टिले लोपलाई निम्नानुसार सात प्रकारमा विभाजन गर्न सकिन्छ (पूर्ववत्, पृ.३३) :

१. आदि वर्णलोप– न नैतिक =अनैतिकः (नेपालीमा पनि)
२. उपधा वर्णलोप– यूषन्+अस् =यूष्णः
३. अन्त वर्णलोप– गम्+क्तिन् (ति) =गतिः (नेपालीमा पनि)
४. अनन्त्य वर्णलोप– पठ+यास्सुट् =पठेत्
५. आदि वर्णशेष– नद् नद्+अ =ननाद
६. आद्यक्षरलोप– इद+भ्याम् =आभ्याम्
७. अन्ताक्षरलोप– उपराजन्+टच् (अ) =उपराजम्।

आधुनिक भाषाविज्ञानको परम्परामा लोपलाई निम्नानुसार दश प्रकारमा विभाजन गरिएको पाइन्छ (पूर्ववत्, पृ.३४) :

१. आदि स्वरलोप– अस्+हि =एधि
२. मध्य स्वरलोप– राजन्+अस् =राज्ञः
३. अन्त स्वरलोप– केन्द्र+छ (ईय) =केन्द्रीयः (नेपालीमा पनि)
४. आदि व्यञ्जनलोप– न ज्ञातः– =अज्ञातः (नेपालीमा पनि)
५. मध्य व्यञ्जनलोप– भृस्ज् =भृट्
६. अन्त व्यञ्जनलोप– विष्णव्+इह =विष्ण इह
७. आदि अक्षरलोप– चतुर+छ (ईय) =तुरीय

८. मध्य अक्षरलोप– (पा.व्या.मा अनुपलब्ध)
९. अन्त्य अक्षरलोप– आसन्नविंशति+डच् (अ) =आसन्नविंशाः
१०. समध्वनिलोप– हर्य्य्+अनुभवः =हर्यनुभवः

१.४.३ आगमसन्धिको स्वरूप र वर्गीकरण

'आङ्' (आ) उपसर्गपूर्वक गत्यर्थक 'गम्' धातुदेखि भावार्थक 'अप्' (अ) प्रत्यय लागेर 'आगम' शब्द व्युत्पन्न हुन्छ। संस्कृत वाङ्मयमा 'आगम' शब्दको प्रयोग आगमन, जन्म, ज्ञान, शास्त्र, वेद, प्रमाण आदि विभिन्न अर्थमा भएको पाइन्छ। शब्दनिर्माणप्रक्रियामा वर्णसङ्ख्याको वृद्धि हुनु वा अन्तःक्षेप हुनुलाई आगम मानिन्छ। संस्कृत वाङ्मयमा भाषाशास्त्रीय वर्णवृद्धिविषयक आगम शब्दको सर्वप्रथम प्रयोग 'ऋक्प्रातिशाख्य' (२।३१) मा भएको देखिन्छ। आगम शब्दको पर्यायका रूपमा 'अन्तःपात' र 'उपजन' शब्दहरू समेत प्रयोग भएका पाइन्छन्। 'ऋक्प्रातिशाख्य' मा आदि आगम र उपान्त आगमको व्यवस्था नभएकाले 'आगम', 'अन्तःपात' र 'उपजन' तीनै शब्द दुई पदका बीचमा हुने वर्णागमका रूपमा अर्थिएका भेटिन्छन्। पाणिनिले आगमबोधक शब्दको प्रयोग नगरे पनि कात्यायन र पतञ्जलि दुवैले 'आगम' र 'उपजन' शब्दको प्रयोग समान अर्थमा गरेका छन्। पाणिनिपूर्वको व्याकरणपरम्परामा आगमभन्दा 'उपजन' शब्दको प्रयोग बढी भएको हुँदा त्यसकै प्रभावमा कात्यायन र पतञ्जलिले आगमसँगै 'उपजन' शब्दको समेत प्रयोग गरे पनि त्यसपछिको व्याकरणपरम्परामा 'उपजन' शब्दको समेत स्थान 'आगम' शब्दले नै लिएको देखिन्छ। आधुनिक भाषाविज्ञानले पनि कुनै नयाँ ध्वनि आउनुलाई 'आगम' मानेको छ। पाणिनिभन्दा पूर्ववर्ती वैयाकरण र निरुक्तकार यास्कबाट एकवर्णागमको प्रवर्तन भएको हो भने अक्षरागमको प्रवर्तन पाणिनिबाट भएको पाइन्छ (ढकाल, पूर्ववत्, पृ.३४–३५)। यसरी शब्दनिर्माणप्रक्रियाका क्रममा विद्यमान वर्णहरूमा कुनै किसिमको असर नपुऱ्याइकन कुनै एउटा नयाँ वर्ण वा द्विवर्णात्मक नयाँ अक्षर थपिने प्रक्रियालाई आगम भनिन्छ र यस किसिमले कुनै नयाँ वर्ण वा अक्षर थपिएर हुने सन्धिलाई 'आगमसन्धि' ठानिन्छ। नेपालीमा प्रयुक्त संस्कृत, प्राकृत र मौलिक नेपाली शब्दमा प्रवृत्त हुने आगमसन्धिमा भने एक वर्णात्मक आगमको मात्र प्रवृत्ति पाइन्छ, द्विवर्णात्मक आगमको प्रवृत्ति भएको देखिँदैन।

निरुक्तकार यास्कले शब्दतः आगमको वर्गीकरण नगरे पनि आगमकै समानार्थी 'वर्णोपजन' शब्दको उदाहरणमा उनले 'आस्थत्', 'द्वारः' र

'भरूजा' तीन शब्दहरू उल्लेख गरेका छन् । उदाहरणमा प्रदत्त यी तीन शब्दमा क्रमशः 'अस्' धातुको अन्तमा थकारको, 'वृ' धातुको आदिमा दकारको र 'भृज्' धातुको उपान्तमा ऊकारको आगम भएको देखिएकाले यिनका आधारमा निरुक्तकार यास्कले आगमलाई क्रमशः 'अन्त आगम', 'आदि आगम' र 'उपान्त आगम' गरी तीन प्रकारमा वर्गीकरण गर्न चाहेको पुष्टि हुनाका साथै उनको आगमचिन्तन एकवर्णमै केन्द्रित रहेको प्रमाणित हुन्छ (पूर्ववत्, पृ.३९) । पाणिनिले 'अनुबन्ध' शब्दको समानार्थी संज्ञामूलक 'इत्' शब्दका आधारमा आगमलाई मुख्यतः 'टित् आगम' (भव+आट् नि =भवानि), 'कित् आगम' (इ तुक्+य =इत्यः) एवम् 'मित् आगम' (चतु आम् र्+अस् =चत्वारः) गरी मुख्यतः तीन प्रकारमा विभाजन गरेका र प्रवृत्तिमूलक स्थानका आधारमा यिनै आगमलाई क्रमशः 'आदि आगम', 'अन्त आगम' र 'उपान्त आगम' मान्न सकिन्छ । स्वर र व्यञ्जनका आधारमा पाणिनीय व्याकरणमा यी तीन मुख्य आगमलाई निम्नलिखित १२ प्रकारमा उपविभाजन गरिएको पाइन्छ (पूर्ववत्, पृ.३९–४०) :

१. आदि स्वरागम– भू+इट् (इ) तव्य = भवितव्य
२. आदि व्यञ्जनागम– श्वस्+तुट् (त्) ठञ् =शौवस्तिकम्
३. आदि व्यञ्जन-स्वरागम– रमा+याट् (या) ए =रमायै
४. आदि व्यञ्जन-स्वर-व्यञ्जनागम– शत+तमट् (तम) डट् =शततमः
५. आदि व्यञ्जन-व्यञ्जन-स्वरागम– सर्वा+स्याट् (स्या) अस् =सर्वस्याः
६. अन्त स्वरागम– चर् आक् (आ)+चर =चराचरः
७. अन्त व्यञ्जनागम– स्व तुक् (त्)+छाया =स्वच्छाया
८. अन्त स्वर-व्यञ्जनागम– हिम आनुक् (आन्)+ङीष् =हिमानी
९. अन्त व्यञ्जन-स्वरागम– गम्+क्त्वा यक् (य) =गत्वाय
१०. अन्त व्यञ्जन-स्वर-व्यञ्जनागम– बहु+तिथुक् (तिथ्) डट् =बहुतिथः
११. उपान्त स्वरागम– तृण इम् (इ) ह्+सि... =तृणेढि
१२. उपान्त व्यञ्जनागम– मु नुम् (न्)च्+अति =मुञ्चति

उपर्युक्त उपविभाजनमध्ये १, २, ६, ७, ११ र १२ उपभेदलाई वर्णागम र अन्य उपभेदलाई अक्षरागमका उपभेद मान्न सकिन्छ । आधुनिक भाषाविज्ञानको परम्परामा आगमलाई पनि निम्नानुसार दश प्रकारमा वर्गीकरण गरिएको भेटिन्छ (पूर्ववत्, पृ.४१) :

१. आदि स्वरागम–	अट् (अ) भू+अत् =अभवत्
२. मध्य स्वरागम–	हे अनड्ु अम् (अ) ह्+स् =हे अनड्वान् !
३. अन्त स्वरागम–	उद्दीपया+मस् इ =उद्दीपयामसि
४. समस्वरागम–	(पा.व्या.मा अनुपलब्ध)
५. आदि व्यञ्जनागम–	प्रत्यङ्+डुट् (ड्) आस्ते =प्रत्यङ्डास्ते
६. मध्य व्यञ्जनागम–	यु नुम् (न्) ज्+स् =युञ्ज्
७. अन्त्य व्यञ्जनागम–	स्व कुक् (क्)+ईय = स्वकीय
८. आदि अक्षरागम–	दुर्गा+याट् (या) अस्... =दुर्गाया:
९. मध्य अक्षरागम–	(पा.व्या.मा अनुपलब्ध)
१०. अन्त अक्षरागम–	भव आनुक् (आन्)+ई = भवानी

१.४.४ वर्णविकार-सन्धिको स्वरूप र वर्गीकरण

वर्णनार्थक 'वर्ण्' धातुदेखि भावार्थक 'घञ्' (अ) प्रत्यय लागेर 'वर्ण' शब्द व्युत्पन्न हुन्छ । संस्कृत वाङ्मयमा 'वर्ण' शब्दको प्रयोग रङ्ग, जाति, आकृति आदि विभिन्न अर्थमा गरिएको भेटिए पनि भाषाशास्त्रमा भने 'वर्ण' शब्दले अकार, ककार आदि ध्वनिहरूको प्रतीकचिह्नलाई बुझाउँछ । त्यस्तै 'वि' उपसर्गपूर्वक करणार्थक 'कृ' धातुदेखि भावार्थक 'घञ्' (अ) प्रत्यय लागी धात्वन्त ऋकारको रकारसहित 'आ' वृद्धि भएर व्युत्पादित 'विकार' शब्दले रोग, भावना, उत्तेजना, परिवर्तन, रूपान्तरण आदि अर्थलाई बुझाए पनि भाषाशास्त्रीय 'विकार' शब्द चाहिँ परिवर्तन वा रूपान्तरण अर्थमा प्रयुक्त हुन्छ । षष्ठी विभक्तिको एकवचनान्त 'वर्ण' शब्दको 'विकार' शब्दका साथ षष्ठी तत्पुरुष समास भएर 'वर्णविकार' शब्द बन्दछ । यसका आधारमा वर्णमा हुने भाषाशास्त्रीय परिवर्तनलाई 'वर्णविकार' भन्न सकिन्छ । संस्कृत वाङ्मयमा याज्ञवल्क्य, प्रातिशाख्यकार कात्यायन, यास्क, उवट र वार्तिककार कात्यायनले 'विकार' शब्दको प्रयोग वर्णपरिवर्तनका लागि गरेका छन् । यास्कद्वारा निरुक्तमा प्रयुक्त 'व्यापत्ति' शब्दले पनि वर्णपरिवर्तनलाई नै बुझाउँछ । वार्तिककार कात्यायन र भाष्यकार पतञ्जलिले 'वर्णविकार' शब्दको प्रयोग पनि वर्णपरिवर्तनकै अर्थमा गरेका छन् । पाणिनिले 'विकार' वा 'वर्णविकार' शब्दको प्रयोग नगरी त्यसको सट्टा 'आदेश' शब्दको प्रयोग गरेको पाइन्छ । पतञ्जलिले कात्यायनप्रयुक्त 'विकार' शब्दलाई 'आदेश' भनेर अर्थ्याएको हुँदा भाषाशास्त्रमा प्रयुक्त 'आदेश' र 'विकार' दुवै शब्द समानार्थी हुन् भन्ने स्पष्ट हुन्छ । पाणिनीय व्याकरणमा 'आदेश' शब्दले 'लोप' र 'विकार' दुवैलाई बुझाए

रूपान्तरापत्तिमूलक, वर्णात्मक र भावरूप आदेशलाई नै 'विकार मानिएको हुँदा 'वर्णविकार' लोपादेशभन्दा पृथक् देखिन्छ । त्यस्तै पाणिनीय व्याकरणमा 'सर्वादेश' को व्यवस्था भए पनि वर्णविज्ञानका दृष्टिले त्यस किसिमको आदेशलाई 'वर्णविकार' मान्न सकिँदैन । वर्णविज्ञानका दृष्टिले 'सर्वादेश' बाहेकका अन्तादेश, आद्यादेश, उपधादेश, अनन्त्यादेश, एकादेश आदिका माध्यमले वर्णमा देखापर्ने वर्णात्मक, अक्षरात्मक र शब्दात्मक परिवर्तनलाई 'वर्णविकार' मान्न सकिन्छ । आधुनिक भाषाविज्ञानले वर्णविकारलाई ध्वनि-परिवर्तन मानेको छ र लोप, आगम, विपर्यय, वर्णपरिवर्तन आदि सबैलाई बुझाउने भएकाले ध्वनिपरिवर्तनको क्षेत्र विस्तृत देखिन्छ तापनि आधुनिक भाषाविज्ञानमा प्रयुक्त ध्वनिपरिवर्तन शब्दले स्वर, व्यञ्जन र अक्षरको परिवर्तनलाई मात्र बुझाएको पाइन्छ । यसरी शब्दनिर्माणप्रक्रियाका क्रममा देखापर्ने वर्णात्मक, अक्षरात्मक एवम् शब्दात्मक परिवर्तनलाई 'वर्णविकार' भनिन्छ र यस किसिमको परिवर्तन हुने सन्धिलाई 'वर्णविकार-सन्धि' मानिन्छ । नेपालीमा प्रयुक्त संस्कृत, प्राकृत र मौलिक नेपाली शब्दमा प्रवृत्त हुने वर्णविकार-सन्धिमा अक्षरात्मक र शब्दात्मक परिवर्तनको प्रवृत्ति देखिँदैन, एकवर्णात्मक परिवर्तनमात्र प्रवृत्त भएको पाइन्छ ।

'विकार', 'विपर्यय' र 'व्यापत्ति' शब्दका माध्यमले निरुक्तकार यास्कले वर्णविकारलाई मुख्यत: निम्नलिखित चार प्रकारमा वर्गीकरण गरेको पाइन्छ (पूर्ववत्, पृ.४८) :

१. उपधाविकार– विद्यार्थिन्+सु =विद्यार्थी

२. आदिविपर्यय– द्युत्+इसिन् (इस्) =ज्योति:

३. आद्यन्तविपर्यय– श्चुत्+घन् (अ) =स्तोका:

४. अन्तव्यापत्ति– मिह्+घन् (अ) =मेघ:

पाणिनिले शब्दत: वर्णविकारको वर्गीकरण नगरेको भए पनि अष्टाध्यायीमा 'पराद्यवर्णनिर्देशको मान्यता' (अ.१।१।५४) र 'अन्त्यवर्णनिर्देशको मान्यता' (अ.१।१।५२) एवम् 'पूर्वनिर्देशको मान्यता' (अ.१।१।६६) अनुसार क्रमश: 'आदिवर्णविकार' र 'अन्त्यवर्णविकार' को निर्देश गरिएको छ भने उपधा शब्दको प्रयोग (अ.६।४।७) द्वारा 'उपधावर्णविकार' को अस्तित्व स्वीकारिएको छ । व्याकरण महाभाष्यमा 'अन्त्यविकार, 'आदिविकार' र 'उपधाविकार' शब्दको प्रयोग गरिएको हुँदा पाणिनीय व्याकरणमा वर्णविकार मुख्यत: तीन प्रकारमा विभक्त भएको ठान्न सकिन्छ । यिनै प्रमुख तीन भेदका आधारमा पाणिनीय व्याकरणअनुसार

वर्णविकारका उपभेदलाई निम्नानुसार वर्गीकरण गर्न सम्भव देखिन्छ (ढक पूर्वबत्, पृ.४९) :

१. धात्वादिविकार– (क) अ अर्च्+अ> आ अर्च्+अ =आनर्च
(ख) ग गद्+अ> जगद्+अ =जगाद

२. प्रातिपदिकादिविकार– (क) इतिहास+ठक् (इक) =ऐतिहासिक

३. प्रत्ययादिविकार– (क) पति+अस्> पति+उस् =पत्यु:
(ख) धन+मतुप्> धन+वत् =धनवान्

४. पदादिविकार– (क) द्वि+अप> द्वि+ईप =द्वीप
(ख) तद्+हित:> तद्+धित: =तद्धित

५. धातूपान्तविकार– (क) लिख्+ण्वुल् (अक)>लेख्+अक=लेखक
(ख) ज्या+क्त (त)> जि+त =जीन:

६. प्रातिपदिकोपान्तविकार– (क) पञ्चन्+आम्>पञ्चान्+आम्=पञ्चानाम

७. प्रत्ययोपान्तविकार– (क) माषवाप+इन (न्>ण्) =माषवापेण

८. पदोपान्तविकार– (क) स्वङ्गुलि: =स्वङ्गुरि: /स्वङ्गुलि:

९. धात्वन्तविकार– (क) ध्यै+ल्युट् (अन)> ध्या+अन =ध्यान
(ख) पच्+घञ् (अ)> पाक्+अ =पाक

१०. प्रातिपदिकान्तविकार– (क) वायु+यत् (य)> वायो> वायव्+अ =वायव्य
(ख) एतत्+वतुप्> एत आ+वत् =एतावा

११. प्रत्ययान्तविकार– (क) स्ना+क्त्वा>स्ना+त्वी=स्नात्वी (वेदम

१२. पदान्तविकार– (क) अति+अधिक>अत्य्+अधिक=अत्यधिक
(ख) जगत्+ईश>जगद्+ईश =जगदीश

पाणिनीय व्याकरणमा पद र प्रत्ययको उपान्तविका सम्भावनामात्र प्रदर्शन गर्न सकिने भएकाले उपर्युक्त ७ र ८ उ विचारणीय देखिन्छन् भने प्रातिपदिकको आदि र उपधामा एवम् प्रत्य अन्तमा व्यञ्जनवर्णको विकार भएका उदाहरणहरू पाणिनीय व्याकर भेटिँदैनन्। उपर्युक्त तीन प्रमुख भेदअन्तर्गतका १२ उपभेदमा समावेश नसकेका पाणिनीय व्याकरणका वर्णविकारका प्रक्रियालाई निम्नलिखित १२ उपभेदमा विभाजन गरिएको पाइन्छ (पूर्ववत्, पृ.५०) :

१३. धात्ववयवान्तादिविकार–

(क) उब्ज्+ल्>आट् (आ) उब्ज्+ल्>[आ+उ>औ]ब्ज्+ल्=औब्जीत्

(ख) वच्+क्त (त)> उ अच्+त> [उ+अ>उ] च्+त =उक्त:

१४. प्रातिपदिकावयवान्तादिविकार–

(क) त्रि+तीय> तृ इ+तीय> त् [ऋ+इ>ऋ] तीय =तृतीय:

१५. प्रत्ययावयवान्तादिविकार–

(क) नदी+ङे>नदी+आट् (आ) ए>नदी [आ+ए>ऐ]>नदी+ऐ =नद्यै

१६. प्रातिपदिकान्तप्रत्ययादिविकार–

(क) राम+टा> राम+इन> राम् [अ+इ>ए] न> रामेन =रामेण

१७. पदान्तपदादिविकार–

(क) दैत्य+अरि:> दैत्य् [अ+अ>आ] रि: =दैत्यारि:

(ख) पटत्पटत्+इति> पटत्पट [त्+इ>इ] ति =पटत्पटेति

१८. पदोपान्तपदान्तपदादिविकार–

(क) मनस्+ईषा> मन् [अस्+ई>ई] षा =मनीषा

१९. उपादिविकार– (क) व्यध्+लट्> व् इ अध्+यति =विध्यति

२०. उपाद्युत्तरविकार– (क) कर्मषम् =कल्मषम्

२१. उपाद्युपान्तविकार– (क) ज्वर्+क्विप्> ज् ऊठ् र्> जूर्+सु =जू:

२२. उपान्तपूर्वविकार–

(क) युवन्+टा> यु उ अन्+आ> यु उन्+आ =यूना

(ख) श्रेयस्+सु (स्)> श्रेयन्स्+स्> श्रेयान्स्+स् =श्रेयान्

२३. उपान्तोपान्तविकार– (क) कपिरक: =कपिलक: / कपिरक:

२४. अन्तोपान्तविकार– (क) मामव्+ति> माम् ऊठ्+ति =मामोति

आधुनिक भाषाविज्ञानको परम्परानुसार ध्वनिपरिवर्तनका दिशा वा वर्णविकारका प्रमुख भेदहरू निम्नलिखित देखिन्छन् (पूर्ववत्, पृ.५२) :

१. समीभवन–

१.१. पुरोगामी समीभवन– (क) पुष्+क्त>पुष्+त>पुष्+ट =पुष्ट:

१.२. पश्चगामी समीभवन– (क) तत्+लीन:>तल्+लीन: =तल्लीन:

२. विषमीभवन–

२.१. पुरोगामी विषमीभवन– (क) षष्+सु> षष्> षड् =षट्

२.२. पश्चगामी विषमीभवन–(क) कृ+लिट्> क+कार =चकार

३. महाप्राणीभवन– (क) बुध्+लृट्> भुध्+स्यत =भोत्स्यते

४. अल्पप्राणीभवन– (क) धा+लट्> ध+धाति =दधाति

५. घोषीभवन– (क) वाक्+ईशः> वाग्+ईशः =वागीशः

६. अघोषीभवन– (क) भिद्+तुमुन्> भेद्+तुम् =भेत्तुम्

७. अनुनासिकीभवन– (क) षट्+नाम्> षड्+नाम् =षण्णाम्

८. ऊष्मीभवन– (क) अदस्+सु> अद+औ> अस+औ =असौ

९. अपश्रुति–

९.१. गुणीय अपश्रुति– (क) वसुदेव+अण्>वासुदेव् अ =वासुदेवः

९.२. मात्रिक अपश्रुति–

९.२.१. निर्बल श्रेणी– (क) यज्+क्त>इ अज्+त>इज्+त =इष्टः

९.२.२. सबल श्रेणी– (क) श्रु+तृच्> श्रो+तृ =श्रोता

९.२.३. दीर्घीकृत श्रेणी– (क) कृ+ण्वुल्>कार्+अक =कारकः

१०. सन्धि– (क) अति+अधिकः>अत्य्+अधिकः =अत्यधिकः

(ख) गण+ईशः> गण् [अ+ई>ए] शः =गणेशः

यसरी वर्णविकारको वर्गीकरणका प्रसङ्गमा निरुक्तमा प्रदत्त प्रयोगहरूले धातुको आदि, उपादि (आद्य वर्णपछिको दोस्रो वर्ण) र अन्तमा तथा प्रातिपदिकको उपान्तमा हुने विकारको अस्तित्वलाई प्रमाणित गरेका छन् भने आधुनिक भाषाविज्ञानले त्यसभन्दा केही विस्तृत क्षेत्रलाई समेटे पनि प्रारम्भिक नौ भेदमा समेटिन नसकेका 'अत्यधिक', 'गणेश' जस्ता शब्दमा हुने विकारलाई 'सन्धि' शीर्षकमा राख्नुपर्ने अवस्था आएकाले वर्णविकारका समग्र भेद तथा उपभेदलाई समेट्नका लागि पाणिनीय व्याकरणमा आधारित वर्णविकारको वर्गीकरणलाई स्वीकार गर्न उपयुक्त देखिन्छ । ती भेदहरूमध्ये केही प्रकारको मात्र नेपालीमा प्रयुक्त संस्कृत, प्राकृत र मौलिक नेपाली शब्दको निर्माणप्रक्रियाका क्रममा आवश्यकता रहेको पाइन्छ ।

□□

संस्कृत सन्धिनियम

२.१ विषय-प्रवेश

यस अध्यायमा नेपालीमा प्रयुक्त संस्कृत (तत्सम) शब्दको निर्माणप्रक्रियाका क्रममा प्रवृत्त हुने लोपसन्धि, आगमसन्धि र वर्णविकार-सन्धिका प्रमुख नियमहरूको सोदाहरण चर्चा गरिएको छ ।

२.२ संस्कृतका लोपसन्धि नियम

शब्दनिर्माणका क्रममा विद्यमान कुनै वर्ण वा अक्षर अदृश्य भएर सन्धि हुने प्रक्रियालाई 'लोपसन्धि' भनिन्छ । पाणिनीय व्याकरणअनुसार संस्कृत शब्दको निर्माणका क्रममा १६३ वर्णलोपनियम र ४८ अक्षरलोपनियमहरू प्रवृत्त भएका पाइन्छन् (ढकाल, २०६७ : ५५–८५) । ती नियमहरूमध्ये नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूको निर्माणका क्रममा स्वरवर्ण र व्यञ्जनवर्णको लोपका लागि ८ नियमहरूको प्रवृत्ति हुन्छ । तीमध्ये नियम १–३ का तीन नियमलाई स्वरवर्ण लोपनियम तथा नियम ४–८ का पाँच नियमलाई व्यञ्जनवर्ण लोपनियम मान्न सकिन्छ ।

२.२.१ संस्कृतका स्वरलोपी सन्धिनियम

नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूको निर्माणका क्रममा अकार, आकार, इकार र उकार ४ स्वरवर्णको तथा स्वरव्यञ्जनात्मक एउटा 'अत्' अक्षरको लोपका लागि निम्नलिखित ३ वटा स्वरलोपका सन्धिनियमहरू प्रवृत्त हुन्छन् :

ईकार पर भएमा वा यकार एवम् स्वरवर्ण आदिमा हुने तद्धित प्रत्यय परमा प्रातिपदिक शब्दका अन्त्य अकार, आकार र इकारको लोप (४।१।४८), जस्तै :

कुमार+ई> कुमार्+ई =कुमारी

(ख) सुन्दर+ष्यञ्> सुन्दर+य> सुन्दर्+य> सौन्दर्+य =सौन्दर्य

(ग) सभा+य> सभ्+य =सभ्य

(घ) शिव+अण्> शिव्+अ> शैव्+अ =शैव

(ङ) राष्ट्र+घ> राष्ट्र+इय> राष्ट्र्+इय =राष्ट्रिय

(च) केन्द्र+छ> केन्द्र+ईय> केन्द्र्+ईय =केन्द्रीय

(छ) पण्डा+इतच्> पण्ड्+इत =पण्डित

(ज) अत्रि+ढक्> अत्रि+एय> अत्र्+एय> आत्र्+एय =आत्रेय

माथिका उदाहरणहरूमा कै नियम (१) अनुसार प्रातिपदिकान्त अकार, आकार र इकारको लोप भएर निर्मित थप शब्दहरू यस प्रकार छन्:

उत्कण्ठा+इतच् (इत)=उत्कण्ठित	मुद्रा+इतच् =मुद्रित
खण्ड+इतच् =खण्डित	दु:ख+इतच् =दु:खित
रोमाञ्च+इतच् =रोमाञ्चित	तरङ्ग+इतच् =तरङ्गित
हर्ष+इतच् =हर्षित	प्रतिबिम्ब+इतच् =प्रतिबिम्बित
दीक्षा+इतच् =दीक्षित	इन्द्र+घ (इय) =इन्द्रिय
क्षेत्र+छ (ईय) =क्षेत्रीय	क्षण+ठन् (इक) =क्षणिक
मास +ठन् (इक) =मासिक	अर्घ+यत् (य) =अर्घ्य
वध+यत् (य) =वध्य	योग+यत् (य) =योग्य
माला+इनि (ई) =माली	धन+इनि (ई) =धनी
सुख+इनि (ई) =सुखी	जघन+य =जघन्य आदि ।

(२) इष्ठन् (इष्ठ) र इमनिच् (इमन्) प्रत्यय पर भएमा भसंज्ञक प्रातिपदिक शब्दका टिसंज्ञक अन्त्य अकार र उकारको तथा स्वरव्यञ्जनात्मक अन्त्य 'अत्' अक्षरको लोप हुन्छ (पा,अ.६।४।१५५), जस्तै :

(क) पाप+इष्ठन् (इष्ठ)> पाप्+इष्ठ =पापिष्ठ

(ख) पूर्ण+इमनिच् (इमन्)> पूर्ण्+इमन्> पूर्ण्+इमा =पूर्णिमा

(ग) गुरु+इष्ठन् (इष्ठ)> गुर्+इष्ठ> गर्+इष्ठ =गरिष्ठ

(घ) गुरु+इमनिच्(इमन्)> गुर्+इमन्> गर्+इमा =गरिमा

(ङ) महत्+इमनिच् (इमन्)> मह्+इमन्> मह्+इमा =महिमा

माथिका उदाहरण (क)–(घ) मा कै प्रातिपदिकान्त अकार र उकारको लोप भएका अन्य उदाहरणहरू निम्नलिखित छन् :

बल+इष्ठन् =बलिष्ठ

नील+इमनिच् =नीलिमा

अरुण+इमनिच् =अरुणिमा

लघु+इमनिच् =लघिमा

अणु+इमनिच् =अणिमा आदि ।

(३) इट् (इ) आगम नहुने ल्युट् (अन), ण्वुल् (अक) आदि प्रत्यय पर भएमा धातुको अन्तमा रहेको णिच् (इ) प्रत्ययका इकारको लोप हुन्छ (पा.,अ. ६।४।५१), जस्तै :

(क) भू+णिच्...> भावि+ल्युट्> भावि+अन> भाव्+अन>

भावन+टाप्> भावन+आ =भावना

(ख) सम्+स्था+णिच्...> संस्थापि+ण्वुल्> संस्थापि+अक>

संस्थाप्+अक =संस्थापक आदि ।

२.२.२ संस्कृतका व्यञ्जनलोपी सन्धिनियम

नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूको निर्माणका क्रममा णकार, नकार, मकार र रकार ४ व्यञ्जनवर्णको लोपका लागि निम्नलिखित ५ वटा व्यञ्जनलोपका सन्धिनियमहरूको प्रवृत्ति हुन्छ :

(४) नञ् समासमा उत्तरपद पर भएमा नञ् (न) पूर्वपदका आद्य नकारको लोप हुन्छ (पा,अ.६।३।७३), जस्तै :

(क) न+सत्य> अ+सत्य =असत्य

(ख) न+उचित> अ+उचित> अ+नुट् (न्) उचित =अनुचित

संस्कृतमा 'न' शब्दसँग समास हुने प्रक्रियालाई 'नञ् समास' भनिन्छ (पा., अ.२।२।६) । नञ् समास हुँदा उत्तरपदको विपरीत अर्थ द्योतन गर्न 'न' शब्द पूर्वपदका रूपमा प्रयोग गरिन्छ । नञ् समासमा उत्तरपदका रूपमा आउने शब्दको आदिमा स्वरवर्ण छ भने उदाहरण (ख) मा झैं अकारपछि नकारको आगम हुन्छ (हेर्नु, आगमनियम १८) तर व्यञ्जनवर्ण आदिमा हुने उत्तरपद छ भने उदाहरण (क) मा झैं अकारपछि नकारको आगम हुँदैन । हलादि उत्तरपदसँग नञ् समास हुँदा लोपनियम (४) अनुसार नकारको मात्र लोप भई नेपालीमा प्रयोग भइरहेका प्रमुख शब्दहरूको सूची यस प्रकार छ :

न+नित्य =अनित्य	न+नियन्त्रित =अनियन्त्रित
न+नियमित =अनियमित	न+निर्धारित =अनिर्धारित

न+निश्चित =अनिश्चित	न+नैतिक =अनैतिक
न+ज्ञात =अज्ञात	न+सन्तोष =असन्तोष
न+स्थिर =अस्थिर	न+न्याय =अन्याय
न+धर्म =अधर्म	न+भाव =अभाव
न+पार =अपार	न+खण्ड =अखण्ड
न+करण =अकरण	न+कस्मात् =अकस्मात्
न+काल =अकाल	न+गाध =अगाध
न+घोर =अघोर	न+घोष =अघोष
न+चेतन =अचेतन	न+द्वितीय =अद्वितीय
न+पूर्व =अपूर्व	न+व्यवस्था =अव्यवस्था
न+सहाय =असहाय	न+विश्वास =अविश्वास
न+चल =अचल	न+गति =अगति
न+क्षय =अक्षय	न+खाद्य =अखाद्य
न+घोर =अघोर	न+पुष्ट =अपुष्ट
न+पूर्ण =अपूर्ण	न+प्रिय =अप्रिय
न+दृष्ट =अदृष्ट	न+शिष्ट =अशिष्ट आदि ।

'कुल' शब्द पर भएमा लोपनियम (४) अनुसार नकारको लोप हुँदैन, जस्तै: न+कुल =नकुल । नेपाली वैयाकरणहरूले संस्कृतमूलका नञ् समासद्वारा सिद्ध भएका उपर्युक्त 'अनित्य' आदि शब्दहरूको आदिमा रहेका अकारलाई उपसर्ग भनी अध्ययन गरेको पाइन्छ । संस्कृतमा अकारलाई उपसर्ग मान्न सकने आधार नभेटिएको हुँदा नेपालीमा प्रचलित संस्कृतमूलका उपर्युक्त किसिमका शब्दहरूलाई समस्त शब्दका रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ ।

(५) भावार्थक घञ् (अ) प्रत्यय पर भएमा रञ्ज् धातुका उपान्त्य (अन्तिम वर्णभन्दा पूर्ववर्ती वर्ण) नकारको लोप हुन्छ (पा,अ.६।४।२७), जस्तै :

(क) रञ्ज्+घञ्> रञ्ज+अ> रज्+अ> राज्+अ =राग:

उक्त उदाहरणमा उपान्त्य ञकारको लोप भएजस्तो देखिए पनि वस्तुत: त्यसको मूल नकार हो, जुन नकार उत्तरवर्ती जकारका आधारमा पञ्चमवर्ण ञकारमा परिवर्तन हुन पुगेको थियो, त्यही ञकारलाई पाणिनिले नकार मानेको हुँदा उक्त नियमअनुसार 'राग' शब्दमा नकारको लोप भएको

देखाइएको हो । नेपाली व्याकरण (शर्मा, २०५१ : ३८) मा 'राग' शब्दको निर्माणप्रक्रिया त देखाइएको छ तर नकारको लोप कुन नियमले गर्दछ भन्ने कुरा खुलाइएको छैन ।

(६) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा यम्, रम्, नम्, गम्, हन्, मन् र क्षण् धातुका अन्त्य मकार, नकार र णकारको लोप हुन्छ (पा.,अ. ६।४।३०), जस्तै :

(क) नि+यम्+क्त> नियम्+त> निय+त =नियत
(ख) नि+यम्+क्तिन्> नियम्+ति> निय+ति =नियति
(ग) कार्य+रम्+क्त> कार्यर+त =कार्यरत, सेवारत, अध्ययनरत
(घ) रम्+क्तिन्> रम्+ति> र+ति =रति
(ङ) प्र+नम्+क्त> प्रणम्+त> प्रण+त =प्रणत
(च) गम्+क्त> गम्+त> ग+त =गत, विगत, आगत
(छ) गम्+क्तिन्> गम्+ति> ग+ति =गति, प्रगति
(ज) हन्+क्त> हन्+त> ह+त =हत, आहत, हताहत
(झ) मन्+क्त> मन्+त> म+त =मत, अभिमत, जनमत
(ञ) मन्+क्तिन्> मन्+ति> म+ति =मति, सम्मति, अनुमति, दुर्मति, विमति, सुमति
(ट) क्षण्+क्त> क्षण्+त> क्ष+त =क्षत, विक्षत
(ठ) क्षण्+क्तिन्> क्षण्+ति> क्ष+ति =क्षति

(७) युवन्, आत्मन्, राजन्, जन्मन्, गरिमन्, पथिन्, पञ्चन्, दशन् आदि नकारान्त प्रातिपदिक पदका अन्त्य नकारको लोप हुन्छ (पा.,अ.८।२।७), जस्तै :

(क) युवाको वर्ग> युवन्+वर्ग =युववर्ग ['युवावर्ग' अनुपयुक्त]
(ख) आत्माको सन्तोष> आत्मन्+सन्तोष =आत्मसन्तोष
(ग) राजाको द्रोही> राजन्+द्रोही =राजद्रोही
(घ) जन्मेको भूमि> जन्मन्+भूमि =जन्मभूमि
(ङ) गरिमा> गरिमन्+मयट्> गरिमन्+मय =गरिममय ['गरिमामय' अनुपयुक्त]
(च) पन्था> पथिन्+ष्कन्> पथिन्+क =पथिक
(छ) पञ्च> पञ्चन्+कन्> पञ्चन्+क =पञ्चक
(ज) दश> दशन्+कन्> दशन्+क =दशक

माथिका उदाहरण (क)–(ज) मा उत्तरवर्ती शब्द र प्रत्ययलाई आधार मानेर पूर्ववर्ती नकारान्त युवन्, आत्मन्, राजन्, जन्मन्, गरिमन्, पथिन्, पञ्चन् र दशन् प्रातिपदिक पदका अन्त्य नकारको लोप भएको छ। उदाहरण (क)– (घ) मा झैं अन्त्य नकारको लोप भएर सिद्ध भएका अन्य शब्दहरू निम्नलिखित छन् :

आत्मन्+घाती =आत्मघाती	आत्मन्+ज्ञान =आत्मज्ञान
आत्मन्+शक्ति =आत्मशक्ति	आत्मन्+हत्या =आत्महत्या
आत्मन्+सन्तुष्टि=आत्मसन्तुष्टि	आत्मन्+परक =आत्मपरक
आत्मन्+पीडा =आत्मपीडा	आत्मन्+कथा =आत्मकथा
आत्मन्+सात् =आत्मसात्	आत्मन्+बोध =आत्मबोध
आत्मन्+शुद्धि =आत्मशुद्धि	आत्मन्+विश्वास=आत्मविश्वास
आत्मन्+समर्पण=आत्मसमर्पण	आत्मन्+नियन्त्रण=आत्मनियन्त्रण
आत्मन्+अनुभूति=आत्मानुभूति	आत्मन्+आलोचना=आत्मालोचना
जन्मन्+जात =जन्मजात	जन्मन्+स्थान =जन्मस्थान
जन्मन्+तिथि =जन्मतिथि	जन्मन्+मिति =जन्ममिति
युवन्+मञ्च =युवमञ्च	युवन्+राजा =युवराज
युवन्+ति =युवति	राजन्+पत्र =राजपत्र
राजन्+नीति =राजनीति	राजन्+पुरुष =राजपुरुष
राजन् परिषद् =राजपरिषद्	राजन्+पुत्र =राजपुत्र
राजन्+पुरोहित =राजपुरोहित	राजन्+मार्ग =राजमार्ग
राजन्+योग =राजयोग	राजन्+ऋषि =राजर्षि
राजन्+वंश =राजवंश	राजन्+स्व =राजस्व

(८) रकार आदिमा हुने उत्तरपद पर भएमा 'निर्' उपसर्ग र 'अन्तर्' पूर्वपदका अन्त्य रकारको लोप हुन्छ (पा.,अ.८।३।१४), जस्तै :

(क) निर्+रोग> नि+रोग> नी+रोग =नीरोग, नीरोगी, नीरोगिता ['निरोग', 'निरोगी', 'निरोगिता' अनुपयुक्त]

(ख) निर्+रस> नि+रस> नी+रस =नीरस ['निरस' अनुपयुक्त]

(ग) निर्+रव> नि+रव> नी+रव =नीरव

(घ) निर्+राजन>नि+राजन>नी+राजन=नीराजन ['निराजन' अनुपयुक्त]

(ङ) अन्तर्+राष्ट्रिय> अन्त+राष्ट्रिय> अन्ता+राष्ट्रिय =अन्ताराष्ट्रिय ['अन्तर्राष्ट्रिय']

माथिका उदाहरणहरूमा 'निर्' उपसर्ग र 'अन्तर्' पूर्वपदका अन्त्य रकारको लोप भएकाले तिनका अन्त्य अकार र इकारको वर्णविकारनियम (पा., अ.८।३।१४) अनुसार दीर्घ भएको देखिन्छ ।

नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूमा अ, आ, इ र उ चार स्वरवर्णको, ण्, न्, म् एवम् र् चार व्यञ्जनवर्णको तथा एउटा अत् अक्षरको गरी जम्मा नौ किसिमका लोपको प्रवृत्ति पाइन्छ । उपर्युक्त लोपनियमहरूमध्ये वर्णलोपका लागि प्रवृत्त हुने नियमहरू विशेषत: नञ् समास भएका शब्दका नकारको, घञ् (अ), क्त (त), क्तिन् (ति) कृत् प्रत्ययनिमित्तक धात्वन्त नकार, मकार, र णकारको, यकारादि र अजादि स्त्रीप्रत्यय वा तद्धित प्रत्ययनिमित्तक प्रातिपदिकान्त अकार, आकार, इकार र उकारको, प्रातिपदिकान्त नकारको, रेफनिमित्तक पूर्वपदान्त रकारको, ल्युट् (अन), ण्वुल् (अक) आदि प्रत्ययनिमित्तक धात्वन्त णिच् (इ) प्रत्ययका इकारको लोप भएको पाइन्छ भने महत् शब्दमा मात्र अत् अक्षरको लोप भएको भेटिन्छ । यीमध्ये नेपालीमा पदान्त र प्रातिपदिकान्त नकारको तथा तद्धित प्रत्ययनिमित्तक प्रातिपदिकान्त अच् वर्णको लोप भएका संस्कृत शब्दहरू नेपालीमा बढी मात्रामा प्रयोगमा आएका देखिन्छन् ।

२.३ संस्कृतका आगमसन्धि नियम

शब्दनिर्माणका क्रममा कुनै नयाँ वर्ण वा अक्षर थपिएर सन्धि हुनुलाई 'आगमसन्धि' भनिन्छ । पाणिनीय व्याकरणअनुसार संस्कृत शब्दमा आगमसन्धिका ३०६ नियमहरू प्रवृत्त भएका पाइन्छन् (ढकाल, २०६७ : ८९–१६२) । तीमध्ये नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूको निर्माणका क्रममा मुख्यत: निम्नलिखित १४ नियमहरू (९–२५) प्रवृत्त हुन्छन् । आगमवर्णको संरचनाका दृष्टिले ती नियमहरूलाई स्वरागम, व्यञ्जनागम र स्वरव्यञ्जनागम गरी ३ प्रकारमा विभाजन गर्न सकिन्छ ।

२.३.१ संस्कृत स्वरागमका सन्धिनियम

नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूमा अकार, इकार र ऐकारको आगमका साथै तिनको अपवादका सन्दर्भमा निम्नलिखित ७ नियमहरू (९–१६) प्रवृत्त हुन्छन् :

(९) तृच् (तृ) र तव्यत् (तव्य) प्रत्यय पर भएमा सृज् र दृश् धातुको उपान्त (अन्त्य वर्णभन्दा पूर्व) मा अम् (अ) आगम हुन्छ (पा.,अ.६।१।५८), जस्तै :

(क) सृज्+तृच्> सृज्+तृ> सृ अम् ज्+तृ> सृ+अज्+तृ> स्रज्+तृ> स्रष्+तृ> स्रष्टृ =स्रष्टा

(ख) दृश्+तृच्> दृश्+तृ> दृ अम् श्+तृ> दृ+अश्+तृ> द्रश्+तृ> द्रष्+तृ> द्रष्टृ =द्रष्टा

(ग) दृश्+तव्यत्> दृश्+तव्य> दृ अम् श्+तव्य> दृ+अश्+तव्य> द्रश्+तव्य> द्रष्+तव्य =द्रष्टव्य

(१०) धातुदेखि पर रहेका क्त (त) र तव्यत् (तव्य) प्रत्ययको अगाडि इट् (इ) आगम हुन्छ (पा.,अ.७।२।३५), जस्तै :

(क) भू+तव्यत्> भू+तव्य> भू+इट् तव्य> भौ+इतव्य> भव्+इतव्य =भवितव्य

(ख) पत्+क्त> पत्+त> पत्+इट् त> पत्+इत =पतित

उपर्युक्त पहिलो उदाहरण 'भवितव्य' मा भैं तव्यत् (तव्य) प्रत्यय पर भएमा धातुदेखि इकारको आगम हुने अन्य शब्दहरू नेपालीमा प्रयोग भएका पाइँदैनन्। दोस्रो उदाहरण 'पतित' मा भैं क्त (त) प्रत्यय पर भएमा धातुदेखि इकारको आगम भएर निर्मित अन्य शब्दहरू यस प्रकार छन् :

पठ्+क्त =पठित	कथ्+क्त =कथित
रक्ष्+क्त =रक्षित	ग्रह्+क्त =गृहीत
शिक्ष्+क्त =शिक्षित	सेव्+क्त =सेवित
रच्+क्त =रचित	लिख्+क्त =लिखित
सम्+कुच्+क्त =सङ्कुचित	सूच्+क्त =सूचित आदि।

(११) चि, जि, भी ज्ञा, कृ दा, श्रु, मृ, स्था, हृ, क्षि, म्लै, गै, ख्या, हा, ली र च्यु अजन्त धातुदेखि तथा शक्, पच्, मुच्, त्यज्, भज्, मस्ज्, युज्, रञ्ज्, सृज्, खिद्, छिद्, भिद्, क्रुध्, बुध्, युध्, रुध्, बन्ध्, शुध्, सिध्, मन्, हन्, आप्, लिप्, लुप्, स्वप्, लभ्, गम्, नम्, यम्, रम्, दृश्, दिश्, विश्, स्पृश्, कृष्, तुष्, दुष्, पुष् र रुह् हलन्त धातुदेखि पर रहेका क्त (त) र तव्यत् (तव्य) प्रत्ययको इट् (इ) आगम हुँदैन (पा.,अ.७।२।१०), जस्तै :

(क) अप+हृ+क्त> अपहृ+त =अपहृत ['अपहरित' अनुपयुक्त]

(ख) गम+तव्यत्> गम्+तव्य> गं+तव्य> गन्+तव्य =गन्तव्य

माथिका उदाहरण (क)–(ख) मा भैं नियम (१०) ले प्राप्त गरेको इट् आगम नियम (११) अनुसार निषेध भई निर्माण गरिएका अन्य शब्दहरू निम्नलिखित छन् :

परि+चि+क्त =परिचित.
भी+क्त =भीत, भयभीत
ज्ञा+तव्यत् =ज्ञातव्य
कृ+तव्यत् =कर्तव्य
श्रु तव्यत् =श्रोतव्य
स्था+तव्यत् =स्थातव्य
शक्+क्त =शक्त, आशक्त
मुच्+क्त =मुक्त
भञ्ज्+क्त =भग्न
प्र+युज्+क्त=प्रयुक्त, नियुक्त
['नियोजित' अनुपयुक्त]
सृज्+क्त=सृष्ट ['सिर्जित' अनुपयुक्त]
खिद्+क्त =खिन्न
भिद्+क्त =भिन्न, विभिन्न
क्रुध्+क्त =क्रुद्ध ['क्रोधित' अनुपयुक्त]
बन्ध्+क्त = बद्ध, प्रतिबद्ध,
सम्बद्ध, आबद्ध, अनुबद्ध, निबद्ध
['सम्बन्धित', 'प्रतिबन्धित','अनुबन्धित' अनुपयुक्त]
सिध्+क्त =सिद्ध, प्रसिद्ध
हन्+क्त=हत, आहत
लिप्+क्त =लिप्त
स्वप्+क्त =सुप्त, सुषुप्त
गम्+क्त =गत, आगत
नि+यम्+क्त =नियत
दृश्+क्त =दृष्ट, अदृष्ट
प्र+विश्+क्त =प्रविष्ट
आ+कृष्+क्त=आकृष्ट ['आकर्षित' अनुपयुक्त]
तुष्+क्त =तुष्ट, सन्तुष्ट
आ+रुह्+क्त=आरूढ, सत्तारूढ
म्लै+क्त =म्लान
ख्या+क्त=ख्यात,प्रख्यात,विख्यात
च्यु+क्त =च्युत

परा+जि+क्त =पराजित
ज्ञा+क्त =ज्ञात, अज्ञात
कृ+क्त =कृत, विकृत
दा+तव्यत् =दातव्य
स्था+क्त =स्थित
प्र+नी+क्त=प्रणीत, विनीत
पच्+क्त =पक्व, पक्वान्न
त्यज्+क्त =त्यक्त
भज्+क्त =भक्त, विभक्त
वि+रञ्ज्+क्त =विरक्त
['अतिरञ्जित' अनुपयुक्त]
मस्ज्+क्त =मग्न
छिद्+क्त=छिन्न, विच्छिन्न
अव+रुध्+क्त =अवरुद्ध
बुध्+क्त =बुद्ध, प्रबुद्ध
युध्+क्त =युद्ध
शुध्+क्त =शुद्ध, विशुद्ध
मन्+क्त =मत, अभिमत
प्र+आप्+क्त =प्राप्त
लुप्+क्त =लुप्त, विलुप्त
लभ्+क्त =लब्ध, उपलब्ध
प्र+नम्+क्त =प्रणत
रम्+क्त =रत, अध्ययनरत
दृश्+तव्यत् =द्रष्टव्य
स्पृश्+क्त =स्पृष्ट
तुष्+क्त =पुष्ट ['पोषित' अनुपयुक्त]
क्षि+क्त =क्षीण
गै+क्त =गीत
हा+क्त =हीन
मृ+क्त =मृत आदि ।

(१२) श्रि, भू, सू, वृ र तृ धातुदेखि पर रहेका क्त (त) प्रत्ययको इट् आगम हुँदैन (पा.,अ.७।२।११), जस्तै :

(क) आ+श्रि+क्त> आश्रि+त =आश्रित, प्रश्रित

(ख) भू+क्त> भू+त =भूत

(ग) प्र+सू+क्त> प्र+सू+त =प्रसूत

(घ) आ+वृ+क्त> आवृ+त =आवृत, अनावृत

(ङ) उत्+तॄ+क्त>उत्तॄ+न>उत्तिर्+न=उत्तीर्ण, समुत्तीर्ण, अनुत्तीर्ण

(१३) जन्, त्रस्, दीप् र पृच् धातुदेखि क्त (त) प्रत्ययको इट् (इ) आगम हुँदै (पा.,अ.७।२।१४), जस्तै :

(क) जन्+क्त> जन्+त> जा+त =जात ['जनित' अनुपयुक्त]

(ख) त्रस्+क्त> त्रस्+त =त्रस्त ['त्रसित' अनुपयुक्त]

(ग) दीप्+क्त> दीप्+त =दीप्त

(घ) सम्+पृच्+क्त> सम्+पृक्+त =सम्पृक्त

(१४) तृष्, फल् र मूर्च्छ् धातुदेखि क्त (त) प्रत्ययको इट् (इ) आगम हुँदै (पा.,अ.७।२।१६), जस्तै :

(क) तृष्+क्त> तृष्+त =तृष्ट ['तृषित' अनुपयुक्त]

(ख) फल्+क्त> फल्+त> फुल्+त =फुल्ल ['फलित' अनुपयुक्त]

(ग) मूर्च्छ्+क्त>मूर्च्छ्+त>मूर्+त=मूर्त, अमूर्त ['मूर्च्छित' अनुपयुक्त]

उपर्युक्त पहिलो र दोस्रो उदाहरणमा उल्लिखित 'तृष्ट' र 'फुल्ल' शब्दहरू नेपालीमा प्रयोग भएको नदेखिए पनि तेस्रो उदाहरणका 'मूर्त' 'अमूर्त' शब्द तथा माथिका कोष्ठभित्रका 'तृषित' 'फलित' 'मूर्च्छित' प्रत्युदाहरणहरू पनि नेपालीमा प्रयोग भएका पाइन्छन् । तृष, फल र मूर्च्छ शब्द तारकादिगण (पा.अ.४।२।३६) मा पठिएका र यी शब्दहरू यु अर्थमा इतच् (इत) प्रत्यय भएर 'तृषित' 'फलित' र 'मूर्च्छित' तद्धिता शब्दहरू सिद्ध भएका हुन् । त्यसैले मूर्च्छ् धातुदेखि क्त (त) प्रत्ययको इव आगम गरी 'मूर्च्छित' शब्दको निर्माणप्रक्रिया देखाइनु (शर्मा, २०५१ : ४ अनुपयुक्त ठहरिन्छ ।

संस्कृतमा कुन धातुदेखि इट् (इ) आगम हुन्छ र कुन धातुदेखि इट् इ) आगम हुँदैन ? भन्ने बारेमा धातुहरूलाई नै 'सेट्' र 'अनिट्' धात्

रूपमा वर्गीकरण गरिएको छ तापनि कुन कुन प्रत्ययका अगाडि इट् आगम गर्ने र कुन कुन प्रत्ययका अगाडि इट् आगम नगर्ने ? भन्ने विषय संस्कृत व्याकरणको प्रमुख समस्याहरूमध्येको एउटा समस्या हो। संस्कृतका इट् आगम हुने प्रत्ययहरूमध्ये 'तव्यत्' (तव्य) र 'क्त' (त) दुई प्रत्ययमात्र नेपालीमा प्रयुक्त छन्। त्यसमध्ये इट् आगमसहितको 'तव्य' प्रत्यय अन्तमा हुने 'भवितव्य' शब्दमात्र नेपालीमा प्रचलनमा रहेको हुँदा नेपालीमा प्रयुक्त 'क्त' प्रत्ययान्त संस्कृत शब्दमा मात्र इट् आगमको समस्या देखिएको हो। इट् आगम हुने 'क्त' प्रत्ययान्त शब्दको अन्तमा 'इत' रहने र 'इतच्' तद्धित प्रत्ययान्त शब्दको अन्तमा पनि 'इत' नै रहने हुँदा नेपालीमा कुन चाहिँ 'इतच्' प्रत्ययको 'इत' हो र कुन चाहिँ इडागमविशिष्ट 'क्त' प्रत्ययको 'इत' हो भनेर यथार्थ रूपमा बुझ्न थप समस्या उत्पन्न भएको हो।

संस्कृत व्याकरणमा 'इतच्' (इत) तद्धित प्रत्यय विधायक एउटामात्र नियम छ, जसलाई तारकादिगण (पा.,अ.५।२।३६) का नामले चिनिन्छ। तारकादिगणमा तारक, पुष्प आदि ८८ शब्दहरू पढिएका पाइन्छन् (शर्मा, १९५१ : ५९२)। ती शब्दहरूमध्ये 'पुष्प, उच्चार, प्रचार, विचार, पल्लव, खण्ड, मुद्रा, पुलक, दुःख, उत्कण्ठा, गौरव, तरङ्ग, गर्व, हर्ष, रोमाञ्च, पण्डा, फल, अङ्कुर, कलङ्क, मूर्च्छा, प्रतिबिम्ब र दीक्षा' शब्दमा 'इतच्' प्रत्यय लागेर निर्माण भएका 'पुष्पित, उच्चारित, प्रचारित, विचारित, पल्लवित, खण्डित, मुद्रित, पुलकित, दुःखित, उत्कण्ठित गौरवित, तरङ्गित, गर्वित, हर्षित, रोमाञ्चित, पण्डित, फलित, अङ्कुरित, कलङ्कित, मूर्च्छित, प्रतिबिम्बित र दीक्षित' शब्दहरू नेपालीमा प्रचलनमा आएका देखिन्छन्। तारकादिगणलाई 'आकृतिगण' मानिएको हुँदा अन्य शब्दबेखि समेत 'इतच्' प्रत्यय सम्भव भए पनि संस्कृत वाङ्मयमा अप्रचलित संस्कृतमूलका शब्दलाई नेपालीमा इतच् प्रत्यय लगाएर निर्माण गर्न उपयुक्त ठानिँदैन। त्यसैले नेपाली व्याकरणहरूमा इतच् प्रत्यय लगाएर निर्माण गर्ने गरिएका 'चिन्तित', 'आनन्दित', 'पूजित' (शर्मा, २०५१ : ५५), 'पीडित', 'दण्डित' (चापागाईं, २०५१ : ११५) आदि शब्दहरूलाई चिन्त्, आ-नन्द्, पूज्, पीड् र दण्ड् धातुप्रकृतिमूलक इडागमविशिष्ट 'क्त' प्रत्ययान्त शब्दका रूपमा ग्रहण गर्नु युक्तिसङ्गत हुनेछ। तारकादिगणका नेपालीमा प्रयुक्त शब्दलाई ख्याल गर्दै इट् आगमको उपर्युक्त नियम र इट् आगमका सबै निषेध नियमहरूमाथि विचार पुऱ्याउन सकिएमा नेपाली भाषामा दिनानुदिन बढ्दै जान थालेको 'इत' प्रत्ययान्तमूलक शब्दहरूको अवाञ्छित प्रयोगलाई निराकरण गर्न सकिने देखिन्छ।

(१५) अण् (अ) र ठक् (इक) प्रत्यय पर भएमा व्याकरण, न्याय, व्यवहार आदि शब्दका आद्य संयुक्त पदान्तीय यकारदेखि पूर्व ऐकारको आगम हुन्छ (पा.,अ.७३।३), जस्तै :

(क) व्याकरणलाई जान्ने वा अध्ययन गर्ने– व्याकरण+अण्> व् ऐ याकरण+अ> वैयाकरण्+अ =वैयाकरण

(ख) न्यायलाई जान्ने वा अध्ययन गर्ने– न्याय+ठक्> न् ऐ याय +इक> नैयाय्+इक =नैयायिक [नेपालको 'न्यायिक आयोग प्रतिष्ठान' मा प्रयुक्त 'न्यायिक' शब्द अनुपयुक्त] .

(१६) ठक् (इक) प्रत्यय पर भएमा व्यवहार शब्दका आद्य संयुक्त पदान्तीय यकारदेखि पूर्व ऐकारको आगम हुँदैन (पा.,अ.७३।७), जस्तै :

(क) व्यवहारमा हुने– व्यवहार+ठक्>व्यवहार+इक>व्यावहार +इक> व्यावहार्+इक =व्यावहारिक ['व्यवहारिक' अनुपयुक्त]

उपर्युक्त 'व्यावहारिक' शब्दमा आगमनियम (१५) द्वारा प्राप्त ऐकार आगमको नियम (१६) द्वारा निषेध भएको हुँदा वर्णविकार नियम (पा., अ.७।२।११८) अनुसार आद्य अकारको आकार वृद्धि भई उक्त शब्द सिद्ध भएको देखिन्छ ।

स्वरागमका उपर्युक्त सात सन्धिनियमहरूमध्ये नियम (९) का सन्दर्भमा नियम (१०), (११), (१२), (१३) र (१४) पाँच नियमहरू अपवाद (निषेध) का रूपमा प्रवृत्त भएका देखिन्छन् भने नियम (१५) को अपवाद (निषेध) मा नियम (१६) को प्रवृत्ति भएको पाइन्छ ।

२.३.२ संस्कृत व्यञ्जनागमका सन्धिनियम

नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूमा तकार, नकार, पकार, मकार, यकार र षकारको आगमका लागि निम्नलिखित ७ नियमहरू (१७–२३) को प्रवृत्ति हुन्छ :

(१७) क्यप् (य) प्रत्यय पर भएमा ह्रस्व स्वर अन्तमा हुने स्तु, कृ, भृ आदि धातुको अन्तमा तुक् (त्) आगम हुन्छ (पा.,अ.६।१।७१), जस्तै :

(क) स्तु+क्यप्> स्तु+य> स्तु तुक्+य> स्तुत्+य =स्तुत्य

(ख) कृ+क्यप्> कृ+य> कृ तुक्+य> कृत्+य =कृत्य, कुकृत्य

(ग) भृ+क्यप्> भृ+य> भृ तुक्+य> भृत्+य =भृत्य

(१८) नञ् समासमा नकारको लोप भएका न शब्दका अकारदेखि पर रहेका अजादि उत्तरपदको अगाडि नुट् (न्) आगम हुन्छ (पा.,अ. ६।३।७४), जस्तै :

(क) न+अन्त> अ+अन्त> अ+नुट् अन्त> अ+नन्त =अनन्त

(ख) न+आदि> अ+आदि> अ+नुट् आदि> अ+नादि =अनादि

(ग) न+इष्ट> अ+इष्ट> अ+नुट् इष्ट> अ+निष्ट =अनिष्ट

(घ) न+ईश्वरवादी> अ+ईश्वरवादी> अ+नुट् ईश्वरवादी> अ+नीश्वरवादी =अनीश्वरवादी

(ङ) न+उपयोगी> अ+उपयोगी> अ+नुट् उपयोगी> अ+नुपयोगी =अनुपयोगी

(च) न+एकता>अ+एकता>अ+नुट् एकता>अ+नेकता =अनेकता

(छ) न+औपचारिक> अ+औपचारिक> अ+नुट् औपचारिक अ+नौपचारिक =अनौपचारिक

माथिका उदाहरण (क)–(छ) मा अकार, आकार, इकार, ईकार, उकार, एकार र औकार आदिमा हुने उत्तरपदको आदिमा नकारको आगम भएको छ । उपर्युक्त उदाहरणमा झैं अजादि उत्तरपदको आदिमा नकारको आगम भएका अन्य शब्दहरू यस प्रकार छन् :

न+अङ्कित =अनङ्कित	न+अधिकार =अनधिकार
न+अधिकृत =अनधिकृत	न+अनुनासिक=अननुनासिक
न+अन्तर =अनन्तर	न+अन्य =अनन्य
न+अपेक्षित =अनपेक्षित	न+अभिज्ञ =अनभिज्ञ
न+अर्थ =अनर्थ	न+अभ्यास =अनभ्यास
न+अशन =अनशन	न+अवकाश =अनवकाश
न+अवरत =अनवरत	न+आगत =अनागत
न+आचार अनाचार	न+आदर =अनादर
न+आयास =अनायास	न+आर्य =अनार्य
न+आवश्यक =अनावश्यक	न+आवरण =अनावरण
न+आस्था =अनास्था	न+इच्छा =अनिच्छा
न+इष्ट =अनिष्ट	न+ईश्वर =अनीश्वर
न+ईप्सित =अनीप्सित	न+उक्त =अनुक्त
न+उचित =अनुचित	न+उत्तर =अनुत्तर
न+उत्तीर्ण =अनुत्तीर्ण	न+उत्पादक =अनुत्पादक

न+उदार =अनुदार न+उपस्थित =अनुपस्थित
न+उपयुक्त =अनुपयुक्त न+उपकार =अनुपकार
न+उपलब्ध =अनुपलब्ध न+एक =अनेक
न+औचित्य =अनौचित्य आदि ।

(१९) णिच् (इ) प्रत्यय पर भएमा ऋ, ज्ञा, मा र या धातुको अन्तमा पुक् (प्) आगम हुन्छ (पा.,अ.७।३।३६), जस्तै :

(क) ऋ+णिच्> ऋ पुक्+इ> अर्प्+इ> अर्पि+ल्युट्> अर्पि+यु> अर्पि+अन> अर्प्+अन> अर्पन =अर्पण, समर्पण

(ख) ज्ञा+णिच्> ज्ञा पुक्+इ> ज्ञापि+ल्युट्> ज्ञापि+अन> ज्ञाप्+अन =ज्ञापन, विज्ञापन

(ग) ज्ञा+णिच्> ज्ञा पुक्+इ> ज्ञापि+ण्वुल्> ज्ञापि+वु> ज्ञापि+अक> ज्ञाप्+अक =ज्ञापक

(घ) मा+णिच्> मा पुक्+इ> मापि+ल्युट्> मापि+अन> माप्+अन =मापन

(ङ) मा+णिच्> मा पुक्+इ> मापि+ण्वुल्> मापि+अक> माप्+अक =मापक

(च) या+णिच्> या पुक्+इ> यापि+ल्युट्> यापि+अन> याप्+अन =यापन, जीवनयापन

(२०) शानच् (आन) र शानन् (आन) प्रत्यय पर भएमा अकारान्त धातुको अन्तमा मुक् (म्) आगम हुन्छ (पा.,अ.७।२।८२), जस्तै :

(क) वृत्+लट्> वृत्+शानच्> वृत्+शप्+आन> वर्त+आन> वर्त मुक्+आन> वर्तम्+आन =वर्तमान

(ख) यज्+शानन्> यज्+शप्+आन> यज+आन> यज मुक्+आन> यजम्+आन =यजमान

(ग) दृश्+लट्> दृश्+शानच्> दृश्+श्यन्+आन> दृश्य+आन> दृश्य मुक्+आन> दृश्यम्+आन> दृश्यमान =दृश्यमाण

(२१) ण्वुल् (अक) प्रत्यय पर भएमा आकारान्त धातुको अन्तमा युक् (य्) आगम हुन्छ (पा.,अ.७।३।३३), जस्तै :

(क) दा+ण्वुल्> दा+अक> दा युक्+अक> दाय्+अक =दायक, लाभदायक, पीडादायक

(ख) गै+ण्वुल्> गा+अक> गा युक्+अक> गाय्+अक =गायक

(२२) जात्यर्थमा अञ् (अ) र यत् (य) प्रत्यय पर भएमा मनु प्रातिपदिकको अन्तमा षुक् (ष्) आगम हुन्छ (पा.,अ.४।१।१६१), जस्तै :

(क) मनु+अञ्> मनु+अ> मनु षुक्+अ> मनुष्+अ> मानुष्+अ> =मानुष, 'गुणको वैरी *मानुष* जाति' (लेखनाथ पौडेल)

(ख) मनु+यत्> मनु+य> मनु षुक्+य> मनुष्+य =मनुष्य

(२३) णिच् (इ) प्रत्यय पर भएमा डरलाग्दो भन्ने अर्थमा भी धातुको अन्तमा षुक् (ष्) आगम हुन्छ (पा.,अ.७।३।४०), जस्तै :

(क) भी+णिच्> भी+ई> भी षुक्+ई> भीषि+ल्युट्> भीषि+अन> भीष्+अन> भीषन =भीषण वर्षा, भीषण आगलागी

(ख) भी+णिच्...> भीषि+मक्> भीषि+म> भीष्+म =भीष्म, भीष्मप्रतिज्ञा

(ग) वि+भी+णिच्...> विभीषि+ण्वुल्> विभीषि+अक> विभीष्+अक> विभीषक+टाप्> विभीषिक+आ =विभीषिका

२.३.३ संस्कृत स्वरव्यञ्जनागमका सन्धिनियम

आदिमा एउटा स्वरवर्ण र अन्त्यमा एउटा व्यञ्जनवर्णले सहित भएको स्वरव्यञ्जनात्मक अक्षरको आगम भएर सन्धि हुने प्रक्रियालाई 'स्वरव्यञ्जनागम सन्धि' भनिन्छ । नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूमा आद्य आकारसहितको अन्त्य नकार वा पकारको आगमका लागि निम्नलिखित २ नियमहरू (२४–२५) प्रवृत्त हुन्छन् :

(२४) णिच् (इ) प्रत्यय पर भएमा सत्य र अर्थ प्रातिपदिकको अन्तमा आपुक् (आप्) आगम हुन्छ (का.,म.भा.३।१।२५।२), जस्तै :

(क) सत्य+णिच्> सत्य आपुक्+इ>सत्याप्+इ>सत्यापि+ल्युट्> सत्यापि+अन> सत्याप्+अन =सत्यापन, सत्यापित

(ख) अर्थ+णिच्> अर्थ आपुक्+इ> अर्थाप्+इ> अर्थापि+ल्युट्> अर्थापि+अन> अर्थाप्+अन =अर्थापन

(२५) स्त्रीलिङ्गबोधक ङीष् (ई) प्रत्यय पर भएमा इन्द्र, भव, रुद्र र हिम प्रातिपदिकको अन्तमा आनुक् (आन्) आगम हुन्छ (पा.,अ.४।१।४९), जस्तै :

(क) इन्द्र+ङीष्> इन्द्र+ई> इन्द्र आनुक्+ई> इन्द्र+आन्+ई>
इन्द्रान्+ई> इन्द्रानी =इन्द्राणी

(ख) भव+ङीष्> भव+ई> भव आनुक्+ई> भव+आन्+ई>
भवान्+ई =भवानी

(ग) रुद्र+ङीष्> रुद्र+ई> रुद्र आनुक्+ई> रुद्र+आन्+ई>
रुद्रान्+ई> रुद्रानी =रुद्राणी

(घ) हिम+ङीष्> हिम+ई> हिम आनुक्+ई> हिम+आन्+ई>
हिमान्+ई =हिमानी

नेपालीमा प्रयुक्त संस्कृत शब्दहरूमध्ये मुख्यतया तद्धितान्त शब्दमा एकार र षकारको आगम, समस्त शब्दमा नकारको आगम, स्त्रीप्रत्ययान्त शब्दमा आन् अक्षरको आगम, तथा कृदन्त शब्दमा अकार, इकार, ऐकार, तकार, पकार, मकार, यकार, षकार र आप् अक्षरको मात्र आगम भएको देखिन्छ। विशेषत: अ, इ, ऐ तीन स्वरवर्णको, त्, न्, प्, म्, य् र ष् छ व्यञ्जनवर्णको तथा आन् र आप् दुई अक्षरको गरी एघार प्रकारको आगम भएका संस्कृत शब्दहरू नेपालीमा प्रयोगमा आएका पाइन्छन्। यी आगमहरूमध्ये इकार आगम र नकार आगम नेपालीका उर्वर आगम हुन् भने अन्य वर्ण आगम भएका शब्दहरू नेपालीमा न्यून मात्रामा प्रचलित छन्।

२.४ संस्कृतका वर्णविकार सन्धिनियम

शब्दनिर्माणका क्रममा धातु, प्रातिपदिक, प्रत्यय र पदमा रहेका स्वरवर्ण वा व्यञ्जनवर्णका स्थानमा अन्य वर्ण वा अक्षरको परिवर्तन भएर सन्धि हुने प्रक्रियालाई 'वर्णविकारसन्धि' भनिन्छ। पाणिनीय व्याकरणमा वर्णविकारसन्धिलाई मुख्यत: 'स्वरवर्णविकार', 'व्यञ्जनवर्णविकार' र 'अयोगवाहविकार' गरी तीन प्रकारमा विभाजन गरिएको पाइन्छ (ढकाल, पूर्ववत्, पृ.१६५)। स्वरवर्णविकारका नियमहरू पनि पुन: 'एकस्वर वर्णविकार' र 'द्विस्वर वर्णविकार' गरी दुई किसिमका हुन्छन्। नेपालीमा प्रयुक्त संस्कृत शब्दमा यी सबै प्रकारका वर्णविकार सन्धिका केही नियमहरू प्रवृत्त भएका देखिन्छन्।

२.४.१ एक स्वरवर्णको विकारनियम

धातु, प्रातिपदिक, प्रत्यय र पदमा रहेको एउटा स्वरवर्णका स्थानमा अर्के किसिमको स्वरवर्ण र व्यञ्जनवर्णका साथै अक्षर र शब्दको समेत

परिवर्तन हुने प्रक्रियालाई 'एक स्वरवर्णको विकारनियम' मानिन्छ । नेपालीमा प्रयुक्त संस्कृत शब्दमा एउटा स्वरवर्णका स्थानमा शब्दको परिवर्तन भएको नभए पनि भिन्नै स्वरवर्ण, व्यञ्जनवर्ण र अक्षरको परिवर्तन भएको देखिन्छ । पाणिनीय व्याकरणमा तेह्रै प्रकारका स्वरवर्णको परिवर्तन भएको पाइन्छ भने नेपालीमा प्रयुक्त संस्कृत शब्दमा लृकारको परिवर्तन भएको नदेखिएकाले एक स्वरवर्णका विकारनियमलाई वर्णात्मक दृष्टिले मुख्यत: १२ प्रकारमा विभाजन गर्न सकिन्छ ।

२.४.१.१ अकारको आ, इ र ई नियम

संस्कृतमा धातुको उपादि, उपान्त र अन्तमा, प्रातिपदिकको आदि, उपान्तपूर्व, उपान्त र अन्तमा, प्रत्ययको आदिमा, पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका अकारको सारूप्यात्मक अकारका साथै वैरूप्यात्मक आकार, इकार, ईकार, उकार, ऊकार, एकार, ओकार, अक्, अय्, आन्, इस् र अद्रिमा परिवर्तनका लागि १२६ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा धातुको उपान्तपूर्वमा, प्रातिपदिकको आदि र उपान्तमा, प्रत्ययको आदिमा, पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका अकारको आकार, इकार र ईकारमा परिवर्तनका लागि निम्नलिखित १६ नियमहरू (२६–४१) प्रवृत्त हुन्छन् :

(२६) ङीन् (ई) प्रत्यय पर भएमा नर शब्दका आद्य अकारको आकार हुन्छ (का.वृ.,ग.सू.५७, पा.,अ.४।१।७३), जस्तै :

(क) नर+ङीन्> नर+ई> नार+ई> नार्+ई =नारी

(२७) *रकारको लोपनिमित्तक रकार पर भएमा पूर्ववर्ती अकारको आकार* हुन्छ (पा.,अ.६।३।९१), जस्तै :

(क) अन्तर्+राष्ट्रिय> अन्त+राष्ट्रिय> अन्ता+राष्ट्रिय
=अन्ताराष्ट्रिय ['अन्तर्राष्ट्रिय' अनुपयुक्त]

(२८) सु प्रत्यय पर भएमा नकार अन्तमा हुने प्रातिपदिकको उपान्तमा रहेका अकारको आकार हुन्छ (पा.,अ.६।४।८), जस्तै :

(क) राजन्+सु> राजान्+स्> राजान् =राजा
(ख) आत्मन्+सु> आत्मन्+स्> आत्मन् =आत्मा
(ग) युवन्+सु> युवन्+सु> युवन्+स्> युवन् =युवा
(घ) सीमन्+सु> सीमन्+सु> युवन्+स्> युवन् =सीमा

(२९) सु प्रत्यय पर भएमा उपान्तमा नकार भएका महत् प्रातिपदिकको उपान्तभन्दा पूर्ववर्ती अकारको आकार हुन्छ (पा.,अ.६।४।१०), जस्तै :

(क) महत्+सु> मह नुम् त्+स्> महन्त्+स्> महान्त्+स्>
महान्त् =महान्

(३०) सु प्रत्यय पर भएमा तृच् (तृ) प्रत्यय अन्तमा हुने प्रातिपदिकको उपान्तमा रहेका अकारको आकार हुन्छ (पा.,अ.६।४।११), जस्तै :

(क) कृ+तृच्> कृ+तृ> कर्+तृ> कर्तृ+सु> कर्त् अनङ्+स्>
कर्तन्+स्> कर्तान्+स्> कर्तान् =कर्ता

माथिको उदाहरण (क) मा भै नुमागमविशिष्ट तृच् (तृ) प्रत्ययान्त प्रातिपदिकका उपान्त्य अकारको दीर्घ भएर निर्माण भएका थप शब्दहरू यस प्रकार छन् :

भृ+तृच्श्र भर्तृ+सु =भर्ता	पा+तृच्श्र पितृ+सु =पिता
श्रु+तृच्श्र श्रोतृ+सु =श्रोता	दृश्+तृच्श्र द्रष्टृ+सु =द्रष्टा
भुज्+तृच्श्रभोक्तृ+सु =भोक्ता	विद्+तृच्श्र वेत्तृ+सु =वेत्ता
युध्+तृच्श्र योद्धृ+सु =योद्धा	हृ+तृच्श्र हर्तृ+सु =हर्ता

नी+तृच्श्र नेतृ+सु =नेता आदि ।

(३१) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा मकार अन्तमा हुने शम्, भ्रम् र क्रम् धातुको उपान्तमा रहेका अकारको आकार हुन्छ (पा.,अ. ६।४।१५), जस्तै :

(क) शम्+क्त>शम्+त>शाम्+त>शां+त>शान्+त =शान्त
(ख) शम्+क्तिन्>शम्+ति>शाम्+ति>शां+ति>शान्+ति =शान्ति
(ग) भ्रम्+क्त>भ्रम्+त> भ्रम्+त> भ्रां+त> भ्रान्+त =भ्रान्त
(घ) भ्रम्+क्तिन्>भ्रम्+ति>भ्राम्+ति>भ्रां+ति>भ्रान्+ति =भ्रान्ति
(ङ) आ+क्रम्+क्त> आक्रम्+त> आक्राम्+त> आक्रां+त>
आक्रान्+त =आक्रान्त
(च) क्रम्+क्तिन्>क्रम्+ति>क्राम्+ति>क्रां+ति>क्रान्+ति =क्रान्ति

(३२) घञ् (अ), ण्वुल् (अ), ण्यत् (य) र उकञ् (उक) प्रत्यय पर भएमा हलन्त रम्, पठ्, पच्, कम् आदि धातुको उपान्तमा रहेका अकारको आकार हुन्छ (पा.,अ.७।२।११६), जस्तै :

(क) रम्+घञ्> रम्+अ> राम्+अ =राम
(ख) पठ्+घञ्> पठ्+अ> पाठ्+अ =पाठ
(ग) पठ्+ण्वुल्> पठ्+अक> पाठ्+अक =पाठक
(घ) पठ्+ण्यत्> पठ्+य> पाठ्+य =पाठ्य
(ङ) पच्+घञ्> पच्+अ> पाच्+अ> पाक्+अ =पाक, परिपाक
(च) पच्+ण्वुल्> पच्+अक> पाच्+अक =पाचक
(छ) पच्+ण्यत्> पच्+य> पाच्+य =पाच्य, सुपाच्य
(ज) कम्+उकञ्> कम्+उक> काम्+उक =कामुक आदि ।

(३३) अकार र णकारको इत्संज्ञा हुने स्वरवर्ण र यकार आदिमा हुने तद्धित प्रत्यय पर भएमा प्रातिपदिकका अच्मध्येको आद्य अकारका स्थानमा आकार हुन्छ (पा.,अ.७।२।११७), जस्तै :

(क) चणक+यञ्> चणक+य> चाणक+य>चाणक्+य =चाणक्य
(ख) मघा+अण्> मघा+अ> माघा+अ> माघ्+अ =माघ

माथिका उदाहरण (क)–(ख) मा झैं ठञ्, अञ्, ञ्य, नाञ् आदि नित् प्रत्यय र अण्, ण्य, ण आदि णित् प्रत्ययलाई आधार मानेर आद्य अकारको वृद्धि भई निर्मित अन्य शब्दहरू निम्नलिखित छन् :

पशुपति+अण् =पाशुपत	वर्ष+ठञ् =वार्षिक
भरत+अञ् =भारत	भरद्वाज+अञ् =भारद्वाज
कश्यप+अञ् =काश्यप	रवण+अण् =रावण
वसुदेव+अण् =वासुदेव	सम्राज+ण्य =साम्राज्य
श्रवण+अण् =श्रावण	गम्भीर+ञ्य =गाम्भीर्य
नट+ञ्य =नाट्य	छत्र+ण =छात्र
सर्वजन+ठञ् =सार्वजनिक	षण्मास+ठञ् =षाण्मासिक
पक्ष+ठञ् =पाक्षिक	सप्ताह+ठञ् =साप्ताहिक
चतुर्मास+ठञ् =चातुर्मासिक	श्रद्धा+अण् =श्राद्ध
न+नाञ् =नाना	प्रज्ञा+ण =प्राज्ञ

अध्यात्म+ठञ् =आध्यात्मिक आदि ।

(३४) ककारको इत्संज्ञा हुने ठक्, ढक्, त्यक् आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिकका अच्मध्येको आद्य अकारका स्थानमा आकार हुन्छ (पा.,अ. ७।२।११८), जस्तै :

(क) समाज+ठक्> समाज+इक> सामाज+इक>सामाज्+इक
=सामाजिक

(ख) अस्ति+ठक्>अस्ति+इक>आस्ति+इक>आस्तिक्+इक=आस्तिक

(ग) वसन्त+ठक्>वसन्त+इक>वासन्त+इक> वासन्त्+इक
=वासन्तिक

(घ) व्यवहार+ठक्>व्यवहार+इक>व्यावहार+इक>व्यावहार्+इक
=व्यावहारिक

(ङ) स्वभाव+ठक्> स्वभाव+इक> स्वाभाव+इक> स्वाभाव्+इक
=स्वाभाविक

(च) शब्द+ठक्> शब्द+इक> शाब्द+इक> शाब्द्+इक =शाब्दिक

(छ) अग्नि+ढक्> अग्नि+एय>आग्नि+एय> आग्न्+एय =आग्नेय

(ग) पश्चात्+त्यक्>पश्चात्+य>पाश्चात्+य =पाश्चात्य आदि ।

(३५) भविष्यत् अर्थमा नरहेको ठञ् (इक) प्रत्यय पर भएमा संख्यावाची पूर्वपददेखि पर रहेको वर्ष उत्तरपदका आद्य अकारको आकार हुन्छ (पा.,अ.७३।१६), जस्तै :

(क) द्वि+वर्ष+ठञ्>द्विवर्ष+इक>द्विवार्ष+इक>द्विवार्ष्+इक =द्विवार्षिक

(ख) त्रि+वष+ठञ्>त्रिवर्ष+इक>त्रिवार्ष+इक>त्रिवार्ष्+इक =त्रिवार्षिक

(३६) ष्यञ् (य) प्रत्यय पर भएमा भग अन्तमा हुने पूर्वपदका आद्य स्वरवर्णको र भग उत्तरपदका आद्य अकारको वृद्धि हुन्छ (पा.,अ. ७३।१९), जस्तै :

(क) सुभगको भाव– सु+भग+ष्यञ्> सुभग+य> सौभाग+य>
सौभाग्+य =सौभाग्य ।

(३७) ठञ् (इक) प्रत्यय पर भएमा परलोक, सर्वलोक, पृथ्वी, सर्वभूमि, अधिभूत र अधिदेव उभयपदमध्ये पर, सर्व, पृ र अधि पूर्वपदका आद्य अकारको एवम् लोक, योग, भूमि, भूत र देव उत्तरपदका आद्य अक्षरको वृद्धि हुन्छ (पा.,अ.७३।२०), जस्तै :

(क) पर+लोक+ठञ्> परलोक+इक> पारलौक+इक>
पारलौक्+इक =पारलौकिक

(ख) सर्व+लोक+ठञ्> सर्वलोक+इक> सार्वलौक+इक>
सार्वलौक्+इक =सार्वलौकिक

(ग) प्र+योग+ठञ्> प्रयोग+इक> प्रायोग+इक> प्रायोग्+इक
=प्रायोगिक ['प्रायोगिक' अनुपयुक्त]

(घ) सर्व+भूमि+ठञ्> सर्वभूमि+इक> सार्वभौम+इक>
सार्वभौम्+इक =सार्वभौम

(ङ) अधि+भूत+ठञ्> अधिभूत+इक> आधिभौत+इक>
आधिभौत्+इक =आधिभौतिक

(च) अधि+देव+ठञ्> अधिदेव+इक> आधिदैव+इक> आधिदैव्+इक
=आधिदैविक ।

(३८) अण् (अ) प्रत्यय पर भएमा नञ् समास भएको अशुचि उभयपदमा रहेका उत्तरपदका आद्य उकारको नित्य रूपमा र अ पूर्वपदका अकारको विकल्पले वृद्धि हुन्छ (पा.,अ.७३।३०), जस्तै :

(क) न+शुचि> अ+शुचि> अशुचि+अण्> अशुचि+अ>
आशौच+अ> आशौच्+अ =आशौच/अशौच

(३९) स्त्रीलिङ्गी टाप् (आ) प्रत्यय पर भएमा ण्वुल् (अक), वुन् (अक), कन् (क) आदि प्रत्ययमा रहेका ककारदेखि पूर्ववर्ती अकारको इकार हुन्छ (पा.,अ.७३।४४), जस्तै :

(क) नी+ण्वुल्> नी+अक> नै+अक> न् आय्+अक>
नायक+टाप्> नायक+आ> नायिक+आ =नायिका

(ख) शिक्षा+वुन्> शिक्षा+वु> शिक्षा+अक> शिक्ष्+अक>
शिक्षक+टाप्> शिक्षक+आ> शिक्षिक+आ =शिक्षिका

(ग) बाला+कन्> बाला+क> बालक+टाप्> बालक+आ>
बालिक+आ =बालिका

माथिको उदाहरण (क) मा भैं टाप् (आ) प्रत्ययलाई निमित्त मानेर ण्वुल् (अक) प्रत्ययका ककारदेखि पूर्ववर्ती अकारका स्थानमा इत्व भई निर्माण गरिएका अन्य शब्दहरू निम्नलिखित छन् :

लिख्+ण्वुल्> लेखक+टाप् =लेखिका
गै+ण्वुल्> गायक+टाप् =गायिका
नि+विद्+ण्वुल्> निवेदक+टाप् =निवेदिका
स्मृ+ण्वुल्> स्मारक+टाप् =स्मारिका
साध्+ण्वुल्> साधक+टाप् =साधिका

सम्+चर्+ण्वुल्>सञ्चारक+टाप् =सञ्चारिका
प्र+काश्+ण्वुल्> प्रकाशक+टाप् =प्रकाशिका
अधि+इङ्+णिच्> अध्यापि+ण्वुल्> अध्यापक+टाप् =अध्यापिका
धाव्+ण्वुल्> धावक+टाप्=धाविका
सम्+चल्+ण्वुल्> सञ्चालक+टाप् =सञ्चालिका
वि+धा+ण्वुल्> विधायक+टाप् =विधायिका
सेव्+ण्वुल्> सेवक+टाप् =सेविका
वच्+ण्वुल्> वाचक+टाप्=वाचिका
प्र+विश्+ण्वुल्> प्रवेशक+टाप् =प्रवेशिका
प्र+स्तु+ण्वुल्> प्रस्तावक+टाप् =प्रस्ताविका
दीप्+ण्वुल्> दीपक+टाप् =दीपिका आदि ।

(४०) टाप् (आ) प्रत्यय पर भए पनि त्यकन् (त्यक) प्रत्ययका ककारदेखि पूर्ववर्ती अकारको इकार हुँदैन (का.,म.भा.७।३।४५।२), जस्तै :

(क) उप+त्यकन्> उप+त्यक> उपत्यक+टाप्> उपत्यक+आ =उपत्यका

(४१) च्वि (०) प्रत्यय पर भएमा अकारान्त प्रातिपदिक शब्दका अन्त्य अकारको दीर्घ ईकार हुन्छ (पा.,अ.७।४।३२), जस्तै :

(क) अशुद्धलाई शुद्ध गर्ने– शुद्ध+च्वि+करण> शुद्ध+करण> शुद्धी+करण =शुद्धीकरण

(ख) अमहाप्राणलाई महाप्राण बनाउने– महाप्राण+च्वि+भवन> महाप्राण+भवन> महाप्राणी+भवन =महाप्राणीभवन

(ग) अभस्मलाई भस्म बनाएको– भस्म+च्वि+भूत> भस्म+भूत> भस्मी+भूत =भस्मीभूत

(घ) अकेन्द्रलाई केन्द्र गराएको– केन्द्र च्वि कृत> केन्द्र कृत> केन्द्री+कृत =केन्द्रीकृत

(ङ) अपृथक्लाई पृथक् गर्ने– पृथक्+च्वि+करण> पृथक्+करण =पृथक्करण ['पृथकीकरण' अनुपयुक्त]

माथिका उदाहारण (क)–(घ) मा कँै करण, भवन, भूत र कृत शब्ददेखि पूर्ववर्ती च्वि प्रत्ययलाई आधार मानेर अकारान्त प्रातिपदिक शब्दका अन्त्य अकारको ईत्व गरी निर्माण भएका थप शब्दहरू यस प्रकार छन् :

अक्षर+च्वि+करण=अक्षरीकरण एक+च्वि+करण =एकीकरण
सम्+च्वि+करण =समीकरण स्पष्ट+च्वि+करण=स्पष्टीकरण
नव्+च्वि+करण =नवीकरण अघोष+च्वि+भवन=अघोषीभवन
घोष+च्वि+भवन =घोषीभवन दीर्घ+च्वि+भूत=दीर्घीभूत
विकेन्द्र+च्वि+कृत =विकेन्द्रीकृत
अल्पप्राण+च्वि+भवन =अल्पप्राणीभवन आदि ।

२.४.१.२ आकारको अ, इ र ई नियम

संस्कृतमा धातुको आदि, उपान्त र अन्तमा, प्रातिपदिकको उपान्तपूर्व र अन्तमा एवम् प्रत्यय र पूर्वपदको आदि र अन्तमा रहेका आकारको अकार, आँकार, इकार, ईकार, एकार, तकार, इन्, इय्, इस् र नि-मा परिवर्तनका लागि ६४ नियमहरूको प्रवृत्ति भएको देखिन्छ । तीमध्ये नेपालीमा धातुको आदि, उपान्त र अन्तमा एवम् उत्तरपदको अन्तमा रहेका आकारको अकार, इकार र ईकारमा परिवर्तनका लागि निम्नलिखित ७ नियमहरू (४२–४८) को प्रवृत्ति हुन्छ :

(४२) समासमा टाप् (आ) प्रत्ययान्त उत्तरपदका अन्त्य आकारको अकार हुन्छ (पा.,अ,१।२।४८), जस्तै :

(क) निस्केको छ आशा जस्को– निर्+आशा>निर्+आश =निराश
(ख) अविद्यमान छ उपमा जस्को– अ+उपमा> अ+नुट् उपमा> अनुपमा> अनुपम =अनुपम
(ग) पाएको छ प्रतिष्ठा जसले– लब्ध+प्रतिष्ठा> लब्ध+प्रतिष्ठ =लब्धप्रतिष्ठ ['लब्धप्रतिष्ठत' अनुपयुक्त]

(४३) क्त (त) प्रत्यय पर भएमा शास् धातुका उपान्त्य आकारको इकार हुन्छ (पा.,अ.६।४।३४), जस्तै :

(क) शास्+क्त> शास्+त> शिस्+त> शिष्+त> शिष्+ट =शिष्ट, अवशिष्ट, विशिष्ट, परिशिष्ट

(४४) क्विन् (०) प्रत्यय पर भएमा आङ् (आ) उपसर्गदेखि पर रहेको शास् धातुका उपान्त्य आकारको इकार हुन्छ (का.,म.भा.६।४।३४।१), जस्तै :

(क) आ+शास्+क्विन्> आशास्> आशिस्> आशिरु> आशिर्> आशीर्+वाद= आशीर्वाद ['आशिर्वाद' अनुपयुक्त], शुभाशीर्वाद, आशीर्वचन

(४५) यत् (य) प्रत्यय पर भएमा धातुको अन्तमा रहेका आकारको ईकार हुन्छ (पा.,अ.६।४।६५), जस्तै :

(क) ध्यै+यत्> ध्यै+य> ध्या+य> ध्यी+य> ध्ये+य =ध्येय

(ख) पा+यत्> पा+य> पी+य> पे+य =पेय

(ग) गै+यत्> गै+य> गा+य> गी+य> गे+य =गेय

(घ) धा+यत्> धा+य> धी+य> धे+य =धेय, विधेय, अवधेय

(४६) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा गा र हा धातुका अन्त्य आकारको ईकार हुन्छ (पा.,अ.६।४।६६), जस्तै :

(क) गै+क्त> गै+त> गा+त> गी+त =गीत

(ख) गै+क्तिन्> गै+ति> गा+ति> गी+ति =गीति, गीति नाटक, गीति सङ्ग्रह

(ग) हा+क्त> हा+त> ही+त> ही+न =हीन, गतिहीन, चरित्रहीन, लक्ष्यहीन

(४७) आस् धातुदेखि पररहेका शानच् (आन) प्रत्ययका आद्य आकारको ईकार हुन्छ (पा.,अ.७।२।८३, जस्तै :

(क) आस्+लट्>आस्+शानच्> आस्+श्प्+आन> आस्+आन> आस्+ईन =आसीन, सत्तासीन, पदासीन, मञ्चासीन

(४८) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा ष्ठा र स्था धातुका अन्त्य आकारको इकार हुन्छ (पा.,अ.७।४।४०), जस्तै :

(क) स्था+क्त> स्था+त> स्थि+त =स्थित, उपस्थित, अवस्थित

(ख) स्था+क्तिन्> स्था+ति> स्थि+ति =स्थिति, उपस्थिति, अवस्थिति, परिस्थिति

(ग) मा+क्तिन्> मा+ति> मि+ति =मिति

२.४.१.३ इकारको ई, ए, ऐ र य् नियम

संस्कृतमा धातुको उपान्त्य र अन्तमा, प्रातिपदिकको आदि, उपान्तपूर्व, उपान्त्य र अन्तमा, प्रत्यय र पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका ह्रस्व इकारको अकार, आकार, ईकार, ईकार, उकार, ऊकार, ऐकार, यकार, अन्, अम्, आन्, इन्, इय् र ओम्-मा परिवर्तनका लागि ८७ नियमहरू प्रवृत्त भएका पाइन्छन्। तीमध्ये नेपालीमा धातुको उपान्त्य र

अन्तमा, प्रातिपदिकको आदि, उपान्त र अन्तमा, प्रत्ययको आदिमा, पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका ह्रस्व इकारको यकार, ईकार, एकार र ऐकारमा परिवर्तनका लागि निम्नलिखित ११ नियमहरू (४९–५९) प्रवृत्त हुन्छन् :

(४९) अकार, आकार, उकार, ऊकार र एकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदको अन्तमा रहेका इकारको यकार हुन्छ (पा.,अ.६।१।७७), जस्तै :

(क) अति+अधिक> अत् य्+अधिक> अत्य्+अधिक =अत्यधिक
['अत्याधिक' अनुपयुक्त]

(ख) इति+आदि> इत् य्+आदि> इत्य्+आदि =इत्यादि

(ग) उपरि+उक्त> उपर्य्+उक्त> उपर्य्+उक्त =उपर्युक्त
['उपरोक्त' अनुपयुक्त]

(घ) नि+ऊन> न् य्+ऊन> न्य्+ऊन =न्यून

(ङ) प्रति+एक> प्रत् य्+एक> प्रत्य+एक =प्रत्येक

माथिका उदाहरण (क)–(ग) मा कै पूर्वपदका अन्त्य इकारको यण् भई निर्मित अन्य शब्दहरू यस प्रकार छन् :

यदि+अपि =यद्यपि	अति+अन्त =अत्यन्त
अधि+अक्ष =अध्यक्ष	द्वि+अक्षरी =द्व्यक्षरी
त्रि+अक्षरी =त्र्यक्षरी	अधि+अयन =अध्ययन
प्रति+अय =प्रत्यय	वि+अवहार =व्यवहार
वि+अतीत =व्यतीत	वि+अधिकरण =व्यधिकरण
वि+अभिचार =व्यभिचार	वि+अवसाय =व्यवसाय
वि+अवस्था =व्यवस्था	गति+अवरोध =गत्यवरोध ['गत्यावरोध' अनुपयुक्त]
वि+आकरण =व्याकरण	वि+आकुल =व्याकुल
वि+आयाम =व्यायाम	वि+आख्यान =व्याख्यान
अधि+आपक =अध्यापक	अधि+आपन =अध्यापन
अधि+आय =अध्याय	प्रति+आशा =प्रत्याशा
अति+आचार =अत्याचार	अधि+आदेश =अध्यादेश
विनि+आस =विन्यास	अति+उच्च =अत्युच्च
अभि+उत्थान =अभ्युत्थान	प्रति+उपकार =प्रत्युपकार

वि+उत्पत्ति =व्युत्पत्ति	प्रति उत्तर =प्रत्युत्तर
अति उक्ति =अत्युक्ति	अभि उदय =अभ्युदय आदि ।

(५०) रकारको लोपनिमित्तक रकार पर भएमा पूर्वान्त इकारको दीर्घ ईकार हुन्छ (पा.,अ.६।३।१११), जस्तै :

(क) निर्+रोग> नि+रोग> नी+रोग =नीरोग

(ख) निर्+रोगी> नि+रोगी> नी+रोगी =नीरोगी, नीरोगिता

(ग) निर्+रव> नि+रव> नी+रव =नीरव

(घ) निर्+राजन> नि+राजन> नी+राजन =नीराजन

(ङ) निर्+रस> नि+रस> नी+रस =नीरस ['निरस' अनुपयुक्त]

(५१) कार र रोध शब्द पर भएमा पूर्ववर्ती प्रति उपसर्गका अन्त्य इकारको विकल्पले दीर्घ ईकार हुन्छ (का.,म.भा.६।३।१२२।२), जस्तै :

(क) प्रति+कार> प्रती+कार =प्रतीकार/प्रतिकार

(ख) प्रति+रोध> प्रती+रोध =प्रतीरोध/प्रतिरोध

(५२) सु प्रत्यय पर भएमा इनि (इन्), णिनि (इन्) र घिनुण् (इन्) प्रत्ययद्वारा निर्मित इन् अन्तमा हुने प्रातिपदिक शब्दका उपान्त्य इकारको दीर्घ ईकार हुन्छ (पा.,अ.६।४।१३), जस्तै :

(क) धन+इनि> धन+इन्> धन्+इन्> धनिन्+सु> धनीन्+स्> धनीन् =धनी

(ख) भुज्+णिनि> भुज्+इन्> भोज्+इन्> भोजिन्+सु> भोजिन्+स्> भोजिन् =भोजी, उष्णभोजी, शीतभोजी

(ग) वि+लस्+घिनुण्> विलस्+इन्> विलास्+इन्>विलासिन्+सु> विलासिन्+स्> विलासीन्+स्> विलासीन् =विलासी

माथिका उदाहरण (क)–(ग) मा झैं इन् अन्तमा हुने प्रातिपदिकका उपान्त्य इकारको दीर्घ भई निर्माण गरिएका थप शब्दहरू यस प्रकार छन् :

दुःख+इनिश्चदुःखिन्+सु=दुःखी	सुख+इनिश्चसुखिन्+सु =सुखी
ज्ञान+इनिश्चज्ञानिन्+सु =ज्ञानी	दान+इनिश्चदानिन्+सु =दानी
क्रोध+इनिश्चक्रोधिन्+सु=क्रोधी	वद्+णिनिश्च वादिन्+सु =वादी
द्विष्+णिनिश्च द्वेषिन्+सु =द्वेषी	दुष्+घिनुण्श्च दोषिन्+सु =दोषी

वि+द्रुह्+घिनुण्श्च विद्रोहिन्+सु =विद्रोही

भज्+घिनुण्/अभागिन्+सु=भागी
सम्+सृज्+घिनुण्/असंसर्गिन्+सु=संसर्गी
युज्+घिनुण्/अयोगिन्+सु =योगी
त्यज्+घिनुण्/अत्यागिन्+सु=त्यागी
प्र+वस्+घिनुण्/अ प्रवासिन्+सु =प्रवासी
वि+विच्+घिनुण्/अविवेकिन्+सु =विवेकी आदि ।

(५३) क्त (त) प्रत्यय पर भएमा क्षि धातुका इकारको दीर्घ ईकार हुन्छ (पा.,अ.६।४।६०), जस्तै :

(क) क्षि+क्त> क्षि+त> क्षी+त> क्षी+न> क्षी+ण =क्षीण

(५४) क्त (त) प्रत्यय पर भएमा ग्रह् धातुदेखि क्त प्रत्ययको आद्यवयवका रूपमा विहित इट् (इ) आगमका इकारको दीर्घ ईकार हुन्छ (पा.,अ. ७।२।३७), जस्तै :

(क) ग्रह्+क्त> ग्रह्+इट्+त> ग्रह्+ई त> ग् ऋ अह्+ईत> गृह्+ईत =गृहीत, सङ्गृहीत ['ग्रहित', 'गृहित', 'सङ्ग्रहित', 'सङ्गृहित' अनुपयुक्त]

(५५) अकार र ककारमा इत्संज्ञा हुने अञ्, ठञ्, अण्, ण्य, आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दको अच्मध्येका आद्य इकारको ऐकार हुन्छ (पा.,अ.७।२।११७), जस्तै :

(क) किशोर+अञ्>किशोर+अ>कैशोर+अ>कैशोर्+अ =कैशोर
(ख) पितृ+ठञ्> पितृ+क> पैतृ+क =पैतृक
(ग) द्विमास+ठञ्>द्विमास+इक>द्वैमास+इक>द्वैमास्+इक=द्वैमासिक
(घ) विशाखा+अण्>विशाखा+अ>वैशाखा+अ>वैशाख्+अ =वैशाख
(ङ) दिति+ण्य> दिति+य> दैति+य> दैत्+य =दैत्य

माथिका उदाहरण (क)–(ङ) मा भै आद्य इकारको ऐ वृद्धि भएका अन्य उदाहरण यस प्रकार छन् :

मिथिला+अञ् =मैथिल	मातृ+ठञ् =मातृक
त्रि+मास+ठञ् =त्रैमासिक	विष्णु+अण् =वैष्णव
शिव+अण् =शैव	चित्रा+अण् =चैत्र
विभु+अण् =वैभव	शिशु+अण् =शैशव

(५६) ठक् (इक) तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दको अच्मध्येका आद्य इकारको ऐकार हुन्छ (पा.,अ.७।२।११८), जस्तै :

(क) इतिहास+ठक्> इतिहास+इक> ऐतिहास+इक> ऐतिहास्+इक =ऐतिहासिक

(ख) इच्छा+ठक्> इच्छा+इक> ऐच्छा+इक> ऐच्छ्+इक =ऐच्छिक

(५७) ठन् (इक) प्रत्यय पर भएमा लोक उत्तरपद र इह पूर्वपदका क्रमशः आद्य ओकार र आद्य इकारको वृद्धि हुन्छ (पा.,अ.७।३।२०), जस्तै :

(क) इह+लोक+ठन्> इहलोक+इक> ऐहलौक+इक> ऐहलौक+इक =ऐहलौकिक

(५८) अच् (अ), ल्युट् (अन) र तृच् (तृ) प्रत्यय पर भएमा इ, क्षि र जि धातुका अन्त्य इकारको एकार हुन्छ (पा.,अ.७।३।८४), जस्तै :

(क) क्षि+अच्> क्षि+अ> क्षे+अ> क्ष् अय्+अ =क्षय, क्षयरोग

(ख) जि+अच्>जि+अ>जे+अ>ज् अय्+अ =जय, विजय, पराजय

(ग) अधि+इङ्+ल्युट्>अधि+इ+अन>अधि+ए+अन>अध्ये+अन> अध्य् अय्+अन =अध्ययन

(घ) वि+जि+तृच्> विजि+तृ> विजे+तृ> विजेतृ+सु... =विजेता

(५९) क्त (त) र क्तिन् (ति) प्रत्ययलाई छाडेर (पा.,अ.१।१।५) अच् (अ), घञ् (अ), ण्वुल् (अक), ल्युट् (अन), अनीयर् (अनीय), णिनि (इन्), तृच् (तृ) र यत् (य) प्रत्यय पर भएमा हलन्त धातुको उपान्तमा रहेका ह्रस्व इकारको एकार हुन्छ (पा.,अ.७।३।८४), जस्तै :

(क) दिव्+अच्> दिव्+अ> देव्+अ =देव

(ख) आ+दिश्+घञ्> आदिश्+अ> आदेश्+अ =आदेश, निर्देश

(ग) लिख्+ण्वुल्> लिख्+अक> लेख्+अक =लेखक

(घ) लिप्+ल्युट्> लिप्+अन> लेप्+अन =लेपन

(ङ) लिख्+अनीयर्> लिख्+अनीय> लेख्+अनीय =लेखनीय, उल्लेखनीय

(च) द्विष्+णिनि> द्विष्+इन्> द्वेष्+इन्> द्वेषिन्+सु... =द्वेषी

(छ) विद्+तृच्> विद्+तृ> वेद्+तृ> वेत्+तृ> वेत्तृ+सु... वेत्ता

(ज) भिद्+यत्> भिद्+य> भेद्+य =भेद्य

(झ) लिप्+क्त> लिप्+त =लिप्त (क्त प्रत्यय भएकाले गुण अभाव)

(ञ) छिद्+क्त> छिद्+त> छिन्+न =छिन्न (गुण अभाव)

माथिका उदाहरण (क)–(ज) मा कै उपान्त्य इकारको एकार गुण भएर निर्माण भएका थप शब्दहरू निम्नलिखित छन् :

लिख्+घन् =लेख	खिद्+घन् =खेद
वि+छिद्+घन् =विच्छेद	परि+छिद्+घन् =परिच्छेद
वि+भिद्+ण्वुल् =विभेदक	भिद्+ल्युट् =भेदन
छिद्+ल्युट् =छेदन	आ+विद्+ण्वुल् =आवेदक
नि+विद्+ण्वुल् =निवेदक	सम्+क्षिप्+घन् =सङ्क्षेप
सम्+श्लिष्+ल्युट् =संश्लेषण	वि+श्लिष्+ल्युट् =विश्लेषण

२.४.१.४ ईकारको ए र ऐ नियम

संस्कृतमा धातुको उपान्त र अन्तमा, प्रातिपदिक र पूर्वपदको आदि र अन्तमा, प्रत्ययको आदिमा एवम् उत्तरपदको आदिमा रहेका दीर्घ ईकारको अकार, आकार, इकार, ईकार, एकार, ऐकार, यकार, अय्, इन्, इय् र इस्मा परिवर्तनका लागि ४६ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा धातु र प्रातिपदिकको अन्तमा रहेका दीर्घ ईकारको एकार र ऐकारमा परिवर्तनका लागि निम्नलिखित ५ नियमहरू (६०–६४) को प्रवृत्ति हुन्छ :

(६०) अकार, आकार र उकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य ईकारको यकार हुन्छ (पा.,अ.६।१।७७), जस्तै :

(क) नदी+अर्पण> नद् य्+अर्पण> नद्य्+अर्पण =नद्यर्पण

(ख) देवी+आगमन>देव् य्+आगमन>देव्य्+आगमन =देव्यागमन

(ग) देवी+उवाच> देव् य्+उवाच> देव्य्+उवाच =देव्युवाच

(६१) ण्वुल् (अक) प्रत्यय पर भएमा नी धातुका अन्त्य ईकारको ऐकार हुन्छ (पा.,अ.७।२।११५), जस्तै :

(क) नी+ण्वुल्> नी+अक> नै+अक> न् आय्+अक =नायक

(६२) ञकार र णकारको इत्संज्ञा हुने अण्, ष्यञ् आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दको अच्मध्येका आद्य ईकारको ऐकार हुन्छ (पा.,अ.७।२।११७), जस्तै :

(क) ईश्वर+ष्यञ्> ईश्वर+य> ऐश्वर+य> ऐश्वर्+य =ऐश्वर्य

(६३) ठक् प्रत्यय पर भएमा प्रातिपदिक शब्दको अच्मध्येका आद्य ईकारको ऐकार हुन्छ (पा.,अ.७।२।११८), जस्तै :

(क) नीति+ठक्> नीति+इक> नैति+इक> नैत्+इक =नैतिक

(६४) अच् (अ), ल्युट् (अन) आलुच् (आलु), तृच् (तृ), ष्ट्रन् (त्र) र यत् (य) प्रत्यय पर भएमा धातुका अन्त्य ईकारको एकार हुन्छ (पा.,अ. ७।३।८४), जस्तै :

(क) नी+अच्> नी+अ> ने+अ> न् अय्+अ =नय

(ख) शी+ल्युट्> शी+अन> शे+अन> श् अय्+अन =शयन

(ग) ध्यै+यत्> ध्या+य> ध्यी+य> ध्ये+य =ध्येय

(घ) नी+तृच्> नी+तृ> ने+तृ> नेतृ+सु... =नेता, प्रणेता

(ङ) शी+आलुच्>शी+आलु>शे+आलु> श् अय्+आलु =शयालु

(च) नी+ष्ट्रन्> नी+त्र> ने+त्र =नेत्र

माथिका (क)–(ग) मा भैं धात्वन्त ईकारको गुण भएर निर्माण गरिएका थप शब्दहरू यस प्रकार छन् :

हा+यत्श्रही+य =हेय	शी+अच् =शय
नी+ल्युट् =नयन	धा+यत्श्रधी+य =धेय, विधेय
पा+यत्श्रपी+य =पेय	

२.४.१.५ उकारको ऊ, ओ, औ र व् नियम

संस्कृतमा धातुको उपान्त र अन्तमा, प्रातिपदिकको आदि र अन्तमा, प्रत्ययको अन्तमा, पूर्वपदको आदि, उपान्त र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका ह्रस्व उकारको अकार, इकार, उँकार, ऊकार, ऋकार, ओकार, औकार, वकार, आन् र उव्मा परिवर्तनका लागि ७२ नियमहरू प्रवृत्त भएका भेटिन्छन्। तीमध्ये नेपालीमा धातुको उपान्त र अन्तमा, प्रातिपदिकको आदिमा एवम् पूर्वपदको आदि र अन्तमा रहेका ह्रस्व उकारको ऊकार, ओकार, औकार र वकारमा परिवर्तनका लागि निम्नलिखित १० नियमहरू (६५–७४) प्रवृत्त हुन्छन् :

(६५) अकार, आकार, इकार र एकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य उकारको वकार हुन्छ (पा.,अ.६।१।७७), जस्तै :

(क) अनु+अय> अन् व्+अय> अन्व्+अय =अन्वय

(ख) सु+आगत> स् व्+आगत> स्व्+आगत =स्वागत

(ग) अनु+इत> अन् व्+इत> अन्व्+इत =अन्वित

(घ) अनु+एषण> अन् व्+एषण> अन्व्+एषण =अन्वेषण

माथिका उदाहरण (क)–(ख) मा भै पूर्वपदका अन्त्य उकारको यण् भएर निर्मित अन्य शब्दहरू यस प्रकार छन् :

सु+अयम् =स्वयम्	सु+अर्ग =स्वर्ग
सु+अर्ण =स्वर्ण	सु+अल्प =स्वल्प
सु+अस्ति =स्वस्ति	सु+आहा =स्वाहा

(६६) ढलोपनिमित्तक ढकार पर भएमा धातुका उपान्त्य उकारको दीर्घ ऊकार हुन्छ (पा.,अ.६।३।१११), जस्तै :

(क) गुह्+क्त>गुह्+त>गुढ्+त>गुढ्+ढ>गु+ढ>गू+ढ =गूढ

(ख) मुह्+क्त>मुह्+त>मुढ्+त>मुढ्+ढ>मु+ढ>मू+ढ =मूढ

(ग) आ+रुह्+क्त> आरुह्+त> आरुढ्+त> आरुढ्+ढ> आरु+ढ> आरू+ढ =आरूढ, सत्तारूढ

(६७) अञ् (अ), अण् (अ), यत् (य) आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिकको अन्तमा रहेका उकारको ओकार हुन्छ (पा.,अ.६।४।१४६), जस्तै :

(क) मनु+अञ्>मनु+अ>मानु+अ>मानो+अ>मान् अव्+अ=मानव

(ख) दनु+अण्>दनु+अ>दानु+अ>दानो+अ>दान् अव्+अ=दानव

(ग) विष्णु+अण्>विष्णु+अ>वैष्णु+अ>वैष्णो+अ>वैष्ण् अव्+अ =वैष्णव

(घ) वायु+यत्>वायु+य>वायो+य>वाय् अव्+अ =वायव्य

(६८) ण्वुल् (अक) प्रत्यय पर भएमा धातुको अन्तमा रहेका उकारको औकार हुन्छ (पा.,अ.७।३।११५), जस्तै :

(क) प्र+स्तु+ण्वुल्> प्रस्तु+अक> प्रस्तौ+अक> प्रस्त् आव्+अक =प्रस्तावक

(६९) अकार र णकारको इत्संज्ञा हुने अञ्, ष्यञ्, अण् आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य उकारका स्थानमा औकार हुन्छ (पा.,अ.७।३।११६), जस्तै :

(क) पुत्र+अञ्> पुत्र+अ> पौत्र+अ> पौत्र्+अ =पौत्र

(ख) कुशल+अण्>कुशल+अ>कौशल+अ>कौशल्+अ =कौशल

(ग) सुन्दर+ष्यञ्> सुन्दर+य> सौन्दर+य> सौन्दर्+य =सौन्दर्य

माथिका उदाहरण (क)–(ख) मा भैं प्रातिपदिकका आद्य उकारको वृद्धि भई निर्माण गरिएका अन्य शब्दहरू निम्नलिखित छन् :

कुशिक+अञ् =कौशिक	मुनि+अण् =मौन
पुष्य+अण् (यलोप) =पौष	कुमार अण् =कौमार
युवन्+अण् =यौवन	कुतूहल+अण् =कौतूहल
शुचि+अण् =शौच	सुरभि+अण् =सौरभ
सुजन+ष्यन् =सौजन्य	

(७०) ककारको इत्संज्ञा हुने ठक्, त्यक्, यक् आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य उकारका स्थानमा औकार हुन्छ (पा.,अ. ७।३।११८), जस्तै :

(क) पुराण+ठक्> पुराण+इक> पौराण+इक> पौराण्+इक =पौराणिक

(ख) पुरस्+त्यक्> पुरस्+त्य> पौरस्+त्य =पौरस्त्य

(ग) पुरोहित+यक्> पुरोहित+य> पौरोहित+य> पौरोहित्+य =पौरोहित्य

माथिको उदाहरण (क) मा भैं ठक् प्रत्ययलाई निमित्त मानेर प्रातिपदिकका आद्य उकारको वृद्धि भएका अन्य शब्दहरू यस प्रकार छन् :

मुख+ठक् =मौखिक	बुद्धि+ठक् =बौद्धिक
उपचार+ठक् =औपचारिक	

(७१) अण् (अ) र ष्यञ् (य) प्रत्यय पर भएमा सु उपसर्ग पूर्वमा हुने तथा हृद् र भग शब्द अन्तमा हुने उभयपदका आद्य अच्को वृद्धि हुन्छ (पा.,अ. ७।३।११९), जस्तै :

(क) सु+हृद्+अण्> सुहृद्+अ> सौहार्द्+अ =सौहार्द

(ख) सु+भग+ष्यञ्>सुभग+य>सौभाग+य>सौभाग्+य =सौभाग्य

(७२) क्त (त) र क्तिन् (ति) प्रत्ययलाई छाडेर (पा.,अ.१।१।५) अप् (अ), ल्युट् (अन), अनीयर् (अनीय), तृच् (तृ), तव्यत् (तव्य), ष्ट्रन् (त्र) र यत् (य) प्रत्यय पर भएमा धातुका अन्त्य उकारको ओकार हुन्छ (पा.,अ. ७।३।८४), जस्तै :

(क) द्रु+अप्> द्रु+अ> द्रा+अ> द्र् अव्+अ> द्रव्+अ =द्रव

(ख) हु+ल्युट्> हु+अन> हो+अन> ह् अव्+अन =हवन

(ग) श्रु+अनीयर्> श्रु+अनीय> श्रो+अनीय> श्र् अव्+अनीय> श्रवनीय =श्रवणीय

(घ) श्रु+तृच्> श्रु+तृ> श्रो+तृ> श्रोतृ+सु... =श्रोता

(ङ) नु+यत्> नु+य> नो+य> न् अव्+य =नव्य

(च) स्तु+ष्ट्रन्> स्तु+त्र> स्तो+त्र =स्तोत्र

(छ) प्र+स्तु+क्त> प्रस्तु+त =प्रस्तुत (क्त प्रत्ययका कारण गुण अभाव)

(ज) श्रु+क्तिन्> श्रु+ति =श्रुति (क्तिन् प्रत्ययका कारण गुण अभाव)

माथिका उदाहरण (क)–(ङ) मा भैं धात्वन्त ह्रस्व उकारको गुण भएका अन्य शब्दहरू यस प्रकार छन् :

द्रु+यत् =द्रव्य	नु+अप् =नव
नि+रु+अप् =नीरव	श्रु+यत् =श्रव्य
श्रु+ल्युट् =श्रवण	प्र+स्तु+तृच् =प्रस्तोता
हु+अनीयर् =हवनीय	हु+तृच् =होता
हु+यत् =हव्य	कु+यत् =कव्य

(७३) क्त (त) र क्तिन् (ति) प्रत्ययलाई छाडेर (पा.,अ.१।१।५) अच् (अ), घञ् (अ), ण्वुल् (अक), ल्युट् (अन), अनीयर् (अनीय), घिनुण् (इन्), तव्यत् (तव्य), तृच् (तृ) र ण्यत् (य) प्रत्यय पर भएमा हलन्त धातुको उपान्तमा रहेका ह्रस्व उकारको ओकार हुन्छ (पा.,अ.७।३।८६), जस्तै :

(क) लुप्+घञ्> लुप्+अ> लोप्+अ =लोप

(ख) सम्+युज्+ण्वुल्> संयुज्+अक> संयोज्+अक =संयोजक

(ग) भुज्+ल्युट्> भुज्+अन> भोज्+अन =भोजन

(घ) बुध्+ण्यत्> बुध्+य> बोध्+य =बोध्य

(ङ) दुष्+घिनुण्> दुष्+इन्> दोष्+इन्> दोषिन्+सु... =दोषी

(च) चुर्+अच्> चुर्+अ> चोर्+अ =चोर

(छ) युध्+तृच् युध्+तृ योध्+तृ योध्+धृ धोद्ध+सु... =योद्धा

(ज) शुच्+अनीयर्> शुच्+अनीय> शोच्+अनीय =शोचनीय

(झ) भुज्+तव्यत्>भुज्+तव्य>भोज्+तव्य>भोक्+तव्य =भोक्तव्य

(ञ) क्षुभ्+क्त> क्षुभ्+त> क्षुभ्+ध> क्षुब्+ध =क्षुब्ध

(ट) पुष्+क्तिन्> पुष्+ति> पुष्+टि =पुष्टि

(ट) सूद्+ल्युट्> सूद्+अन =सूदन, मधुसूदन
(ठ) पूज्+अनीयर्> पूज्+अनीय =पूजनीय

माथिका उदाहरण (क)–(ङ) मा भै धातुको उपान्तमा रहेका ह्रस्व उकारको गुण भएर निर्मित थप शब्दहरू निम्नलिखित छन् :

कुप्+घञ् =कोप	क्रुध्+घञ् =क्रोध
भुज्+घञ् =भोग	बुध्+घञ् =बोध
युज्+घञ् =योग	क्षुभ्+घञ् =क्षोभ
रुज्+घञ् =रोग	दुष्+घञ् =दोष
मुह्+घञ् =मोह	वि+रुध्+घञ् =विरोध
शुध्+घञ् =शोध	शुच्+घञ् =शोच
पुष्+ण्वुल् =पोषक	शुष्+ण्वुल् =शोषक
बुध्+ण्वुल् =बोधक	मुह्+ण्वुल् =मोहक
अव+रुध्+ण्वुल्=अवरोधक	सम्+युज्+ल्युट् =संयोजन
मुह्+ल्युट् =मोहन	पुष्+ल्युट् =पोषण
शुष्+ल्युट् =शोषण	द्रुह्+घिनुण् =द्रोही
युज्+घिनुण् =योगी	भुज्+तृच् =भोक्ता
भुज्+ण्यत् =भोग्य	युज्+ण्यत् =योग्य

(७४) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा रकार अन्तमा हुने धातुका उपान्त्य उकारको दीर्घ ऊकार हुन्छ (पा.,अ.८।२।७७), जस्तै :

(क) पृ+क्त> पृ+त> पुर्+त> पूर्+न> पूर् ण =पूर्ण
(ख) पृ+क्तिन्> पृ+ति> पुर्+ति> पूर्+ति =पूर्ति

२.४.१.६ ऊकारको ओ, औ र व् नियम

संस्कृतमा धातुको उपान्त्य र अन्तमा, प्रातिपदिक र पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका दीर्घ ऊकारको अकार, उकार, ओकार, औकार, वकार र उव्मा परिवर्तनका लागि ३० नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा धातु र पूर्वपदको अन्तमा एवम् प्रातिपदिक र उत्तरपदको आदिमा रहेका दीर्घ ऊकारको ओकार, औकार र वकारमा परिवर्तनका लागि निम्नलिखित ६ नियमहरू (७५–८०) को प्रवृत्ति हुन्छ :

(७५) आकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य ऊकारको वकार हुन्छ (पा.,अ.६।१।७७), जस्तै :

(क) वधू+आगमन> वध् व्+आगमन =वध्वागमन

(७६) घञ् (अ), ण्वुल् (अक), उकञ् (उक), णिनि (इन्) र णिच् (इ) प्रत्यय पर भएमा भू, पू आदि धातुको अन्तमा रहेका ऊकारको औकार हुन्छ (पा.,अ.७।२।११५), जस्तै :

(क) भू+घञ्> भू+अ> भौ+अ> भ् आव्+अ =भाव, प्रभाव

(ख) भू+ण्वुल्> भू+अक> भौ+अक> भ् आव्+अक =भावक

(ग) भू+उकञ्> भू+उक> भौ+उक> भ् आव्+उक =भावुक

(घ) भू+णिनि> भू+इन्> भौ+इन्> भ् आव्+इन्> भाविन्+सु... =भावी

(ङ) प्र+भू+णिच्>प्रभू+इ>प्रभौ+इ>प्रभ् आव्+इ>प्रभावि+क्त> प्रभावि+त =प्रभावित

(च) पू+ण्वुल्>पू+अक>पौ+अक>प् आव्+अक =पावक आदि ।

(७७) अकार र णकारको इत्संज्ञा हुने ठञ्, अण् आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य ऊकारका स्थानमा औकार हुन्छ (पा.,अ.७।२।११५), जस्तै :

(क) मूल+ठञ्> मूल+इक> मौल+इक> मौल्+इक =मौलिक

(ख) शूरसेन+अण्> शूरसेन+अ> शौरसेन+अ> शौरसेन्+अ> शौरसेन+ङीप्> शौरसेन+ई> शौरसेन्+ई =शौरसेनी

(ग) सूर्य+अण्> सूर्य+अ> सौर्य+अ> सौर्य्+अ> =सौर्य

(घ) भूमि+अण्> भूमि+अ> भौम+अ> भौम्+अ =भौम आदि ।

(७८) ककारको इत्संज्ञा हुने ठक् (इक) आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य ऊकारका स्थानमा औकार हुन्छ (पा.,अ.७।२।११८), जस्तै :

(क) भूत+ठक्> भूत+इक> भौत+इक> भौत्+इक =भौतिक

(७९) अण् (अ) प्रत्यय पर भएमा सर्वभूमि उभयपदका अच्मध्येको आद्य अकार र ऊकारका स्थानमा वृद्धि हुन्छ (पा.,अ.७।३।२०), जस्तै :

(क) सर्व+भूमि+अण्> सर्वभूमि+अ> सार्वभौम+अ> सार्वभौम्+अ =सार्वभौम

(८०) क्त (त) र क्तिन् (ति) प्रत्ययलाई छाडेर (पा.,अ.१।१।५) अप् (अ), ल्युट् (अन), तव्यत् (तव्य), यत् (य) र इत्र प्रत्यय पर भएमा धातुको अन्तमा रहेका ऊकारको ओकार हुन्छ (पा.,अ.७।३।८४), जस्तै :

(क) प्र+सू+अप्> प्र+सू+अ> प्र+सो+अ> प्रस्+अव्+अ =प्रसव

(ख) पू+ल्युट्> पू+अन> पो+अन> प्+अव्+अन =पवन

(ग) भू+तव्यत्> भू+तव्य> भू+इट् तव्य> भू+इतव्य> भो+इतव्य> भ् अव्+इतव्य =भवितव्य

(घ) भू+यत्> भू+य> भो+य> भ् अव्+य =भव्य

(ङ) पू+इत्र> पो+इत्र> प् अव+इत्र =पवित्र

(च) अनु+भू+क्त> अनुभू+त =अनुभूत

(छ) वि+भू+क्तिन्> विभू+ति =विभूति, अनुभूति आदि ।

२.४.१.७ ऋकारको अर्, आर् र र् नियम

संस्कृतमा धातुको आदि, उपान्त र अन्तमा, प्रातिपदिक र पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका ह्रस्व ऋकारको सारूप्यात्मक ऋकारका साथै वैरूप्यात्मक ऋकार, यकार, रकार, अर्, आर्, इर्, अक्, अन्, आन्, र, रि, री, अर एवम् अरा-मा परिवर्तनका लागि ४२ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा धातुको उपान्त र अन्तमा, प्रातिपदिकको आदिमा, पूर्वपदको अन्तमा एवम् उत्तरपदको आदिमा रहेका ह्रस्वऋकारको रकार, अर् र आर्मा परिवर्तनका लागि निम्नलिखित ८ नियमहरू (८१–८८) प्रवृत्त हुन्छन् :

(८१) अकार एवम् आकार आदिमा हुने उत्तरपद र अम् (अ) आगमसम्बन्धी अकार पर भएमा पूर्वपदको अन्त्य ऋकार र सृज् एवम् दृश् धातुका अन्त्यभूत ऋकारका स्थानमा रकार हुन्छ (पा.,अ.६।१।७७), जस्तै :

(क) पिताको अनुमति– पितृ+अनुमति> पित् र्+अनुमति =पित्रनुमति

(ख) माताको आज्ञा– मातृ+आज्ञा> मात् र्+आज्ञा =मात्राज्ञा

(ग) सृज्+तृच्> सृज्+तृ> स् अम् ज्+तृ> स्+अज्+तृ> स् र् अज्+तृ> स्रज्+तृ> स्रष्+तृ> स्रष्+ट्> स्रष्टृ+सु... =स्रष्टा

(घ) दृश्+तृच्> दृश्+तृ> द् अम् ज्+तृ> द्+अश्+तृ> द् र् अश्+तृ> द्रश्+तृ> द्रष्+तृ> द्रष्+ट्> द्रष्टृ+सु... =द्रष्टा

(८२) ल्युट् (अन) र क्त प्रत्यय पर भएमा मृज् धातुको उपान्तमा रहेका ऋकारको आर् हुन्छ (पा.,अ.७।२।११४), जस्तै :

(क) परि+मृज्+ल्युट्> परिमृज्+अन> परिम् आर् ज्+अन
=परिमार्जन

(ख) परि+मृज्+क्त> परिमृज्+इट् त> परिमृज्+इत>
परिम् आर् ज्+इत =परिमार्जित

(८३) घञ् (अ), ण्वुल् (अक), णिच् (इ), ण्यत् (य) प्रत्यय पर भएमा धातुको अन्तमा रहेका ऋकारको आर् हुन्छ (पा.,अ.७।३।११५), जस्तै :

(क) हृ+घञ्> हृ+अ> ह् आर्+अ =हार, प्रहार, आहार, विहार, संहार, उपहार

(ख) कृ+ण्वुल्> कृ+अक> क् आर्+अक =कारक

(ग) आ+धृ+णिच्> आधृ+इ> आध् आर्+इ> आधारि+क्त>
आधारि+त =आधारित

(घ) अनि+वृ+ण्यत्> अनिवृ+य> अनिव् आर्+य =अनिवार्य

माथिका उदाहरण (क)–(घ) मा भैं धात्वन्त ऋकारको आर् वृद्धि भएका अन्य शब्दहरू यस प्रकार छन् :

आ+धृ+घञ् =आधार
उत्+धृ+घञ् =उद्धार
उप+कृ+घञ् =उपकार
अ+परि+हृ+ण्यत् =अपरिहार्य

(८४) अञ् (अ) र अण् (अ) प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य ऋकारका स्थानमा आर् हुन्छ (पा.,अ.७।३।११७), जस्तै :

(क) पृथिवी+अञ्> पृथिवी+अ> पार्थिवी+अ> पार्थिव्+अ =पार्थिव

(ख) गृहस्थ+अण्> गृहस्थ+अ> गार्हस्थ+अ> गार्हस्थ्+अ =गार्हस्थ

(ग) कृतिका+अण्> कृतिका+अ> कार्तिका+अ> कार्तिक्+अ
=कार्तिक

(घ) मृगशिरा+अण्> मृगशिरा+अ> मार्गशीर्ष+अ> मार्गशीष्+अ
=मार्गशीर्ष

(८५) क्त (त), क्तिन् (ति) र क्यप् (य) प्रत्ययलाई छाडेर (पा.,अ.१।१।५) अप् (अ), ल्युट् (अन), अनीयर् (अनीय), तृच् (तृ), तव्यत् (तव्य) र यत् (य) प्रत्यय पर भएमा धातुको अन्तमा रहेका ऋकारको अर् हुन्छ (पा.,अ. ७।३।८४), जस्तै :

(क) दुस्+कृ+अप्> दुष्कृ+अ> दुष्क् अर्+अ =दुष्कर

(ख) भृ+ल्युट्> भृ+अन> भ् अर्+अन> भरन =भरण

(ग) आ+दृ+अनीयर्>आदृ+अनीय>आद् अर्+अनीय>आदरनीय =आदरणीय

(घ) हृ+तृच्> हृ+तृ> ह् अर्+तृ> हर्तृ+सु =हर्ता

(ङ) कृ+तव्यत्> कृ+तव्य> क् अर्+तव्य =कर्तव्य

(च) मृ+क्त> मृ+त =मृत (क्त प्रत्ययका कारण गुण अभाव)

(छ) वि+स्मृ+क्तिन्>विस्मृ+ति =विस्मृति (क्तिन्का कारण गुण अभाव)

(ज) कृ+क्यप्>कृ+य>कृ तुक्+य =कृत्य (क्यप्का कारण गुण अभाव)

माथिका उदाहरण (क)–(ङ) मा भैं धात्वन्त ऋकारको अर् गुण भएर निर्मित अन्य शब्दहरू निम्नलिखित छन् :

आ+दृ+अप् =आदर	भृ+अप् =भर
हृ+ल्युट् =हरण	मृ+ल्युट् =मरण
स्मृ+ल्युट् =स्मरण	कृ+ल्युट् =करण
स्मृ+अनीयर् =स्मरणीय	भृ+तृच् =भर्ता
कृ+तृच् =कर्ता	वृ+ल्युट् =वरण
वृ+अनीयर् =वरणीय	जागृ+ल्युट् =जागरण आदि ।

(८६) ऊकञ् (ऊक) प्रत्यय पर भएमा जागृ धातुका अन्त्य ऋकारको अर् हुन्छ(पा.,अ.७३।८५), जस्तै :

(क) जागृ+ऊकञ्> जागृ+ऊक> जाग् अर्+ऊक =जागरूक

(८७) क्त (त), क्तिन् (ति) र क्यप् (य) प्रत्ययलाई छाडेर (पा.,अ.१।१।५) घञ् (अ), ण्वुल् (अक), णिच् (इ), ल्युट् (अन), अनीयर् (अनीय) प्रत्यय पर भएमा पुक् (प्) आगमयुक्त ऋ धातु र हलन्त धातुको उपान्तमा रहेका ऋकारको अर् हुन्छ (पा.,अ.७३।८६), जस्तै :

(क) ऋ+णिच्> ऋ+इ> ऋ पुक्+इ> ऋप्+इ> अर् प्+इ> अर्पि+ल्युट्> अर्पि+अन> अर्प्+अन> अर्पन =अर्पण

(ख) दृश्+णिच्> दृश्+इ> द् अर् श्+इ> दर्शि+क्त> दर्शि+त =दर्शित

(ग) सृप्+घञ्> सृप्+अ> स् अर् प्+अ =सर्प

(घ) दृश्+ण्वुल्> दृश्+अक> द् अर् श्+अक =दर्शक

(ङ) वि+सृज्+ल्युट्> विसृज्+अन> विस् अर् ज्+अन =विसर्जन

(च) दृश्+अनीयर्> दृश्+अनीय> द् अर् श्+अनीय =दर्शनीय

(छ) तृप्+क्त> तृप्+त =तृप्त (क्त प्रत्ययका कारण गुण अभाव)

(ज) सृज्+क्तिन्>सृज्+ति>सृष्+ति>सृष्+टि =सृष्टि (गुण अभाव)

(झ) दृश्+क्यप्> दृश्+य =दृश्य (क्यप्का कारण गुण अभाव)

माथिका उदाहरण (ग)–(ङ) मा भैं धातुको उपान्तमा रहेका ऋकारको अर् गुण भएर निर्माण गरिएका थप शब्दहरू यस प्रकार छन् :

सृज्+घञ् =सर्ग, विसर्ग	सृज्+ण्वुल् =सर्जक
दृश्+ल्युट् =दर्शन	तृप्+ल्युट् =तर्पण आदि ।

(८८) अण् (अ) प्रत्यय पर भएमा सु पूर्वपद हृत् उत्तरपद दुवैको आदिवृद्धिका प्रसङ्गमा हृत् उत्तरपदको आद्य ऋकारका स्थानमा आर् वृद्धि हुन्छ (पा.,अ.७३।१९), जस्तै :

(क) सुहृद्+अण् सुहृद् अ सौहृद् अ सौहार्द् अ =सौहार्द:

२.४.१.८ ऋकारको अर्, आर्, इर् र उर् नियम

संस्कृतमा धातुको उपान्त र अन्तमा एवम् प्रातिपदिकको अन्तमा रहेका दीर्घ ऋकारको ऋकार, यकार, अर्, आर्, इर् र उर्मा परिवर्तनका लागि १८ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ । तीमध्ये नेपालीमा धातुको अन्तमा रहेका दीर्घ ऋकारको अर्, आर्, इर् र उर्मा परिवर्तनका लागि निम्नलिखित ४ नियमहरू (८९–९२) को प्रवृत्ति हुन्छ :

(८९) क्त (त) प्रत्यय पर भएमा धातुका अन्त्य ऋकारको इर् हुन्छ (पा.,अ. ७१।१००) जस्तै :

(क) जॄ+क्त> जॄ+त> ज् इर्+त> जिर्+त> जिर्+न> जीर्+न> जीर्+ण =जीर्ण, अजीर्ण, जीर्णोद्धार

(ख) शॄ+क्त> शॄ+त> श् इर्+त> शिर्+त... =शीर्ण

(९०) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा धातुका अन्त्य ऋकारको उर् हुन्छ (पा.,अ.७१।१०२), जस्तै :

(क) पॄ+क्त> पॄ+त> पुर्+त> पूर्+न> पूर् ण =पूर्ण

(ख) पॄ+क्तिन्> पॄ+ति> प् उर्+ति> पुर्+ति> पूर्+ति =पूर्ति, आपूर्ति

(९१) घञ् (अ) प्रत्यय पर भएमा धातुका अन्त्य ऋकारको आर् हुन्छ (पा., अ.७।२।११५), जस्तै :

(क) ज्+घञ्> ज्+अ> ज् आर्+अ =जार

(९२) अच् (अ) प्रत्यय पर भएमा धातुका अन्त्य ऋकारको अर् हुन्छ (पा., अ.७।३।८४), जस्तै :

(क) ज्+अच्> ज्+अ> ज् अर्+अ =जर, अजर

२.४.१.९ एकारको ऐ र अय् नियम

संस्कृतमा धातुको उपान्त्य र अन्तमा, प्रातिपदिक र पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका एकारको आकार, इकार, ईकार, ऐकार, अय् र आइ-मा परिवर्तनका लागि २१ नियमहरू प्रवृत्त भएका पाइन्छन्। तीमध्ये नेपालीमा धातुको अन्तमा एवम् प्रातिपदिक, पूर्वपद र उत्तरपदको आदिमा रहेका एकारको ऐकार र अयमा परिवर्तनका लागि निम्नलिखित ४ नियमहरू (९३–९६) प्रवृत्त हुन्छन् :

(९३) अच् (अ) र ल्युट् (अन) प्रत्यय पर भएमा धातुको अन्तमा रहेको एकारका स्थानमा अय् हुन्छ (पा.,अ.६।१।७८), जस्तै :

(क) क्षि+अच्> क्षि+अ> क्षे+अ> क्ष् अय्+अ =क्षय

(ख) चि+ल्युट्> चि+अन> चे+अन> च् अय्+अन =चयन

माथिका उदाहरण (क)–(ख) मा झैं धात्वन्त एकारको अय् वर्णसमुदायमा परिवर्तन भएका अन्य शब्दहरू यस प्रकार छन् :

नी+अच् ने+अ =नय	जि+अच् जे+अ =जय
नी+ल्युट् ने+अन =नयन	शी+ल्युट् शे+अन =शयन

(९४) ञकार र णकारको इत्संज्ञा हुने अञ् (अ), ष्यञ् (य), अण् (अ) आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य एकारका स्थानमा ऐकार हुन्छ (पा.,अ.७।२।११७), जस्तै :

(क) केकय देशकी सन्तान– केकय+अञ्> केकय+अ> कैकय+अ> कैकय्+अ> कैकय+ङीप्> कैकय+ई> कैकय्+ई =कैकयी

(ख) देवमा हुने– देव+अण्> देव+अ> दैव+अ> दैव्+अ =दैव

(ग) एकको भाव– एक+ष्यञ्> एक+य> ऐक+य> ऐक्+य =ऐक्य, ऐक्यबद्धता

(९५) ठक् (इक) प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य एकारका स्थानमा ऐकार हुन्छ (पा.,अ.७।२।११८), जस्तै :

(क) वेतनले जिउने– वेतन+ठक्> वेतन+इक> वैतन+इक> वैतन्+इक =वैतनिक

(ख) एकान्तमा हुने– एकान्त+ठक्> एकान्त+इक> ऐकान्त+इक> ऐकान्त्+इक =ऐकान्तिक

(९६) ठञ् (इक) प्रत्यय पर भएमा अधिदेव उभयपदका आद अकार र एकार दुवै अच्को वृद्धि हुन्छ (पा.,अ.७।३।२०), जस्तै :

(क) अधिदेवमा हुने– अधि+देव+ठञ्> अधिदेव+इक> आधिदैव+इक> आधिदैव्+इक =आधिदैविक

२.४.१.१० ओकारको उ, औ र अव् नियम

संस्कृतमा धातुको उपान्त र अन्तमा, प्रातिपदिक र पूर्वपदको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका ओकारको आकार, इकार, औकार, अव्, अव र आउ-मा परिवर्तनका लागि २१ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा धातु, प्रातिपदिक, पूर्वपद र उत्तरपदको अन्तमा एवम् प्रातिपदिक र उत्तरपदको आदिमा रहेका ओकारको उकार, औकार र अव्मा परिवर्तनका लागि निम्नलिखित ५ नियमहरू (९७–१०१) को प्रवृत्ति हुन्छ :

(९७) समासमा उत्तरवर्ती गो शब्दका अन्त्य ओकारको उकार हुन्छ (पा.,अ. १।२।४८), जस्तै :

(क) दुई गाई छन् जस्का– द्वि+गो> द्विग्+उ =द्विगु

(ख) झालेमाले गाई छन् जस्का– चित्रा+गो> चित्र+गो> चित्रग्+उ =चित्रगु

(९८) अच् आदिमा हुने प्रत्यय र उत्तरपद पर भएमा धातु, प्रातिपदिक र पूर्वपदको अन्तमा रहेको ओकारका स्थानमा अव् हुन्छ (पा.,अ.६।१।७८), जस्तै :

(क) पू+ल्युट्> पू+अन> पो+अन> प् अव्+अन =पवन

(ख) विष्णु+अण्> वैष्णु+अ> वैष्णो+अ> वैष्ण् अव्+अ =वैष्णव

(ग) गाईको एषण (खोजी)– गो+एषण> ग् अव्+एषण =गवेषण

माथिका उदाहरण (क)–(ग) मा भै धात्वन्त, प्रातिपदिकान्त र पूर्वपदान्त ओकारको अव् भएका अन्य शब्दहरू निम्नलिखित छन् :

भू+ल्युट्श्च भो+अन =भवन	भू+अप्श्च भो+अ =भव
भू+तव्यत्श्चभो+इतव्य=भवितव्य	प्र+सू+अप्श्च प्रसो+अ =प्रसव
पू+इत्रश्च पो+इत्र =पवित्र	गो+ईश =गवीश
मनु+अण्श्च मानो+अ =मानव	दनु+अण्श्च दानो+अ =दानव
शिशु+अण्श्च शैशो+अ =शैशव	विभु+अण्श्च वैभो+अ =वैभव

(९९) यत् (य) प्रत्यय पर भएमा धातु र प्रातिपदिकको अन्तमा रहेका ओकारको अव् हुन्छ (पा.,अ.६।१।७९), जस्तै :

(क) श्रु+यत्> श्रु+य> श्रो+य> श्र् अव्+य =श्रव्य

(ख) गाईको विकार– गो+यत्>गो+य>ग् अव्+य=गव्य, पञ्चगव्य

माथिका उदाहरण (क)–(ख) मा भै धात्वन्त र प्रातिपदिकान्त ओकारको अव् भएका थप शब्दहरू यस प्रकार छन् :

भू+यत्> भो+य =भव्य
हु+यत्> हो+य =हव्य
कु+यत्> को+य =कव्य
वायु+यत्> वायो+य =वायव्य

(१००) अकार र णकारको इत्संज्ञा हुने ठञ् (इक), टधण् (य) आदि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दका अच्मध्येको आद्य ओकारका स्थानमा औकार हुन्छ (पा.,अ.७।२।११७), जस्तै :

(क) लोक+ठञ्>लोक+इक>लौक+इक>लौक्+इक =लौकिक

(ख) सोम+टधण्> सोम+य> सौम+य> सौम्+य =सौम्य

(१०१) ठञ् (इक) प्रत्यय पर भएमा इहलोक, परलोक, सर्वलोक र प्रयोग उभयपदमध्ये इह, पर, सर्व र प्र पूर्वपदका आद्य अकार एवम् इकारको तथा लोक र योग उत्तरपदका आद्य ओकारको वृद्धि हुन्छ (पा.,अ. ७।३।२०), जस्तै :

(क) इह+लोक+ठञ्> इहलोक+इक> ऐहलौक+इक>
ऐहलौक्+इक =ऐहलौकिक

(ख) पर+लोक+ठञ्> परलोक+इक> पारलौक+इक>
पारलौक्+इक =पारलौकिक

(ग) सर्व+लोक+ठञ्> सर्वलोक+इक> सार्वलौक+इक>
सार्वलौक्+इक =सार्वलौकिक

(घ) प्र+योग+ठञ्> प्रयोग+इक> प्रायौग+इक> प्रायौग्+इक
=प्रायौगिक ['प्रायोगिक' अनुपयुक्त]

२.४.१.११ ऐकारको आ र आय् नियम

संस्कृतमा धातु, प्रातिपदिक र पूर्वपदको अन्तमा रहेका ऐकारको आकार, इकार र आय्मा परिवर्तनका लागि १० नियमहरूको प्रवृत्ति भएको भेटिन्छ। तीमध्ये नेपालीमा धातुको अन्तमा रहेका ऐकारको आकार र आय्मा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (१०२–१०४) प्रवृत्त हुन्छन् :

(१०२) क्त (त), क्तिन् (ति), ल्युट् (अन), तव्यत् (तव्य) र यत् (य) प्रत्यय पर भएमा औपदेशिक धातुको अन्त्य ऐकारका स्थानमा आकार हुन्छ (पा.,अ.६।१।४५), जस्तै :

(क) गै+क्त> गै+त> गा+त> गी+त =गीत

(ख) ग्लै+क्तिन्> ग्लै+ति> ग्ला+ति> ग्ला+नि =ग्लानि

(ग) ध्यै+ल्युट्> ध्यै+अन> ध्या+अन =ध्यान

(घ) गै+यत्> गै+य> गा+य> गी+य> गे+य =गेय

(ङ) ध्यै+तव्यत्> ध्यै+तव्य> ध्या+तव्य =ध्यातव्य

माथिका उदाहरण (क)–(घ) मा भैं औपदेशिक धातुका अन्त्य ऐकारको आत्व भएका अन्य शब्दहरू यस प्रकार छन् :

गै+ल्युट् =गायन
ध्यै+यत् =ध्येय
गै+क्तिन् =गीति
ग्लै+क्त =ग्लान

(१०३) णिच् (इ) प्रत्यय पर भएमा इङ् (इ) धातुका अन्त्य ऐकारको आकार हुन्छ (पा.,अ.६।१।४८), जस्तै :

(क) अधि+इङ्+णिच्> अधि+इ+इ> अधि+ऐ+इ> अधि+आ+इ>
अध्या+इ> अध्या पुक्+इ> अध्यापि+ल्युट्> अध्यापि+अन>
अध्याप्+अन =अध्यापन, अध्यापक

(१०४) ण्वुल् (अ) प्रत्यय पर भएमा धातुको अन्तमा रहेको ऐकारका स्थानमा आय् हुन्छ (पा.,अ.६।१।७८), जस्तै :

(क) नी+ण्वुल्> नी+अक> नै+अक> न् आय्+अक =नायक

२.४.१.१२ औकारको आव् नियम

संस्कृतमा धातु, प्रातिपदिक र पूर्वपदको अन्तमा रहेका औकारको उकार र आव्मा परिवर्तनका लागि ५ नियमहरू प्रवृत्त भएका पाइन्छन्। तीमध्ये नेपालीमा धातुको अन्तमा रहेका औकारको आव्मा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (१०५) प्रवृत्त हुन्छ :

(१०५) अच् आदिमा हुने ण्वुल् (अक), घञ् (अ), णिच् (इ) आदि प्रत्यय पर भएमा धातुको अन्तमा रहेको औकारका स्थानमा आव् हुन्छ (पा.,अ. ६।१।७८), जस्तै :

(क) पू+ण्वुल्> पू+अक> पौ+अक> प् आव्+अक =पावक

(ख) भू+घञ्> भू+अ> भौ+अ> भ् आव्+अ =भाव

(ग) सम्+भू+णिच्> सम्भू+इ> सम्भौ+इ> सम्भ् आव्+इ> सम्भावि+क्त> सम्भावि+त =सम्भावित

(घ) भू+ण्वुल्>भू+अक>भौ+अक>भ् आव्+अक=भावक आदि ।

नेपालीमा प्रयुक्त संस्कृत शब्दमा एकस्वरवर्णको विकारका रूपमा अवर्ण (अआ) को अवर्णका साथै इवर्णमा, इवर्ण (इई) को इवर्णका अतिरिक्त एकार, ऐकार र यकारमा, उवर्ण (उऊ) को उवर्णका साथै ओकार, औकार र वकारमा, ऋवर्ण (ऋॠ) को अर्, आर्, इर्, उर् र रकारमा, एकारको ऐकार र अय्मा, ओकारको उकार, औकार र अव्मा, ऐकारको आ र आय्मा तथा औकारको आव्मा परिवर्तन भएको पाइन्छ ।

२.४.२ द्विस्वरवर्णको विकारनियम

एउटै धातु, प्रातिपदिक र प्रत्ययभित्र रहेका दुई स्वरवर्णको तथा अजन्त धातु, प्रातिपदिक एवम् पूर्वपदको अन्तमा रहेको अन्तिम स्वरवर्ण र अजादि प्रत्यय एवम् उत्तरपदको आदिमा रहेको स्वरवर्ण दुवैका स्थानमा एउटै स्वरवर्णको परिवर्तन हुने प्रक्रियालाई 'द्विस्वरवर्णको विकारनियम' भनिन्छ (ढकाल, पूर्ववत्, पृ.२५१) । नेपालीमा प्रयुक्त संस्कृत शब्दमा प्राय: अजन्त पूर्वपदको अन्तिम स्वरवर्ण र अजादि उत्तरपदको आद्य स्वरवर्ण दुवैका

स्थानमा स्वरवर्ण र स्वरव्यञ्जनात्मक अक्षरको परिवर्तन भएको देखिन्छ। पाणिनीय व्याकरणमा पूर्वान्त स्वरवर्णका दृष्टिलले द्विस्वर वर्णविकारका नियमहरू मुख्यत: एघार प्रकारका पाइए पनि नेपालीमा प्रयुक्त संस्कृत शब्दमा भने अकार, आकार, इकार, उकार, ऊकार, ऋकार र एकार अन्तमा हुने शब्दसँग अजादि उत्तरपदका साथमा स्वरसन्धि भएको पाइएकाले यस किसिमका नियमहरू सात प्रकारमा विभाजन गर्न सकिन्छ।

२.४.२.१ अकार र अच्को आ, ए, ओ, ऐ, औ र अर् नियम

संस्कृतमा एउटै प्रातिपदिकभित्र, धातु र प्रत्ययभित्र एवम् पूर्वपद र उत्तपदभित्रका अन्त्य अकार र आद्य स्वरवर्ण दुवैका स्थानमा अ, आ, इ, ए, ओ, ऐ, औ, अर्, अल्, आर् र आल्को परिवर्तनका लागि २० नियमहरूको प्रवृत्ति भएको पाइन्छ। तीमध्ये नेपालीमा पूर्वपदको अन्त्य अकार र उत्तरपदका आद्य स्वरवर्ण दुवैका स्थानमा आ, ए, ओ, ऐ, औ र अर्को परिवर्तनका लागि निम्नलिखित ५ नियमहरू (१०६–१११) प्रवृत्त हुन्छन् :

(१०६) पूर्वपदको अन्त्य अकार र उत्तरपदको आद्य इकार, ईकार, उकार, ऊकार एवम् ऋकार दुवैका स्थानमा क्रमश: ए, ओ र अर् हुन्छ (पा., अ.६।१।८७)। उत्तरपदको आद्य वर्णका दृष्टिले यस नियमका पाँच उपभेदहरू पाइन्छन्, जस्तै :

(१०६.१) अ+इ>ए :

उप+इन्द्र> उप् [अ+इ>ए] न्द्र =उपेन्द्र।

गोप+इन्द्र =गोपेन्द्र	नर+इन्द्र =नरेन्द्र
देव+इन्द्र =देवेन्द्र	वीर+इन्द्र =वीरेन्द्र
सुर+इन्द्र =सुरेन्द्र	गज+इन्द्र =गजेन्द्र
राज+इन्द्र =राजेन्द्र	दीप+इन्द्र =दीपेन्द्र
गोप+इन्द्र =गोपेन्द्र	योग+इन्द्र =योगेन्द्र
अन्त्य+इष्टि =अन्त्येष्टि	मानव+इतर =मानवेतर
खण्ड+इतर =खण्डेतर	तत्सम+इतर =तत्समेतर
कर्म+इन्द्रिय =कर्मेन्द्रिय	ज्ञान+इन्द्रिय =ज्ञानेन्द्रिय
जनन+इन्द्रिय =जननेन्द्रिय	जित+इन्द्रिय =जितेन्द्रिय
शुभ+इच्छुक =शुभेच्छुक	स्व+इच्छा =स्वेच्छा आदि।

(१०६.२) अ+ई>ए :

गण+ईश> गण् [अ+ई>ए] श =गणेश ।

राम+ईश =रामेश	दिन+ईश =दिनेश
देव+ईश =देवेश	राज+ईश =राजेश
विश्व+ईश =विश्वेश	शैल+ईश =शैलेश
अप+ईक्षा =अपेक्षा	उप+ईक्षा =उपेक्षा
राम+ईश्वर =रामेश्वर	विश्व+ईश्वर =विश्वेश्वर
परम+ईश्वर =परमेश्वर	प्राण+ईश्वर =प्राणेश्वर
गुप्त+ईश्वर =गुप्तेश्वर	राज+ईश्वरी =राजेश्वरी आदि ।

(१०६.३) अ+उ>ओ :

सूर्य+उदय> सूर्य् [अ+उ>ओ] दय =सूर्योदय ।

चन्द्र+उदय =चन्द्रोदय	भाग्य+उदय =भाग्योदय
अरुण+उदय =अरुणोदय	ज्ञान+उदय =ज्ञानोदय
नव+उदय =नवोदय	सर्व+उदय =सर्वोदय
हित+उपदेश =हितोपदेश	पर+उपदेश =परोपदेश
दाम+उदर =दामोदर	लम्ब+उदर =लम्बोदर
जल+उदर =जलोदर	जन्म+उत्सव =जन्मोत्सव
पुरुष+उत्तम =पुरुषोत्तम	समय+उचित=समयोचित
मानव+उचित=मानवोचित	न्याय+उचित =न्यायोचित
वीर+उचित =वीरोचित	हर्ष+उल्लास =हर्षोल्लास
प्रश्न+उत्तर =प्रश्नोत्तर	पूर्व+उक्त =पूर्वोक्त
मद+उन्मत्त =मदोन्मत्त	पर+उपकार =परोपकार
आद्य+उपान्त=आद्योपान्त	उत्तर+उत्तर =उत्तरोत्तर
धीर+उदात्त =धीरोदात्त	धीर+उद्धत =धीरोद्धत
नर+उत्तम =नरोत्तम	पूर्व+उक्त =पूर्वोक्त
युद्ध+उपरान्त=युद्धोपरान्त	जीर्ण+उद्धार =जीर्णोद्धार
शीत+उष्ण =शीतोष्ण	स+उदाहरण =सोदाहरण
स्पष्ट+उक्ति =स्पष्टोक्ति	सर्व+उत्तम =सर्वोत्तम
सर्व+उपरि =सर्वोपरि	लोक+उक्ति =लोकोक्ति

प्रकाश+उन्मुख=प्रकाशोन्मुख नगर+उन्मुख =नगरोन्मुख
विकास+उन्मुख=विकासोन्मुख लोप+उन्मुख =लोपोन्मुख
आदर्श+उन्मुख =आदर्शोन्मुख पतन+उन्मुख =पतनोन्मुख
वार्षिक+उत्सव =वार्षिकोत्सव आत्म+उद्धार =आत्मोद्धार
आत्म+उन्नति =आत्मोन्नति जीवन+उपयोगी =जीवनोपयोगी
लोप+उपयोगी =लोकोपयोगी वसन्त+उत्सव =वसन्तोत्सव
शास्त्र+उक्त =शास्त्रोक्त स्वास्थ+उपचार=स्वास्थ्योपचार
षोडश+उपचार=षोडशोपचार समास+उक्ति =समासोक्ति
स्नातक+उत्तर =स्नातकोत्तर स्वीकार+उक्ति =स्वीकारोक्ति
हत+उत्साह =हतोत्साह
तुल्य+उपयोगिता =तुल्योपयोगिता
रहस्य+उद्घाटन =रहस्योद्घाटन आदि ।

(१०६.४) **अ+ऊ>ओ** :

(क) वाम+ऊरू> वाम् [अ+ऊ>ओ] रू =वामोरू
(ख) समुद्र+ऊर्मि> समुद्र् [अ+ऊ>ओ] र्मि =समुद्रोर्मि

(१०६.५) **अ+ऋ>अर्** :

(क) देव+ऋषि> देव् [अ+ऋ>अर्] षि =देवर्षि
(ख) सप्त+ऋषि> सप्त् [अ+ऋ>अर्] षि =सप्तर्षि
(ग) राज+अषि> राज् [अ+ऋ>अर्] षि =राजर्षि
(घ) ब्रह्म+ऋषि> ब्रह्म् [अ+ऋ>अर्] षि =ब्रह्मर्षि

(१०७) पूर्वपदको अन्त्य अकार र उत्तरपदको आद्य एकार वा ऐकार एवम् ओकार वा औकार दुवैका स्थानमा क्रमशः ऐ र औ हुन्छ (पा.,अ.६।१।८८) । उत्तरपदका आद्य वर्णका दृष्टिले यस नियमका चार उपभेदहरू भेटिन्छन्, जस्तै :

(१०७.१) **अ+ए>ऐ** :

(क) कृष्ण+एकत्व> कृष्ण् [अ+ए>ऐ] कत्व =कृष्णैकत्व
(ख) एक+एक> एक् [अ+ए>ऐ] क =एकैक
(ग) तत्र+एव> तत्र् [अ+ए>ऐ] व =तत्रैव

(१०७.२) **अ+ऐ>ऐ** :

(क) मत+ऐक्य> मत् [अ+ऐ>ऐ] क्य =मतैक्य
(ख) देव+ऐश्वर्य> देव् [अ+ऐ>ऐ] श्वर्य =देवैश्वर्य

(१०७.३) **अ+ओ>औ** :

(क) परम+ओजस्वी> परम् [अ+ओ>औ] जस्वी =परमौजस्वी

(ख) जल+ओघ> जल् [अ+ओ>औ] घ =जलौघ

(१०७.४) **अ+औ>औ** :

(क) वन+औषधी> वन् [अ+औ>औ] षधी =वनौषधी

(ख) परम+औषधी> परम् [अ+औ>औ] षधी =परमौषधी

(१०८) प्र उपसर्गको अन्त्य अकार र ऊढ शब्दको आद्य ऊकार दुवैका स्थानमा औ हुन्छ (का.,म.भा.६।१।८९।४), जस्तै :

(क) प्र+ऊढ> प्र् [अ+ऊ>औ] ढ =प्रौढ शिक्षा

(१०९) स्व शब्दको अन्त्य अकार र ईर शब्दको आद्य ईकार दुवैका स्थानमा ऐकार हुन्छ (का.,म.भा.६।१।८९।५), जस्तै :

(क) स्व+ईर> स्व् [अ+इ>ऐ] र =स्वैर कल्पना

(११०) पूर्वपदको अन्त्य अकार र उत्तरपदको आद्य अकार वा आकार दुवैका स्थानमा आकार हुन्छ (पा.,अ.६।१।१०१)। उत्तरपदको आद्य वर्णका आधारमा यस नियमका दुई उपभेद हुन्छन्, जस्तै :

(११०.१) **अ+अ>आ** :

स्व+अर्थ> स्व् [अ+अ>आ] र्थ =स्वार्थ ।

पञ्च+अमृत =पञ्चामृत	पृथुल+अधीश =पृथुलाधीश
विकल+अङ्ग =विकलाङ्ग	सबल+अङ्ग =सबलाङ्ग
दाव+अनल =दावानल	भाव+अर्थ =भावार्थ
देह+अन्त =देहान्त	देह+अवसान =देहावसान
परम+अणु =परमाणु	सर्व+अधिक =सर्वाधिक
वेद+अन्त =वेदान्त	अन्त्य+अनुप्रास =अन्त्यानुप्रास
अद्य+अवधि =अद्यावधि	अधिक+अधिक =अधिकाधिक
अर्थ+अलङ्कार =अर्थालङ्कार	भाव+अनुवाद =भावानुवाद
आत्म+अनुभूति =आत्मानुभूति	उत्तर+अधिकारी =उत्तराधिकारी
उप+अध्यक्ष =उपाध्यक्ष	एक+अङ्की =एकाङ्की
एक+अन्त =एकान्त	एक+अग्र =एकाग्र
कीट+अणु =कीटाणु	कोष+अध्यक्ष =कोषाध्यक्ष
क्रम+अनुसार =क्रमानुसार	चर+अचर =चराचर

जीव+अणु =जीवाणु
दुःख+अन्त =दुःखान्त
नाम+अङ्कन =नामाङ्कन
निषेध+अधिकार=निषेधाधिकार
पद+अन्त =पदान्त
पद+अवधि =पदावधि
परम+अणु =परमाणु
पर+अधीन =पराधीन
मध्यम+अञ्चल=मध्यमाञ्चल
पश्चिम+अञ्चल=पश्चिमाञ्चल
पुरुष+अर्थ =पुरुषार्थ
पूर्व+अभ्यास =पूर्वाभ्यास
मध्य+अह्न =मध्यह्न
मत+अधिकार =मताधिकार
मास+अन्त =मासान्त
मुख+अग्र =मुखाग्र
योग+अभ्यास =योगाभ्यास
राज्य+अभिषेक =राज्याभिषेक
लक्ष्य+अर्थ =लक्ष्यार्थ
लाभ+अंश =लाभांश
विशेष+अङ्क =विशेषाङ्क
व्यङ्ग्य+अर्थ =व्यङ्ग्यार्थ
शब्द+अनुशासन=शब्दानुशासन
शब्द+अर्थ =शब्दार्थ
शस्त्र+अस्त्र =शस्त्रास्त्र
शुद्ध+अशुद्धि =शुद्धाशुद्धि
सङ्काय+अध्यक्ष=सङ्कायाध्यक्ष (डिन)
सर्व+अधिकार =सर्वाधिकार
सह+अनुभूति =सहानुभूति
सिंह+अवलोकन =सिंहावलोकन
तथ्य+अङ्क =तथ्याङ्क
सुख+अन्त =सुखान्त
निम्न+अङ्कित =निम्नाङ्कित
न्याय+अधीश =न्यायाधीश
पद+अर्थ =पदार्थ
समय+अवधि =समयावधि
परम+अर्थ =परमार्थ
पूर्व+अञ्चल =पूर्वाञ्चल
पाठ+अन्तर =पाठान्तर
पूर्व+अनुमान =पूर्वानुमान
पूर्व+अह्न =पूर्वाह्न
अपर+अह्न =अपराह्ण
मध्य+अन्तर =मध्यान्तर
मिष्ट+अन्न =मिष्टान्न
मूल्य+अङ्कन =मूल्याङ्कन
रहस्य+अनुभूति =रहस्यानुभूति
रूप+अन्तरण =रूपान्तरण
लब्ध+अङ्क =लब्धाङ्क
वर्ण+अनुक्रम =वर्णानुक्रम
विषय+अन्तर =विषयान्तर
शत+अब्दी =शताब्दी
शरण+अर्थी =शरणार्थी
शास्त्र+अर्थ =शास्त्रार्थ
सहस्र+अब्दी =सहस्राब्दी
सार+अंश =सारांश
सिद्ध+अन्त =सिद्धान्त

सूर्य+अस्त =सूर्यास्त
स्थान+अन्तरण =स्थानान्तरण
स्वप्न+अवस्था =स्वप्नावस्था
स्व+अधीन =स्वाधीन
स्व+अध्याय =स्वाध्याय
स्व+अभिमान =स्वाभिमान
स्व+अवलम्बन =स्वावलम्बन
स्व+अवलम्बी =स्वावलम्बी
हस्त+अक्षर =हस्ताक्षर आदि ।

(११०.२) अ+आ>आ :

हिम+आलय> हिम् [अ+आ>आ] लय =हिमालय ।

पुस्तक+आलय =पुस्तकालय
भोजन+आलय =भोजनालय
देव+आलय =देवालय
शिव+आलय =शिवालय
न्याय+आलय =न्यायालय
चित्र+आलय =चित्रालय
सङ्ग्रह+आलय =सङ्ग्रहालय
सचिव+आलय =सचिवालय
शौच+आलय =शौचालय
कुल+आयन =कुलायन
दक्षिण+आयन =दक्षिणायन
उत्तर+आयन =उत्तरायण
प्र+आचाय =प्राचार्य
छात्र+आवास =छात्रावास
लोक+आचार =लोकाचार
प्र+आचार्य =प्राचार्य
छात्र+आवास =छात्रावास
लोक+आचार =लोकाचार
लोक+अपवाद =लोकापवाद
धर्म+आत्मा =धर्मात्मा
नियम+आवली =नियमावली
पद+आवली =पदावली
शब्द+आवली =शब्दावली
ग्रन्थ+आवली =ग्रन्थावली
प्रश्न+आवली =प्रश्नावली
वंश+आवली =वंशावली
अक्षर+आरम्भ =अक्षरारम्भ
अनाथ+आलय =अनाथालय
अन्योन्य+आश्रित =अन्योन्याश्रित
अल्प+आयु =अल्पायु
आत्म+आनन्द =आत्मानन्द
उच्च+आकाङ्क्षा =उच्चाकाङ्क्षा
ऋण+आत्मक =ऋणात्मक
धन+आत्मक =धनात्मक
एक+आकार =एकाकार
काम+आतुर =कामातुर
क्रम+आगत =क्रमागत
गज+आनन =गजानन
गत+आगत =गतागत
गर्भ+आधान =गर्भाधान
गर्भ+आशय =गर्भाशय
गुरुत्व+आकर्षण =गुरुत्वाकर्षण
गृहस्थ+आश्रम =गृहस्थाश्रम
गोल+आकार =गोलाकार
चक्र+आकार =चक्राकार

चित्त+आकर्षक =चित्ताकर्षक
चिर+आयु =चिरायु
जल+आशय =जलाशय
जीव+आत्मा =जीवात्मा
दीर्घ+आयु =दीर्घायु
दोष+आरोपण =दोषारोपण
धर्म+आत्मा =धर्मात्मा
निषेध+आज्ञा =निषेधाज्ञा
निश्चय+आत्मक=निश्चयात्मक
निषेध+आत्मक =निषेधात्मक
पञ्च+आयत =पञ्चायत
पत्र+आचार =पत्राचार
पद्म+आसन =पद्मासन
पद्य+आत्मक =पद्यात्मक
परम+आदेश =परमादेश
पर+आश्रित =पराश्रित
पर्वत+आरोहण =पर्वतारोहण
पर्वत+आरोही =पर्वतारोही
पाठ+आलोचन =पाठालोचन
पाप+आत्मा =पापात्मा
पिण्ड+आकार =पिण्डाकार
पित्त+आशय =पित्ताशय
पुण्य+आत्मा =पुण्यात्मा
पूर्ण+आहुति =पूर्णाहुति
प्रतीक+आत्मक =प्रतीकात्मक
प्रधान+आचार्य =प्रधानाचार्य
प्राण+आयाम =प्राणायाम
प्रेत+आत्मा =प्रेतात्मा
प्रेम+आलाप =प्रेमालाप
प्रेम+आलिङ्गन =प्रेमालिङ्गन
फल+आदेश =फलादेश
फल+आहारी =फलाहारी
बल+आघात =बलाघात
भय+आनक =भयानक
भाव+आत्मक =भावात्मक
भ्रष्ट+आचार =भ्रष्टाचार
मांस+आहारी =मांसाहारी
महत्त्व+आकाङ्क्षा=महत्त्वाकाङ्क्षा
मुख्य+आलय =मुख्यालय
मूत्र+आशय =मूत्राशय
योग+आसन =योगासन
रस+आस्वादन =रसास्वादन
वर्ण+आगम =वर्णागम
वर्णन+आत्मक =वर्णनात्मक
विरोध+आभास =विरोधाभास
विश्लेषण+आत्मक=विश्लेषणात्मक
वृत्त+आकार =वृत्ताकार
वृद्ध+आश्रम =वृद्धाश्रम
शब्द+आडम्बर =शब्दाडम्बर
शाक+आहारी =शाकाहारी
शिष्ट+आचार =शिष्टाचार
शुभ+आशीर्वाद =शुभाशीर्वाद
सत्य+आग्रह =सत्याग्रह
सिंह+आसन =सिंहासन
स्वर्ग+आरोहण =स्वर्गारोहण आदि ।

यस प्रकार पूर्वपदको अन्तमा र उत्तरपदको आदिमा प्रवृत्त हुने अकार र अच्को विकारका उपर्युक्त पाँच नियमका आधारमा अअ, अआ, अइ, अई, अउ, अऊ, अऋ, अए, अऐ, अओ र अऔ गरी ११ प्रकारको स्वरसंयोग हुँदा तिनका स्थानमा आ, ए, ओ, ऐ, औ र अर् वर्णको मात्र परिवर्तन भएको देखिन्छ ।

२.४.२.२ आकार र अच्को आ, ए, ओ, ऐ, औ र अर् नियम

संस्कृतमा एउटै धातुभित्र, एउटै प्रत्ययभित्र, धातु र प्रत्ययभित्र, प्रातिपदिक र प्रत्ययभित्र एवम् पूर्वपद र उत्तरपदभित्रका अन्त्य आकार र ऌकारभिन्न आद्य स्वरवर्ण दुवैका स्थानमा आ, उ, ए, ओ, ऐ, औ, अर् र आर्को परिवर्तनका लागि १० नियमहरू प्रवृत्त भएका भेटिन्छन् । तीमध्ये नेपालीमा पूर्वपदको अन्त्य आकार र ऌकार र दीर्घ कारभिन्न उत्तरपदका आद्य स्वरवर्ण दुवैका स्थानमा आ, ए, ओ, ऐ, औ र अर्को परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (१११–११३) को प्रवृत्ति हुन्छ :

(१११) पूर्वपदको अन्त्य आकार र उत्तरपदको आद्य इकार, ईकार, उकार, ऊकार एवम् ऋकार दुवैका स्थानमा क्रमशः ए, ओ र अर् हुन्छ (पा., अ.६।१।८७) । उत्तरपदको आद्य वर्णका दृष्टिले यस नियमका पाँच उपभेद देखिन्छन्, जस्तै :

(१११.१) आ+इ>ए :

(क) महा+इन्द्र> मह् [आ+इ>ए] न्द्र =महेन्द्र

(ख) यथा+इष्ट> यथ् [आ+इ>ए] ष्ट =यथेष्ट ।

(१११.२) आ+ई>ए :

(क) रमा+ईश> रम् [आ+ई>ए] श =रमेश

(ख) महा+ईश> मह् [आ+ई>ए] श =महेश

(ग) उमा+ईश> उम् [आ+ई>ए] श =उमेश

(घ) महा+ईश्वर> मह् [आ+ई>ए] श्वर =महेश्वर

(ङ) अलका+ईश्वर> अलक् [आ+ई>ए] श्वर =अलकेश्वर

(च) नर्मदा+ईश्वर> नर्मद् [आ+ई>ए] श्वर =नर्मदेश्वर

(छ) राका (पूर्णिमा)+ईश>राक् [आ+ई>ए] श्वर =राकेश ।

(१११.३) आ+उ>आ :

(क) महा+उदय> मह् [आ+उ>ओ] दय =महोदय

(ख) महा+उत्सव> मह् [आ+उ>ओ] त्सव =महोत्सव

(ग) गङ्गा+उदक> गङ्ग् [आ+उ>ओ] दक =गङ्गोदक

(घ) यथा+उचित> यथ् [आ+उ>ओ] चित =यथोचित

(ङ) जीविका+उपार्जन>जीविक् [आ+उ>ओ] पार्जन =जीविकोपार्जन ।

(१११.४) **आ+ऊ>ओ** :

(क) महा+ऊरू > मह् [आ+ऊ>ओ] रू =महोरू

(ख) महा+ऊर्मि> मह् [आ+ऊ>ओ] र्मि =महोर्मि ।

(१११.५) **आ+ऋ>अर्** :

(क) महा+ऋषि> मह् [आ+ऋ>अर्] षि =महर्षि ।

(११२) पूर्वपदको अन्त्य आकार र उत्तरपदको आद्य एकार वा ऐकार एवम् ओकार वा औकार दुवैका स्थानमा क्रमशः ऐ र औ हुन्छ (पा., अ.६।१।८०) । उत्तरपदको आद्य वर्णका दृष्टिले यस नियमका चार उपभेदहरू भेटिन्छन्, जस्तै :

(११२.१) **आ+ए>ऐ** :

(क) तथा+एव> तथ् [आ+ए>ऐ] व =तथैव

(ख) सदा+एव> सद् [आ+ए>ऐ] व =सदैव

(ग) वसुधा+एव> वसुध् [आ+ए>ऐ] व =वसुधैव कुटुम्बकम्

(११२.२) **आ+ऐ>ऐ** :

(क) महा+ऐश्वर्य> मह् [आ+ऐ>ऐ] श्वर्य =महैश्वर्य

(ख) विद्या+ऐश्वर्य> विद्य् [आ+ऐ>ऐ] श्वर्य =विद्यैश्वर्य

(११२.३) **आ+ओ>औ** :

(क) गङ्गा+ओघ> गङ्ग् [आ+ओ>औ] घ =गङ्गौघ

(ख) महा+ओजस्वी> मह् [आ+ओ>औ] जस्वी =महौजस्वी

(११२.४) **आ+औ>औ** :

(क) महा+औषधी> मह् [आ+औ>औ] षधी =महौषधी

(ख) महा+औत्सुक्य> मह् [आ+औ>औ] त्सुक्य =महौत्सुक्य

(११३) पूर्वपदको अन्त्य आकार र उत्तरपदको आद्य अकार वा आकार दुवैका स्थानमा आकार हुन्छ (पा.,अ.६।१।१०१) । उत्तरपदको आद्य वर्णका दृष्टिले यस नियमका दुई उपभेद देखिन्छन्, जस्तै :

(११३.१) **आ+अ>आ** :

विद्या+अर्थी> विद्य् [आ+अ>आ] र्थी =विद्यार्थी ।

परीक्षा+अर्थी =परीक्षार्थी	शिक्षा+अर्थी =शिक्षार्थी
प्रशिक्षा+अर्थी =प्रशिक्षार्थी	सीमा+अङ्कन =सीमाङ्कन
आज्ञा+अर्थक =आज्ञार्थक	कल्पना+अतीत =कल्पनातीत
छाया+अङ्कन =छायाङ्कन	तथा+अस्तु =तथास्तु
दीक्षा+अन्त =दीक्षान्त	प्रेरणा+अर्थक =प्रेरणार्थक
महा+अनुभव =महानुभाव	यथा+अर्थ =यथार्थ
रेखा+अङ्कन =रेखाङ्कन	सीमा+अन्त =सीमान्त
सेना+अधिपति =सेनाधिपति	सेना+अध्यक्ष=सेनाध्यक्ष आदि ।

(११३.२) आ+आ>आ :

विद्या+आलय> विद्य् [आ+आ>आ] लय =विद्यालय ।

प्रतीक्षा+आलय =प्रतीक्षालय	चिकित्सा+आलय=चिकित्सालय
वेश्या+आलय =वेश्यालय	शिक्षा+आलय =शिक्षालय
कला+आत्मक =कलात्मक	कारा+आगार =कारागार
कारा+आवास =कारावास	परम्परा+आगत=परम्परागत
महा+आत्मा =महात्मा	महा+आशय =महाशय
वार्ता+आलाप =वार्तालाप	विद्या+आरम्भ =विद्यारम्भ
सत्ता+आरूढ =सत्तारूढ	सूचना+आलय =सूचनालय

हिंसा+आत्मक =हिंसात्मक आदि ।

यसरी पूर्वपदको अन्तमा र उत्तरपदको आदिमा प्रवृत्त हुने आकार र अच्को विकारका उपर्युक्त तीन नियमका आधारमा आअ, आआ, आइ, आई, आउ, आऊ, आऋ, आए, आऐ, आओ र आऔ गरी ११ प्रकारको स्वरसंयोग हुँदा तिनका स्थानमा आ, ए, ओ, ऐ, औ र अर् गरी छ प्रकारकै परिवर्तन भएको पाइन्छ ।

२.४.२.३ इवर्ण र इवर्णको ई नियम

संस्कृतमा एउटै धातुभित्र, एउटै प्रातिपदिकभित्र, पूर्वपद र उत्तरपदभित्र, प्रातिपदिक र प्रत्ययभित्रको अन्त्य ह्रस्व इकार एवम् आद्य अकार, आकार, इकार, ईकार, उकार र एकार दुवैका स्थानमा ह्रस्व इकार र दीर्घ इकारको परिवर्तनका लागि ४ नियमहरू प्रवृत्त भएका पाइन्छन् भने पूर्वपद र प्रातिपदिकको अन्त्य दीर्घ ईकार एवम् उत्तरपद र प्रत्ययका आद्य अकार, इकार, ईकार र औकार दुवैका स्थानमा दीर्घ ईकारको परिवर्तनका लागि पनि ४ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा

पूर्वपदको अन्तमा रहेका ह्रस्व इकार वा दीर्घ ईकारको एवम् उत्तरपदको आदिमा रहेका ह्रस्व इकार वा दीर्घ ईकार दुवैका स्थानमा दीर्घ ईकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (११४) प्रवृत्त हुन्छ :

(११४) पूर्वपदको अन्तमा रहेको ह्रस्व इकार वा दीर्घ ईकार र उत्तरपदको आदिमा रहेको ह्रस्व इकार वा दीर्घ ईकार दुवैका स्थानमा दीर्घ ईकार हुन्छ (पा.,अ.६।१।१०१)। पूर्वान्त र पराद्य ह्रस्व इकार र दीर्घ ईकारका दृष्टिले यस नियमका चार उपभेदहरू हुन्छन्, जस्तै :

(११४.१) इ+इ>ई :

(क) अभि+इष्ट> अभ् [इ+इ>ई] ष्ट =अभीष्ट
(ख) मुनि+इन्द्र> मुन् [इ+इ>ई] न्द्र =मुनीन्द्र
(ग) कवि+इन्द्र> कव् [इ+इ>ई] न्द्र =कवीन्द्र
(घ) रवि+इन्द्र> रव् [इ+इ>ई] न्द्र =रवीन्द्र
(ङ) अति+इत> अत् [इ+इ>ई] त =अतीत, व्यतीत
(च) अति+इव> अत् [इ+इ>ई] व =अतीव ।

(११४.२) इ+ई>ई :

(क) क्षिति+ईश> क्षित् [इ+ई>ई] श =क्षितीश
(ख) अधि+ईश>अध् [इ+ई>ई] श =अधीश, पृथुलाधीश, मठाधीश
(ग) प्रति+ईक्षा> प्रत् [इ+ई>ई] क्षा =प्रतीक्षा

(११४.३) ई+इ>ई :

(क) मही+इन्द्र> मह् [ई+इ>ई] न्द्र =महीन्द्र

(११४.४) ई+ई>ई :

(क) नारी+ईश्वर> नार् [ई+ई>ई] श्वर =नारीश्वर
(ख) सती+ईश> सत् [ई+ई>ई] श =सतीश
(ग) रजनी+ईश> रजन् [ई+ई>ई] श =रजनीश
(घ) नन्दी+ईश> नन्द् [ई+ई>ई] श =नन्दीश ।

यस प्रकार पूर्वपदको अन्तमा र उत्तरपदको आदिमा प्रवृत्त हुने इवर्ण र इवर्णविकारको उपर्युक्त नियमका आधारमा इइ, इई, ईइ र ईई गरी ४ प्रकारको स्वरसंयोग हुँदा तिनका स्थानमा दीर्घ ईकारको मात्र परिवर्तन भएको भेटिन्छ ।

२.४.२.४ उकार र अच्को उ र ऊ नियम

संस्कृतमा एउटै धातुभित्र, एउटै प्रातिपदिकभित्र, प्रातिपदिक र प्रत्ययभित्र एवम् पूर्वपद र उत्तरपदभित्र रहेका अन्त्य उकार एवम् आद्य

अकार, आकार, इकार, उकार, ऊकार र औकार दुवैका स्थानमा ह्रस्व उकार र दीर्घ ऊकारको परिवर्तनका लागि ४ नियमहरूको प्रवृत्ति भएको पाइन्छ । तीमध्ये नेपालीमा एउटै धातुभित्र एवम् पूर्वपद र उत्तरपदभित्र रहेको अन्त्य ह्रस्व उकार एवम् आद्य अकार, ह्रस्व उकार र दीर्घ ऊकार दुवैका स्थानमा ह्रस्व उकार र दीर्घ ऊकारको परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (११५–११६) प्रवृत्त हुन्छन् :

(११५) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा वच् र वद् धातुको आद्य वकारसम्बन्धी उकार र उपान्त्य अकार दुवैका स्थानमा उकार हुन्छ (पा.,अ.६।१।१०८), जस्तै :

(क) वद्+क्त> वद्+त>उ अद्+त>[उ+अ>उ] द्+त>उद्+त> उद्+इट् त =उदित, अनूदित ['अनुदित' अनुपयुक्त]

(ख) वच्+क्तिन्> वच्+ति> उ अच्+ति> [उ+अ>उ] च्+ति> उच्+ति> उक्+ति =उक्ति, सूक्ति

(११६) पूर्वपदको अन्तमा रहेको ह्रस्व उकार र उत्तरपदको आदिमा रहेको ह्रस्व उकार वा दीर्घ ऊकार दुवैका स्थानमा दीर्घ ऊकार हुन्छ (पा., अ.६।१।१०१), जस्तै :

(क) अनु+उदित> अन् [उ+उ>ऊ] दित =अनूदित

(ख) सु+उक्ति> स् [उ+उ>ऊ] क्ति =सूक्ति

(ग) भानु+उदय> भान् [उ+उ>ऊ] दय =भानूदय

(घ) लघु+ऊर्मि> लघ् [उ+ऊ>ऊ] र्मि =लघूर्मि

यसरी पूर्वपदको अन्तमा र उत्तरपदको आदिमा तथा वच् र वद् धातुभित्र प्रवृत्त हुने उकार र अच्को विकारका उपर्युक्त दुई नियमका आधारमा उअ, उउ र उऊ ३ प्रकारको स्वरसंयोग हुँदा तिनका स्थानमा ह्रस्व उकार र दीर्घ ऊकारको मात्र परिवर्तन भएको देखिन्छ ।

२.४.२.५ ऊकार र उवर्णको ऊ नियम

संस्कृतमा पूर्वपद र प्रातिपदिकको अन्त्य दीर्घ ऊकार र उत्तरपद एवम् प्रत्ययको आद्य अकार, ह्रस्व उकार वा दीर्घ ऊकार दुवैका स्थानमा दीर्घ ऊकारको परिवर्तनका लागि ३ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ । तीमध्ये नेपालीमा पूर्वपदान्त ऊकार एवम् उत्तरपदाद्य ह्रस्व उकार वा दीर्घ ऊकार दुवैका स्थानमा दीर्घ ऊकारको परिवर्तनका लागि निम्नलिखित एउटा नियम प्रवृत्त हुन्छ :

(११७) पूर्वपदको अन्तमा रहेको दीर्घ ऊकार र उत्तरपदको आदिमा रहेको ह्रस्व उकार वा दीर्घ ऊकार दुवैका स्थानमा दीर्घ ऊकार हुन्छ (पा., अ.६।१।१०१), जस्तै :

(क) वधू+उत्सव> वध् [ऊ+उ>ऊ] त्सव =वधूत्सव
(ख) भू+ऊर्ध्व> भ् [ऊ+ऊ>ऊ] र्ध्व =भूर्ध्व

यसरी पूर्वपदको अन्तमा र उत्तरपदको आदिमा प्रवृत्त हुने उकार र उवर्णविकारको उपर्युक्त नियमका आधारमा ऊउ र ऊऊ २ प्रकारको स्वरसंयोग हुँदा तिनका स्थानमा दीर्घ ऊकारको मात्र परिवर्तन भएको भेटिन्छ ।

२.४.२.६ ऋकार र अकारको ऋ नियम

संस्कृतमा एउटै धातुभित्र, एउटै प्रातिपदिकभित्र, धातु र प्रत्ययभित्र, प्रातिपदिक र प्रत्ययभित्र, पूर्वपद र उत्तरपदभित्र रहेका अन्त्य ऋकार र आद्य अ, इ, ऋ एवम् ऌ वर्णको संयोग हुँदा दुवै वर्णका स्थानमा ह्रस्व ऋकार, दीर्घ ऋकार र उर्को परिवर्तनका लागि ६ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा एउटै ग्रह् धातुभित्रका ह्रस्व ऋकार र अकारका स्थानमा ह्रस्व ऋकारको परिवर्तन गर्ने निम्नलिखित एउटामात्र नियम (११८) प्रवृत्त हुन्छ :

(११८) क्त (त) प्रत्यय पर भएमा ग्रह् धातुको उपान्तपूर्वी रकारसम्बन्धी ऋकार र उपान्त्य अकार दुवैका स्थानमा ह्रस्व ऋकार हुन्छ (पा., अ.६।१।१०८), जस्तै :

(क) ग्रह्+क्त> ग्रह्+त> ग् ऋ अह्+त> ग् [ऋ+अ>ऋ] ह् त> गृह्+त>गृह्+इट् त>गृह्+इत>गृह्+ईत =गृहीत, सङ्गृहीत ['गृहित', 'ग्रहित', 'सङ्गृहित', 'सङ्ग्रहित' अनुपयुक्त]

यस प्रकार एउटै ग्रह् धातुभित्रका ऋकार र अकारको विकारमा प्रवृत्त हुने उपर्युक्त नियमका आधारमा एक प्रकारको 'ऋअ' स्वरसंयोग हुँदा त्यसका स्थानमा ह्रस्व ऋकारको मात्र परिवर्तन भएको पाइन्छ ।

२.४.२.७ एकार र अकारको ए नियम

संस्कृतमा पूर्वपद र प्रातिपदिकको अन्त्य एकार एवम् उत्तरपद र सुप् प्रत्ययका आद्य अकार दुवैका स्थानमा एकारको परिवर्तनका लागि २ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा पूर्वपदको अन्त्य एकार

र उत्तरपदको आद्य अकार दुवैका स्थानमा एकारको परिवर्तनका लागि निम्नलिखित एउटा नियम (११९) को प्रवृत्ति हुन्छ :

(११९) पूर्वपदको अन्त्य एकार र उत्तरपदको आद्य अकार दुवैका स्थानमा एकार हुन्छ (पा.,अ.६।१।१०९), जस्तै :

(क) अक्षरे+अपि> अक्षर् [ए+अ>ए] पि =अक्षरेऽपि (अक्षरमा पनि)

['अक्षरपि' अनुपयुक्त]

यसरी पूर्वपदको अन्तमा र उत्तरपदको आदिमा प्रवृत्त हुने एकार र अकारविकारको उपर्युक्त नियमका आधारमा एक प्रकारको 'अए' स्वरसंयोग हुँदा त्यसका स्थानमा एकारको मात्र परिवर्तन भएको देखिन्छ ।

नेपालीमा प्रयुक्त संस्कृत शब्दमा द्विस्वरवर्णको विकारका रूपमा अअ, अआ, आअ र आआ मिलेर आकारको, इइ, इई, ईइ र ईई मिलेर ईकारको, उउ, उऊ, ऊउ र ऊऊ मिलेर ऊकारको, अइ, अई, आइ र आई मिलेर एकारको, अउ, अऊ, आउ र आऊ मिलेर ओकारको, अए, अऐ, आए र आऐ मिलेर ऐकारको तथा अओ, अऔ, आओ र आऔ मिलेर औकारको सन्धि भएको देखिन्छ । अई र अऊको संयोगमा अपवादका रूपमा क्रमश: ऐकार र औकारको पनि सन्धि भएको भेटिन्छ । अऋ र आऋ मिलेर अर्को निर्माण भएको पाइन्छ भने उअ, ऋअ र एअ को स्वरसंयोग हुँदा उत्तरवर्ती अकारको पूर्ववर्ती वर्णमै विलयपूर्वक सन्धि भएका उकार, ऋकार र एकारको अस्तित्व पनि नेपालीमा प्रयुक्त संस्कृत शब्दको संरचनामा भेट्न सकिन्छ ।

२.४.३ व्यञ्जनवर्णको विकारनियम

धातु, प्रातिपदिक, प्रत्यय र पदमा रहेको एउटा व्यञ्जनवर्णका स्थानमा अर्कै किसिमको व्यञ्जनवर्ण र स्वरवर्णको परिवर्तन हुने प्रक्रियालाई 'व्यञ्जनवर्णको विकारनियम' मानिन्छ । पाणिनीय व्याकरणमा ङ् र ञ् दुई व्यञ्जनवर्णबाहेकका एकतीस प्रकारका व्यञ्जनवर्णको परिवर्तन भएको पाइन्छ भने नेपालीमा प्रयुक्त संस्कृत शब्दमा ख्, झ्, ठ्, ढ्, ण्, फ्, ब्, य् एवम् ल् बाहेकका बाइस प्रकारका व्यञ्जनवर्णको भएको देखिएकाले नेपालीमा प्रयुक्त संस्कृत शब्दसम्बन्धी व्यञ्जनवर्णका विकारनियमलाई वर्णात्मक दृष्टिले मुख्यत: २२ प्रकारमा विभाजन गर्न सकिन्छ ।

२.४.३.१ ककारको ग् नियम

संस्कृतमा पूर्वपदको आदि र अन्तमा एवम् द्विरुक्त धातुको आदिमा रहेका ककारको खकार, गकार र चकारमा परिवर्तनका लागि ३ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा पूर्वपदको अन्त्य ककारको गकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (१२०) को प्रवृत्ति हुन्छ :

(१२०) पूर्वपदको अन्तमा रहेका ककारको गकार हुन्छ (पा.,अ.८।२।३९), जस्तै :

(क) दिक्+अम्बर> दिग्+अम्बर =दिगम्बर

(ख) दिक्+गज> दिग्+गज =दिग्गज

(ग) दिक्+भ्रम> दिग्+भ्रम =दिग्भ्रम

(घ) वाक्+ईश> वाग्+ईश =वागीश

(ङ) वाक्+ईश्वरी>वाग्+ईश्वरी=वागीश्वरी ['वागेश्वरी' अनुपयुक्त]

(च) वाक्+जाल> वाग्+जाल =वाग्जाल

२.४.३.२ गकारको ङ् नियम

संस्कृतमा पूर्वपदको अन्तमा एवम् द्विरुक्त र अद्विरुक्त धातुको आदिमा रहेका गकारको ककार, घकार, ङकार र जकारमा परिवर्तनका लागि ५ नियमहरू प्रवृत्त भएका भेटिन्छन् । तीमध्ये नेपालीमा पूर्वपदको अन्त्य गकारको ङकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (१२१) प्रवृत्त हुन्छ :

(१२१) मयट् (म) प्रत्यय पर भएमा वाग् पूर्वपदका अन्त्य गकारको ङकार हुन्छ (का.,म.भा.८।४।४५।१), जस्तै :

(क) वाणीको विकार– वाच्+मयट्> वाच्+मय> वाग्+मय>
वाङ्+मय =वाङ्मय

२.४.३.३ घकारको ग् नियम

संस्कृतमा पूर्वपदको अन्तमा, प्रत्ययको आदिमा, द्विरुक्त धातुको आदिमा र अद्विरुक्त धातुको अन्तमा रहेका घकारको गकार, झकार र ह्यमा परिवर्तनका लागि ४ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तद्धित प्रत्ययको आदिमा रहेका घकारको ह्यमा परिवर्तन गर्ने नियम (पा.,अ.७।१।२)

नेपालीमा प्रवृत्त भए पनि प्रत्ययलाघवका दृष्टिले विहित त्यस नियमलाई वर्णवैज्ञानिक सन्धिनियम मान्न सकिँदैन । अद्विरुक्त धातुको अन्तमा रहेका धकारको गकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (१२२) नेपालीमा प्रवृत्त हुन्छ :

(१२२) क्त (त) प्रत्ययसम्बन्धी धकार पर भएमा दह्, दुह्, मुह् र स्निह् धातुसम्बन्धी अन्त्य धकारको गकार हुन्छ (पा.,अ.८।४।५३), जस्तै :

(क) दह्+क्त> दह्+त> दध्+त> दध्+ध> दग्+ध =दग्ध
(ख) दुह्+क्त> दुह्+त> दुध्+त> दुध्+ध> दुग्+ध =दुग्ध
(ग) मुह्+क्त> मुह्+त> मुध्+त> मुध्+ध> मुग्+ध =मुग्ध
(घ) स्निह्+क्त>स्निह्+त>स्निध्+त>स्निध्+ध>स्निग्+ध =स्निग्ध

२.४.३.४ चकारको क् र ज् नियम

संस्कृतमा धातुको आदि र अन्तमा एवम् पूर्वपदको अन्तमा रहेका चकारको ककार, जकार र षकारमा परिवर्तनका लागि ५ नियमहरूको प्रवृत्ति भएको पाइन्छ । तीमध्ये नेपालीमा धात्वन्त र पूर्वपदान्त चकारको ककार र जकारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (१२३–१२५) प्रवृत्त हुन्छन् :

(१२३) घञ् (अ) र ण्यत् (य) प्रत्यय पर भएमा धातुको अन्तमा रहेका चकारको ककार हुन्छ (पा.,अ.७३।५२), जस्तै :

(क) पच्+घञ्> पच्+अ> पाच्+अ> पाक्+अ =पाक
(ख) वच्+ण्यत्> वच्+य> वाच्+य> वाक्+य =वाक्य
(ग) शुच्+घञ्> शुच्+अ> शोच्+अ> शोक्+अ =शोक

(१२४) क्त (त), क्तिन् (ति) र तव्यत् (तव्य) प्रत्यय पर भएमा वच्, मुच् आदि धातुको अन्तमा रहेका चकारको ककार हुन्छ (पा.,अ.८।२।३०), जस्तै :

(क) वच्+क्त>वच्+त> उ अच्+त>उच्+त>उक्+त =उक्त
(ख) वच्+क्तिन्>वच्+ति> उ अच्+ति>उच्+ति> उक्+ति =उक्ति
(ग) वच्+तव्यत्>वच्+तव्य>वच्+तव्य>वक्+तव्य =वक्तव्य
(घ) मुच्+क्त> मुच्+त> मुक्+त =मुक्त
(ङ) मुच्+क्तिन्> मुच्+ति> मुक्+ति =मुक्ति

(१२५) पूर्वपदका अन्त्य चकारको जकार हुन्छ (पा.,अ.८।२।३९), जस्तै :

(क) अच्+अन्त> अज्+अन्त =अजन्त

(ख) अच्+आदि> अज्+आदि =अजादि

२.४.३.५ छकारको श् नियम

संस्कृतमा प्रत्यय र द्विरुक्त धातुको आदिमा एवम् पूर्वपद र अद्विरुक्त धातुको अन्तमा रहेका छकारको चकार, शकार, षकार र ईय्मा परिवर्तनका लागि ४ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तद्धित प्रत्ययको आदिमा रहेका छकारको ईय्मा परिवर्तन गर्ने नियम (पा.,अ.७।१।२) नेपालीमा प्रवृत्त भए पनि प्रत्ययलाघवका दृष्टिले विहित त्यस नियमलाई वर्णवैज्ञानिक नियम मान्न सकिँदैन । अद्विरुक्त धातुको अन्तमा रहेका छकारको शकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (१२६) नेपालीमा प्रवृत्त हुन्छ :

(१२६) नङ् (न) प्रत्यय पर भएमा प्रच्छ् धातुका चकारसहितको छकारका स्थानमा शकार हुन्छ (पा.,अ.६।४।१९), जस्तै :

(क) प्रच्छ्+नङ्> प्रच्छ्+न> प्रश्+न =प्रश्न (सोधाइ)

२.४.३.६ जकारको ग्, च् र ष् नियम

संस्कृतमा द्विरुक्त धातुको आदिमा एवम् पूर्वपद र अद्विरुक्त धातुको अन्तमा रहेका जकारको गकार, चकार र षकारमा परिवर्तनका लागि ७ नियमहरूको प्रवृत्ति भएको पाइन्छ । तीमध्ये नेपालीमा पदान्त र धात्वन्त जकारको गकार, चकार र षकारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (१२७–१२९) प्रवृत्त हुन्छन् :

(१२७) घञ् (अ) प्रत्यय पर भएमा अज् धातु (पा.,अ.७।३।६०) र ण्यत् (य) प्रत्यय पर भएमा त्यज् धातु (का.,म.भा.७।३।६६।४) एवम् भक्ष्यार्थभिन्न भुज् धातु (पा.,अ.७।३।६९) लाई छाडेर धातुको अन्तमा रहेका जकारको गकार हुन्छ (पा.,अ.७।३।५२), जस्तै :

(क) त्यज्+घञ्> त्यज्+अ> त्याज्+अ> त्याग्+अ =त्याग

(ख) उप+भुज्+ण्यत्> उपभुज्+य> उपभोज्+य> उपभोग्+य =उपभोग्य सामग्री, भोज्य मिष्ठान्न

(ग) सम्+अज्> घञ्+समज्> अ+समाज्+अ =समाज

(घ) त्यज्+ण्यत्> त्यज्+य> त्याज्+य =त्याज्य

(१२८) तृच् (तृ) र ष्ट्रन् (त्र) प्रत्यय पर भएमा सृज् र राज् धातुका अन्त्य जकारको षकार हुन्छ (पा.,अ.८।२।३६), जस्तै :

(क) सृज्+तृच्...> स्रज्+तृ>स्रष्+तृ>स्रष्+ट्>स्रष्टृ+सु...=स्रष्टा

(ख) राज्+ष्ट्रन्> राज्+त्र> राष्+त्र> राष्+ट्र =राष्ट्र

(१२९) चकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य जकारको चकार हुन्छ (पा.,अ.८।४।५५), जस्तै :

(क) उद्+चारण> उज्+चारण> उच्+चारण =उच्चारण

(ख) उद्+चरित्र> उज्+चरित> उच्+चरित =उच्चरित

२.४.३.७ टकारको ड् नियम

संस्कृतमा पूर्वपदका अन्त्य टकारको परिवर्तनका लागि एउटामात्र नियम पाइन्छ, जुन निम्नलिखित नियम (१३०) नेपालीमा समेत प्रवृत्त हुन्छ :

(१३०) पूर्वपदका अन्त्य टकारको डकार हुन्छ (पा.,अ.८।२।३९), जस्तै :

(क) षट्+आनन> षड्+आनन =षडानन

(ख) षट्+आनन्द> षड्+आनन्द =षडानन्द

(ग) षट्+आचार्य> षड्+आचार्य =षडाचार्य

(घ) षट्+दर्शन> षड्+दर्शन =षड्दर्शन

(ङ) षट्+रस> षड्+रस =षड्रस

(च) षट्+विकार> षड्+विकार =षड्विकार

२.४.३.८ डकारको ट् र ण् नियम

संस्कृतमा पदको अन्तमा रहेका डकारको गकार, णकार र टकारमा परिवर्तनका लागि ३ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा पूर्वपदको अन्तमा रहेका डकारको टकार र णकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (१३१–१३२) को प्रवृत्ति हुन्छ :

(१३१) मास र मुख उत्तरपद पर भएमा षड् पूर्वपदका अन्त्य डकारका स्थानमा विकल्पले णकार हुन्छ (पा.,अ.८।४।४५), जस्तै :

(क) षट्+मास> षड्+मास> षण्+मास =षण्मास/षड्मास, षाण्मासिक

(ख) षट्+मुख> षड्+मुख> षण्+मुख =षण्मुख/षड्मुख

(१३२) ककार, चकार, पकार र शकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य डकारको टकार हुन्छ (पा.,अ.८।४।४५), जस्तै :

(क) षट्+कोण> षड्+कोण> षट्+कोण =षट्कोण

(ख) षट+कर्म> षड्+कर्म> षट्+कर्म =षट्कर्म

(ग) षट्+चक्र> षड्+चक्र> षट्+चक्र =षट्चक्र

(घ) षट्+पदी> षड्+पदी> षट्+पदी =षट्पदी

(ङ) षट्+शास्त्र> षड्+शास्त्र> षट्+शास्त्र =षट्शास्त्र

२.४.३.९ तकारको आ, क, च, ट, द, ध, न, ल् र व् नियम

संस्कृतमा प्रत्यय र उत्तरपदको आदिमा एवम् प्रातिपदिक र पूर्वपदको अन्तमा रहेका आकार, ककार, चकार, टकार, थकार, दकार, धकार, नकार, मकार, लकार र वकारमा परिवर्तनका लागि ३० नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा प्रत्ययको आदिमा र पूर्वपदको अन्तमा रहेका तकारको आकार, ककार, चकार, टकार, दकार, धकार, नकार, लकार र वकारमा परिवर्तनका लागि निम्नलिखित १३ नियमहरू (१३३–१४५) को प्रवृत्ति हुन्छ :

(१३३) समासमा उत्तरपद पर भएमा महत् पूर्वपदको अन्तमा रहेका तकारको आकार हुन्छ (पा.,अ.६।३।४६), जस्तै :

(क) महान् छ उदय जस्को– महत्+उदय> मह आ+उदय> महा+उदय =महोदय

(ख) महती छन् नवमी जुन– महती+नवमी> महत्+नवमी> मह आ+नवमी> महा+नवमी =महानवमी

(ग) महान् छ उत्सव जुन– महत्+उत्सव> मह आ+उत्सव> महा+उत्सव =महोत्सव

(घ) महती छन् देवी जुन– महती+देवी> महत्+देवी> मह आ+देवी> महा+देवी =महादेवी

(ङ) महान् छ आत्मा जस्को– महत्+आत्मा> मह आ+आत्मा> महा+आत्मा =महात्मा

माथिका (क)–(ङ) मा भै पूर्ववर्ती महत् पदका अन्त्य तकारको आत्व भई नेपालीमा प्रयुक्त अन्य समस्त शब्दहरू यस प्रकार छन् :

महाकवि	महाकाव्य	महाकाल	महाकाली	महागौरी
महाजन	महादेव	महादेश	महाधिवेशन	महानदी

महानुभाव	महापाप	महापुरुष	महाप्रबन्धक	महाप्रसाद
महाप्राण	महाभारत	महाभाष्य	महाभूत	महामानव
महाराज	महालय	महावीर	महाशक्ति	महाशय
महाशाखा	महाष्टमी	महासचिव	महासमिति	महासागर

(१३४) पूर्वपदको अन्त्य तकारका स्थानमा दकार हुन्छ (पा.,अ.८।२।३९), जस्तै :

(क) जगत्+ईश> जगद्+ईश =जगदीश

(ख) सत्+गति> सद्+गति =सद्गति

(ग) भगवत्+गीता> भगवद्+गीता =भगवद्गीता

(घ) जगत्+इह>जगद्+इह=जगदिह (पदान्तका कारण जश्त्व)

(ङ) जगत्+ङि>जगत्+ङि=जगति (अपदान्त कारण जश्त्व अप्रवृत्ति)

माथिका उदाहरण (क)–(घ) मा भै पूर्वपदका अन्त्य तकारको जश्त्व भएका अन्य शब्दहरू निम्नलिखित छन् :

जगत्+ईश्वर=जगदीश्वर	जगत्+बन्धु =जगद्बन्धु
सत्+आचार =सदाचार	सत्+आनन्द =सदानन्द
चित्+आनन्द =चिदानन्द	सत्+धर्म =सद्धर्म
सत्+भाव =सद्भाव आदि ।	

(१३५) धातुको अन्तमा वर्गीय चतुर्थ वर्ण (घ, झ्, ढ्, ध्, भ्) देखि पर रहेका तृच् (तृ), क्त (त) र क्तिन् (ति) प्रत्ययका आद्य तकारको धकार हुन्छ (पा.,अ.८।२।४०), जस्तै :

(क) दह्+क्त> दह्+त> दघ्+त> दघ्+ध> दग्+ध =दग्ध

(ख) गुह्+क्त> गुह्+त> गुढ्+त> गुढ्+ध> गुढ्+ढ> गु+ढ> गू+ढ =गूढ

(ग) युध्+तृच्> युध्+तृ> युध्+धृ> योध्+धृ> योद्+धृ> योद्धृ+सु... =योद्धा

(घ) उप+लभ्+क्तिन्>उपलभ्+ति>उपलभ्+धि>उपलब्+धि =उपलब्धि

माथिका उदाहरण (क)–(घ) मा भै प्रत्ययको आदिमा रहेका तकारको धकार भएका अन्य शब्दहरू यस प्रकार छन् :

रुह्+क्तश्च रुढ्+त =रूढ	रुह्+क्तिन्श्चरुढ्+त=रूढि
सिध्+क्त =सिद्ध	सिध्+क्तिन् =सिद्धि

युध्+क्त =युद्ध	लभ्+क्त =लब्ध
शुध्+क्त =शुद्ध	शुध्+क्तिन् =शुद्धि
वृध्+क्त =वृद्ध	वृध्+क्तिन् =वृद्धि
बुध्+क्त =बुद्ध	बुध्+क्तिन् =बुद्धि

बुध्+तृच् =बोद्धा आदि ।

(१३६) धातुको अन्तमा रहेका रकार र मद् धातुभिन्न (पा.,अ.८।२।५७) दकारदेखि पर रहेका क्त (त) प्रत्ययको आद्य तकारका स्थानमा नकार हुन्छ (पा.अ.८।२।४२), जस्तै :

(क) ज्+क्त>ज्+त>ज् इर्+त>जिर्+त>जिर्+न>जीर्न =जीर्ण

(ख) छिद्+क्त> छिद्+त> छिद्+न> छिन्+न =छिन्न

(ग) मद्+क्त> मद्+त> मत्+त =मत्त (नियमको अप्रवृत्ति)

माथिका (क)–(ख) मा कै रकारान्त र दकारान्त धातुदेखि उत्तरवर्ती क्त (त) प्रत्ययका तकारको नकार भएका थप शब्दहरू निम्नलिखित छन् :

वि+दृ+क्त =विदीर्ण	शॄ+क्त =शीर्ण
भिद्+क्त =भिन्न	खिद्+क्त =खिन्न

प्र+सद्+क्त =प्रसन्न आदि ।

(१३७) मस्ज्, लस्ज्, हा, दी र ली धातुदेखि पर रहेका क्त (त) प्रत्ययका आद्य तकारको नकार हुन्छ (पा.,अ.८।२।४५), जस्तै :

(क) मस्ज्+क्त> मज्+त> मज्+न> मग्+न =मग्न, निमग्न

(ख) लस्ज्+क्त> लज्+त> लज्+न> लग्+न =लग्न, संलग्न

(ग) हा+क्त> हा+त> हा+न> ही+न =हीन, विहीन

(घ) दी+क्त> दी+त> दी+न =दीन

(ङ) ली+क्त> ली+त> ली+न =लीन, विलीन

(१३८) दीर्घीभूत क्षि धातुदेखि उत्तरवर्ती क्त (त) प्रत्ययका आद्य तकारको नकार हुन्छ (पा.,अ.८।२।४६), जस्तै :

(क) क्षि+क्त> क्षि+त> क्षी+त> क्षी+न> क्षी+ण =क्षीण

(१३९) शुष् धातुदेखि उत्तरवर्ती क्त (त) प्रत्ययका आद्य तकारको ककार हुन्छ (पा.,अ.८।२।५१), जस्तै :

(क) शुष्+क्त> शुष्+त> शुष्+क =शुष्क

(१४०) पच् धातुदेखि उत्तरवर्ती क्त (त) प्रत्ययका आद्य तकारको बकार हुन्छ (पा.,अ.८।२।५२), जस्तै :

(क) पच्+क्त> पच्+त> पक्+त> पक्+व =पक्व, परिपक्व

(१४१) त्रै र घ्रा धातुदेखि उत्तरवर्ती क्त (त) प्रत्ययका आद्य तकारको विकल्पले नकार हुन्छ (पा.,अ.८।२।५६), जस्तै :

(क) त्रै+क्त> त्रा+त> त्रा+न> त्रा+ण =त्राण/त्रात

(ख) घ्रा+क्त> घ्रा+त> घ्रा+न> घ्रा+ण =घ्राण/घ्रात

(१४२) आर्थिक व्यवहार अर्थमा ऋ धातुदेखि उत्तरवर्ती क्त (त) प्रत्ययका आद्य तकारको नकार हुन्छ (पा.,अ.८।२।६०), जस्तै :

(क) ऋ+क्त> ऋ+त> ऋ+न> ऋ+ण =ऋण

(ख) ऋ+क्त> ऋ+त =ऋत (सत्य, ऋतं वक्ष्यामि नानृतम्)
=ऋत (विना, ऋते ज्ञानान्न मुक्तिः)

(१४३) चकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य तकारको चकार हुन्छ (पा.,अ.८।४।४०), जस्तै :

(क) सत्+चरित्र> सच्+चरित्र =सच्चरित्र

(ख) सत्+चिदानन्द> सच्+चिदानन्द =सच्चिदानन्द

(१४४) धातुको अन्त्य षकारदेखि पर रहेका तव्यत् (तव्य), तृच् (तृ), क्त (त), क्तिन् (ति) र ष्ट्रन् (त्र) प्रत्ययका आद्य तकारको टकार हुन्छ (पा.,अ.८।४।४१), जस्तै :

(क) दृश्+तव्यत्...> द्रश्+तव्य> द्रष्+तव्य> द्रष्+टव्य =द्रष्टव्य

(ख) सृज्+तृच्...> स्रज्+तृ>स्रष्+तृ>स्रष्+ट्>स्रष्टृ+सु... =स्रष्टा

(ग) शास्+क्त> शास्+त> शिस्+त> शिष्+त> शिष्+ट
=शिष्ट, विशिष्ट, परिशिष्ट, अवशिष्ट

(घ) पुष्+क्तिन्> पुष्+ति> पुष्+टि =पुष्टि

(ङ) राज्+ष्ट्रन्> राज्+त्र> राष्+त्र> राष्+ट्र =राष्ट्र

माथिका उदाहरण (ख)–(घ) मा झैं प्रत्ययादि तकारको ष्टुत्व भएका अन्य शब्दहरू यस प्रकार छन् :

भ्रंश्+क्त =भ्रष्ट
दृश्+क्त =दृष्ट
दृश्+क्तिन् =दृष्टि
दृश्+तृच् =द्रष्टा
सृज्+क्तिन् =सृष्टि
वृष्+क्तिन् =वृष्टि
पुष्+क्त =पुष्ट आदि ।

(१४५) लकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य तकारको लकार हुन्छ (पा.,अ.८।४।६०), जस्तै :

(क) तत्+लीन> तल्+लीन =तल्लीन

(ख) उद्+लास> उत्+लास> उल्+लास =उल्लास, हर्षोल्लास

२.४.३.१० थकारको ठ् नियम

संस्कृतमा द्विरुक्त धातुको आदिमा, अद्विरुक्त धातुको उपादि र अन्तमा, प्रातिपदिकको उपान्तपूर्वमा एवम् प्रत्ययको आदिमा रहेका थकारको ठकार, तकार, धकार र न्यूमा परिवर्तनका लागि ५ नियमहरूको प्रवृत्ति भएको पाइन्छ । तीमध्ये नेपालीमा स्था धातुका थकारको ठकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (१४६) प्रवृत्त हुन्छ :

(१४६) स्था धातुको आद्य सकार षकारमा परिवर्तन भएमा त्यसको प्रभावले स्था धातुको उपान्त्य थकार ठकारमा परिवर्तन हुन्छ (पा.,अ. ८।४।४१), जस्तै :

(क) प्रति+स्था+अङ्>प्रति+स्थ>प्रति+ष्थ>प्रति+ष्ठ>प्रतिष्ठ+टाप् =प्रतिष्ठा

(ख) प्रति+स्था+ल्युट्> प्रति+स्थान> प्रति+ष्थान> प्रति+ष्ठान =प्रतिष्ठान

(ग) प्रति+स्था+क्त> प्रति+स्थित> प्रति+ष्थित> प्रति+ष्ठित =प्रतिष्ठित

(घ) अधि+स्था+तृच्> अधि+स्थातृ> अधि+ष्थातृ> अधि+ष्ठातृ> अधिष्ठातृ+सु... =अधिष्ठाता

(ङ) वि+स्था+क>वि+स्थ>वि+ष्थ>वि+ष्ठ>विष्ठ+टाप् =विष्ठा

(च) नि+स्था+क>नि+स्थ>नि+ष्थ>नि+ष्ठ>निष्ठ+टाप् =निष्ठा

२.४.३.११ दकारको ज्, ड्, त् र न् नियम

संस्कृतमा धातुको आदि र अन्तमा, प्रातिपदिकको अन्त र उपान्तपूर्वमा एवम् उत्तरपदको आदिमा र पूर्वपदको अन्तमा रहेका दकारको अकार, आकार, जकार, डकार, तकार, धकार, नकार, मकार, यकार, रकार, लकार र सकारमा परिवर्तनका लागि २१ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा धातु, प्रातिपदिक र पूर्वपदको अन्तमा रहेका दकारको जकार, डकार, तकार र नकारमा परिवर्तनका लागि निम्नलिखित ६ नियमहरू (१४७–१५२) प्रवृत्त हुन्छन् :

(१४७) क्त (त) प्रत्ययसम्बन्धी नकार पर भएमा धातुको अन्तमा रहेका दकारको नकार हुन्छ (पा.,अ.८।२।४२), जस्तै :

(क) भिद्+क्त> भिद्+त> भिद्+न> भिन्+न =भिन्न

(ख) छिद्+क्त> छिद्+त> छिद्+न> छिन्+न =छिन्न

(ग) खिद्+क्त> खिद्+त> खिद्+न> खिन्+न =खिन्न

(घ) प्र+सद्+क्त> प्रसद्+त> प्रसद्+न> प्रसन्+न =प्रसन्न

(१४८) जकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदको अन्तमा रहेका दकारको जकार हुन्छ (पा.,अ.८।४।४०), जस्तै :

(क) सत्+जन> सद्+जन> सज्+जन =सज्जन

(ख) उद्+ज्वल> उज्+ज्वल =उज्ज्वल ['उज्वल' अनुपयुक्त]

(१४९) डकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य दकारको डकार हुन्छ (पा.,अ.८।४।४१), जस्तै :

(क) उद्+डयन> उड्+डयन =उड्डयन, नागरिक उड्डयन मन्त्रालय

(१५०) नकार र मकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदको अन्तमा रहेका दकारको नकार हुन्छ (पा.,अ.८।४।४५), जस्तै :

(क) उद्+नति> उन्+नति =उन्नति

(ख) उद्+नयन> उन्+नयन =उन्नयन

(ग) उद्+मत्त> उन्+मत्त =उन्मत्त

(घ) उद्+माद> उन्+माद =उन्माद

(ङ) उद्+मुख> उन्+मुख =उन्मुख

(च) उद्+मूलन> उन्+मूलन =उन्मूलन

(छ) उद्+मेष> उन्+मेष =उन्मेष

(१५१) मयट् (मय) प्रत्यय पर भएमा प्रातिपदिक शब्दको अन्तमा रहेका दकारको नकार हुन्छ (का.,म.भा.८।४।४५।१), जस्तै :

(क) तत्+मयट्> तद्+मय> तन्+मय =तन्मय

(ख) चित्+मयट्> चिद्+मय> चिन्+मय =चिन्मय

(ग) मृद्+मयट्> मृद्+मय> मृन्+मय> मृण्+मय =मृण्मय

(१५२) क, ख, त, थ, प् एवम् स् वर्ण आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य दकारको तकार हुन्छ (पा.,अ.८।४।५५), जस्तै :

(क) उद्+कट> उत्+कट =उत्कट

(ख) उद्+खनन> उत्+खनन =उत्खनन

(ग) उद्+तर> उत्+तर =उत्तरं

(घ) उद्+स्थान> उद्+थान> उत्+थान =उत्थान

(ङ) उद्+पादन> उत्+पादन =उत्पादन

(च) उद्+सर्ग> उत्+सर्ग =उत्सर्ग

माथिका उदाहरण (क)–(च) मा भै पूर्वपदान्तीय उद् उपसर्गका दकारको चर्त्व भएका थप शब्दहरू यस प्रकार छन् :

उद्+कण्ठा =उत्कण्ठा	उद्+कर्ष =उत्कर्ष
उद्+तेजित =उत्तेजित	उद्+पत्ति =उत्पत्ति
उद्+पन्न =उत्पन्न	उद्+पात =उत्पात
उद्+पीडन =उत्पीडन	उद्+प्रेक्षा =उत्प्रेक्षा
उद्+प्रेरक =उत्प्रेरक	उद्+प्रेरणा =उत्प्रेरणा
उद्+सव =उत्सव	उद्+साह =उत्साह आदि ।

२.४.३.१२ धकारको ढ् र द् नियम

संस्कृतमा द्विरुक्त धातुको आदिमा र अद्विरुक्त धातुको अन्तमा, प्रत्ययको आदिमा एवम् पूर्वपदको उपान्तपूर्वमा रहेका धकारको ढकार र दकारमा परिवर्तनका लागि ७ नियमहरू प्रवृत्त भएका भेटिन्छन् । तीमध्ये नेपालीमा धातुको अन्तमा र प्रत्ययको आदिमा रहेका धकारको ढकार र दकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (१५३–१५३) को प्रवृत्ति हुन्छ :

(१५३) धातुको अन्तमा रहेका ढकारदेखि पर रहेका क्त (त), क्तिन् (ति) र तृच् (तृ) प्रत्ययसम्बन्धी आद्य धकारको ढकार हुन्छ (पा.,अ. ८।४।४१), जस्तै :

(क) दृह्+क्त> दृह्+त> दृढ्+त> दृढ्+ध> दृढ्+ढ> दृ+ढ =दृढ

(ख) रुह्+क्त> रुह्+त> रुढ्+त> रुढ्+ध> रुढ्+ढ> रु+ढ> रू+ढ =रूढ

(ग) रुह्+क्तिन्> रुह्+ति> रुढ्+ति> रुढ्+धि> रुढ्+ढि> रु+ढि> रू+ढि =रूढि

(घ) गाह्+तृच्> गाह्+तृ> गाढ्+तृ> गाढ्+धृ> गाढ्+ढृ> गा+ढृ> गाढृ+सु... =गाढा

(ङ) प्र+गाह्+क्त> प्रगाह्+त> प्रगाढ्+त> प्रगाढ्+ध>
प्रगाढ्+ढ> प्रगा+ढ =प्रगाढ

(१५४) क्त (त), क्तिन् (ति) र तृच् (तृ) प्रत्ययसम्बन्धी धकार पर भएमा धातुको अन्तमा रहेका धकारको दकार हुन्छ (पा.,अ.८।४।५३), जस्तै :

(क) बुध्+क्त> बुध्+त> बुध्+ध> बुद्+ध =बुद्ध
(ख) शुध्+क्तिन्> शुध्+ति> शुध्+धि> शुद्+धि =शुद्धि
(ग) युध्+तृच्> युध्+तृ> युध्+धृ> युद्+धृ> योद्+धृ>
योद्ध+सु... =योद्धा
(घ) शुध्+क्त> शुध्+त> शुध्+ध> शुद्+ध =शुद्ध
(ङ) बुध्+क्तिन्> बुध्+ति> बुध्+धि> बुद्+धि =बुद्धि
(च) युध्+क्त> युध्+त> युध्+ध> युद्+ध =युद्ध

२.४.३.१३ नकारको आ, ञ्, ण् र र् नियम

संस्कृतमा धातुको आदि र अन्तमा, प्रातिपदिकको अन्तमा, प्रत्ययको आदि र उपान्तमा, पूर्वपदको उपान्त र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका नकारको आकार, ञकार, ञकार, णकार, तकार, रकार, लँकार र अनुस्वार (ं) मा परिवर्तनका लागि ६९ नियमहरू प्रवृत्त भएका पाइन्छन्। तीमध्ये नेपालीमा प्रत्ययको आदि र उपान्तमा एवम् धातु, प्रातिपदिक र पूर्वपदको अन्तमा रहेका नकारको आकार, ञकार, णकार र रकारमा परिवर्तनका लागि निम्नलिखित ८ नियमहरू (१५५–१६२) प्रवृत्त हुन्छन् :

(१५५) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा जन् धातुका अन्त्य नकारको आकार हुन्छ (पा.,अ.६।४।४२), जस्तै :

(क) जन्+क्त>जन्+त>ज आ+त>जा+त =जात
(ख) जन्+क्तिन्>जन्+ति ज आ+ति>जा+ति =जाति, प्रजाति

(१५६) घञ् (अ), ण्वुल् (अक) र णिनि (इन्) प्रत्यय पर भएमा हन् धातुको अन्तमा रहेका नकारको तकार हुन्छ (पा.,अ.७।३।३२), जस्तै :

(क) हन्+घञ्> हन्+अ> घन्+अ> घान्+अ> घात्+अ =घात, प्रतिघात
(ख) हन्+ण्वुल्> हन्+अक> घन्+अक>घान्+अक>घात्+अक =घातक

(ग) आत्मन्+हन्+णिनि> आत्म+हन्+इन्> आत्मघन्+इन्> आत्मघान्+इ> आत्मघात्+इन्> आत्मघातिन्+सु... =आत्मघाती

(घ) विश्वास+हन्+णिनि...> विश्वासघान्+इन्> विश्वासघात्+इन्> विश्वासघातिन्+सु... =विश्वासघाती

(१५७) रात्रि उत्तरपद पर भएमा अहन् पूर्वपदका अन्त्य नकारको रु (रकार) हुन्छ (का.,म.भा.८।२।६८।१), जस्तै :

(क) अहन्+रात्रि> अहरु+रात्रि> अहर्+रात्रि> अह+उ+रात्रि> अहो+रात्रि> अहोरात्रि+टच्> अहोरात्रि+अ> अहोरात्र्+अ =अहोरात्र

(१५८) धातुको अन्तमा रहेका रकारदेखि उत्तरवर्ती क्त प्रत्ययसम्बन्धी नकारको णकार हुन्छ (पा.,अ.८।४।१), जस्तै :

(क) पृ+क्त ...> पूर्+न> पूर्+ण =पूर्ण

(ख) शृ+क्त...> शीर्+न> शीर्+ण =शीर्ण

(ग) जृ +क्त...> जीर्+न> जीर्+ण =जीर्ण

(घ) वि+दृ+क्त...> विदीर्+न> विदीर्+ण =विदीर्ण

(१५९) एकपदस्थ ऋकारदेखि पर रहेका नकारको णकार हुन्छ (का.,म.भा. ८।४।१।१), जस्तै :

(क) मृद्+मयट्> मृद्+मय> मृन्+मय =मृण्मय

(ख) ऋ+क्त> ऋ+त> ऋ+न> ऋ+ण =ऋण

(१६०) बीचमा स्वरवर्णले एवम् कवर्ग र पवर्गका व्यञ्जनवर्णले व्यवधान गरे पनि रकार र षकारदेखि उत्तरवर्ती धातु र प्रत्ययमा रहेका नकारको णकार हुन्छ (पा.,अ.८।४।२), जस्तै :

(क) प्र+नी+क्त> प्र+नीत> प्र+णीत =प्रणीत

(ख) भाष्+ल्युट्> भाष्+अन> भाष्+अण =भाषण

माथिका उदाहरण (क)–(ख) मा कै रकार र षकारदेखि उत्तरवर्ती नकारको णकार भएका अन्य शब्दहरू यस प्रकार छन् :

प्र+नम्+घञ् =प्रणाम	प्र+नी+अच् =प्रणय
प्र+नी+तृच् =प्रणेता	परि+नम्+क्तिन् =परिणति
परि+नम्+घञ् =परिणाम	भी+ल्युट्श्रभीष्+अन=भीषण

(१६१) प्र र परि उपसर्गदेखि पर रहेको ल्युट् (अन) प्रत्ययको उपान्त्य नकारको णकार हुन्छ (पा.,अ.८।४।२९), जस्तै :

(क) प्र+या+ल्युट्> प्र+या+अन> प्र+यान> प्र+याण =प्रयाण

(ख) प्र+मा+ल्युट्> प्र+मा+अन> प्र+मान> प्र+माण =प्रमाण

(ग) परि+मा+ल्युट्> परि+मा+अन> परि+मान> परि+माण =परिमाण

(१६२) धातुका अन्त्य जकारदेखि उत्तरवर्ती प्रत्ययका आद्य नकारको अकार हुन्छ (पा.,अ.८।४।४०), जस्तै :

(क) यज्+नङ्> यज्+न> यज्+ञ =यज्ञ

२.४.३.१४ पकारको ब् नियम

संस्कृतमा प्रातिपदिक र पूर्वपदको अन्तमा रहेका पकारको तकार, फकार र बकारमा परिवर्तनका लागि ३ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ । तीमध्ये नेपालीमा पूर्वपदका अन्त्य पकारको बकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (१६३) प्रवृत्त हुन्छ :

(१६३) पूर्वपदका अन्त्य पकारको बकार हुन्छ (पा.,अ.८।२।३९), जस्तै :

(क) सुप्+अन्त> सुब्+अन्त =सुबन्त

(ख) अप्+जन्+ड अप्+ज> अब्+ज =अब्ज (कमल)

(ग) अप्+धा+कि> अप्+धि> अब्+धि =अब्धि (समुद्र)

(घ) अप्+दा+क> अप्+द> अब्+द =अब्द (वर्ष), शताब्दी

२.४.३.१५ भकारको ब् नियम

संस्कृतमा द्विरुक्त धातुको आदिमा र अद्विरुक्त धातुको अन्तमा रहेका भकारको बकारमा परिवर्तनका लागि २ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा धात्वन्त भकारको बकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (१६४) प्रवृत्त हुन्छ :

(१६४) क्त (त) र क्तिन् (ति) प्रत्ययसम्बन्धी धकार पर भएमा धातुको अन्तमा रहेका भकारको बकार हुन्छ (पा.,अ.८।४।५३), जस्तै :

(क) उप+लभ्+क्त> उपलभ्+त> उपलभ्+ध> उपलब्+ध =उपलब्ध

(ख) उप+लभ्+क्तिन्> उपलभ्+ति> उपलभ्+धि> उपलब्+धि =उपलब्धि

(ग) प्र+आ+रभ्+क्त> प्रारभ्+त> प्रारभ्+त> प्रारभ्+ध> प्रारब्+ध =प्रारब्ध

२.४.३.१६ मकारको व् र अनुस्वार नियम

संस्कृतमा प्रत्ययको आदिमा एवम् धातु, प्रातिपदिक र पदको अन्तमा रहेका मकारको अकार, छकार, नकार, मकार, यँकार, रकार, लँकार, वँकार, वकार र अनुस्वार (ं) मा परिवर्तनका लागि १८ नियमहरूको प्रवृत्ति भएको देखिन्छ । तीमध्ये नेपालीमा प्रत्ययादि र धात्वन्त मकारको वकार र अनुस्वारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (१६५–१६७) प्रवृत्त हुन्छन् :

(१६५) अकार र आकार अन्तमा हुने एवम् भूमिभिन्न मकार उपान्तमा हुने प्रातिपदिक शब्ददेखि पर रहेका मतुप् (मत्) प्रत्ययका आद्य मकारको वकार हुन्छ (पा.,अ.८।२।९), जस्तै :

(क) बल+मतुप्>बल+मत्>बल+वत्>बलवत्+सु... =बलवान्

(ख) विद्या+मतुप्> विद्या+मत्> विद्या+वत्> विद्यावत्+सु.... =विद्यावान्

(ग) लक्ष्मी+मतुप्> लक्ष्मी+मत्> लक्ष्मी+वत्> लक्ष्मीवत्+सु... =लक्ष्मीवान्

(घ) भूमि+मतुप्> भूमि+मत्> भूमिमत्+सु... =भूमिमान्

(१६६) 'सम्राट्' शब्दलाई छाडेर (पा.,अ.८।३।२५) व्यञ्जनवर्ण आदिमा हुने उत्तरपद पर भएमा सम्, शम्, किम्, कथम् आदि पूर्वपदको अन्तमा रहेका मकारको अनुस्वार (ं) हुन्छ (पा.,अ.८।३।२३), जस्तै :

(क) सम्+कल्प> सं+कल्प> सङ्+कल्प =सङ्कल्प

(ख) शम्+कर> शं+कर> शङ्+कर =शङ्कर

(ग) सम्+चार> सं+चार> सञ्+चार =सञ्चार

(घ) किम्+चिद्> किं+चिद्> किञ्+चिद् =किञ्चिद्

(ङ) कथम्+चिद्> कथं+चिद्> कथञ्+चिद् =कथञ्चिद्

(च) सम्+दीप> सं+दीप> सन्+दीप =सन्दीप

(छ) सम्+पूर्ण> सं+पूर्ण> सम्+पूर्ण =सम्पूर्ण

(ज) सम्+योग> सं+योग =संयोग

(झ) सम्+रचना> सं+रचना =संरचना

(ञ) सम्+वरण> सं+वरण =संवरण

(ट) सम्+लग्न> सं+लग्न =संलग्न

(ठ) सम्+सद्> सं+सद् =संसद्

(ड) सम्+हार> सं+हार =संहार

(ढ) सम्+राट् =सम्राट् (अपवादका रूपमा 'म्' को 'म्' नै हुन्छ)

माथिका (क)–(छ) प्रयोगमा स्पर्श व्यञ्जनका प्रभावले अनुस्वारको सवर्णी पञ्चममा परिवर्तन भए पनि (ज)–(ड) मा स्पर्शभिन्न यकार, रकार, वकार, लकार, सकार र हकार पर भएकाले अनुस्वार यथावत् रहन गएको देखिन्छ ।

(१६७) तव्यत् (तव्य), तृच् (तृ), क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा मकारान्त गम्, यम्, शम्, भ्रम्, क्रम् आदि धातुका अन्त्य मकारको अनुस्वार (ं) हुन्छ (पा.,अ.८।३।२४), जस्तै :

(क) गम्+तव्यत्> गम्+तव्य> गं+तव्य> गन्+तव्य =गन्तव्य

(ख) नि+यम्+तृच्> नियम्+तृ> नियं+तृ> नियन्+तृ>
नियन्तृ+सु... =नियन्ता

(ग) शम्+क्त> शम्+त> शाम्+त> शां+त> शान्+त=शान्त

(घ) शम्+क्तिन्>शम्+ति>शाम्+ति>शां+ति>शान्+ति=शान्ति

(ङ) भ्रम्+क्त>भ्रम्+त>भ्राम्+त>भ्रां+त>भ्रान्+त =भ्रान्त

(च) भ्रम्+क्तिन्>भ्रम्+ति>भ्राम्+ति>भ्रां+ति>भ्रान्+ति =भ्रान्ति

(छ) आ+क्रम्+क्त> आक्रम्+त> आक्राम्+त> आक्रां+त>
आक्रान्+त =आक्रान्त

(ज) क्रम्+क्तिन्>क्रम्+ति>क्राम्+ति>क्रां+ति>क्रान्+ति=क्रान्ति

२.४.३.१७ रकारको उ, ऋ र ल् नियम

संस्कृतमा धातुको उपादि, उपान्त र अन्तमा, प्रातिपदिकको उपादि र उपान्तमा एवम् पदको आदि, उपान्त र अन्तमा रहेका रकारको अकार, ऋकार, यकार, रकार, लकार र विसर्ग (:) मा परिवर्तनका लागि २१ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा धातु र प्रातिपदिकको आदि र उपादिमा एवम् पूर्वपदको उपान्त र अन्तमा रहेका रकारको उकार,

ऋकार र लकारमा परिवर्तनका लागि निम्नलिखित ४ नियमहरू (१६८–१७१) को प्रवृत्ति हुन्छ :

(१६८) तीय प्रत्यय पर भएमा त्रि प्रातिपदिकका उपान्त्य रकारको ऋकार हुन्छ (पा.,अ.५।२।५५), जस्तै :

(क) त्रि+तीय> त् ऋ इ+तीय> तृ+तीय =तृतीय

(१६९) क्त (त) प्रत्यय पर भएमा ग्रह् धातुको उपान्त्य रकारको ऋकार हुन्छ (पा.,अ.६।१।१६), जस्तै :

(क) ग्रह्+क्त> ग्रह+त> ग् ऋ अह्+त> गृह्+त> गृह्+इट् त> गृह्+इत>गृह+ईत =गृहीत, सङ्गृहीत

(१७०) हश् वर्ण अर्थात् वर्गीय तृतीय, चतुर्थ, पञ्चम, अन्तःस्थ र हकार आदिमा हुने उत्तरपद पर भएमा अहन् पूर्वपदको अन्त्य नकार र अधस्, चेतस्, छन्दस्, तेजस्, तपस्, तमस्, पयस्, पुरस्, मनस्, यशस्, वयस्, रजस्, शिरस्, सरस्, सर्वतस् आदि सकारान्त पूर्वपदका सकारसम्बन्धी रकारका स्थानमा उकार हुन्छ (पा.,अ.६।१।११४), जस्तै :

(क) अहन्+रात्रि> अहरु+रात्रि> अहर्+रात्रि> अह+उ+रात्रि> अहो+रात्रि> अहोरात्रि+टच्... =अहोरात्र

(ख) अधस्+गति> अधरु+गति> अधर्+गति> अध+उ+गति> अधो+गति =अधोगति

(ग) अन्ततस्+गत्वा...> अन्ततर्+गत्वा> अन्तत+उ+गत्वा =अन्ततो गत्वा

(घ) तमस्+गुण...> तमर्+गुण> तम+उ+गुण =तमोगुण

(ङ) सरस्+जन्+ड> सरस्+ज...>सरर्+ज सर+उ+ज =सरोज

(च) रजस्+दर्शन...> रजर्+दर्शन>रज+उ+दर्शन =रजोदर्शन

(छ) यशस्+धरा...> यशर्+धरा> यश+उ+धरा =यशोधरा

(ज) चेतस्+नाथ...> चेतर्+नाथ> चेत+उ+नाथ =चेतोनाथ

(झ) छन्दस्+बद्ध...> छन्दर्+बद्ध> छन्द+उ+बद्ध =छन्दोबद्ध

(ञ) सर्वतस्+भद्र...> सर्वतर्+भद्र> सर्वत+उ+भद्र =सर्वतोभद्र

(ट) शिरस्+मणि...>शिरर्+मणि>शिर+उ+मणि =शिरोमणि

(ठ) मनस्+योग...> मनर्+योग> मन+उ+योग =मनोयोग

(ड) मनस्+रथ...> मनर्+रथ> मन+उ+रथ =मनोरथ

(ढ) तपस्+लोक...> तपर्+लोक>तप+उ+लोक =तपोलोक

(ण) पयस्+व्रत...> पयर्+व्रत> पय+उ+व्रत =पयोव्रत

(त) वयस्+वृद्ध...> वयर्+वृद्ध> वय+उ+वृद्ध =वयोवृद्ध

(थ) तेजस्+वध...> तेजर्+वध> तेज+उ+वध तेजोवध

(द) पुरस्+हित...> पुरर्+हित> पुर+उ+हित =पुरोहित

माथिका उदाहरण (ख)–(द) मा भै सकारान्त पूर्वपदका अन्त्य रकारको उत्व भएका अन्य शब्दहरू यस प्रकार छन् :

अधोभाग	अधोमुख	अधोवस्त्र	छन्दोभङ्ग	तपोनिष्ठ
तपोबल	तपोभङ्ग	तपोभूमि	तपोधन	तपोवन
तेजोराशि	पयोधन	पयोनिधि	पुरोगामी	पुरोभागी
मनोगत	मनोज	मनोजगत्	मनोज्ञ	मनोदशा
मनोनिग्रह	मनोनीत	मनोभाव	मनोभावना	मनोमालिन्य
मनोरञ्जन	मनोरम	मनोरमा	मनोराग	मनोराज्य
मनोरोग	मनोवाद	मनोविकार	मनोविकृति	मनोविज्ञान
मनोविनोद	मनोविश्लेषण	मनोवृत्ति	मनोवेग	मनोव्यथा
मनोहर	यशोदा	यशोगाथा	रजोगुण	रजोधर्म
रजोदर्शन	रजोवती	रजोहीनता	शिरोधार्य	सरोवर

सर्वतोमुखी आदि ।

(१७०) ककार, पकार, शकार र सकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदका अन्त्य रकारको र सकारसम्बन्धी अन्त्य रकारको विसर्ग हुन्छ भने पदान्तदेखि पछाडि कुनै वर्ण नरहेमा पनि अन्त्य रकारको र सकारसम्बन्धी रकारको विसर्ग हुन्छ (पा.,अ.८।३।१५), जस्तै :

(क) अन्तर्+कथा =अन्त:कथा

(ख) प्रातर्+काल =प्रात:काल

(ग) मनस्+कामना>मनरु+कामना>मनर्+कामना =मन:कामना ['मनोकामना' अनुपयुक्त]

(घ) अन्तर्+प्रेरणा =अन्त:प्रेरणा

(ङ) पुनर्+परीक्षा =पुन:परीक्षा

(च) ज्योतिस्+पुञ्ज> ज्योतिरु+पुञ्ज> ज्योतिर्+पुञ्ज =ज्योति:पुञ्ज

(ज) अन्तर्+शुल्क =अन्त:शुल्क

(झ) निर्+शुल्क =नि:शुल्क

(ञ) छन्दस्+शास्त्री>छन्दरु+शास्त्री>छन्दर्+शास्त्री=छन्द:शास्त्री

(ट) पुनर्+स्थापना =पुन:स्थापना ['पुनर्स्थापना' अनुपयुक्त]

(ठ) प्रातर्+स्मरणीय =प्रात:स्मरणीय

(ड) निर्+सन्तान =नि:सन्तान

(ढ) निर्+सन्देह =नि:सन्देह

(ण) स्व+अन्तर्> स्वान्तर्+सुखाय =स्वान्त:सुखाय

(त) मनस्+स्थिति> मनरु+स्थिति> मनर्+स्थिति =मन:स्थिति

(थ) पुनर् =पुन:

(द) अतस्> अतरु> अतर् =अत:

(ध) अन्ततस्> अन्ततरु> अन्ततर् =अन्तत:

(न) क्रमशस्> क्रमशरु> क्रमशर् =क्रमश:

(प) प्रायशस्> प्रायशरु> प्रायशर् =प्रायश:

(फ) मूलतस्> मूलतरु> मूलतर् =मूलत:

(ब) स्वतस्> स्वतरु> स्वतर् =स्वत:

(भ) वस्तुतस्> वस्तुतरु> वस्तुतर् =वस्तुत:

(१७१) अयन उत्तरपद पर भएमा उपसर्गसंज्ञक परा पूर्वपदका उपान्त्य रकारको लकार हुन्छ (पा.,अ.८।२।१९), जस्तै :

(क) परा+अय्+ल्युट्...> परा+अयन> पला+अयन =पलायन

२.४.३.१८ वकारको उ नियम

संस्कृतमा धातुको आदि, उपादि र अन्तमा, प्रातिपदिकको उपादि, उपान्तपूर्व र अन्तमा, प्रत्ययको आदिमा एवम् पूर्वपदको अन्तमा रहेका वकारको अकार, उकार, ऊकार, औकार, वकार र लकारमा परिवर्तनका लागि २६ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा धातुका आद्य र उपाद्य वकारको उकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (१७२) प्रवृत्त हुन्छ :

(१७२) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा वच्, वद् र वह् धातुका आद्य वकारको एवम् स्वप् धातुका उपाद्य वकारको उकार हुन्छ (पा.,अ. ६।१।१५), जस्तै :

(क) वच्+क्त> वच्+त> उ अच्+त> उच्+त> उक् त =उक्त

(ख) वच्+क्तिन्> वच्+ति> उ अच्+ति> उच्+ति> उक्+ति
=उक्ति, सूक्ति

(ग) वद्+क्त>वद्+त>उ अद्+त>उद्+त>उद्+इट् त>उद्+इत
=उदित, अनूदित ['अनुदित' अनुपयुक्त]

(घ) प्र+वह्+क्त> प्र+वह्+त> प्र+उ अह्+त> प्र+उह्+त>
प्र+उढ्+त> प्र+उढ्+ध> प्र+उढ्+ढ> प्र+उ+ढ>
प्र+ऊढ =प्रौढ

(ङ) स्वप्+क्त>स्वप्+त> स् उ अप्+त> सुप्+त =सुप्त, सुषुप्त

(च) स्वप्+क्तिन्> स्वप् ति> स् उ अप्+ति> सुप्+ति =सुप्ति,
सुषुप्ति

२.४.३.१९ शकारको छ् र ष् नियम

संस्कृतमा धातुको उपान्त र अन्तमा एवम् उत्तरपदको आदि र पूर्वपदको अन्तमा रहेका शकारको खकार, छकार, यकार र षकारमा परिवर्तनका लागि ६ नियमहरू प्रवृत्त भएका पाइन्छन् । तीमध्ये नेपालीमा धातुको अन्तमा र उत्तरपदको आदिमा रहेका शकारको छकार र षकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (१७३–१७४) को प्रवृत्ति हुन्छ :

(१७३) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा विश् धातुको अन्तमा रहेका शकारको षकार हुन्छ (पा.,अ.८।२।३६), जस्तै :

(क) प्र+विश्+क्त>प्रविश्+त>प्रविष्+त>प्रविष्+ट =प्रविष्ट

(ख) प्र+विश्+क्तिन्>प्रविश्+ति>प्रविष्+ति>प्रविष्+टि =प्रविष्टि

(१७४) दकार अन्तमा हुने पूर्वपददेखि पर रहेका उत्तरपदको आद्य शकारका स्थानमा छकार हुन्छ (पा.,अ.८।४।६४), जस्तै :

(क) विद्वद्+शिरोमणि> विद्वद्+छिरोमणि> विद्वज्+छिरोमणि>
विद्वच्+छिरोमणि =विद्वच्छिरोमणि

(ख) तद्+शिव> तद्+छिव> तज्+छिव> तच्+छिव =तच्छिव

२.४.३.२० षकारको छ् र ड् नियम

संस्कृतमा धातुको आदि र अन्तमा एवम् प्रातिपदिक, एकपद र पूर्वपदको अन्तमा रहेका षकारको उकार, ककार, छकार, डकार, रकार र अन्मा परिवर्तनका लागि ९ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये

नेपालीमा धात्वन्त र पदान्त षकारको छकार र डकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (१७५–१७६) प्रवृत्त हुन्छन् :

(१७५) श (अ) प्रत्यय पर भएमा इष् धातुका अन्त्य षकारका स्थानमा छकार हुन्छ (पा.,अ.७।३।७७), जस्तै :

(क) इष्+श>इष्+अ>इछ्+अ>इ+तुक् छ>इ+त्छ>इ+च्छ> इच्छ+टाप्> इच्छ+आ =इच्छा

(१७६) षष् पूर्वपदको अन्तमा रहेका षकारको डकार हुन्छ (पा.,अ.८।२।३९), जस्तै :

(क) षष्+विकार> षड्+विकार =षड्विकार

(ख) षष्+कोण> षड्+कोण> षट्+कोण =षट्कोण

२.४.३.२१ सकारको र्, श् र ष् नियम

संस्कृतमा धातु, प्रत्यय र उत्तरपदको आदिमा एवम् धातु, प्रातिपदिक, प्रत्यय र पूर्वपदको अन्तमा रहेका सकारको अकार, एकार, औकार, तकार, थकार, दकार, नकार, रकार, शकार, षकार, हकार, अन् र अस्मा परिवर्तनका लागि ७८ नियमहरू प्रवृत्त भएका भेटिन्छन् । तीमध्ये नेपालीमा धातु र उत्तरपदको आदिमा एवम् धातु, एउटै पद र पूर्वपदको अन्तमा रहेका सकारको रु (रकार), शकार र षकारमा परिवर्तनका लागि निम्नलिखित ६ नियमहरू (१७७–१८२) को प्रवृत्ति हुन्छ :

(१७७) एउटै पदको अन्तमा र पूर्वपदको अन्तमा रहेका सकारको रु (रकार) हुन्छ (पा.,अ.८।२।६६), जस्तै :

(क) मूल+तसिल्>मूल+तस्>मूलतस्+सु>मूलतस्स्>मूलतस्> मूलतरु> मूलतर् =मूलतः

(ख) मनको व्यथा– मनस्+व्यथा> मनरु+व्यथा> मनर्+व्यथा> मन+उ+व्यथा =मनोव्यथा

(१७८) क्त (त) प्रत्यय पर भएमा इकारदेखि उत्तरवर्ती शास् धातुका अन्त्य सकारको षकार हुन्छ (पा.,अ.८।३।६०), जस्तै :

(क) शास्+क्त> शास्+त> शिस्+त> शिष्+त> शिष्+ट =शिष्ट, विशिष्ट, अवशिष्ट, परिशिष्ट

(१७९) परि उपसर्गदेखि उत्तरवर्ती कृ धातुको आदिमा आगम भएको सुट् (स्) आगमका सकारको षकार हुन्छ (पा.,अ.८।३।७०), जस्तै :

(क) परि+कृ+क्त> परि+कृत> परि+सुट् कृत> परि+स्कृत> परि+ष्कृत =परिष्कृत, परिष्कार, परिष्कर्ता

(१८०) सु उपसर्गदेखि उत्तरवर्ती (स्वप्>) सुप् धातुका आद्य सकारको षकार हुन्छ (पा.,अ.८।३।८८), जस्तै :

(क) सु+स्वप्+क्त> सु+स् उ अप्+त> सु+सुप्+त> सु+सुप्त> सु+षुप्त =सुषुप्त

(ख) सु+स्वप्+क्तिन्>सु+स् उ अप्+ति>सु+सुप्+ति>सु+सुप्ति> सु+षुप्ति =सुषुप्ति

(१८१) गो र कु पूर्वपददेखि पर रहेको क प्रत्ययान्त स्थ उत्तरपदका आद्य सकारको षकार हुन्छ (पा.,अ.८।३।९७), जस्तै :

(क) गो+स्था+क> गो+स्थ> गो+ष्ठ> गोष्ठ+ङीप्> गोष्ठ+ई> गोष्ठ्+ई =गोष्ठी

(ख) कु+स्था+क> कु+स्थ> कु+ष्ठ =कुष्ठ, कुष्ठरोग

(१८२) चकार र छकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदको अन्तमा रहेका सकारको शकार हुन्छ (पा.,अ.८।४।४०), जस्तै :

(क) अन्तर्+चेतना> अन्त:+चेतना> अन्तस्+चेतना> अन्तश्+चेतना =अन्तश्चेतना

(ख) ज्योतिस्+चक्र> ज्योतिश्+चक्र =ज्योतिश्चक्र

(ग) दुस्+चरित्र> दुश्+चरित्र =दुश्चरित्र

(घ) दुस्+चेष्टा> दुश्+चेष्टा =दुश्चेष्टा

(ङ) दुस्+चक्र> दुश्+चक्र =दुश्चक्र

(च) निस्+चय> निश्+चय =निश्चय

(छ) निस्+चित> निश्+चित =निश्चित

(ज) पुनर्+च> पुन:+च> पुनस्+च> पुनश्+च =पुनश्च

(झ) पुरस्+चरण> पुरश्+चरण =पुरश्चरण

(ञ) मनस्+चिकित्सा> मनश्+चिकित्सा =मनश्चिकित्सा

(ट) निस्+छल्> निश्+छल =निश्छल

(ठ) शिरस्+छेदन> शिरश्+छेदन =शिरश्छेदन

२.४.३.२२ हकारको घ्, ढ्, ध् र प् नियम

संस्कृतमा धातुको आदि र अन्तमा, पूर्वपदको अन्तमा एवम् उत्तरपदको आदिमा रहेका हकारको घकार, झकार, ढकार, धकार, टकार, पकार र भकारमा परिवर्तनका लागि १५ नियमहरूको प्रवृत्ति भएको पाइन्छ। तीमध्ये नेपालीमा धातुको आदि र अन्तमा एवम् उत्तरपदको आदिमा रहेका हकारको घकार, ढकार, धकार र पकारमा परिवर्तनका लागि निम्नलिखित ६ नियमहरू (१८३–१८८) प्रवृत्त हुन्छन् :

(१८३) णिच् (इ) प्रत्यय पर भएमा रुह् धातुका अन्त्य हकारको पकार हुन्छ (पा.,अ.७।३।४३), जस्तै :

(क) रुह+णिच्> रुह्+इ> रुप्+इ> रोप्+इ> रोपि+ल्युट्> रोपि+अन>रोप्+अन>रोपन =रोपण, वृक्षरोपण

(ख) आ+रुह्+णिच्...> आरोपि+अच्> आरोप्+अ =आरोप

(ग) आ+रुह्+णिच्...> आरोपि+क्त> आरोपि+त =आरोपित

(१८४) घञ् (अ), ण्वुल् (अक) र णिनि (इन्) प्रत्यय पर भएमा हन् धातुका आद्य हकारको घकार हुन्छ (पा.,अ.७।३।५४), जस्तै :

(क) हन्+घञ्> हन्+अ> घन्+अ> घान्+अ> घात्+अ =घात

(ख) हन्+ण्वुल्>हन्+अक>घन्+अक> घान्+अक> घात्+अक =घातक

(ग) विश्वास+हन्+णिनि>विश्वास+हन्+इ>विश्वासघन्+इन्> विश्वासघान्+इन्>विश्वासघात्+इन्>विश्वासघातिन्+सु... =विश्वासघाती

(१८५) क्त (त) र क्तिन् (ति) प्रत्यय पर भएमा हकार अन्तमा हुने धातुका अन्त्य हकारको ढकार हुन्छ (पा.,अ.८।२।३१), जस्तै :

(क) गुह्+क्त> गुह्+त> गुढ्+त> गुढ्+ध> गुढ्+ध> गुढ्+ढ> गु+ढ> गू+ढ =गूढ

(ख) दृह्+क्त> दृह्+त> दृढ्+त> दृढ्+ध> दृढ्+ढ> दृ+ढ =दृढ

(ग) रुह्+क्त>रुह्+त>रुढ्+त>रुढ्+ध>रुढ्+ढ>रु+ढ>रू+ढ =रूढ

(घ) रुह्+क्तिन्>रुह्+ति>रुढ्+ति>रुढ्+धि>रुढ्+ढि>रु+ढि> रू+ढि =रूढि

(ङ) प्र+वह्+क्त> प्र+वह्+त> प्र+उ अह्+त> प्र+उह्+त>
प्र+उढ्+त>प्र+उढ्+ध>प्र+उढ्+ढ>प्र+उ+ढ>प्र+ऊढ=प्रौढ

(१८६) क्त (त) प्रत्यय पर भएमा दकार आदिमा हुने दह्, दिह् र दुह् धातुका अन्त्य हकारको घकार हुन्छ (पा.,अ.८।२।३२), जस्तै :

(क) दह्+क्त> दह्+त> दघ्+त> दघ्+ध> दग्+ध =दग्ध

(ख) सम्+दिह्+क्त> सम्+दिह्+त> सम्+दिघ्+त>
सम्+दिघ्+ध> सम्+दिग्+ध> सं+दिग्+ध> सन्+दिग्+ध
=सन्दिग्ध

(ग) दुह्+क्त>दुह्+त>दुघ्+त>दुघ्+ध>दुग्+ध =दुग्ध, दुग्धपान

(१८७) क्त (त) प्रत्यय पर भएमा मुह् र स्निह् धातुका अन्त्य हकारको घकार हुन्छ (पा.,अ.८।२।३३), जस्तै :

(क) मुह्+क्त> मुह्+त> मुघ्+त> मुघ्+ध> मुग्+ध =मुग्ध

(ख) स्निह्+क्त>स्निह्+त>स्निघ्+त>स्निघ्+ध>स्निग्+ध=स्निग्ध

(१८८) उद् र तद् पूर्वपदका अन्त्य दकारदेखि उत्तरवर्ती पदका आद्य हकारको धकार हुन्छ (पा.,अ.८।४।६२), जस्तै :

(क) तद्+हित> तद्+धित =तद्धित

(ख) उद्+हरण> उद्+धरण =उद्धरण

(ग) उद्+हार> उद्+धार =उद्धार

(घ) उद्+हृत> उद्+धृत =उद्धृत

(ङ) उद्+हव> उद्+धव =उद्धव

(च) उद्+हत> उद्+धत =उद्धत

यस प्रकार नेपालीमा प्रयुक्त संस्कृत शब्दमा व्यञ्जनवर्णको विकारका रूपमा कवर्ग र टवर्गको आआपनै वर्गमा, चवर्गको स्ववर्गका साथै ककार, गकार, शकार र षकारमा, तवर्गको स्ववर्गका अतिरिक्त आकार, ककार, चकार, जकार, ञकार, टकार, ठकार, डकार, णकार, रकार, लकार र वकारमा, पवर्गको स्ववर्गका साथै वकार र अनुस्वारमा, अन्त:स्थ वर्णको अन्त:स्थ वर्णका अतिरिक्त उकार र ऋकारमा तथा ऊष्म वर्णको ऊष्म वर्णका साथै घकार, छकार, डकार, ढकार, धकार, पकार र रकारमा परिवर्तन भएको देखिन्छ ।

२.४.४ खण्डेतर वर्णको विकार नियम

संस्कृतमा अनुस्वार (ं), विसर्ग (ः) आदि खण्डेतर वर्णहरूलाई अयोगवाह मानिन्छ। संस्कृतमा झैं नेपालीमा पनि खण्डेतर वर्णहरूमध्ये अनुस्वार र विसर्गको मात्र परिवर्तन हुने भएकाले नेपालीमा प्रयुक्त खण्डेतर वर्णका विकारनियमलाई खण्डेतर वर्णका आधारमा अनुस्वारको विकारनियम र विसर्गको विकारनियम गरी मुख्यत: दुई प्रकारमा विभाजन गर्न सकिन्छ।

२.४.४.१ अनुस्वारको ङ्, ञ्, न् र म् नियम

संस्कृतमा एउटै पदमा र पूर्वपदको अन्तमा रहेका अनुस्वारको ङकार, ञकार, णकार, नकार, मकार, यँकार, लँकार र वँकारमा परिवर्तनका लागि २ नियमहरू प्रवृत्त भएका पाइन्छन्। तीमध्ये नेपालीमा धातु र पूर्वपदको अन्तमा रहेका अनुस्वारको ङकार, ञकार, नकार र मकारमा परिवर्तनका लागि निम्नानुसारका २ नियमहरू (१८९–१९०)प्रवृत्त हुन्छन् :

(१८९) क्त (त), क्तिन् (ति), तृच् (तृ), तव्यत् (तव्य) र ख प्रत्यय पर भएमा धातुको अन्त्य मकारसम्बन्धी अनुस्वारका स्थानमा उत्तरवर्ती खकार र तकारका परसवर्णी ङकार र नकार हुन्छन् (पा.,अ.८।४।५८), जस्तै :

(क) आ+क्रम्+क्त> आक्रम्+त> आक्राम्+त> आक्रां+त> आक्रान्+त =आक्रान्त

(ख) क्रम्+क्तिन्> क्रम्+ति> क्राम्+ति> क्रां+ति> क्रान्+ति =क्रान्ति

(ग) गम्+तव्यत्> गम्+तव्य> गं+तव्य> गन्+तव्य =गन्तव्य

(घ) भ्रम्+क्त> भ्रम्+त> भ्राम्+त> भ्रां+त> भ्रान्+त =भ्रान्त, दिग्भ्रान्त ['दिग्भ्रमित' अनुपयुक्त]

(ङ) भ्रम्+क्तिन्>भ्रम्+ति>भ्राम्+ति> भ्रां+ति> भ्रान्+ति =भ्रान्ति

(च) नि+यम्+तृच्> नियम्+तृ> नियं+तृ> नियन्+तृ> नियन्तृ+सु...=नियन्ता

(छ) शम्+क्त> शम्+त> शाम्+त> शां+त> शान्+त =शान्त

(ज) शम्+क्तिन्>शम्+ति>शाम्+ति>शां+ति>शान्+ति =शान्ति

(झ) शम्+ख> शं+ख> शङ्+ख =शङ्ख

(१९०) कवर्ग, चवर्ग, तवर्ग र पवर्ग आदिमा हुने उत्तरपद पर भएमा सम्, शम्, किम्, कथम् आदि पूर्वपदका मकारसम्बन्धी अन्तिम अनुस्वारका स्थानमा विकल्पले उत्तरवर्ती वर्गीय वर्णका आधारमा आ-आफ्नै वर्गका पञ्चम वर्ण ङकार, ञकार, नकार र मकारको परिवर्तन हुन्छ (पा.,अ.८।४।५९)। परसवर्णात्मक परिवर्तन हुने वर्णका आधारमा यस नियमका ४ उपभेदहरू देखिन्छन्, जस्तै :

(१९०.१) **अनुस्वार (ं)>ङ्** :

(क) सम्+कुचित> सं+कुचित> सङ्+कुचित =सङ्कुचित

(ख) सम्+ख्या> सं+ख्या> सङ्+ख्या =सङ्ख्या

(ग) सम्+गठन> सं+गठन> सङ्+गठन =सङ्गठन

(घ) सम्+घर्ष> सं+घर्ष> सङ्+घर्ष =सङ्घर्ष

(ङ) शम्+कर> शं+कर> शङ्+कर =शङ्कर

माथिका उदाहरण (क)–(घ) मा भै ङकारभिन्न कवर्ग आदिमा हुने उत्तरपदका आधारमा सम् पूर्वपदका अन्त्य अनुस्वारको ङकार भएका अन्य शब्दहरू यस प्रकार छन् :

सङ्कट	सङ्कटा	सङ्कर	सङ्कर्षण	सङ्कलक
सङ्कलन	सङ्कलित	सङ्कल्पित	सङ्कीर्ण	सङ्कीर्तन
सङ्केत	सङ्कोच	सङ्क्रमण	सङ्क्षिप्त	सङ्क्षेप
सङ्ख्येय	सङ्ग	सङ्गत	सङ्गीत	सङ्गृहीत
सङ्ग्रह	सङ्ग्राम	सङ्घ	सङ्घर्षरत	सङ्घात

सङ्घीय आदि।

(१९०.२) **अनुस्वार (ं)>ञ्** :

(क) सम्+चारिका> सं+चारिका> सञ्+चारिका =सञ्चारिका

(ख) सम्+जय> सं+जय> सञ् +जय =सञ्जय

(ग) कथम्+चिद्> कथं+चिद्> कथञ्+चिद् =कथञ्चिद्

(घ) किम्+चिद्> किं+चिद्> किञ्+चिद् =किञ्चिद्

माथिका उदाहरण (क)–(ख) मा भै उत्तरपदाद्य चकार र जकारलाई आधार मानेर अनुस्वारको परसवर्णी ञकार भएका यस शब्दहरू निम्नलिखित छन् :

सञ्चय	सञ्चरण	सञ्चालन	सञ्चित	सञ्चालक
सञ्चारी	सञ्चालित	सञ्जीवनी आदि।		

(१९०.३) अनुस्वार (ं)>न् :

(क) सम्+तोष> सं+तोष> सन्+तोष =सन्तोष

(ख) सम्+दिग्ध> सं+दिग्ध> सन्+दिग्ध =सन्दिग्ध

(ग) सम्+धि> सं+धि> सन्+धि =सन्धि

(घ) सम्+निकट> सं+निकट> सन्+निकट =सन्निकट

माथिका उदाहरण (क)–(घ) मा भै थकारभिन्न तवर्गलाई निमित्त मानेर अनुस्वारको परसवर्णी नकार भएका अन्य शब्दहरू यस प्रकार छन् :

सन्तान	सन्तति	सन्तप्त	सन्ताप	सन्तुष्ट
सन्त्रस्त	सन्त्रास	सन्दर्भ	सन्दीप्त	सन्देश
सन्देह	सन्धान	सन्निपात	सन्न्यास	सन्निविष्ट
सन्निवेश	सन्निहित आदि ।			

(१९०.४) अनुस्वार (ं)>म् :

(क) सम्+पन्न> सं+पन्न> सम्+पन्न =सम्पन्न

(ख) सम्+बद्ध> सं+बद्ध> सम्+बद्ध =सम्बद्ध

(ग) सम्+भव> सं+भव> सम्+भव =सम्भव

(घ) सम्+मत> सं+मत> सम्+मत =सम्मत

माथिका उदाहरण (क)–(घ) मा भै फकारभिन्न पवर्ग आदिमा हुने उत्तरपदका आधारमा अनुस्वारको मकार भएका थप शब्दहरू यस प्रकार छन् :

सम्पत्ति	सम्पदा	सम्परीक्षक	सम्परीक्षण	सम्पर्क
सम्पात	सम्पादक	सम्पादन	सम्पादित	सम्पुट
सम्पुष्टि	सम्प्रेषण	सम्बन्ध	सम्बुद्ध	सम्बोधन
सम्भरण	सम्भार	सम्भावना	सम्भावित	सम्भाव्य
सम्भाषण	सम्भोग	सम्भ्रम	सम्भ्रान्त	सम्मति
सम्मान	सम्मिलित	सम्मिश्रण	सम्मुख	सम्मेलन
सम्मोह आदि ।				

२.४.४.२ विसर्ग (:) को (:), स् र ष् नियम

संस्कृतमा पूर्वपद र प्रातिपदिकको अन्तमा रहेका विसर्गका स्थानमा षकार, सकार, जिह्वामूलीय विसर्ग, उपध्मानीय विसर्ग र सामान्य विसर्गको परिवर्तनका लागि २३ नियमहरू प्रवृत्त भएका देखिन्छन् । तीमध्ये नेपालीमा पूर्वपदको अन्तमा रहेका विसर्गको विसर्ग, सकार र षकारमा परिवर्तनका लागि निम्नलिखित ६ नियमहरू (१९१–१९६) प्रवृत्त हुन्छन् :

(१९१) ककार, चकार, तकार, शकार र सकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदको अन्तमा रहेका विसर्गको सकार हुन्छ (पा.,अ. ८।३।३४), जस्तै :

(क) यशः+कर> यशस्+कर =यशस्कर

(ख) अन्तः+चेतना>अन्तस्+चेतना>अन्तश्+चेतना=अन्तश्चेतना

(ग) नमः+ते> नमस्+ते =नमस्ते

(घ) निः+शुल्क> निस्+शुल्क =निश्शुल्क

(ङ) निः+सन्देह> निस्+सन्देह =निस्सन्देह

माथिका उदाहरण (क) र (ग) मा भै विसर्गको सकार भएका अन्य शब्दहरू यस प्रकार छन् :

नभः+तल =नभस्तल	निः+तेज =निस्तेज
श्रेयः+कर =श्रेयस्कर	यशः+कर=यशस्कर आदि ।

(१९२) शकार र सकार आदिमा हुने उत्तरपद पर भएमा पूर्वपदको अन्तमा रहेका विसर्गका स्थानमा विकल्पले विसर्ग नै हुन्छ (पा.,अ.८।३।३६), जस्तै :

(क) निः+शुल्क =निःशुल्क/निश्शुल्क

(ख) निः+सन्देह =निःसन्देह/निस्सन्देह

(ग) निः+सङ्कोच =निःसङ्कोच/निस्सङ्कोच

(घ) निः+सार =निःसार/निस्सार

(१९३) ककार आदिमा हुने प्रत्यय पर भएमा पदसंज्ञक प्रातिपदिकको अन्तमा रहेका विसर्गको सकार हुन्छ (पा.,अ.८।३।३८), जस्तै :

(क) वयः+कन्> वयस्+क =वयस्क

(ख) वर्चः+कन्> वर्चस्+क =वर्चस्क ['वर्चस्व' अनुपयुक्त]

(ग) अन्यमनः+कप्> अन्यमनस्+क =अन्यमनस्क

(१९४) ककार आदिमा हुने उत्तरपद पर भएमा नमस् र पुरस् पूर्वपदको अन्तमा रहेका विसर्गको सकार हुन्छ (पा.,अ.८।३।४०), जस्तै :

(क) नमः+कार> नमस्+कार =नमस्कार

(ख) पुरः+कार> पुरस्+कार =पुरस्कार

(ग) पुरः+कृत> पुरस्+कृत =पुरस्कृत

(१९५) ककार र पकार आदिमा हुने उत्तरपद र मतुप् (मत्) प्रत्यय पर भएमा इकार र उकार उपान्तमा हुने पूर्वपद र पदसंज्ञक आयुस् प्रातिपदिकको अन्तमा रहेका विसर्गको षकार हुन्छ (पा.,अ.८।३।४१), जस्तै :

(क) निः+कर्ष> निष्+कर्ष =निष्कर्ष

(ख) दुः+कर्म> दुष्+कर्म =दुष्कर्म

(ग) आयुस्+मतुप्...> आयुः+मान्> आयुष्+मान् =आयुष्मान्

माथिका उदाहरण (क)–(ख) मा झैं पूर्वपदान्त विसर्गको षकार भएका थप शब्दहरू निम्नलिखित छन् :

निः+कपट=निष्कपट	निः+क्रिय=निष्क्रिय
निः+पन्न=निष्पन्न	निः+प्रभ=निष्प्रभ
निः+फल=निष्फल	निः+पत्ति=निष्पत्ति
निः+पक्ष=निष्पक्ष	निः+पादन=निष्पादन
निः+कासन=निष्कासन	निः+कासित=निष्कासित
निः+कलङ्क=निष्कलङ्क	निः+पाप=निष्पाप
बहिः+कार=बहिष्कार	दुः+कृत=दुष्कृत
दुः+प्रभाव=दुष्प्रभाव	धनुः+टङ्कार=धनुष्टङ्कार

(१९६) ककार आदिमा हुने उत्तरपद पर भएमा तिरस् पूर्वपदको अन्तमा रहेका विसर्गको सकार हुन्छ (पा.,अ.८।३।४२), जस्तै :

(क) तिरः+कार> तिरस्+कार =तिरस्कार

(ख) तिरः+कृत> तिरस्+कृत =तिरस्कृत

यस प्रकार नेपालीमा प्रयुक्त संस्कृत शब्दमा खण्डेतर (अयोगवाह) वर्णको विकारका रूपमा अनुस्वारको नासिक्य व्यञ्जन ङकार, ञकार, नकार र मकारमा तथा विसर्गको विसर्गका साथै षकार र सकारमा मात्र परिवर्तन भएको भेटिन्छ ।

❐ ❐

प्राकृत सन्धिनियम

३.१ विषय-प्रवेश

यस अध्यायमा नेपालीमा प्रयुक्त प्राकृत (तद्भव) शब्दको निर्माणप्रक्रियाका क्रममा प्रवृत्त हुने लोपसन्धि, आगमसन्धि, वर्णविकारसन्धि र वर्णव्यत्ययसन्धिका प्रमुख नियमहरूको सोदाहरण चर्चा गरिएको छ ।

३.२ प्राकृतका लोपसन्धि नियम

प्राकृतमा संस्कृतका पदादि स्वरवर्ण र अनुस्वारको तथा पदमध्य, पदान्त, धात्वन्त, संयुक्तादि, संयुक्तान्त र असंयुक्त व्यञ्जनवर्णको लोपका लागि ३० नियमहरू प्रवृत्त भएका पाइन्छन् (हे.,सि.है.श. ८।१।१०, ११, १३–१५, २८, २९, ४०, ४१, ६६, १७७, १७८, २६६–२७१, ८।२।७७–८८) । तीमध्ये नेपालीमा पदादि स्वरवर्णको एवम् पदान्त, पदमध्य र धात्वन्त व्यञ्जनवर्ण र अनुस्वारको लोपका लागि १२ नियमहरूको प्रवृत्ति हुन्छ । त्यसमध्ये नियम (१) लाई स्वरवर्णको लोपनियम, नियम (२–११) लाई व्यञ्जनवर्णको लोपनियम र नियम (१२) लाई खण्डेतरवर्ण (अनुस्वार) को लोपनियम मान्न सकिन्छ ।

(१) पूर्वपददेखि उत्तरवर्ती इति शब्दका इकारको लोप हुन्छ (पूर्ववत् ८।१।४२), जस्तै :

(क) सं. किम् इति> प्रा. किं ति> ने. कति

(ख) सं. यद् इति> प्रा. जं ति> ने. जति

(२) हलन्त शब्दका अन्त्य व्यञ्जनवर्णको लोप हुन्छ (पूर्ववत् ८।१।११) जस्तै :

(क) सं. यशस्> प्रा. जस>जसा> ने. जस> अपजस> औजस

(ख) सं. कर्मन्> प्रा. कम>कम्म> ने. काम

(ग) सं. तावत्> प्रा. ताव> ने. तब
(घ) सं. यावत्> प्रा. जाव> ने. जब
(ङ) सं. विद्युत्> प्रा. विज्जु>विज्जू...> ने. बिजुली
(च) सं. कस्यचित्> प्रा. कासइ> ने. कसै

(३) स्वरवर्णदेखि पर रहेका अनादि र असंयुक्त क, ग, च, ज, त, द, य एवम् प्-को प्राय: लोप हुन्छ (पूर्ववत् ८।१।१७७), जस्तै :
(क) सं. वर्तिका> प्रा. वत्तिआ> ने. बत्ती
(ख) सं. आकुल> प्रा. आउलो> ने. अउलो (कथ्य)/ औलो (लेख्य)
(ग) सं. दारुक> प्रा. दारुओ> ने. दाउरो
(घ) सूची> प्रा. सूई> ने. सुई, सुइरो
(ङ) कतिपयम्> प्रा. कइयवं> ने. कइयौं (कथ्य)/कैयौं (लेख्य)
(च) सं. चतुर्गुण> प्रा. चउग्गुणो> ने. चौगुना
(छ) सं. चतुर्थ> प्रा. चउत्थो> ने. चौथो
(ज) सं. चतुर्थी> प्रा. चउत्थी> ने. चौथी
(झ) सं. चतुर्दश> प्रा. चउदह> ने. चौध
(ञ) सं. निद्रातुर> प्रा. निद्दाउरो> ने. निदाउरो
(ट) सं. पदयात्रा> प्रा. पअयत्तो> ने. पाइतो
(ठ) सं. कपिल> प्रा. कइल> ने. कइलो (कथ्य)/कैलो (लेख्य)
(ड) सं. दीप> प्रा. दीओ> ने. दीयो
(ढ) सं. कोपि> प्रा. कोइ> ने. कोइ (कथ्य)/कोही (लेख्य)

(४) संस्कृत शब्दमा रहेका संयुक्त आद्य क, ग, ट, ड, त, द, प, श, ष एवम् स्-को लोप हुन्छ (पूर्ववत् ८।२।७७), जस्तै :
(क) सं. क्लेद> प्रा. लेदो> ने. लेदो
(ख) सं. कट्फल> प्रा. कफल>कप्फल> ने. काफल
(ग) सं. भक्त> प्रा. भत>भत्त> ने. भात
(घ) सं. दुग्ध> प्रा. दुध>दुद्ध>दुद्ध> ने. दूध
(ङ) सं. गोष्ठ> प्रा. गोठ>गोठ्ठ>गोट्ठ> ने. गोठ
(च) सं. काष्ठ> प्रा. काठ> ने. काठ
(छ) सं. ज्येष्ठ> प्रा. जेट्ठो> ने. जेठो, जेठ
(ज) सं. वाद्य> प्रा. वाज> ने. बाजा
(झ) सं. हस्त> प्रा. हत्त> ने. हात

(ञ) सं. खड्ग> प्रा. खग्गा> ने. खाग
(ट) सं. षष्ठ> प्रा. छट्ठा> ने. छठ/छैटौं
(ठ) सं. निष्ठुर> प्रा. निट्ठुरो> ने. निठूरो> निठुरो
(ड) सं. छद्म> प्रा. छम्म> ने. छाम, छलछाम
(ढ) सं. तिक्त> प्रा. तित> तित्त> ने. तीतो
(ण) सं. सक्तु> प्रा. सत्तु> ने. सातु
(त) सं. रिक्त> प्रा. रित्त> ने. रित्तो
(थ) सं. जुष्ट> प्रा. जुठ>जुट्ठ> ने. जूठो
(द) सं. पुष्ट> प्रा. पुठ>पुट्ठ> ने. पूठो
(ध) सं. मुष्ट> प्रा. मुठ>मुट्ठ> ने. मूठो
(न) सं. षष्ठी> प्रा. सठी>सट्ठी> ने. साठी

प्राकृतमा संस्कृत शब्दको आदिमा नरहेका, दीर्घ र अनुस्वारदेखि अनुत्तरवर्ती एवम् रकार र हकारलाई छाडेर लोप भई शेष रहेका र परिवर्तित वर्णको द्वित्व हुने तथा द्वितीय र चतुर्थ व्यञ्जन वर्णको द्वित्वका प्रसङ्गमा ती वर्णको अगाडि क्रमश: प्रथम र तृतीय व्यञ्जन वर्ण हुने (लक्ष>लक्ख, दुग्ध>दुद्ध) व्यवस्था छ (पूर्ववत् ८।२।८९–९०)। तदनुसार माथिको उदाहरण (घ) मा 'दुग्ध' शब्दका आद्य गकारको लोप भएपछि शेष रहेको धकारको द्वित्व हुँदा 'दुध्ध' र चतुर्थ व्यञ्जनवर्ण धकारको द्वित्वका प्रसङ्गमा धकारको अगाडि सवर्गीय तृतीय व्यञ्जनवर्ण दकारको प्रयोग भएको हो भने नेपालीमा त्यही दकारको लोप हुँदा क्षतिपूर्ति दीर्घीभवनको मान्यताका आधारमा उकारको दीर्घ भई 'दूध' शब्द व्युत्पन्न भएको हो।

(५) संस्कृत शब्दमा रहेका संयुक्त अन्त्य म्, न् एवम् य्-को लोप हुन्छ (पूर्ववत् ८।२।७८), जस्तै :
(क) सं. भस्म> प्रा. भस्स > ने. भास
(ख) सं. लग्न> प्रा. लग>लग्गो> ने. लागो
(ग) सं. नग्न> प्रा. नग>नग्गा> ने. नागो/नागा
(घ) सं. योग्य> प्रा. जोग>जोग्गा> ने. जोग्गे/योग्य
(ङ) सं. कुल्या> प्रा. कुल्ला> ने. कुल्ला
(च) सं. कल्य> प्रा. कल्ल> ने. काल, आजकाल

(६) संस्कृत शब्दमा रहेका संयुक्त आद्य वा अन्त्य ल्, व्, व् एवम् र् को लोप हुन्छ (पूर्ववत् ८।२।७९, ८८), जस्तै :

ब् लोप : (क) सं. अम्बा> प्रा. अम्मा> ने. आमा
(ख) सं. शिम्बी> प्रा. सिम्मी> ने. सीमी

व् लोप : (क) सं. पक्व> प्रा. पक>पक्को> ने. पाको
(ख) सं. खट्वा> प्रा. खट्टा> ने. खाट
(ग) सं. ध्वज> प्रा. धओ> ने. धजो
(घ) सं. द्वार> प्रा. दार> ने. दार
(ङ) सं. सत्त्व> प्रा. सत्तो> ने. सातो

र् लोप : (क) सं. अर्क> प्रा. अक>अक्को> ने. आक
(ख) सं. कर्मन्> प्रा. कर्म>कम>कम्म> ने. काम
(ग) सं. भ्रमर> प्रा. भमरो> ने. भमरो/भँवरो
(घ) सं. मित्र> प्रा. मित>मित्त> ने. मीत
(ङ) सं. वर्तिका> प्रा. वत्तिआ> ने. बत्ती
(च) सं. चतुर्थ> प्रा. चउत्था> ने. चौथो
(छ) सं. चतुर्थी> प्रा. चउत्थी> ने. चौथी
(ज) सं. रात्रि> प्रा. रत्ती> ने. राती
(झ) सं. सर्व> प्रा. सव्व> ने. सब/सबै
(ञ) सं. चक्र> प्रा. चक्क> ने. चाको
(ट) सं. दीर्घ> प्रा. दिग्घो> ने. दीगो विकास
(ठ) सं. श्रु> प्रा. सुण> ने. सुन्, सुन्नु
(ड) सं. अर्ध> प्रा. अद्ध> ने. आधा
(ढ) सं. कर्ण> प्रा. कण्ण> ने. कान
(ण) सं. कर्मी> प्रा. कम्मी> ने. कामी
(त) सं. जीर्ण> प्रा. जिण्ण> ने. जीनो
(थ) सं. त्रीर्णि> प्रा. तिण्णि> ने. तीन
(द) सं. अपुत्र> प्रा. अपुत>अपुत्तो> ने. अपूतो>अपुतो
(ध) सं. सूत्र> प्रा. सुत्ते> ने. सूत (धागो, पाँचसूते बत्ती)
(न) सं. छत्र> प्रा. छत्त> ने. छाता
(प) सं. चैत्र> प्रा. चइत्तो> ने. चइतो>चइत>चैत
(फ) सं. पदयात्रा> प्रा. पअयत्तो> ने. पाइतो
(ब) सं. ग्रन्थी> प्रा. गँठ्ठी> ने. गाँठी
(भ) सं. यन्त्र> प्रा. जँत्तो> ने. जाँतो

(म) सं. श्रावण> प्रा. सावणो> ने. साउनो> साउन
(य) सं.मार्गशीर्ष> प्रा.मग्गसिरो> ने.मङ्सिरो>मङ्सिर
(र) सं. निद्रातुर> प्रा. निद्दाउरो> ने. निदाउरो

ल् लोप : (क) सं. वल्कल> प्रा. वक्कल>वक्कल> ने. बाकल
(ख) सं. शिल्प> प्रा. सिप्प> ने. सीप
(ग) सं. फल्गुनी> प्रा. फग्गुनो> ने. फागुनो>फागुन

(७) चन्द्र, चन्द्रक, चन्द्रिका र धात्री शब्दका रकारको लोप हुन्छ (पूर्ववत् ८।२।८०–८१), जस्तै :
(क) सं. चन्द्र> प्रा. चंदो> ने. चाँदो
(ख) सं. चन्द्रक> प्रा. चंदअ> ने. चाँद
(ग) सं. चन्द्रिका> प्रा. चंदिआ> ने. चाँदी
(घ) सं. धात्री> प्रा. धाई> ने. धाई, धाई आमा

(८) तीक्ष्ण शब्दका णकारको लोप हुन्छ (पूर्ववत् ८।२।८२), जस्तै :
(क) सं. तीक्ष्ण> प्रा. तीख्ख> ने. तीखो

(९) ज्ञान शब्दको संयुक्त ज्ञसम्बन्धी ञकारको लोप हुन्छ (पूर्ववत् ८।२।८२), जस्तै :
(क) सं. ज्ञान> प्रा. जान> ने. जान, अनजान

(१०) श्मशान शब्दका आद्य शकारको लोप हुन्छ (पूर्ववत् ८।२।८६), जस्तै :
(क) सं. श्मशान> प्रा. मसाण> ने. मसान

(११) खाद् धातुका दकारको लोप हुन्छ (पूर्ववत् ८।४।२२८), जस्तै :
(क) सं. खाद्> प्रा. खा> ने. खा, खानु

(१२) विंशति, त्रिंशत्, चत्वारिंशत्, मांसल आदि शब्दका अनुस्वार (ं) को लोप हुन्छ (पूर्ववत् ८।१।२८, २९), जस्तै :
(क) सं. विंशति> प्रा. वीसा> ने. बीस
(ख) सं. सप्तविंशति> प्रा. सत्तावीसा> ने. सत्ताईस
(ग) सं. त्रिंशत्> प्रा. तीसा> ने. तीस
(घ) सं. चत्वारिंशत्> प्रा. चत्तारीसा> ने. चालीस
(ङ) सं. मांसल> प्रा. मंसल> ने. मसल

यस प्रकार नेपालीमा प्रयुक्त प्राकृत शब्दमा संस्कृत शब्दका आद्य इकारको, अनुस्वारको तथा वर्गीय प्रथम क्, च्, ट्, त्, प्, तृतीय ग्, ज्, ड्, द्, ब्, पञ्चम ङ्, ण्, न्, म्, अन्तःस्थसंज्ञक य्, र्, ल्, व् एवम् ऊष्मसंज्ञक श्, ष् र स्-को लोपका लागि १२ नियमहरू प्रवृत्त भएका पाइन्छन्। त्यसमध्ये अनादि असंयुक्त जकार, दकार र यकारको एवम् संयुक्त आद्य पकार र शकारको लोप भएका उदाहरणहरू नेपालीमा अन्वेषणीय देखिन्छन्। इकारलोप र अनुस्वारलोपका लागि प्रवृत्त एक एक नियमका आधारमा स्वरवर्णलोप र खण्डेतर वर्णलोपको अस्तित्व पाइए पनि व्यञ्जनवर्णको लोप नै नेपालीमा प्रयुक्त प्राकृत शब्दका लोपनियमहरूको प्रमुख विशेषता मान्न सकिन्छ। त्यसमा पनि वर्गीय द्वितीय ख्, छ्, ठ्, थ्, फ् र चतुर्थ झ्, भ्, घ्, ढ्, ध् एवम् ङकार र हकारको लोप नै नहुनु मूल प्राकृत शब्दकै विशेषता भएकाले नेपालीमा प्रयुक्त प्राकृत शब्दमा यिनको लोप अप्रवृत्त भएको हो।

३.३ प्राकृतका आगमसन्धि नियम

प्राकृतमा संस्कृतका व्यञ्जनसंयुक्त पदको बीचमा अकार, इकार, ईकार र उकारको एवम् अनुस्वारको; व्यञ्जनान्त र अकारभिन्न स्वरान्त धातुको अन्तमा अकारको तथा इवर्ण र उवर्ण अन्तमा हुने एकाक्षरी धातुको अन्तमा णकार, वकार र मकारको आगमका लागि २३ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।२६, २७, ३०, ८।२।१००–११४, ८।४।२३९–२४३)। तीमध्ये नेपालीमा व्यञ्जनसंयुक्त पदको बीचमा इकार, उकार र अनुस्वारको एवम् स्वरान्त 'श्रु' धातुको अन्तमा णकारको आगमका लागि नियमहरू (१३–१६) प्रवृत्त हुन्छन्। तीमध्ये पहिलो नियम (१३) र दोस्रो नियम (१४) लाई स्वरागम, तेस्रो नियम (१५) लाई व्यञ्जनागम र चौथो नियम (१६) लाई अनुस्वारागमका रूपमा वर्गीकरण गर्न सकिन्छ।

(१३) श्री र क्रिया शब्दमा क्रमशः आद्य शकार र मध्य रकारपछि तथा शुक्ल, श्लोक र अम्ल शब्दमा लकारदेखि अगाडि इकारको आगम हुन्छ (पूर्ववत् ८।२।१०४, १०६), जस्तै :

(क) सं. श्री> प्रा. सिरी> ने. सिरी (सिरी सम्पति)

(ख) सं. क्रिया> प्रा. किरिआ> ने. किरिया

(ग) सं. शुक्ल> प्रा. सुक्किल> ने. सुकिलो

(घ) सं. श्लोक> प्रा. सिलोआ> ने. सिलोक

(ङ) सं. अम्ल> प्रा. अम्बिल> ने. अमिलो

(१४) द्वार शब्दका दकारपछि उकारको आगम हुन्छ (पूर्ववत् ८।२।११२), जस्तै :

(क) सं. द्वार> प्रा. दुवार> ने. दुवार/दार

(१५) श्रु धातुको अन्तमा णकारको आगम हुन्छ (पूर्ववत् ८।४।२४१), जस्तै :

(क) सं. श्रु> प्रा. सुण> ने.सुन्, सुन्नु

(१६) अश्रु र वक्र शब्दका आद्य अकारपछि अनुस्वार (ं) को आगम हुन्छ (पूर्ववत् ८।१।२६), जस्तै :

(क) सं. अश्रु> प्रा. अंसू> ने. आंसु

(ख) सं. वक्र> प्रा. वंक> ने. बाङ्गो

यस प्रकार नेपालीमा प्रयुक्त प्राकृत शब्दमा स्वर, व्यञ्जन र अनुस्वारको आगमका लागि प्रवृत्त उपर्युक्त चार नियमहरूले व्यञ्जनागम र अनुस्वारागमको तुलनामा स्वरागमको बाहुल्यलाई पुष्टि गर्दछन् । त्यसमा पनि आद्य स्वरागमभन्दा मध्यस्वरागमको प्रवृत्ति प्राकृत शब्दको मुख्य विशेषता हो, जसलाई मौलिक नेपाली शब्दले पनि आत्मसात् गर्दै आएको देखिन्छ ।

३.४ प्राकृतका वर्णविकार सन्धिनियम

संस्कृतमा अयोगवाह (खण्डेतर) वर्णमध्ये अनुस्वार (ं) र विसर्ग (:) को परिवर्तन भएको पाइए पनि प्राकृतमा विसर्गको प्रयोग नै नहुने भएकाले संस्कृतको विसर्गलाई ओकारमा परिवर्तन गर्ने एउटा नियममात्र प्राकृतमा भेटिन्छ (पूर्ववत् ८।१।३७), जुन नियम नेपालीमा प्रयुक्त प्राकृत शब्दमा प्रत्यक्ष रूपमा प्रवृत्त भएको नदेखिए पनि नेपालीमा प्रयुक्त कालो, नीलो, हरियो आदि अधिकांश ओकारान्त शब्दहरूमा त्यही नियमका आधारमा अन्त्य ओकारको अस्तित्व स्वीकृत हुन पुगेको हो । प्राकृत शब्दमा अनुस्वारको प्रयोग भएको पाइन्छ र अनुस्वारको सवर्गीय पञ्चम वर्णमा परिवर्तनका लागि एउटा नियम प्रवृत्त भएको पाइन्छ (पूर्ववत् ८।१।३७), जुन नियम संस्कृतको अनुस्वार विकारसम्बन्धी नियम (१९०) भन्दा पृथक् देखिदैन । त्यसैले नेपालीमा प्रयुक्त प्राकृतका वर्णविकारसम्बन्धी नियमलाई स्वरवर्णको विकारनियम र व्यञ्जनवर्णको विकारनियम गरी मुख्यत: दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

३.४.१ स्वरवर्णको विकारनियम

प्राकृतमा स्वरवर्णका विकारसम्बन्धी नियमहरू मुख्यत: एक स्वरवर्णकै परिवर्तनमा प्रवृत्त भएका देखिन्छन् तापनि व्यञ्जनयुक्त द्विस्वरको विकारका लागि केही नियमहरूको अध्ययन प्राकृत व्याकरणमा भएको पाइएकाले नेपालीमा प्रयुक्त प्राकृतका एक स्वरवर्ण विकारसम्बन्धी नियमहरूलाई पनि संस्कृतका नियमहरू झैं एक स्वरवर्ण विकारनियम र द्विस्वरवर्ण विकारनियम गरी दुई प्रकारमा विभाजन गर्न उपयुक्त देखिन्छ ।

३.४.१.१ एक स्वरवर्णको विकारनियम

प्राकृतको वर्णमालामा संस्कृतका ऋ, ॠ र ऌ स्वरवर्णहरू भेटिँदैनन् । ऐ र औ स्वरको पनि अस्तित्व स्वीकार्ने पक्षमा प्राकृतमा मतभेद देखिएकाले प्राकृतमा संस्कृत शब्दमा विद्यमान एक स्वरवर्णको विकार हुँदा ऋ, ॠ, ऌ, ऐ र औ-मा परिवर्तन हुन असम्भव भएको हो । संस्कृतका अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ए, ओ, ऐ र औ १३ स्वरवर्णमध्ये प्राकृतमा संस्कृत शब्दमा विद्यमान दीर्घ ऋकारबाहेकका १२ स्वरवर्णको परिवर्तन भएको पाइन्छ । तीमध्ये नेपालीमा प्रयुक्त प्राकृत शब्दमा ऌकार, एकार र ओकारबाहेकका ९ स्वरवर्णको परिवर्तन भएको देखिएकाले नेपालीमा प्रयुक्त प्राकृत शब्दका एक स्वरवर्ण विकारसम्बन्धी नियमहरूलाई विकारी वर्णका आधारमा मुख्यत: ९ प्रकारमा विभाजन गर्न सकिन्छ ।

३.४.१.१.१ अकारको आ, इ र ए नियम

प्राकृतमा संस्कृत शब्दको आदिमा रहेका अकारको आकार, इकार, ईकार, उकार, एकार र ओकार स्वरवर्णमा एवम् आइ द्विस्वरवर्णमा परिवर्तनका लागि २२ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।४३–६५) । तीमध्ये नेपालीमा अकारको आकार, इकार र एकारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (९७–९९) को प्रवृत्ति हुन्छ :

(९७) हकार पर भएमा दक्षिण शब्दका आद्य अकारको आकार हुन्छ (पूर्ववत् ८।१।४५), जस्तै :

(क) सं. दक्षिण> प्रा. दाहिणो> ने. दाहिनो/दक्खिन

(९८) क्षण् र ललाट शब्दका आद्य अकारको एवम् सप्तपर्ण शब्दका द्वितीय अकारको इकार हुन्छ (पूर्ववत् ८।१।४६, ४७, ४९), जस्तै :

(क) सं. क्षण> प्रा. छिण> ने. छिन

(ख) सं. ललाट> प्रा. णिडाल> ने. निधार

(ग) सं. सप्तपर्ण> प्रा. छत्तिवण्णो> ने. छत्तिउन

(१९) शय्या र उत्कर शब्दका आद्य अकारको एकार हुन्छ (पूर्ववत् ८।१।५७, ५८), जस्तै :

(क) सं. शय्या> प्रा. सेज्जा> ने. सेज्जे दान ।

(ख) सं. उत्कर> प्रा. उक्केरो> ने. उकेरो लगाउने ।

३.४.१.१.२ आकारको अ नियम

प्राकृतमा संस्कृत शब्दका आद्य आकारको अकार, इकार, ईकार, उकार, ऊकार, एकार र ओकारमा परिवर्तनका लागि १८ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।६७–८४) । तीमध्ये नेपालीमा आकारको अकारमा परिवर्तनका लागि निम्नलिखित ५ नियमहरू (२०–२४) प्रवृत्त हुन्छन् :

(२०) हालिक शब्दका आद्य आकारको अकार हुन्छ (पूर्ववत् ८।१।६७), जस्तै :

(क) सं. हालिक> प्रा. हलिओ> ने. हली

(२१) संस्कृतको घञ् (अ) प्रत्ययलाई आधार मानेर भएको वृद्धिरूप आकारका स्थानमा अकार हुन्छ (पूर्ववत् ८।१।६८), जस्तै :

(क) सं. प्रहार> प्रा. पहरो> ने. पहरो (लहरो तान्दा पहरो गर्जन्छ)

(ख) सं. विरहाग्नि> प्रा. विरहग्गी> ने. विरही

(२२) महाराष्ट्र शब्दका आकारको अकार हुन्छ (पूर्ववत् ८।१।६९), जस्तै :

(क) सं. महाराष्ट्र> प्रा. मरहट्ठ> ने. मरहट्ठा (नेपाली थर)

(२३) अनुस्वार रहेको अवस्थामा मांस शब्दका आद्य आकारको अकार हुन्छ (पूर्ववत् ८।१।७०), जस्तै :

(क) सं. मांस> प्रा. मंस> ने. मंस/मासु

(२४) संयोग पर भएमा दीर्घ आकारको ह्रस्व अकार हुन्छ (पूर्ववत् ८।१।८४), जस्तै :

(क) सं. आस्य> प्रा. अस्स> ने. आस (अर्कालाको आस नित्य उपवास)

(ख) सं. कार्य> प्रा. कज्ज> ने. काज

३.४.१.१.३ इकारको अ, ई र उ नियम

प्राकृतमा संस्कृत शब्दको आदिमा रहेका ह्रस्व इकारको अकार, ईकार, उकार, एकार र ओकारमा परिवर्तनका लागि १६ नियमहरू प्रवृत्त भएका भेटिन्छन् (पूर्ववत् ८।१।४३, ८४–९८)। तीमध्ये नेपालीमा इकारको अकार, ईकार र उकारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (२५–२७) को प्रवृत्ति हुन्छ :

(२५) तित्तिरि शब्दका अन्त्य इकारको अकार हुन्छ (पूर्ववत् ८।१।९०), जस्तै :

(क) सं. तित्तिरि> प्रा. तित्तिर>तित्तिरो> ने. तित्रो

(२६) त्रिंशत् र विंशति शब्दका आद्य इकारको दीर्घ ईकार हुन्छ (पूर्ववत् ८।१।९२), जस्तै :

(क) सं. त्रिंशत्> प्रा. तीसा> ने. तीस

(ख) सं. विंशति> प्रा. वीसा> ने. बीस

(२७) द्वि, इक्षु र कृ धातुसँग प्रयुक्त द्विधा शब्दका आद्य इकारको उकार हुन्छ (पूर्ववत् ८।१।९४, ९५, ९७), जस्तै :

(क) सं. द्वितीय> प्रा. दुइओ> ने. दुई

(ख) सं. द्विविधा> प्रा. दुवहा> ने. दुविधा

(ग) सं. इक्षु> प्रा. उच्छू> ने. उखु

(घ) सं. द्विधाकृत> प्रा. दुहाइअ> ने. दुहाइ

३.४.१.१.४ ईकारको इ नियम

प्राकृतमा संस्कृत शब्दको आदिमा रहेका दीर्घ ईकारको अकार, आकार, इकार, उकार, ऊकार र एकारमा परिवर्तनका लागि ९ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।८४, ९९–१०६)। तीमध्ये नेपालीमा ईकारको ह्रस्व इकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (२८) प्रवृत्त हुन्छ :

(२८) पानीय, जीव, जीवतु, द्वितीय र गभीर शब्दका ईकारको ह्रस्व इकार हुन्छ (पूर्ववत् ८।१।१०१), जस्तै :

(क) सं. पानीय> प्रा. पाणीअ> ने. पानी

(ख) सं. जीव> प्रा. जीअ> ने. जी

(ग) सं. जीवतु> प्रा. जीअउ> ने. जीउ, ज्यू (ई=ए, द्र. संस्कृत नियम ६०)

(घ) सं. द्वितीय> प्रा. दुईअ> ने. दुई
(ङ) सं. गभीर> प्रा. गहिर> ने. गहिरो

३.४.१.१.५ उकारको अ, ई र ओ नियम

प्राकृतमा संस्कृत शब्दको आदिमा रहेका ह्रस्व उकारको अकार, इकार, ईकार, ऊकार र ओकारमा परिवर्तनका लागि १३ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।३६, ४३, १०७–११७)। तीमध्ये नेपालीमा उकारको अकार, इकार, ईकार र ओकारमा परिवर्तनका लागि निम्नलिखित ५ नियमहरू (२९–३३) प्रवृत्त हुन्छन् :

(२९) गुर्वी शब्दका आद्य उकारको अकार हुन्छ (पूर्ववत् ८।१।१०७), जस्तै :
(क) सं. गुर्वी> प्रा. गरुई> ने. गह्रौं

(३०) पुरुष शब्दका आद्य उकारको इकार हुन्छ (पूर्ववत् ८।१।१११), जस्तै :
(क) सं. पुरुष> प्रा. पुरिसो/पुलिशे> ने. पुलिस

(३१) क्षुत शब्दका आद्य उकारको ईकार हुन्छ (पूर्ववत् ८।१।११२), जस्तै :
(क) सं. क्षुत> प्रा. क्षीअ> ने. छीः, छीःछीः

(३२) संयोग पर भएमा आद्य उकारको ओकार हुन्छ (पूर्ववत् ८।१।११६), जस्तै :
(क) सं. पुष्कर> प्रा. पोक्खर> ने. पोखरो, पोखरा
(ख) सं. पुष्करिणी> प्रा. पोक्ख...> ने. पोखरी
(ग) सं. पुस्तिका> प्रा. पोत्थिआ> ने. पोथी (ने पोथी पाया ह्रस्व : भानुभक्त)
(घ) सं. तुण्ड> प्रा. तोण्ड> ने. तोड
(ङ) सं. मुण्ड> प्रा. मोण्ड> ने. मोड
(च) सं. मुद्गर> प्रा. मोग्गरो> ने. मुग्रो (ओकारको ह्रस्व भई पुनः उकार)

(३३) कुतूहल शब्दका आद्य उकारको ओकार र दीर्घ ऊकारको ह्रस्व उकार हुन्छ (पूर्ववत् ८।१।११७), जस्तै :
(क) सं. कुतूहल> प्रा. कोउहल> ने. कोलाहल।

३.४.१.१.६ ऊकारको उ र ओ नियम

प्राकृतमा संस्कृत शब्दको आदिमा रहेका दीर्घ ऊकारको अकार, इकार, ईकार, उकार, एकार र ओकारमा परिवर्तनका लागि ९ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।८४, ११८–१२५)। तीमध्ये नेपालीमा ऊकारको ह्रस्व उकार र ओकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (३४–३५) प्रवृत्त हुन्छन् :

(३४) संयोग पर भएमा दीर्घ ऊकारको ह्रस्व उकार हुन्छ (पूर्ववत् ८।१।८४), जस्तै :

(क) सं. चूर्ण> प्रा. चुण्णो> ने. चून

(३५) मूल्य शब्दका ऊकारको ओकार हुन्छ (पूर्ववत् ८।१।१२४), जस्तै :

(क) सं. मूल्य> प्रा. मोल्ल> ने. मोल

३.४.१.१.७ ऋकारको अ, इ, उ र रि नियम

प्राकृतमा संस्कृत शब्दको आदिमा रहेका ह्रस्व ऋकारको अकार, आकार, इकार, उकार, ऊकार र ओकार स्वरवर्णमा एवम् रि र द्वि सव्यञ्जन अक्षरमा परिवर्तनका लागि १९ नियमहरू प्रवृत्त भएका भेटिन्छन् (पूर्ववत् ८।१।१२६–१४४)। तीमध्ये नेपालीमा ऋकारको अकार, इकार र उकार स्वरवर्णमा एवम् रि सव्यञ्जन अक्षरमा परिवर्तनका लागि निम्नलिखित ५ नियमहरू (३६–४०) को प्रवृत्ति हुन्छ :

(३६) वृषभ शब्दका आद्य ऋकारको अकार हुन्छ (पूर्ववत् ८।१।१२६), जस्तै :

(क) सं. वृषभ> प्रा. वसहो> ने. वसहा

(३७) हृदय, शृङ्गार, शृगाल, घृणा, मसृण, शृङ्ग, धृष्ट र नप्तृक शब्दका आद्य ऋकारको इकार हुन्छ (पूर्ववत् ८।१।१२८, १३०, १३७), जस्तै :

(क) सं. हृदय> प्रा. हियय> ने. हियो

(ख) सं. शृङ्गार> प्रा. सिंगारो> ने. सिँगार

(ग) सं. शृगाल> प्रा. सिआलो> ने. स्याल (इ=य्, द्र. संस्कृत नियम ४९)

(घ) सं. घृणा> प्रा. घिणा> ने. घिन

(ङ) सं. मसृण> प्रा. मसिन> ने. मसिनो

(च) सं. शृङ्ग> प्रा. सिग> ने. सिङ

(छ) सं. धृष्ट>प्रा. धिट्ठो> ने. ढीटो (ढीटो हुनु इष्टसङ्ग बात मार्दा : भानुभक्त)

(ज) सं. नप्तृक> प्रा. नत्तिओ> ने. नाति

(३८) वृद्ध, वृद्धि र मातृक शब्दका आद्य ऋकारको उकार हुन्छ (पूर्ववत् ८।१।१३१), जस्तै :

(क) सं. वृद्ध> प्रा. बुड्ढो> ने. बूढो

(ख) सं. वृद्धि> प्रा. बुड्ढी> ने. बूढी

(ग) सं. मातृक> प्रा. माउओ> ने. माउ

(३९) समासमा वा असमासमा समेत मातृ शब्दका ऋकारको इकार हुन्छ (पूर्ववत् ८।१।१३५), जस्तै :

(क) सं. मातृगृह> प्रा. माइघर/माउघर> ने. माइतीघर

(ख) सं. आर्यमाता> प्रा. आर्यमातृ> आयमाई> ने. आइमाई

(ग) सं. मातृ> प्रा. माई> ने. माई

(४०) ऋद्धि, ऋण, ऋषि र सदृक् शब्दका ऋकारको रि हुन्छ (पूर्ववत् ८।१।१४०–१४२), जस्तै :

(क) सं. ऋद्धि> प्रा. रिद्धी> ने. रिद्धि

(ख) सं. ऋण> प्रा. रिण> ने. रिन

(ग) सं. ऋषि> प्रा. रिसी> ने. रिसि

(घ) सं. सदृक्> प्रा. सरि> ने. सरि

३.४.१.१.८ ऐकारको ए, अअ र अइ नियम

प्राकृतमा संस्कृत शब्दका आद्य ऐकारको इकार, ईकार र एकार एक स्वरवर्णमा एवम् अअ र अइ द्विस्वरवर्णमा परिवर्तनका लागि ८ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।१४८–१५५)। तीमध्ये नेपालीमा ऐकारको एकार स्वरवर्णमा एवम् अअ र अइ द्विस्वरवर्णमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (४१–४३) प्रवृत्त हुन्छन् :

(४१) संस्कृत शब्दका आद्य ऐकारका स्थानमा एकार हुन्छ (पूर्ववत् ८।१।१४८), जस्तै :

(क) सं. तैल> प्रा. तेल्ल>ने. तेल

(४२) भैरव, वैशाख, वैर, कैलास, चैत्र र दैव शब्दका आद्य ऐकारका स्थानमा अइ हुन्छ (पूर्ववत् ८।१।१५१–१५३), जस्तै :

(क) सं. भैरव>प्रा. भइरवो>ने. भइरव(कथ्य)/भैरव (लेख्य)

(ख) सं. वैशाख>प्रा. वइसाहो>ने. वइसाख (कथ्य)/वैशाख (लेख्य)

(ग) सं. कैलास>प्रा. कइलासो>ने. कइलास (कथ्य)/कैलास (लेख्य)

(घ) सं. चैत्र> प्रा. चइत्तो>ने. चइत (कथ्य)/चैत (लेख्य)

(ङ) सं. दैव> प्रा. दइव> ने. दइव (कथ्य)/दैव (लेख्य)

(४३) उच्चैः र नीचैः शब्दका ऐकारका स्थानमा अअ हुन्छ (पूर्ववत् ८।१।१५४), जस्तै :

(क) सं. उच्चैः> प्रा. उच्चअ> ने. ऊच/ऊचो

(ख) सं. नीचैः> प्रा. नीचअ> ने. नीच/नीचो

३.४.१.१.९ औकारको उ, ओ र अउ नियम

प्राकृतमा संस्कृत शब्दका आद्य औकारको आकार, उकार र ओकार एकस्वरवर्णमा, अउ द्विस्वरवर्णमा र आव शब्दमा परिवर्तनका लागि ६ नियमहरू प्रवृत्त भएका भेटिन्छन् (पूर्ववत् ८।१।१५९–१६४)। तीमध्ये नेपालीमा औकारको उकार, ओकारमा र अउ द्विस्वरमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (४४–४६) को प्रवृत्ति हुन्छ :

(४४) संस्कृत शब्दका आद्य औकारका स्थानमा ओकार हुन्छ (पूर्ववत् ८।१।१५९), जस्तै :

(क) सं. यौवन> प्रा. जोव्वण> ने. जोबन

(ख) सं. कौशिकी> प्रा. कोसिओ>ने. कोसी

(ग) सं. गौरी> प्रा. गोरी> ने. गोरी

(घ) सं. गौर> प्रा. गोरो> ने. गोरो

(ङ) सं. चौर> प्रा. चोरो> ने. चोर

(४५) शौण्ड शब्दका आद्य औकारका स्थानमा उकार हुन्छ (पूर्ववत् ८।१।१६०), जस्तै :

(क) सं. शौण्ड> प्रा. सुण्डो> ने. सूंड

सं. पौष> प्रा. पुस> ने. पुस

(४६) कौरव, कौशल, मौलि, मौन र गौरव शब्दका आद्य औकारका स्थानमा अउ हुन्छ (पूर्ववत् ८।१।१६२, १६३), जस्तै :

(क) सं. कौरव> प्रा. कउरवो> ने. कउरव(कथ्य)/कौरव (लेख्य)

(ख) सं. कौशल> प्रा. कउसल> ने. कउसल(कथ्य)/कौशल (लेख्य)

(ग) सं. मौलि> प्रा. मउली> ने. मउलि (कथ्य)/मौली (लेख्य)

(घ) सं. गौरव> प्रा. गउरव> ने. गउरव (कथ्य)/गौरव (लेख्य)

यस प्रकार नेपालीमा प्रयुक्त प्राकृत शब्दमा संस्कृतका विकारी अ, आ, इ, ई, उ, ऊ, ऋ, ऐ र औ ९ प्रकारका स्वरवर्णका स्थानमा अ, आ, इ, ई, उ र ओ ६ प्रकारका स्वरवर्णमा, अअ, अइ र अउ ३ प्रकारका द्विस्वर वर्णमा एवम् एउटा रि अक्षरमा परिवर्तन भएको देखिन्छ। त्यसमध्ये अ, आ, इ, ई, उ र ऊ ६ प्रकारका स्वरवर्णका स्थानमा भएका स्वरात्मक परिवर्तनहरू संस्कृतमा समेत भेट्न सकिन्छ भने औकारका स्थानमा हुने उकारको परिवर्तन एवम् ऋकारका स्थानमा हुने रि अक्षरको परिवर्तन पनि संस्कृतको वर्णविकारसन्धिमा उपलब्ध छन्। परन्तु ऋकारका स्थानमा हुने अ, इ र उ, ऐकारका स्थानमा हुने अ, अअ र अइ एवम् औकारका स्थानमा हुने ओ र अउको परिवर्तन संस्कृतमा भन्दा भिन्न देखिन्छ। संस्कृत व्याकरणको मान्यता अनुसार ऋकारमा रेफ (रकार) को समेत अंश रहेकाले अ, इ र उको परिवर्तन हुँदा स्वरवर्णको अन्तमा रकारको संयोजन हुन्छ अर्थात् ऋकारका स्थानमा हुने परिवर्तनको वास्तविक स्वरूप अर्, इर्, उर् हुन्छ। संस्कृतमा दीर्घ ऋकारका स्थानमा उर्को परिवर्तन देखिए पनि ह्रस्व ऋकारका स्थानमा उर्को परिवर्तन भएको पाईदैन। प्राकृतमा ह्रस्व ऋकारका स्थानमा पनि उकारको परिवर्तन हुनु संस्कृतभन्दा भिन्न छ। संस्कृतमा ऐकारको आय्मा र औकारको आव्मा परिवर्तन भएको पाइन्छ भने प्राकृत भाषा दीर्घबाट ह्रस्वतर्फ उन्मुख भएकाले ती दुवै परिवर्तन अइ र अउका रूपमा देखिएका हुन्। यकारको इकार र वकारको उकारमा परिवर्तन हुने कुरा भने संस्कृतकै यणनियमले पुष्टि गरिसकेको थियो। प्राकृतको नियमकै प्रभावमा नेपालीहरूले ऐकार र औकारको उच्चारण गर्दा अइ र अउका रूपमा गर्दै आएका हुन्।

३.४.१.२ द्विस्वरवर्णको विकारनियम

संस्कृतका सबै प्रकारका सन्धिहरूमध्ये दुई पदका बीचमा हुने सन्धिहरू प्राकृतमा अनिवार्य रूपमा नभई वैकल्पिक रूपमा प्रवृत्त हुन्छन् (पूर्ववत् ८।१।५)। प्राकृतमा इ, ई, उ र ऊदेखि विजातीय स्वरवर्ण पर भएमा एवम् ए र ओदेखि जुनसुकै स्वरवर्ण पर भएमा दुवैका बीचमा स्वरसन्धि हुँदैन भने व्यञ्जनवर्णको लोप भएपछि बाँकी रहेका दुवै स्वरवर्णका बीचमा पनि प्रायः स्वरसन्धिका नियमहरू अप्रवृत्त नै रहन्छन्

(पूर्ववत् ८।१।६–८)। जसका कारण अअ, अइ, अऊ, अई, आअ, आइ, आओ, इअ, इउ, ईअ, ईए, ईओ, उअ, उआ, उइ, एअ, एइ, ओअ, ओए आदि द्विस्वरका बीचमा सन्धिजन्य कुनै परिवर्तन भएको पाईदैन। द्विस्वरका बीचमा सन्धि हुनु प्राकृतको विशेषता होइन तापनि हेमचन्द्रको प्राकृत व्याकरणमा एक स्वरवर्णको लोप र विकारको प्रकरणपछि एवम् एक व्यञ्जनवर्णको लोप र विकारको प्रकरणभन्दा अघि व्यञ्जनवर्णले व्यवधान गरेका द्विस्वरका स्थानमा स्वरात्मक परिवर्तनका लागि ११ नियमहरूको अध्ययन भएको पाइन्छ (पूर्ववत् ८।१।१६५–१७६)। तीमध्ये नेपालीमा प्रयुक्त प्राकृत शब्दमा रयो, रयस्, अद, उलू र उप शब्दका द्विस्वरका स्थानमा एकार र ओकारको परिवर्तनका लागि ४ नियमहरू प्रवृत्त हुन्छन्। तीमध्येका दुई दुई नियमलाई संयुक्त रूपमा ए नियम र ओ नियम गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ।

३.४.१.२.१ रयो, रयस् र अदको ए नियम

प्राकृतमा संस्कृतका त्रि र कदल शब्दसँग सम्बद्ध रयो, रयस् र अद शब्दका र्, य्, स् र द् व्यञ्जनवर्णसहित अओ र अअ द्विस्वरका स्थानमा एकारको परिवर्तनका लागि निम्नलिखित दुई नियमहरू (४७–४८) प्रवृत्त हुन्छन् :

(४७) त्रयोदश, त्रयोविंशति, त्रयस्त्रिंशत् आदि संस्कृत शब्दमा रहेका रयो र रयस्का स्थानमा एकार हुन्छ (पूर्ववत् ८।१।१६५), जस्तै :

(क) सं. त्रयोदश> प्रा. तेरह ने. तेह्र

(ख) सं. त्रयोविंशति> प्रा. तेवीसा> ने. तेईस

(ग) सं. त्रयस्त्रिंशत्> प्रा. तेतीसा> ने. तेत्तीस

(४८) कदल शब्दको आद्य अद अंशका स्थानमा एकार हुन्छ (पूर्ववत् ८।१।१६७), जस्तै :

(क) सं. कदल> प्रा. केल> ने. केरा

३.४.१.२.२ उलू र उपको ओ नियम

प्राकृतमा संस्कृतका उलूखल र उपाध्याय शब्दसँग सम्बद्ध उलू र उपका स्थानमा ल् र प् व्यञ्जनवर्णसहित उऊ र उअ द्विस्वरका स्थानमा ओकारको परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (४९–५०) को प्रवृत्ति हुन्छ :

(४९) उलूखल शब्दको आदिमा रहेको उलूका स्थानमा ओकार हुन्छ (पूर्ववत् ८।१।७१), जस्तै :

(क) सं. उलूखल> प्रा. ओल्खल> ने. ओखल

(५०) उपाध्याय शब्दको आदिमा रहेको उपका स्थानमा ओकार हुन्छ (पूर्ववत् ८।१।७३), जस्तै :

(क) सं. उपाध्याय> प्रा. ओज्झाओ> ने. ओझा (नेपाली थर)

यस प्रकार प्राकृतमा प्रत्यक्ष रूपमा द्विस्वरवर्णको विकार नभए पनि अप्रत्यक्ष रूपमा द्विस्वरवर्णका विकारको अस्तित्व प्राकृतमा थोरै मात्रामा सुरक्षित थियो भन्ने कुरालाई एकार र ओकारमूलक उपर्युक्त चार नियमहरूले पुष्टि गर्दछन्। साथै यिनै उदाहरणहरूले प्राकृतमा साक्षात् द्विस्वरसन्धिको व्यवस्था हटिसकेको थियो भन्ने कुरालाई पनि प्रमाणित गरेका छन्।

३.४.२ एक व्यञ्जनवर्णको विकारनियम

संस्कृतका ३३ व्यञ्जनवर्णहरूमध्ये प्राकृतमा शकार र षकारको तथा कवर्गीय र पवर्गीय वर्णसँग बाहेक अन्यत्र ङकार र ञकारको पनि प्रयोग हुँदैन। त्यसैले प्राकृतमा उपर्युक्त चार व्यञ्जनवर्णलाई छाडेर संस्कृतका बाँकी २९ वर्णहरूको मात्र प्रयोग हुन्छ। प्राकृतमा संस्कृतका ३३ व्यञ्जनवर्णहरूमध्ये ङकार, छकार, झकार, ञकार र ढकारको कुनै परिवर्तन भएको पाइँदैन भने बाँकी २८ व्यञ्जनवर्णको वर्णान्तरमा परिवर्तनका लागि ८६ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।१।१८१–२६६)। तीमध्ये नेपालीमा प्रयुक्त प्राकृत शब्दमा क, ख, ट, ठ, ण, त, थ, द, ध, प, भ, य, र, श, ष एवम् स गरी १६ व्यञ्जनवर्णको वर्णान्तरमा परिवर्तनका लागि ३४ नियमहरू प्रवृत्त हुन्छन्। यसरी एक व्यञ्जनवर्णको परिवर्तन हुँदा एउटा नियम (६१) आकारमा र अर्को एउटा नियम (५९) द्विरुक्त च्च-मा परिवर्तन भएको भेटिए पनि अन्य ८४ नियमहरू एक व्यञ्जनवर्णको परिवर्तनमै केन्द्रित भएका पाइन्छन्। नेपालीमा प्रयुक्त प्राकृतका एक व्यञ्जनवर्णको विकारसम्बन्धी यी नियमहरूलाई विकारी व्यञ्जनवर्णका आधारमा मुख्यत: १६ प्रकारमा विभाजन गर्न सकिन्छ।

३.४.२.१ ककारको ख् र म् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ककारको खकार, गकार, चकार, भकार, मकार र हकारमा परिवर्तनका लागि ६ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत्

८।१।८१–१८६)। तीमध्ये नेपालीमा ककारको खकार र मकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (५१–५२) प्रवृत्त हुन्छन् :

(५१) कर्पर र कीलक शब्दका ककारका स्थानमा खकार हुन्छ (पूर्ववत् ८।१।१८१), जस्तै :

(क) सं. कर्पर> प्रा. खप्पर> ने. खप्पर

(ख) सं. कीलक> प्रा. खीलओ> ने. खील/कीलो

(५२) चन्द्रिका शब्दका ककारका स्थानमा मकार हुन्छ (पूर्ववत् ८।१।१८५), जस्तै :

(क) सं. चन्द्रिका> प्रा. चंदिमा> ने. चाँदिमा

३.४.२.२ खकारको ह् नियम

प्राकृतमा संस्कृत शब्दका खकारको ककार र हकारमा परिवर्तनका लागि २ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।१।१८७, १८९)। तीमध्ये नेपालीमा खकारको हकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (५३) को प्रवृत्ति हुन्छ :

(५३) स्वरवर्णदेखि पर रहेका अनादि र असंयुक्त खकारका स्थानमा प्रायः हकार हुन्छ (पूर्ववत् ८।१।१८७), जस्तै :

(क) सं. मुख> प्रा. मुह> ने. मुह, मुहार

३.४.२.३ टकारको ड् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका टकारको डकार, ढकार र लकारमा परिवर्तनका लागि ४ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।१९५–१९८)। तीमध्ये नेपालीमा टकारको डकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (५४) प्रवृत्त हुन्छ :

(५४) स्वरवर्णदेखि पर रहेका अनादि र असंयुक्त टकारका स्थानमा डकार हुन्छ (पूर्ववत् ८।१।१९५), जस्तै :

(क) सं. घट> प्रा. घडो> ने. घडा

३.४.२.४ ठकारको ढ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ठकारको ढकार, लकार र हकारमा परिवर्तनका लागि ३ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।१।१९९–

२०१) । तीमध्ये नेपालीमा ठकारको ढकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (५५) प्रवृत्त हुन्छ :

(५५) स्वरवर्णदेखि पर रहेका अनादि र असंयुक्त ठकारका स्थानमा ढकार हुन्छ (पूर्ववत् ८।१।१९९), जस्तै :

(क) सं. पठ्> प्रा. पढ> ने. पढ्, पढ्छ

३.४.२.५ णकारको न् नियम

महाराष्ट्री प्राकृतमा संस्कृतका णकारको अनुस्वार र लकारमा परिवर्तनका लागि २ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।२५, २०३) भने पैशाची प्राकृतमा णकारको नकारमा परिवर्तनका लागि निम्नलिखित एउटा नियम (५६) प्रवृत्त हुन्छ :

(५६) पैशाची प्राकृतमा णकारका स्थानमा नकार हुन्छ (पूर्ववत् ८।४।३०६), जस्तै :

(क) सं. गुण> प्रा. गुन> ने. गुन

(ख) सं. गणपति> प्रा. गनपति> ने. गनपति

(ग) सं. गण> प्रा. गन> ने. गन्, गन्नु

३.४.२.६ तकारको छ्, र् र च्च् नियम

प्राकृतमा संस्कृत शब्दका आद्य र अन्त्य तकारको चकार, छकार, टकार, डकार, णकार, रकार, लकार, वकार र हकार एवम् द्विरुक्त च्च्-मा परिवर्तनका लागि १२ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।२०४–२१४, ८।२।२२५) । तीमध्ये नेपालीमा तकारको छकार, रकार र लकारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (५७–५९) प्रवृत्त हुन्छन् :

(५७) तुच्छ शब्दका आद्य तकारका स्थानमा छकार हुन्छ (पूर्ववत् ८।१।२०४), जस्तै :

(क) सं. तुच्छ> प्रा. छुच्छ> ने. छुचो

(५८) सप्तति शब्दका अन्त्य तकारका स्थानमा रकार हुन्छ (पूर्ववत् ८।१।२१०), जस्तै :

(क) सं. सप्तति> प्रा. सत्तरी> ने. सत्तर

(५९) नृत् धातुका अन्त्य तकारका स्थानमा द्विरुक्त च्च हुन्छ (पूर्ववत् ८।४।२२५), जस्तै :

(क) सं. नृत्> प्रा. नच्च> ने. नाच्, नाच्नु

३.४.२.७ थकारको ह् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका थकारको ढकार, धकार र हकारमा परिवर्तनका लागि ५ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।१८७, १८८, २१५–२१६, ८।४।२२०)। तीमध्ये नेपालीमा थकारको हकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (६०) प्रवृत्त हुन्छ :

(६०) स्वरवर्णदेखि पर रहेका अनादि र असंयुक्त थकारका स्थानमा प्राय: हकार हुन्छ (पूर्ववत् ८।१।१८७), जस्तै :

(क) सं. कथ्> प्रा. कह> ने. कह, कहनु

३.४.२.८ दकारको आ, ड्, ध्, र् र ल् नियम

प्राकृतमा संस्कृत शब्दका अनन्त्य र अन्त्य दकारको अकार, आकार, डकार, धकार, रकार, लकार, वकार र हकारमा परिवर्तनका लागि १३ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ (पूर्ववत् ८।१।१५, १८, २१७–२२५, ८।४।२१९, २२५)। तीमध्ये नेपालीमा दकारको आकार, डकार, धकार, रकार र लकारमा परिवर्तनका लागि निम्नलिखित ७ नियमहरू (६१–६७) प्रवृत्त हुन्छन् :

(६१) प्रतिपद् शब्दका अन्त्य दकारको आकार हुन्छ (पूर्ववत् ८।१।१५), जस्तै :

(क) सं. प्रतिपद्> प्रा. पाडिवआ> ने. परेवा (प्रतिपदा तिथि)

(६२) दशन, दग्ध, दोला, दण्ड शब्द र दंश धातुका आद्य दकारका स्थानमा डकार हुन्छ (पूर्ववत् ८।१।२१७–२१८), जस्तै :

(क) सं. दशन> प्रा. डसण> ने. डसाइ

(ख) सं. दग्ध> प्रा. डड्ढो> ने. डढेको

(ग) सं. दोला> प्रा. डोला> ने. डोला

(घ) सं. दण्ड> प्रा. डंडो> ने. डन्डो/डन्डा

(ङ) सं. दंशति> प्रा. डसइ> ने. डस्छ

(६३) संख्यावाचक शब्दमा रहेको अनादि र असंयुक्त दकारको रकार हुन्छ (पूर्ववत् ८।१।२१९), जस्तै :

(क) सं. एकादश> प्रा. एआरह> ने. एघार

(ख) सं. द्वादश> प्रा. बारह> ने. बाह्र>बाह्र

(ग) सं. त्रयोदश> प्रा. तेरह> ने. तेह्र>तेह्र

(घ) सं. पञ्चदश> प्रा. पण्णरह> ने. पन्ध्र/पन्द्र

(ङ) सं. सप्तदश> प्रा. सत्तरह> ने. सत्र

(च) सं. अष्टादश> प्रा. अट्ठारह> ने. अठार

आदिमा भएकाले 'दश' (दस) शब्दका दकारको तथा संयुक्त भएकाले 'चतुर्दश' (चौध) शब्दका दकारको रकार नभएको हो ।

(६४) दोहद शब्दका द्वितीय दकारका स्थानमा लकार हुन्छ (पूर्ववत् ८।१।२२१), जस्तै :

(क) सं. दोहद> प्रा. दोहलो> ने. दोहलो

(६५) दीप धातुका आद्य दकारको धकार हुन्छ (पूर्ववत् ८।१।२२३), जस्तै :

(क) सं. दीप्य> प्रा. धिप्प> ने. धिप्प-धिप्प

(६६) सद् धातुका अन्त्य दकारका स्थानमा डकार हुन्छ (पूर्ववत् ८।४।२१९), जस्तै :

(क) सं. सद्> प्रा. सड> ने. सड्, सड्नु

(६७) मद् धातुका अन्त्य दकारका स्थानमा द्विरुक्त च्च हुन्छ (पूर्ववत् ८।४।२२५), जस्तै :

(क) सं. मद्> प्रा. मच्च> ने. मच्च, मच्चनु, मच्चिनु

३.४.२.९ धकारको ढ् र ह् नियम

प्राकृतमा संस्कृत शब्दको अनन्त्य र अन्त्य धकारको ढकार र हकार एवम् हा अक्षरमा परिवर्तनका लागि ५ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।१।१७, १८७, २२६–२२७, ८।४।२२०)। तीमध्ये नेपालीमा धकारको ढकार र हकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (६८–६९) को प्रवृत्ति हुन्छ :

(६८) स्वरवर्णदेखि पर रहेका अनादि र असंयुक्त धकारका स्थानमा प्रायः हकार हुन्छ (पूर्ववत् ८।१।१८७), जस्तै :

(क) सं. साधु> प्रा. साहू> ने. साहू
(ख) सं. बधिर> प्रा. बहिरो> ने. बहिरो

(६९) वृध् धातुका अन्त्य धकारका स्थानमा ढकार हुन्छ (पूर्ववत् ८।४।२२०), जस्तै :
(क) सं. वृध्> प्रा. वड्ढ> ने. बढ्, बढ्नु

३.४.२.१० पकारको व् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका पकारको फकार, मकार, रकार र वकारमा परिवर्तनका लागि ५ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।२३१–२३५)। तीमध्ये नेपालीमा पकारको वकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (७०–७१) प्रवृत्त हुन्छन् :

(७०) स्वरवर्णदेखि पर रहेको अनादि र असंयुक्त पकारका स्थानमा प्राय: वकार हुन्छ (पूर्ववत् ८।१।२३१), जस्तै :
(क) सं. कपिल> प्रा. कविलो> ने. कइलो/कैलो
(ख) सं. अपयशस्> प्रा. अवंजसो> ने. अउजस/औजस

(७१) प्रभूत शब्दका आद्य पकारको वकार हुन्छ (पूर्ववत् ८।१।२३३), जस्तै :
(क) सं. प्रभूत> प्रा. वहुत्त> ने. बहूत/बहुत (धेरै)

३.४.२.११ भकारको ह् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका भकारको वकार र हकार एवम् व्यञ्जनस्वरात्मक ह-मा परिवर्तनका लागि ३ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।२९, १८७, २४०)। तीमध्ये नेपालीमा भकारको हकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (७२) को प्रवृत्ति हुन्छ :

(७२) स्वरवर्णदेखि पर रहेको अनादि र असंयुक्त भकारका स्थानमा प्राय: हकार हुन्छ (पूर्ववत् ८।१।१८७), जस्तै :
(क) सं. प्रभूत> प्रा. वहुत्त> ने. बहूत/बहुत
(ख) सं. प्रभाकर> प्रा. पहअरो> ने. पहार, पहारिलो

३.४.२.१२ यकारको ज्, ल् र ह् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका यकारको जकार, तकार, लकार, वकार र हकारमा, द्विरुक्त ज्ज-मा एवम् आह शब्दमा परिवर्तनका लागि ६ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।२४५–२५०)। तीमध्ये नेपालीमा यकारको जकार, लकार र हकारमा परिवर्तनका लागि निम्नलिखित ३ नियमहरू (७३–७५) को प्रवृत्ति हुन्छ :

(७३) पदको आदिमा रहेका यकारका स्थानमा जकार हुन्छ (पूर्ववत् ८।१।२४५), जस्तै :

(क) सं. यशस्> प्रा. जसो> ने. जस
(ख) सं. याति>प्रा. जाइ> ने. जाइ, जान्छ (सीतादि जाई : भानुभक्त, रा.२।१२१)
(ग) सं. सं-योग> प्रा. संजोगो> ने. संजोग
(घ) सं. अप-यशस्> प्रा. अवजसो> ने. अबजस>अउजस>औजस
(ङ) सं. यव> प्रा. जव> ने. जउ/जौ
(च) सं. यात्रा> प्रा. जत्ता> ने. जात्रा
(छ) सं. य> प्रा. जो> ने. जो
(ज) सं. योगी> प्रा. जोगी> ने. जोगी
(झ) सं. योग> प्रा. जोग> ने. जोग
(ञ) सं. याम> प्रा. जाम> ने. जाउँ>जाऔं

(७४) यष्टि शब्दका यकारका स्थानमा लकार हुन्छ (पूर्ववत् ८।१।२४७), जस्तै :

(क) सं. यष्टि> प्रा. लट्ठी> ने. लट्ठी

(७५) छाया शब्दका यकारका स्थानमा हकार हुन्छ (पूर्ववत् ८।१।२४९), जस्तै :

(क) सं. छाया> प्रा. छाहा> ने. छाहा, छाहारी

३.४.२.१३ रकारको ल् नियम

महाराष्ट्री प्राकृतमा संस्कृत शब्दमा रहेका रकारको डकार, णकार र लकारमा एवम् डा-मा परिवर्तनका लागि ६ नियम एवम् मागधी प्राकृतमा रकारको लकारमा परिवर्तनका लागि एउटा नियमको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।१।२०१, २५१–२५५, ८।४।२८८)। तीमध्ये नेपालीमा रकारको

लकारमा परिवर्तनका लागि महाराष्ट्री र मागधी प्राकृतका निम्नलिखित २ नियमहरू (७६–७७) प्रवृत्त हुन्छन् :

(७६) हरिद्रा शब्दका असंयुक्त रकारको लकार हुन्छ (पूर्ववत् ८।१।२५४), जस्तै :

(क) सं. हरिद्रा> प्रा. हलिद्दो> ने. हलेदो

(७७) मागधी प्राकृतमा रकारका स्थानमा लकार हुन्छ (पूर्ववत् ८।४।२८८), जस्तै :

(क) सं. पुरुष> मागधी प्रा. पुलिशे/महाराष्ट्री प्रा. पुरिसो> ने. पुलिस

३.४.२.१४ शकारको छ, स् र ह् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका शकारको छकार, सकार र हकारमा एवम् ण्ह-मा परिवर्तनका लागि ७ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।१९, २६०–२६३, २६५, २६६)। तीमध्ये नेपालीमा शकारको छकार, सकार र हकारमा परिवर्तनका लागि निम्नलिखित ४ नियमहरू (७८ –८१) को प्रवृत्ति हुन्छ :

(७८) दिश् शब्दको अन्त्य शकारका स्थानमा सकार हुन्छ (पूर्ववत् ८।१।१९), जस्तै :

(क) सं. दिश्> प्रा. दिसा> ने. दिशा (?)

(७९) संस्कृत शब्दका शकारका स्थानमा सकार हुन्छ (पूर्ववत् ८।१।२६०), जस्तै :

(क) सं. वंश> प्रा. वंसो> ने. बाँस

(ख) सं. दश> प्रा. दस> ने. दस

(ग) सं. विंशति> प्रा. विसइ> ने. बीस/बिस

(घ) सं. शिरस्> प्रा. सिर> ने. सिर

(८०) दश शब्दका शकारका स्थानमा हकार हुन्छ (पूर्ववत् ८।१।२६२), जस्तै :

(क) सं. दश> प्रा. दह/दस> ने. दस, दहल

(ख) सं. एकादश> प्रा. एआरह> ने. एघार

(ग) सं. द्वादश> प्रा. बारह> ने. बाह्र> बाह्र

(घ) सं. त्रयोदश> प्रा. तेरह> ने. तेह्र> तेह्र

(ङ) सं. अष्टादश> प्रा. अट्ठारह> ने. अठार

(८१) शाव शब्दका आद्य शकारका स्थानमा छकार हुन्छ (पूर्ववत् ८।१।२६५), जस्तै :

(क) सं. शाव> प्रा. छावो> ने. छावा (हात्तीको बच्चा)

३.४.२.१५ षकारको छ् र स् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका षकारको छकार, सकार र हकारमा, व्यञ्जनस्वरात्मक स र हमा एवम् ण्ह शब्दमा परिवर्तनका लागि ६ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ (पूर्ववत् ८।१।९, २६०–२६२, २६५, ८।२।४)। तीमध्ये नेपालीमा षकारको छकार र सकारमा परिवर्तनका लागि निम्नलिखित २ नियमहरू (८२–८३) प्रवृत्त हुन्छन् :

(८२) संस्कृत शब्दका षकारका स्थानमा सकार हुन्छ (पूर्ववत् ८।१।२६०), जस्तै :

(क) सं. षण्ड> प्रा. सण्ढो> ने. साँढे> साँढे

(ख) सं. स्नुषाकार> प्रा. सुसाआर> ने. सुसार (सेवा)

(८३) षट् शब्दका आद्य षकारका स्थानमा छकार हुन्छ (पूर्ववत् ८।१।२६५), जस्तै :

(क) सं. षष्> प्रा. छ> ने. छ

(ख) सं. षष्ठ> प्रा. छट्ठो> ने. छैठौ>छैटौं

(ग) सं. षष्ठी> प्रा. छट्ठी> ने. छैठी>छैटी

(घ) सं. षण्मुख> प्रा. छम्मुहो> ने. छमुखे

३.४.२.१६ सकारको छ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका सकारको छकार र हकारमा एवम् व्यञ्जनस्वरात्मक स-मा परिवर्तनका लागि ३ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।१।२०, २६३, २६५)। तीमध्ये नेपालीमा सकारको छकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (८४) को प्रवृत्ति हुन्छ :

(८४) सप्तपर्ण शब्दका आद्य सकारका स्थानमा छकार हुन्छ (पूर्ववत् ८।१।२६५), जस्तै :

(क) सं. सप्तपर्ण> प्रा. छत्तिवण्णो> ने. छतिवन/छतिउन

नेपालीमा प्रयुक्त प्राकृत शब्दमा संस्कृतका उपर्युक्त १६ प्रकारका व्यञ्जनवर्णका स्थानमा आकार र द्वित्वरुक्त च्च-का साथै ख, छ, ज, ड, ढ, ध, न, म, र, ल, व, स एवम् ह गरी १३ प्रकारका व्यञ्जनवर्णको परिवर्तन भएको पाइन्छ । यीमध्ये ककको ख, टको ड, णको न, दको आ, ड र धको ढ, रको ल, शको छ एवम् षको छ र स हुने नियमको अस्तित्व संस्कृतमा पनि भेटिन्छ । परन्तु ककको म, खको ह, ठको ढ, तको छ, थको ह, दको र एवम् ल, धको ह, पको व, भको ह, यको ज, ल एवम् ह, शको स तथा सको छ हुने व्यवस्था प्राकृतको पृथक् विशेषता हो । संस्कृतमा सको श तथा हको ध, ध एवम् भ हुने व्यवस्था छ भने प्राकृतमा त्यसको विपरीत व्यवस्था पाइनुलाई पनि प्राकृतको थप विशेषता मान्न सकिन्छ ।

३.४.३ संयुक्त व्यञ्जनवर्णको विकारनियम

संस्कृतमा संयुक्त व्यञ्जनका स्थानमा एकल वा संयुक्त व्यञ्जनवर्णको परिवर्तनका लागि कुनै पनि नियमको प्रवृत्ति भएको देखिँदैन । परन्तु प्राकृतमा विकारयोग्य ५८ प्रकारका संयुक्त व्यञ्जनवर्णहरू पाइन्छन्, जुन यसप्रकार छन् : क्क, क्ष, क्ष्व, ग्म, ग्ण, ग्ध, ज्ञ, ञ्च, ङ्म, ण्ड, क्त, त्त, त्म, त्व, त्य, त्स, थ्य, थ्व, द्ध, द्य, द्व, ध्य, ध्व, न्त, न्द, न्ध, न्म, न्य, प्स, ब्ध, म्ह, र्ख, र्थ, र्ध्य, र्त, र्द, र्ध, र्ध्व, र्य, र्ष, ल्क, श्च, श्म, श्य, श्ल, ष्क, ष्ट, ष्प, ष्म, स्थ, स्त, स्त्य, स्प, स्फ, स्म, ह्न, ह्य र ह्व । यी संयुक्त व्यञ्जनका स्थानमा घकार, ङकार, नकार, दकार, नकार, यकार, वकार, शकार र षकारबाहेकका अन्य ककार आदि २४ प्रकारका एकल व्यञ्जनवर्णका साथै ङ्ग आदि संयुक्त व्यञ्जन वर्णको विकारका लागि ६५ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।२।२–६६) । तीमध्ये नेपालीमा क्ष, ञ्च, त्त, त्म, त्य, त्स, द्ध, द्य, ध्य, म्ह, य्य, र्त, र्द्व, र्य, श्च, ष्क, ष्ट, स्त, र ह्व सहित १९ प्रकारका संयुक्त व्यञ्जन वर्णका स्थानमा ख, च, छ, ज, झ, ट, ठ, ड, ढ, ण, थ, प् र भ् समेत १३ प्रकारका एकल व्यञ्जन वर्णको तथा एउटा संयुक्त म्ब व्यञ्जन वर्णको परिवर्तनका १८ नियमहरू प्रवृत्त हुन्छन् । यी नियमहरूलाई परिवर्तित व्यञ्जन वर्णका आधारमा १४ प्रकारमा विभाजन गर्न सकिन्छ ।

३.४.३.१ क्ष, ष्क र स्तको ख् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका क्ष, क्ष्व, ष्क, स्क, स्त, स्थ र स्फ संयुक्त व्यञ्जनका स्थानमा खकारको विकारका लागि ७ नियमहरू प्रवृत्त

भएका पाइन्छन् (पूर्ववत् ८।२।३–ङ, ७२)। तीमध्ये नेपालीमा क्ष, ष्क र स्त संयुक्त व्यञ्जनका स्थानमा खकारको परिवर्तनका लागि निम्नलिखित ४ नियमहरू (८५–८८) को प्रवृत्ति हुन्छ :

(८५) संस्कृत शब्दका संयुक्त क्ष-का स्थानका खकार हुन्छ (पूर्ववत् ८।२।३), जस्तै :

(क) सं. क्षति> प्रा. खइ> ने. खइ/खति
(ख) सं. क्षत> प्रा. खअ> ने. खत
(ग) सं. क्षत्रिय> प्रा. खत्तिअ> ने. खत्री
(घ) सं. लक्ष> प्रा. लक्ख> ने. लाख, लखपति
(ङ) सं. लक्षण> प्रा. लक्खण> ने. लखन थापा
(च) सं. मक्षिका> प्रा. मक्खिअ> ने. माखो
(छ) सं. क्षीर> प्रा. खीर> ने. खीर
(ज) सं. पक्ष> प्रा. पक्खो> ने. पाखो
(झ) सं. अक्षि> प्रा. अक्खि> ने. आँखी/आँखो
(ञ) सं. क्षुर> प्रा. खुरो> ने. खुर
(ट) सं. कुक्षि> प्रा. कोखि> ने. कोखी/कोख
(ठ) सं. रुक्ष> प्रा. रुख>रुक्ख> ने. रूखो
(ड) सं. लिक्षा> प्रा. लिखा>लिक्खा> ने. लीखो>लिखो
(ढ) सं. भिक्षा> प्रा. भिखा>भिक्खा> ने. भीख

(८६) संस्कृत शब्दका संयुक्त ष्क-का स्थानमा खकार हुन्छ (पूर्ववत् ८।२।४–५), जस्तै :

(क) सं. पुष्कर> प्रा. पोक्खर> ने. पोखरो/पोखरा
(ख) सं. पुष्करिणी> प्रा. पोक्खरिणी> ने. पोखरी
(ग) सं. शुष्क> प्रा. सुक्ख> ने.सुखो/सुखा

(८७) स्तम्भ शब्दको संयुक्त स्त-का स्थानमा विकल्पले खकार हुन्छ (पूर्ववत् ८।२।८), जस्तै :

(क) सं. स्तम्भ> प्रा. खम्भो> ने. खाँभो/थाम

(८८) दक्षिण शब्दका क्ष-का स्थानमा विकल्पले खकार हुन्छ (पूर्ववत् ८।२।७२), जस्तै :

(क) सं. दक्षिण> प्रा. दखिण> दक्खिणो> ने. दक्खिन/दाहिनो

३.४.३.२ त्यको च् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका त्त, त्य, त्व र श्च संयुक्त व्यञ्जनका स्थानमा चकार र च्चु-को परिवर्तनका लागि ५ नियमहरूको प्रवृत्ति भएको देखिन्छ (पूर्ववत् ८।२।१२–१६)। तीमध्ये नेपालीमा त्य संयुक्त व्यञ्जनका स्थानमा चकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (८९) प्रवृत्त हुन्छ :

(८९) चैत्यभिन्न संस्कृत शब्दका संयुक्त त्य-का स्थानमा चकार हुन्छ (पूर्ववत् ८।२।१३), जस्तै :

(क) सं. सत्य> प्रा. सच्च> ने. साँचो, सच्चाइ

३.४.३.३ क्ष, त्स र श्चको छ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका क्ष, थ्य, ध्व, त्स, प्स, श्य, स्थ र स्प संयुक्त व्यञ्जनका स्थानमा छकारको परिवर्तनका लागि ८ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।२।१५, १७–२३) । तीमध्ये नेपालीमा क्ष, त्स र श्च संयुक्त व्यञ्जनका स्थानमा छकारको परिवर्तनका लागि निम्नलिखित २ नियम (९०–९१) को प्रवृत्ति हुन्छ :

(९०) संस्कृत शब्दका संयुक्त क्ष-का स्थानका छकार हुन्छ (पूर्ववत् ८।२।१७), जस्तै :

(क) सं. लक्ष्मी> प्रा. लच्छी> ने. लच्छिमी/लच्छिमी
(ख) सं. लक्षण> प्रा. लच्छण> ने. लच्छिन
(ग) सं. क्षुरिका> प्रा. छुरिआ> ने. छुरी
(घ) सं. क्षेपकार> प्रा. छेपआरो> ने. छेपारो

(९१) पश्चिम, पश्चात्, वत्स र वत्सी शब्दका संयुक्त श्च र त्स-का स्थानमा छकार हुन्छ (पूर्ववत् ८।२।२१), जस्तै :

(क) सं. पश्चिम> प्रा. पच्छिम> ने. पच्छिम
(ख) सं. पश्चात्> प्रा. पच्छा> ने. पछि, पछाडि
(ग) सं. वत्स> प्रा. वच्छा> ने. बाछो/बाच्छो
(घ) सं. वत्सी> प्रा. वच्छी> ने. बाछी/बाच्छी

३.४.३.४ द्य, य्य र र्यको ज् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ध्य, न्य, द्य, य्य, द्व र र्य संयुक्त व्यञ्जनका स्थानमा जकार र ज्ज-को परिवर्तनका लागि ३ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ (पूर्ववत् ८।२।१५, २४–२५) । तीमध्ये नेपालीमा द्य,

य्य र र्य-को जकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९२) प्रवृत्त हुन्छ :

(९२) संस्कृत शब्दका संयुक्त द्य, य्य र र्य-का स्थानमा जकार हुन्छ (पूर्ववत् ८।२।२४), जस्तै :

(क) सं. अद्य> प्रा. अज्ज> ने. आज
(ख) सं. शय्या> प्रा. सेज्जा> ने. सेज्जा/सेज्जे दान
(ग) सं. कार्य> प्रा. कज्ज> ने. काज
(घ) सं. वर्य> प्रा. वज्ज> ने. बाजे
(ङ) सं. खाद्य> प्रा. खज्ज> ने. खाजा
(च) सं. अद्यकल्य> प्रा. अज्जकल्ल> ने. आजकाल
(छ) सं. दायाद्य> प्रा. दायज्जो> ने. दाइजो

३.४.३.५ ध्यको झ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ध्य, ध्व, न्ध र ह्ध संयुक्त व्यञ्जनका स्थानमा झकार र झा-को परिवर्तनका लागि ४ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।२।१५, २६–२८)। तीमध्ये नेपालीमा ध्यको झकारमा परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९३) को प्रवृत्ति हुन्छ :

(९३) संस्कृत शब्दका संयुक्त ध्यका स्थानमा झकार हुन्छ (पूर्ववत् ८।२।२६), जस्तै :

(क) सं. सन्ध्या> प्रा. संज्झा> ने. साँझ
(ख) सं. उपाध्याय> प्रा. ओज्झाओ> ने. ओझा
(ग) सं. मध्य> प्रा. मज्झ> ने. माझ
(घ) सं. साध्यक> प्रा. सज्झओ> ने. साझो
(ङ) सं. युध्यति> प्रा. जुज्झइ> ने. जुझ्छ
(च) सं. बुध्यति> प्रा. बुज्झइ> ने. बुझ्छ
(ज) सं. वन्ध्या> प्रा. वंज्झा> ने. बाँझी

३.४.३.६ त्त, र्त र स्तको ट् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका त्त, न्त, र्थ, र्त र स्त-को टकार एवम् ण्ट-मा परिवर्तनका लागि ४ नियमहरूको प्रवृत्ति भएको देखिन्छ (पूर्ववत् ८।२।२९–३१, ४७)। तीमध्ये नेपालीमा त्त, र्त र स्त संयुक्त व्यञ्जनका स्थानमा टकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९४) प्रवृत्त हुन्छ :

(९४) वृत्त, मृत्तिका, पत्तन, वर्तुल, नर्तक र पर्यस्त शब्दका संयुक्त त्त, र्त र स्त-का स्थानमा टकार हुन्छ (पूर्ववत् ८।२।२९, ३०, ४७), जस्तै :

(क) सं. वृत्त> प्रा. वट्टो> ने. बट्टा

(ख) सं. मृत्तिका> प्रा. मट्टिआ> ने. माटी/माटो

(ग) सं. पत्तन> प्रा. पट्टन> ने. पाटन, पाटनढोका, छोरेपाटन

(घ) सं. वर्तुल> प्रा. वट्टुल> ने. बाटुलो

(ङ) सं. नर्तक> प्रा. नट्टअ> ने. नटुवा/नचुवा

(च) सं. पर्यस्त> प्रा. पल्लट्टो> ने. पलट

३.४.३.७ ष्ट र स्तको ठ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका र्ष, ष्ट, स्त, स्थ र स्त्य संयुक्त व्यञ्जनका स्थानमा ठकारको परिवर्तनका लागि ५ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।२।९, ३२–३४, ३९)। तीमध्ये नेपालीमा ष्ट र स्त संयुक्त व्यञ्जनका स्थानमा ठकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९५) को प्रवृत्ति हुन्छ :

(९५) यष्टि, मुष्टि, पुष्ट, कष्ट, अष्ट, मिष्ट, पिष्ट र स्तब्ध शब्दका संयुक्त ष्ट र स्त–का स्थानमा ठकार हुन्छ (पूर्ववत् ८।२।३४), जस्तै :

(क) सं. यष्टि> प्रा. लट्ठी> ने. लट्ठी/लाठी

(ख) सं. मुष्टि> प्रा. मुट्ठी> ने. मूठी

(ग) सं. पुष्ट> प्रा. पुट्ठो> ने. पूठो

(घ) सं. कष्ट> प्रा. कट्ठो> ने. काठो, कठोर

(ङ) सं. अष्ट> प्रा. अट्ठ> ने. आठ

(च) सं. मिष्ट> प्रा. मिट्ठो> ने. मीठो

(छ) सं. पिष्ट> प्रा. पिट्ठो> ने. पीठो

(ज) सं. स्तब्ध> प्रा. ठड्ढो> ने. ठाडो

३.४.३.८ र्तको ड् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका न्द, र्त र र्द संयुक्त व्यञ्जनका स्थानमा डकार र ण्ड-को परिवर्तनका लागि ४ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ (पूर्ववत् ८।२।३५–३८)। तीमध्ये नेपालीमा र्त संयुक्त व्यञ्जनका स्थानमा डकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९६) प्रवृत्त हुन्छ :

(९६) गर्त शब्दका संयुक्त र्तका स्थानमा डकार हुन्छ (पूर्ववत् ८।२।३५), जस्तै :

(क) सं. गर्त> प्रा. गड्डो/गड्डा> ने. गड्डा, गडेको

३.४.३.९ द्धको द्ध नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ग्ध, द्ध, ब्ध र र्ध संयुक्त व्यञ्जनका स्थानमा ढकारको परिवर्तनका लागि ३ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।२।३९–४१)। तीमध्ये नेपालीमा द्ध संयुक्त व्यञ्जनका स्थानमा ढकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९७) को प्रवृत्ति हुन्छ :

(९७) वृद्ध र वृद्धि शब्दका संयुक्त द्ध-का स्थानमा ढकार हुन्छ (पूर्ववत् ८।२।४०), जस्तै :

(क) सं. वृद्ध> प्रा. वुड्ढो> ने. बूढो

(ख) सं. वृद्धि> प्रा. वुड्ढी> ने. बूढी

३.४.३.१० ञ्चको ण् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ञ्च, ज्ञ, त्त र म्न संयुक्त व्यञ्जनका स्थानमा णकारको परिवर्तनका लागि २ नियमहरूको प्रवृत्ति भएको पाइन्छ (पूर्ववत् ८।२।४२–४३)। तीमध्ये नेपालीमा ञ्च संयुक्त व्यञ्जनका स्थानमा णकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९८) प्रवृत्त हुन्छ :

(९८) पञ्चदश शब्दका संयुक्त ञ्चका स्थानमा णकार हुन्छ (पूर्ववत् ८।२।४३), जस्तै :

(क) सं. पञ्चदश> प्रा. पण्णरह> ने. पन्द्र/पन्ध्र

३.४.३.११ स्तको थ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका स्त र त्स संयुक्त व्यञ्जनका स्थानमा थकारको परिवर्तनका लागि ५ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।२।९, ४५–४८)। तीमध्ये नेपालीमा स्त संयुक्त व्यञ्जनका स्थानमा थकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (९९) को प्रवृत्ति हुन्छ :

(९९) स्तम्भ र प्रस्तर शब्दका संयुक्त स्तका स्थानमा थकार हुन्छ (पूर्ववत् ८।२।९, ४५), जस्तै :

(क) सं. स्तम्भ> प्रा. थम्भो> ने. थाम/खाँभो

(ख) सं. प्रस्तर> प्रा. पत्थरो> ने. पत्थर

३.४.३.१२ त्मको प् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका क्म, ड्म, त्म र स्म संयुक्त व्यञ्जनका स्थानमा पकारको विकारका लागि २ नियमहरूको प्रवृत्ति भएको भेटिन्छ (पूर्ववत् ८।२।५१–५२)। तीमध्ये नेपालीमा त्म संयुक्त व्यञ्जनका स्थानमा पकारको विकारका लागि निम्नलिखित एउटामात्र नियम (१००) प्रवृत्त हुन्छ :

(१००) आत्मन् शब्दको संयुक्त त्मका स्थानमा पकार हुन्छ (पूर्ववत् ८।२।५१), जस्तै :

(क) सं. आत्मन:> प्रा. अप्पाणो> ने. आफ्नो

३.४.३.१३ म्रको म्ब् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका म्र संयुक्त व्यञ्जनका स्थानमा संयुक्त म्ब-को परिवर्तनका लागि एउटा नियम प्रवृत्त भएको पाइन्छ, जुन निम्नलिखित नियमको प्रवृत्ति नेपालीमा समेत हुन्छ :

(१०१) ताम्र र आम्र शब्दका संयुक्त म्र-का स्थानमा संयुक्त म्ब हुन्छ (पूर्ववत् ८।२।५६), जस्तै :

(क) सं. ताम्र> प्रा. तम्ब> ने. ताँबो/तामा

(ख) सं. आम्र> प्रा. अम्ब> ने. आँप

३.४.३.१४ ह्वर्व र ह्वको भ् नियम

प्राकृतमा संस्कृत शब्दमा रहेका ह्वर्व, श्मी र ह्व-को भकारमा परिवर्तनका लागि ४ नियमहरू प्रवृत्त भएका देखिन्छन् (पूर्ववत् ८।२।५७–६०)। तीमध्ये नेपालीमा ह्वर्व र ह्व-का स्थानमा भकारको परिवर्तनका लागि निम्नलिखित एउटामात्र नियम (१०२) को प्रवृत्ति हुन्छ :

(१०२) जिह्वा र उर्ध्व शब्दका संयुक्त ह्व र र्ध्व-का स्थानमा भकार हुन्छ (पूर्ववत् ८।२।५७, ५९), जस्तै :

(क) सं. जिह्वा> प्रा. जिभा>जिब्भा> ने. जिभ्रो

(ख) सं. उर्ध्व> प्रा. उभ>उब्भ> ने. उँभो

यस प्रकार नेपालीमा प्रयुक्त प्राकृत शब्दमा पाइने संस्कृतका १९ प्रकारका संयुक्त व्यञ्जन वर्णहरूमध्ये क्षको खकार र छकारमा एवम् स्तको खकार, छकार, टकार, ठकार र थकारमा परिवर्तन भएको पाइन्छ भने अन्य १७ संयुक्त व्यञ्जन वर्णको एकभन्दा बढी व्यञ्जन वर्णमा परिवर्तन भएको

देखिँदैन । संस्कृतमा संयुक्त व्यञ्जन वर्णका स्थानमा एकल व्यञ्जन वर्णको परिवर्तन हुने एकाध नियमहरू पाइए पनि प्राकृतमा झैं उपर्युक्त किसिमको वर्णात्मक परिवर्तन भएको पाइँदैन । प्राकृतका उपर्युक्त नियमहरू प्राकृतकै लोपनियम र एक व्यञ्जन वर्णविकार नियमकै अपवादमा आएका भए पनि यी संयुक्त व्यञ्जन वर्णविकार सम्बन्धी नियमहरूले संस्कृतका श्चुत्व र ष्टुत्वसम्बन्धी नियमलाई आंशिक रूपमा अवलम्बन गर्नाका साथै यी नियमहरू यथासम्भव स्ववर्गीय परिवर्तनतर्फ उन्मुख भएका देखिन्छन् ।

३.५ प्राकृतको वर्णव्यत्ययसन्धि नियम

वैदिक संस्कृतमा वर्णव्यत्ययका नियमहरूको बाहुल्य रहे पनि लौकिक संस्कृतमा वर्णव्यत्ययका कुनै पनि नियमको प्रवृत्ति भएको देखिँदैन । प्राकृतमा रकार र णकारको, लकार र मकारको, चकार र लकारको, हकार र रकारको, हकार र दकारको, रकार र लकारको, लकार र हकारको, लकार र डकारको एवम् हकार र यकारको व्यत्ययका लागि ९ नियमहरू प्रवृत्त भएका पाइन्छन् (पूर्ववत् ८।२।११६–१२४) । तीमध्ये नेपालीमा हकार र रकारको, हकार र दकारको, लकार र हकारको एवम् हकार र यकारको व्यत्ययका लागि निम्नलिखित एउटामात्र संयुक्त नियम (१०३) को प्रवृत्ति हुन्छ :

(१०३) वाराणसी शब्दमा रकार र णकारको, महाराष्ट्र शब्दमा हकार र रकारको, ह्रद शब्दमा दकार र हकारको एवम् लघुक शब्दमा हकार र लकारको साटासाट हुन्छ (पूर्ववत् ८।२।११६, ११९, १२०, १२२), जस्तै :

(क) सं. वाराणसी> प्रा. वाणारसी> ने. बानारसी/बानारस

(ख) सं. महाराष्ट्र> प्रा. मरहट्ठ> ने. मरहट्ठा

(ग) सं. ह्रद> प्रा. दहो > ने. दह

(घ) सं. लघुक> प्रा. लहुक>हलुअ> ने. हलुको

यसरी वैदिक संस्कृतमा बाहुल्य रहेको वर्णव्यत्ययसन्धि लौकिक संस्कृतको सिंह शब्दलाई वर्णव्यत्ययको उदाहरणका रूपमा प्रस्तुत गरिए पनि अन्य शब्द भेट्न सकिएको छैन । लौकिक संस्कृतका तुलनामा प्राकृतमा वर्णव्यत्ययसन्धि उर्वर रहे पनि मौलिक नेपाली शब्दमा वर्णव्यत्ययसन्धिको प्रयोग अत्यन्त न्यून रहेको देखिन्छ ।

❐ ❐

नेपाली सन्धिनियम

४.१ विषय-प्रवेश

यस अध्यायमा मुख्यत: नेपालीमा प्रयुक्त तत्सम (संस्कृत) र तद्भव (प्राकृत) शब्ददेखि भिन्न मौलिक नेपाली शब्दको निर्माणप्रक्रियाका क्रममा प्रवृत्त हुने लोपसन्धि, आगमसन्धि, वर्णविकारसन्धि र वर्णव्यत्ययसन्धिका प्रमुख नियमहरूको सोदाहरण चर्चा गरिएको छ ।

४.२ नेपालीका लोपसन्धि नियम

मौलिक नेपाली शब्दमा प्रवृत्त हुने लोपसन्धिका नियमहरूलाई स्वरवर्णको लोपनियम, व्यञ्जनवर्णको लोपनियम, खण्डेतर वर्णको लोपनियम र अनेक वर्णको लोपनियम गरी मुख्यत: चार प्रकारमा विभाजन गर्न सकिन्छ ।

४.२.१ स्वरवर्णको लोपनियम

मौलिक नेपाली शब्दको निर्माणप्रक्रियाका क्रममा धातु र प्रातिपदिकको अन्तमा रहेका अ, आ, इ, ई, उ, ऊ, ओ र औ स्वरवर्णको, आइ र आउ द्विस्वर वर्णको तथा आमा र आँसी प्रातिपदिकको आदिमा रहेका आकारको लोपका लागि पाँच नियमहरू (१–५) को प्रवृत्ति भएको पाइन्छ ।

(१) यकार वा स्वरवर्ण आदिमा हुने प्रत्यय तथा हलादि ची, चो, टे, नो, ना, नी, रो, रा, री लो र अस्थानवाची ले प्रत्यय पर भएमा अनेकाक्षरी प्रातिपदिक शब्दको अन्तमा रहेका अ, आ, इ, ई, उ, ऊ, ओ र ऐ स्वरवर्णको लोप हुन्छ । प्रातिपदिकान्त स्वरवर्ण लोपका दृष्टिले यस नियमका ८ उपभेदहरू पाइन्छन्, जस्तै :

(१.१) 'अ' लोप :

पण्डित+याइँ> पण्डित्+याइँ =पण्डित्याइँ

अँगार+ए =अँगारे	अदालत+ई =अदालती
अर्घ+औतो =अर्घौंतो	खर+एटो =खरेटो
खर्च+इलो =खर्चिलो	गज+ओ =गजो
गन्ध+इलो =गन्धिला	गफ+अडी =गफडी
गहक+इलो =गहकिलो	चन्दन+औटो =चनौटो
चाकर+ई =चाकरी	चित्र+उवा =चितुवा
चेप+आरे =चेपारे	जाँगर+इलो =जाँगरिलो
जाँगर+इया =जाँगरिया	जल+उवा =जरुवा
जहर+इलो =जहरिलो	जून+इलो =जुनिलो
टहल+उवा =टहलुवा	ढाड+ए =ढाडे
तल+लो =तल्लो	थाल+इया =थलिया
थास+उल्लो =थसुल्लो	थुन+इलो =थुनिलो
दुःख+एसो =दुखेसो	धूप+औरे =धुपौरे
धूम+इलो =धमिलो	नोकर+ई =नोकरी
पत्र+ए =पत्रे	पश्चिम+एली=पश्चिमेली
पाँच+औ =पाँचौ	पात+एर =पतेर
पेट+आरो =पेटारो	फरास+इली =फरासिली
बिर्स+उवा =बिर्सुवा	भित्र+इया =भित्रिया
भीख+आरी =भिखारी	भुक्त+आनी =भुक्तानी
भोट+आन =भुटान	मगर+आँत =मगराँत
माझ+एत्रो =मजेत्रो	माझ+एरी =मझेरी
मुख+औटो =मुखौटो	रक्त+आम्मे =रक्ताम्मे
लाख+औरी =लखौरी	वर्ष+औ =वर्षौं
शब्द+यौली =शब्यौली	संग्रह+आलो =सँगालो
सहज+इला =सजिला	सीप+आलु =सिपालु
सुन+औलो =सुनौलो आदि ।	

(१.२) 'आ' लोप :

नगरा+ची> नगर्+ची =नगर्ची

आधा+उरो =अधुरो	आना+ए =आने

कच्चा+ई =कच्ची	कत्ला+ए =कत्ले
कहाँ+ई =कहीं	काँटा+ई =काँटी
खुर्पा+एटो =खुर्पेटो	गद्दा+ई =गद्दी
गाँजा+आडी =गँजाडी	गाँजा+एडी =गँजेडी
गाला+ए =गाले	गोडा+एटो =गोरेटो
घोडा+एटो =घोडेटो	चौडा+आइ =चौडाइ
ठट्टा+एउली =ठट्टेउली	डिब्बा+इया =डिबिया
डोला+ई =डोली	तबला+ची =तबल्ची
तारा+ए =तारे	तामा+ओट =तमोट
तिर्खा+आइ =तिर्खाइ	थुँगा+ए =थुँगे
दर्ना+आल =दर्नाल	धिता+आल =धितात
पुर्खा+यौली =पुर्ख्यौली	बर्मा+एली =बर्मेली
बिदा+आइ =बिदाइ	भाँडा+आर =भँडार
माया+आलु =मायालु	रिमा+आल =रिमाल
शिला+ओट =सिलोट	सफा+आइ =सफाइ आदि ।

(१.३) **'इ' लोप :**

अधि+औटे> अध्+औटे =अघौटे

अगि+आडि =अगाडि	अगि+आवै =अगावै
अगि+उवा =अगुवा	अधि+औटो =अघौटो
पछि+आडि =पछाडि	पछि+उतो =पछुतो
पछि+उवा =पछुवा	पछि+औटे =पछौटे
पछि+यौरा =पछ्यौरा आदि ।	

(१.४) **'ई' लोप :**

गुल्मी+एली> गुल्म्+एली =गुल्मेली

अल्छी+याइँ =अल्छ्याइँ	कट्टी+आल =कट्टेल
काखी+औतो =कख्यौतो	काजी+आइँ =कजाइँ
गुठी+इयार =गुठियार	गोजी+एरो =गोजेरो
घाँटी+एसी =घँटेसी	डोटी+आली =डोटेली
तिमी+रो =तिम्रो	बाँकी+यौता =बक्यौता

पानी+आलो =पन्यालो
प्याकुरी+आल =प्याकुरेल
बान्की+इलो =बान्किलो
भूर्ती+आल =भुर्तेल
रैती+आन =रैतान
वादी+इनी =वदिनी
तिमी+री =हाम्री आदि ।

पौडी+आल =पौडेल
फुर्ती+इलो =फुर्तिलो
भारी+इया =भरिया
माझी+एना =मझेना
लुर्याँटी+आल =लुईटेल
हामी+रा =हाम्रा

(१.५) 'उ' लोप :

गानु+टे> गान्+टे =गान्टे
ढाकु+आल> ढाक्+आल> ढक्+आल =ढकाल
लम्सु+आल> लम्स्+आल =लम्साल
सिस्नु+एरी> सिस्न्+एरी =सिस्नेरी

(१.६) 'फ' लोप :

आफू+अन्त> आफ्+अन्त =आफन्त
आफू+नो> आफ्+नो =आफ्नो
आफू+ना> आफ्+ना =आफ्ना
आफू+नी> आफ्+नी =आफ्नी

(१.७) 'ओ' लोप :

गोलो+आइ> गोल्+आइ =गोलाइ

अपुङ्गो+ए =अपुङ्गे
अर्घेलो+याइँ =अर्घेल्याइँ
आँखो+ले =आँख्ले
उँधो+औली =उँधौली
उचो+आइ =उचाइ
काँचो+इया =कचिया
कुइनो+एटो =कुइनेटो
कुरो+औटे =कुरौटे
चिप्लो+एँटी =चिप्लेँटी

अमिलो+याइ =अमिल्याइ
आँखो+ई =आँखी
आगो+उल्टो =अगुल्टो
उँभो+औली =उँभौली
उपद्रो+याइँ =उपद्रयाइँ
काँचो+इलो =कचिलो
कुप्रो+याइँ =कुप्र्याइँ
खैरो+एनी =खैरेनी
जाडो+आउरी =जडाउरी

जूठो+याइ =जुठ्याइ	जूठो+यान =जुठ्यान
झुप्रो+अडी =झुपडी	ठाडो+यौरो =ठडचौरो
ढिस्को+उरो =ढिस्कुरो	ताउलो+ई =ताउली
तीखो+आउरे =तिखाउरे	तीखो+उल्ले =तिखुल्ले
तीतो+औरो =तितौरो	थैलो+ई =थैली
दरो+इलो =दरिलो	दीयो+आलो =दियालो
धूलो+याहा =धुल्याहा	पाखो+ए =पाखे
पाखो+एटो =पखेटो	पाठो+एको =पठेको
पिरलो+आइ =पिरलाइ	फाटो+याइँ =फटचाइँ
बच्चो+एरो =बचेरो	बूढो+याइँ =बुढ्याइँ
बलो+एँसी =बलेँसी	भलो+आइ =भलाइ
मोटो+आइ =मोटाइ	माटो+एड्ग्रो =मटेङ्ग्रो
मुसो+आउरो =मुराउरो	लाठो+आरो =लठारो
लाठो+उवा =लठुवा	लामो+च्चो =लाम्चो
लाम्चो+इलो =लम्चिलो	शूरो+याइँ =सुच्याइँ
सल्लो+यान =सल्ल्यान	साँप्रो+एटो =सपेटो
हरियो+आली =हरियाली	होचो+आइ =होचाइ आदि ।

(१.८) 'ऐ' लोप :

मकै+यानी> मक्+यानी =मक्यानी

(२) यकार वा स्वरवर्ण आदिमा हुने कृत् र तिङ् प्रत्यय पर भएमा अनेकाक्षरी धातुको अन्तमा रहेका अ, आ, इ र उ स्वरवर्णको एवम् आउ द्विस्वर वर्णको लोप हुन्छ । धात्वन्त वर्णलोपका दृष्टिले यस नियमका ५ उपभेदहरू पाइन्छन्, जस्तै :

(२.१) 'अ' लोप :

लम्क+एर> लम्क्+एर =लम्केर

अल्झ+आइ =अल्झाइ	उत्र+यो =उत्र्यो
उम्र+आइ =उम्राइ	उल्झ+आइ =उल्झाइ
चम्क+आइ =चम्काइ	झस्क+आइ =झस्काइ
दच्क+आहा =दच्काहा	दन्क+आइ =दन्काइ
निस्क+आइ =निस्काइ	पक्र+आउ =पक्राउ

पर्ख+आइ =पखाइ	बह+ओतो =बोहोतो
भर्स+एलो =भर्सेलो	सप्र+एको =सप्रेको आदि ।

(२.२) 'आ' लोप :

खा+औवा> ख्+औवा =खौवा

(२.३) 'इ' लोप :

खिइ+एर> खि+एर =खिएर

अरिरि+याइँ =अरर्‍याइँ	उम्कि+आउ =उम्काउ
ऐंठि+याइँ =ऐंठ्याइँ	खुट्टि+याइँ =खुट्ट्याइँ
घोप्टि+याइँ =घोप्ट्याइँ	छचल्कि+याइँ =छचल्क्याइँ
ठुन्कि+याइँ=ठुन्क्याइँ	परिल+याइँ =पर्ल्याइँ
पिल्सि+याइँ =पिल्स्याइँ	फोस्रि+एलो =फोस्रेलो
रित्ति+याइँ =रित्त्याइँ आदि ।	

(२.४) 'उ' लोप :

चुहु+आवट> चुह्+आवट =चुहावट

अघाउ+ई =अघाई	अघाउ+इन्जेल =अघाइन्जेल
अघाउ+उन्जि =अघाउन्जि	अघाउ+एर =अघाएर
अघाउ+एको =अघाएको	अघाउ+यो =अघायो
अचाउ+ई =अचाई	अचाउ+इन्जेल =अचाइन्जेल
अचाउ+एर =अचाएर	अचाउ+एको =अचाएको
अचाउ+यो =अचायो	अटाउ+ई =अटाई
अटाउ+एर =अटाएर	अटाउ+एको =अटाएको
अटाउ+यो =अटायो	अत्याउ+ई =अत्याई
अत्याउ+एर =अत्याएर	अत्याउ+एको =अत्याएको
अत्याउ+यो =अत्यायो	आउ+इन्जेल =आइन्जेल
आउ+इन्दा =आइन्दा	आउ+ई =आई
आउ+एर =आएर	आउ+एको =आएको
आउ+ते =आते	आउ+यो =आयो
गाउ+ई =गाई	गाउ+इन्जेल =गाइन्जेल
गाउ+एर =गाएर	गाउ+एको =गाएको
गाउ+यो =गायो	चुहु+ई =चुही

चुह+इन्जेल =चुहिन्जेल	चुहु+एर =चुहेर
चुहु+एको =चुहेको	चुहु+यो =चुह्यो
तुहु+ई =तुही	तुहु+इन्जेल =तुहिन्जेल
तुहु+एर =तुहेर	तुहु+एको =तुहेको
तुहु+यो =तुह्यो	धाउ+ई =धाई
धाउ+इन्जेल =धाइन्जेल	धाउ+एर =धाएर
धाउ+एको =धाएको	धाउ+यो =धायो
पाउ+ई =पाई	पाउ+इन्जेल =पाइन्जेल
पाउ+एर =पाएर	पाउ+एको =पाएको
पाउ+यो =पायो	पिउ+ई =पिई
पिउ+इन्जेल =पिइन्जेल	पिउ+एर =पिएर
पिउ+एको =पिएको	पिउ+यो =पियो
लाउ+ई =लाई	लाउ+इन्जेल =लाइन्जेल
लाउ+एर =लाएर	लाउ+एको =लाएको
लाउ+यो =लायो	ल्याउ+ई =ल्याई
ल्याउ+एर =ल्याएर	ल्याउ+एको =ल्याएको
ल्याउ+इन्जेल =ल्याइन्जेल	ल्याउ+यो =ल्यायो
सजाउ+ई =सजाई	सजाउ+इन्जेल=सजाइन्जेल
सजाउ+उन्जेल=सजाउन्जेल	सजाउ+एको =सजाएको
सजाउ+एर =सजाएर	सजाउ+यो =सजायो आदि ।

उपर्युक्त उदाहरणका आधारमा ई, इन्जेल, उन्जि, उन्जेल, एको, एर र यो प्रत्यय पर भएमा 'आउ' अन्त्यक धातुका उकारको मात्र लोप हुन्छ भने आइँ, आइ, आन, आवट, औटो, आहट, औना, औरो र औरी प्रत्यय पर भएमा उपनियम (२.५) अनुसार 'आउ' अन्त्यक धातुका आकार र उकार दुवै वर्णको लोप हुन्छ ।

(२.५) **'आउ' लोप :**

बिसाउ+औना> बिस्+औना =बिसौना

अह्राउ+आवट =अह्रावट	चिच्याउ+आहट चिच्याहट
चोख्याउ+आन =चोख्यान	छटाउ+आइँ =छटाइँ
छिपाउ+आइ =छिपाइ	जिलाउ+औटो =जिलौटो
फकाउ+औरो =फकौरो	फकाउ+औरी =फकौरी

बिछ्याउ+औना=बिछ्यौना बिराउ+औटो =बिरौटो
बिसाउ+आइ =बिसाइ बेसाउ+आहा =बेसाहा
लत्याउ+आइ =लत्याइ सजाउ+आइ =सजाइ
सजाउ+आवट =सजावट आदि ।

(३) आलो, एरी, यान, यौली र ए प्रत्यय पर भएमा पुच्छर, बगर र सुतक शब्दको अन्तिमभन्दा पूर्ववर्ती (उपान्त्य) अकारको लोप हुन्छ, जस्तै :

(क) सँग्रह+आलो> सँग्रह्+आलो> सँगह्+आलो> सँग्ह्+आलो> सँग्+आलो =सँगालो

(ख) सुतक+एरी> सुतक्+एरी> सुत्क्+एरी =सुत्केरी

(ग) पुच्छर+यौली> पुच्छर्+यौली> पुच्छ्र्+यौली =पुच्छ्रयौली

(घ) बगर+यान> बगर्+यान> बग्र्+यान =बग्र्यान

(ङ) पुच्छर+ए>पुच्छर्+ए>पुच्छ्र्+ए=पुच्छ्रे, माछापुच्छ्रे, लामपुच्छ्रे

(४) असल शब्द एवम् ऐया र एना प्रत्यय पर भएमा क्रमशः पूर्ववर्ती अकारको एवम् आइ र आइँ प्रत्ययको तथा सानी र चुले शब्ददेखि उत्तरवर्ती आमा र आँसी शब्दका आकारको लोप हुन्छ, जस्तै :

'अ' लोप : कम+असल> कम्+असल =कमसल

'आ' लोप : सानी+आमा> सानी+मा =सानीमा

'आ' लोप : चुले+आँसी> चुले+ँसी =चुलेँसी

'आइ' लोप : अढाइ+ऐया> अढ्+ऐया =अढैया

'आइँ' लोप : दमाइँ+एना> दम्+एना =दमेना

(५) समासमा नानी, दिदी, दाइ र आद्मी शब्द पर भएमा एवम् पूर्ण द्वित्वमा पूर्ववर्ती सानो, सानी, ठूलो, ठूली, भलो, बाटो, तातो शब्दको अन्तमा रहेका ओकार र ईकारको लोप हुन्छ, जस्तै :

'ई' लोप : (क) सानी+नानी =सान्नानी

(ख) सानी+दिदी =सान्दिदी

(ग) ठूली+दिदी =ठुल्दिदी

'ओ' लोप : (क) सानो+दाइ =सान्दाइ

(ख) ठूलो+दाइ =ठुल्दाइ

(ग) भलो+आद्मी =भलाद्मी

(घ) बाटो+बाटो =बाट्बाटो

(ङ) तातो+तातो =तात्तातो

४.२.२ व्यञ्जनवर्णको लोपनियम

मौलिक नेपाली शब्दको निर्माणका क्रममा धातु र प्रातिपदिकका आद्य, मध्य वा अन्त्य क्, च्, ट्, ठ्, प्, त्, द्, प्, ब्, य्, र्, ल्, ष्, स् एवम् ह् व्यञ्जनवर्णको लोपका लागि चार नियमहरू (६–९) प्रवृत्त भएका पाइन्छन् ।

(६) यकार वा स्वरवर्ण आदिमा हुने प्रत्यय पर भएमा प्रकृतिमा रहेका संयुक्त क्, च्, ट्, ठ्, ण्, प्, र्, ल्, ष् एवम् ह् व्यञ्जन वर्णको लोप हुन्छ, जस्तै :

'क्' लोप : (क) भुक्क+उन्डो> भुक्+उन्डो> भक्+उन्डो =भकुन्डो

'च्' लोप : (क) बच्चो+एरो> बच्च्+एरो> बच्+एरो =बचेरो
(ख) चुच्चो+उरो> चुच्च्+उरो> चुच्+उरो =चुचुरो
(ग) बाच्छो+एडो> बाच्छ्+एडो> बाछ्+एडो> बछ्+एडो =बछेडो

'ट्' लोप : (क) फट्ट+याङ्ग्रो> फट्ट्+याङ्गो> फट्+याङ्गो =फट्याङ्गो
(ख) झट्ट+आरो> झट्ट्+आरो> झट्+आरो =झटारो

'ठ्' लोप : (क) लठ्ठ+यौरो> लठ्ठ्+यौरो> लठ्+यौरो =लठ्यौरो

'ण्' लोप : (क) कण्ठ+आलो> कण्ठ्+आलो> कठ्+आलो =कठालो

'प्' लोप : (क) झुप्पो+उल्लो>झुप्प्+उल्लो>झुप्+उल्लो =झुपुल्लो

'र्' लोप : (क) चर्म+एरो> चर्म्+एरो> चम्+एरो =चमेरो
(ख) साँप्रो+एटो>साँप्र्+एटो>साँप्+एटो>सँप्+एटो =सपेटो
(ग) झुप्रो+अडी> झुप्र्+अडी> झुप्+अडी =झुपडी
(घ) सिर्र+एटो> सिर्र्+एटो> सिर्+एटो =सिरेटो
(ङ) जिब्रो+उल्ले> जिब्र्+उल्ले> जिब्+उल्ले =जिबुल्ले
(च) गर्भ+आरो> गर्भ्+आरो> गभ्+आरो =गभारो
(छ) निद्रा+आउरो> निद्र्+आउरो> निद्+आउरो =निदाउरो
(ज) राम्रो+आइलो> राम्र्+आइलो> राम्+आइलो> रम्+आइलो =रमाइलो
(झ) भाद्र+औ> भाद्र्+औ> भाद्+औ> भद्+औ =भदौ
(ञ) सूत्र+अरी> सुत्र्+अरी> सुत्+अरी =सुतरी/सुथरी
(ट) चित्र+उवा> चित्र्+उवा> चित्+उवा =चितुवा

(ठ) चर्म+आर> चर्म्+आर> चम्+आर =चमार
(ड) बिग्र+आर> बिग्र्+आर> बिग्+आर =बिगार
(ढ) सँग्रह+आलो> सँग्रह्+आलो> सँगह्+आलो =सँगालो

'ल्' लोप : (क) उम्ल+आल> उम्ल्+आल> उम्+आल =उमाल
(ख) ओर्ल+आलो> ओर्ल्+आलो> ओर्+आलो
=ओरालो/ओराली
(ग) उक्ल+आलो> उक्ल्+आलो> उक्+आलो
=उकालो/उकाली
(घ) भुत्लो+उल्लो> भुत्ल्+उल्लो> भुत्+उल्लो =भुतुल्लो

'ष्' लोप : (क) पुष्ट+इलो>पुट+इलो>पुट्+इलो>पोट्+इलो =पोटिलो

माथिको उदाहरण (ड) मा भै रकारको लोप भएका 'आर' प्रत्ययान्त यप शब्दहरू निम्नलिखित छन् :

उग्र+आर =उधार	उब्र+आर =उबार
उफ्र+आर =उफार	उम्र+आर =उमार
उत्र+आर =उतार	थिग्र+आर =थिगार
निख्र+आर =निखार	निथ्र+आर =निथार
पग्र+आर =पगार	लत्र+आर =लतार
सप्र+आर =सपार	सुध+आर =सुधार आदि ।

(७) टा, आल, इयाँ, आलो र इलो प्रत्यय पर भएमा क्रमशः एक, चुस्, सँग्रह र सहज शब्दमा रहेका असंयुक्त ककार, सकार, यकार र स्वरमध्यगत अनुक्त हकारको लोप हुन्छ, जस्तै :

'क्' लोप : (क) एक+टा> एअ+टा> एउ+टा =एउटा/यौटा

'य्' लोप : (क) खनाया+आल> खनाय्+आल> खना+आल>
खन्+खाल =खनाल

'स्' लोप : (क) चुस्+इयाँ =चुइयाँ

'ह्' लोप : (क) सँग्रह+आलो>सँग्रह्+आलो>सँग्+आलो =सँगालो
(ख) सहज+इलो> सहज्+इलो> सअज्+इलो>
सज्+इलो =सजिलो

(८) ब र हिले तद्धित प्रत्यय पर भएमा यो र त्यो शब्दका यकारको लोप हुन्छ, जस्तै :

'ब' प्रत्ययमा : (क) यो+ब> ओ+ब> अ+ब =अब

(ख) त्यो+ब> तो+ब> त+व =तब

'हिले' प्रत्ययमा : (क) यो+हिले> ओ+हिले> अ+हिले =अहिले

(ख) त्यो+हिले> तो+हिले> त+हिले =तहिले

(९) पूर्ण द्वित्व हुँदा पूर्ववर्ती शब्दका आद्य व्यञ्जनवर्णको लोप हुन्छ, जस्तै :

(क) पैंचो+पैंचो> ऐंचो+पैंचो =ऐंचोपैंचो

टाल+टाल =आलटाल	टाले+टाले =आलेटाले
तान+तान =आनतान	दोह+दोहोर =ओहोरदोहोर
पालो+पालो =आलोपालो	बगल+बगल =अगलबगल
बदली+बदली =अदलीबदली	बानी+बानी =आनीबानी आदि ।

४.२.३ खण्डेतर वर्णको लोपनियम

मौलिक नेपाली शब्दको निर्माणप्रक्रियाका क्रममा दुःख शब्दमा रहेका विसर्ग (:) को तथा काँच, घाँस र बाँकी शब्दका अनुनासिक (ँ) को लोपका लागि एउटामात्र नियम (१०) प्रवृत्त भएको देखिन्छ ।

(१०) यकार वा स्वरवर्ण आदिमा हुने प्रत्यय पर भएमा दुःख शब्दका विसर्ग (:) को तथा काँच, बाँकी र घाँस शब्दका अनुनासिक (ँ) को लोप हुन्छ, जस्तै :

विसर्ग (:) लोप :

(क) दुःख+याहा> दुःख्+याहा> दुख्+याहा =दुख्याहा

(ख) दुःख+एसो> दुःख्+एसो> दुख्+एसो =दुखेसो

(ग) दुःख+आलु> दुःख्+आलु> दुख्+आलु =दुखालु

(घ) दुःख+इया> दुःख्+इया> दुख्+इया =दुखिया

(ङ) दुःख+एको> दुःख्+एको> दुख्+एको =दुखेको

अनुनासिक (ँ) लोप :

(क) काँच+औरा>काँच्+औरा>काच्+औरा>कच्+औरा =कचौरा

(ख) काँचो+इलो>काँच्+इलो>काच्+इलो>कच्+इलो =कचिलो

(ग) बाँकी+यौता>बाँक्+यौता>बाक्+यौता>बक्+यौता =बक्यौता

(घ) घाँस+एटो>घाँस्+एटो>घास्+एटो>घस्+एटो =घसेटो

४.२.४ अनेक वर्णको लोपनियम

मौलिक नेपाली शब्दको निर्माणका क्रममा घचेट् धातुका एट् अनेक वर्णको तथा अधिल्लो, पछिल्लो, उपल्लो, तल्लो, ओल्लो, भानिज, बालुवा, बाङ्गो र चन्दन शब्दका लो, इज, उव्, ङ्गो र दन् अनेक वर्णको लोपका लागि दुई नियमहरू (११–१२) प्रवृत्त भएका पाइन्छन् ।

(११) तिर शब्द पर भएमा पूर्ववर्ती शब्दको अन्तमा रहेका 'लो' प्रत्ययको लोप हुन्छ, जस्तै :

(क) अधिल्लो+तिर अधिल्+तिर =अधिल्तिर
(ख) पछिल्लो+तिर पछिल्+तिर =पछिल्तिर
(ग) उपल्लो+तिर उपल्+तिर =उपल्तिर
(घ) तल्लो+तिर तल्+तिर =तल्तिर
(ङ) ओल्लो+तिर ओल्+तिर =ओल्तिर

(१२) एटो र औटो प्रत्यय पर भएमा क्रमशः घचेट् धातु, बालुवा र चन्दन शब्दका एट्, उव् र दन्को तथा दाइ र छिटा शब्द पर भएमा क्रमशः भानिज र बाङ्गो शब्दका इज र ङ्गोको लोप हुन्छ, जस्तै :

इज लोप : (क) भानिज+दाइ> भान्+दाइ =भान्दाइ
उव् लोप : (क) बालुवा+औटो>बाल्+औटो>बल्+औटो =बलौटो
एट् लोप : (क) घचेट्+एटो> घच्+एटो =घचेटो
ङ्गो लोप : (क) बाङ्गो+छिटा> बा+छिटा =बाछिटा
दन् लोप : (क) चन्दन+औटो> चन्+औटो =चनौटो

यस प्रकार कृत्, तद्धित, समास र द्वित्व प्रक्रियाद्वारा तत्समेतर र तद्भवेतर मौलिक नेपाली शब्दहरूको निर्माण गर्दा धातु र प्रातिपदिकको आदि, मध्य वा अन्तमा रहेका अ, आ, इ, ई, उ, ऊ, ओ र ऐ आठ स्वरवर्णको, आइ र आउ दुई द्विस्वरवर्णको, क, च, ट, ठ, ण, त, द, प, ब, य, र, ल, ष, स् एवम् ह १५ व्यञ्जनवर्णको, विसर्ग (:) र अनुनासिक (ँ) दुई खण्डेतर वर्णको तथा इज, उव्, एट्, ङ्गो, दन् र लो छ प्रकारका अनेक वर्णको लोप भएको देखिन्छ ।

४.३ नेपालीका आगमसन्धि नियम

मौलिक नेपाली शब्दमा प्रवृत्त हुने आगमसन्धिका नियमहरू मुख्यतः स्वरवर्णको आगमनियम, व्यञ्जनवर्णको आगमनियम र खण्डेतर वर्णको आगमनियम गरी तीन प्रकारका हुन्छन् ।

४.३.१ स्वरवर्णको आगमनियम

मौलिक नेपालीका रूपमा प्रयुक्त शब्दहरूमा व्यञ्जनवर्ण र खण्डेतर वर्णको आगमका तुलनामा स्वरवर्णको आगम अत्यन्त कम हुन्छ । नेपालीमा सराद्ध र सराप शब्दमा अकारको तथा किरिया, चालिसे र हैरान शब्दमा इकारको आगमका लागि निम्नलिखित एउटामात्र नियम (१३) प्रवृत्त भएको देखिन्छ ।

(१३) श्राद्ध र श्राप शब्दका शकारपछि अकारको तथा क्रिया शब्दको ककारपछि, चाल्सा शब्दको लकारपछि र आन प्रत्यय पर भएमा हार शब्दको ह्रस्वीभूत अकारपछि इकारको आगम हुन्छ, जस्तै :

'अ' आगम : (क) सं. श्राद्ध> स् राद्ध> स् अ राद्ध =सराद्ध, सराद्धे
(ख) सं. श्राप> स् राप> स् अ राप =सराप

'इ' आगम : (क) सं. क्रिया> किर्+इया =किरिया
(ख) चाल्सा (अछामको एक गाउँ)> चाल्+इ सा> चालिसा+ए> चालिस्+ए =चालिसे
(ग) हार+आन> हार्+आन> हर्+आन> हइर्+आन =हइरान/हैरान

४.३.२ व्यञ्जनवर्णको आगमनियम

मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणका क्रममा क्, ग्, ट्, ठ्, त्, न्, म्, य्, र्, ल्, व् र स् व्यञ्जनवर्णको आगमका लागि निम्नलिखित एघार वटा नियमहरू (१४–२४) को प्रवृत्ति हुन्छ :

(१४) एकाक्षरी आ, ई, उ र ओ प्रत्यय पर भएमा काट्, छान्, छुट्, रोक् र साट् धातुको एवम् उ प्रत्यय पर भएमा आठ, कान, खाग, टाट, धाक, पाक र सात प्रातिपदिकको अन्तमा रहेका क्, ग्, ट्, ठ्, त् र न् व्यञ्जनवर्णपछि क्, ग्, ट्, ठ् त् र न् समव्यञ्जन वर्णको आगम हुन्छ, जस्तै :

'क्' आगम : (क) रोक्+आ> रोक् क्+आ =रोक्का
(ख) धाक+उ> धाक्+उ> धक्+उ> धक्क्+उ =धक्कु
(ग) पाक+उ> पाक्+उ> पक्+उ> पक्क्+उ =पक्कु

'ग्' आगम : (क) खाग+उ> खाग्+उ> खग्+उ> खग्ग्+उ =खग्गु

'ट्' आगम : (क) काट्+आ> काट् ट्+आ> कट्ट्+आ =कट्टा

(ख) साट्+आ> साट् ट्+आ> सट्ट्+आ =सट्टा
(ग) काट्+ई> काट् ट्+ई> कट्ट्+ई =कट्टी
(घ) छुट्+ई> छुट् ट्+ई =छुट्टी
(ङ) साट्+ई> साट् ट्+ई> सट्ट्+ई =सट्टी
(च) काट्+उ> काट् ट्+उ> कट्ट्+उ =कट्टु
(छ) काट्+ओ> काट् ट्+ओ =काट्टो
(ज) टाट+उ> टाट्+उ> टट्+उ> टट्ट्+उ =टट्टु

'ठ्' आगम : (क) आठ+आ>आठ्+आ>अठ्+आ>अठ्ठ्+आ =अठ्ठा

'त्' आगम : (क) सात+आ>सात्+आ>सत्+आ>सत्त्+आ =सत्ता

'न्' आगम : (क) छान्+ई> छान् न्+ई> छन्न्+ई =छन्नी
(ख) कान+आ> कान्+आ> कन् न्+आ> कनन्+आ =कन्ना, लमकन्ना

(१५) लो र एलो प्रत्यय पर भएमा दुई शब्दको परिवर्तित दो शब्दको ओकारपछि र हात शब्दको ह्रस्वीभूत अकारपछि ककारको तथा आंशिक द्वित्व भएका तयार शब्दको पूर्ववर्ती त शब्दको अकारपछि मकारको आगम हुन्छ, जस्तै :

'क्' आगम : (क) दुई+लो> दो+लो> दोक्+लो =दोक्लो
(ख) हात+एलो> हात्+एलो> हत्+एलो> हत्क्+एलो =हत्केलो

'म्' आगम : (क) तयार+तयार> त+तयार> त म्+तयार =तम्तयार

(१६) छकार, थकार र नकार आदिमा हुने प्रत्यय पर भएमा धातुको अन्तमा रहेका अकार, आकार, इकार र उकारपछि नकारको आगम हुन्छ, जस्तै :

'अ' पछि : (क) निस्क+छ> निस्क न्+छ =निस्कन्छ
(ख) दौड+थ्यो> दौड न्+थ्यो =दौडन्थ्यो
(ग) पौड+न> पौड न्+न =पौडन्न

उफ्रन्छ, उक्लन्थ्यौ, ओर्लन्छु, कहन्थ्यो, गर्जन्छन्, तम्सन्छे, तर्कन्थिन्, निक्लन्छथौ, पक्रन्थे, लम्कन्छ, फैलन्थ्यौ, भत्कन्न, उम्कन्छन्, घुस्रन्नौं, घिस्रन्छौ, कुर्लन्थ्यौ, जिस्कन्छस्, पल्टन्छ आदि ।

'आ' पछि : (क) जा+छौं> जा न्+छौं =जान्छौं
(ख) खा+थ्यौ> खा न्+थ्यौ =खान्थ्यौ

(ग) ला+नन्> ला न्+नन् =लान्नन्

(घ) लैजा+छन्> लैजा न्+छन् =लैजान्छन्

'इ' पछि : (क) खिइ+छन्> खिइ न्+छन् =खिइन्छन्

(ख) चोखि+थे> चोखि न्+थे =चोखिन्थे

(ग) अर्थि+न> अर्थि न्+न =अर्थिन्न

छुट्टिन्थे, उभिन्छु, डुकिन्छन्, बल्झिन्छ, अकमकिन्छौ, कहालिन्छन्, कुँडिन्थ्यौं, काठिन्छन्, झुक्किन्थ्यो, चाउरिन्छे, खप्टिन्न, खनिन्छौ, झुन्डिन्थ्यो, कुल्चिन्छ, लिन्न, दिन्छु, पिल्सिन्छन्, लट्ठिन्थ्यौं, तर्सिन्थें आदि ।

'उ' पछि : (क) रु+छ> रु न्+छ =रुन्छ

(ख) धु+थें> धु न्+थें =धुन्थें

(ग) तुहु+नन्> तुहु न्+नन् =तुहुन्नन्

छुन्छौ, फुन्थ्यौं, नुहुन्छन्, हुन्थें, चुहुन्छ आदि ।

(१७) तीस, चालीस, पचास, साठी, सत्तरी, नब्बे र सय शब्द पर भएमा उन र उना शब्ददेखि नकारको आगम हुन्छ, जस्तै :

उन+तीस =उनन्तीस

उन+चालिस =उनन्चालीस

उन+पचास =उनन्पचास

उन+साठी =उनन्साठी

उन+सत्तरी =उनन्सत्तरी

उना+नब्बे =उनान्नब्बे

उना+सय =उनान्सय

(१८) आड, आन, आल, आलो, आइलो र औटो प्रत्यय पर भएमा अन्त्य स्वरलोपी स्वर वा व्यञ्जनवर्णपछि यकारको आगम हुन्छ, जस्तै :

'आड' : (क) बिउ+आड> बि+आड> बिय्+आड =बियाड

'आन' : (क) माटो+आन> माट्+आन> मट्+आन> मट् य्+आन =मट्यान

'आल' : (क) अर्जी+आल>अर्ज्+आल>अर्ज य्+आल=अर्ज्याल>अर्जेल

(ख) खार+आल> खार्+आल> खर्+आल> खर् य्+आल =खर्याल>खरेल

(ग) डोटी+आल> डोट्+आल> डोट् य्+आल =डोट्याल>डोटेल

(घ) पौडी+आल> पौड्+आल> पौड् य्+आल
=पौड्याल>पौडेल
(ङ) प्याकुरी+आल> प्याकुर्+आल> प्याकुर् य्+आल
=प्याकुर्याल>प्याकुरेल
(च) भूर्ती+आल>भूर्त्+आल>भूर्त् य्+आल =भूर्त्याल>भूर्तेल
(छ) लुयाँटी+आल> लुयाँट्+आल> लुइआँट्+आल>
लुइँट्+आल> लुइँट् य्+आल =लुइँट्याल>लुइँटेल

'आलो' : (क) पानी+आलो> पान्+आलो> पन् य्+आलो
=पन्यालो>पनेलो

'आइलो': (क) मास+आइलो> मास्+आइलो> मस्+आइलो>
मस् य्+आइलो =मस्याइलो

'औटो' : (क) मास+औटो>मास्+औटो>मस्+औटो>मस् य्+औटो
=मस्यौटो

(१९) आइ र आउ प्रत्यय पर भएमा दि धातुदेखि यकार र लकारको एवम् आइ प्रत्यय पर भएमा लि धातुदेखि यकारको आगम हुन्छ, जस्तै :

'य्' आगम	'ल्' आगम
दि+आइ> दिय्+आइ =दियाइ	दि+आइ>दिल्+आइ =दिलाइ
दि+आउ> दिय्+आउ =दियाउ	दि+आउ>दिल्+आउ =दिलाउ
लि+आइ> लिय्+आइ =लियाइ	

(२०) आंशिक द्वित्व हुने शब्दको आदिमा अघ्वर्ण छ भने द्विरुक्त पूर्ववर्ती शब्दपछि रकारको आगम हुन्छ, जस्तै :

(क) घडेरी+घडेरी> घ+घडेरी> घ र्+घडेरी =घर्घडेरी

गहना+गहना =गर्गहना	मसला+मसला =मर्मसला
सल्लाह+सल्लाह=सर्सल्लाह	सामान+सामान =सर्सामान

छिमेक+छिमेक =छर्छिमेक आदि ।

(२१) लो प्रत्यय पर भएमा माथि, पछि र अघि शब्ददेखि लकारको आगम हुन्छ, जस्तै :

(क) माथि+लो> माथिल्+लो =माथिल्लो
(ख) पछि+लो> पछिल्+लो =पछिल्लो

(ग) अधि+लो> अधिल्+लो =अधिल्लो

(२२) आइ र आउ प्रत्यय पर भएमा छु, धु र रु धातुपछि वकार र लकार दुवैको आगम हुन्छ, जस्तै :

'व्' आगम	'ल्' आगम
(क) धु+आइ>धु व्+आइ=धुवाइ	(क) धु+आइ>धु ल्+आइ=धुलाइ
धु+आउ>धु व्+आउ=धुवाउ	धु+आउ>धु ल्+आउ=धुलाउ
(ख) रु+आइ>रु व्+आइ=रुवाइ	(ख) रु+आइ>रु ल्+आइ=रुलाइ
रु+आउ>रु व्+आउ=रुवाउ	रु+आउ>रु ल्+आउ=रुलाउ
(ग) छु+आइ>छु व्+आइ=छुवाइ	
छु+आउ>छु व्+आउ=छुवाउ	

(२३) अत, आइ, ऐया कृत् प्रत्यय पर भएमा आ अन्त्यक जा र खा धातुपछि तथा आ र आर प्रत्यय पर भएमा बालु र दनु शब्दपछि वकारको आगम हुन्छ, जस्तै :

'जा' धातुपछि : (क) जा+अत> जा व्+अत =जावत
(ख) जा+आइ> जा व्+आइ> जव्+आइ =जवाइ
(ग) जा+ऐया> जा व्+ऐया> जव्+ऐया =जवैया

'खा' धातुपछि : (क) खा+अत> खा व्+अत =खावत
(ख) खा+आइ>खा व्+आइ>खव्+आइ =खवाइ
(ग) खा+ऐया>खा व्+ऐया>खव्+ऐया =खवैया

'बालु' शब्दपछि : (क) सं.बालुका> प्रा.बालुआ> बालु व्+आ =बालुवा

'दनु' शब्दपछि : (ख) दनु+आर> दनु व्+आर =दनुवार

(२४) द्वित्व हुने शब्दको आदिमा स्वरवर्ण छ भने द्विरुक्त उत्तरवर्ती शब्दको आदिमा सकारको आगम हुन्छ, जस्तै :

(क) एक+एक> एक+स् एक =एकसेक

अचार+अचार =अचारसचार	अन्न+अन्न =अन्नसन्न
अम्बा+अम्बा =अम्बासम्बा	आँप+आँप =आँपसाँप
आटो+आटो =आटोसाटो	इलम+इलम =इलमसिलम

उखु+उखु =उखुसुखु आदि ।

अपवाद : उकुस शब्दमा भने मकारको आगम हुन्छ, उकुस+उकुस>
उकुस+म् उकुस =उकुसमुकुस ।

४.३.३ खण्डेतर वर्णको आगमनियम

मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणप्रक्रियाका क्रममा अनुनासिक वा चन्द्रविन्दु (ँ) को आगमका लागि निम्नलिखित एउटामात्र नियम (२५) प्रवृत्त हुन्छ :

(२५) दै, दा, दो र प्रथमपुरुषवाचक ला प्रत्यय पर भएमा अ, आ, इ र उ अन्तमा हुने धातुपछि तथा छ, छन्, छौ, छयौ, छु, छौं, थे, थें, थ्यौ, थ्यौं, दै, दा, दो र प्रथमपुरुषवाचक ला प्रत्यय पर भएमा आउ अन्त्यक धातुपछि चन्द्रविन्दु (ँ) को आगम हुन्छ, जस्तै :

'अ' पछि : (क) उक्ल+दै> उक्ल ँ+दै =उक्लँदै
(ख) उम्म+दा> उम्म ँ+दा =उम्मँदा
(ग) चम्क+दो> चम्क ँ+दो =चम्कँदो
(घ) निक्क+ला> निस्क ँ+ला =निस्कँला

'आ' पछि : (क) खा+दै> खा ँ+दै =खाँदै
(ख) जा+दा> जा ँ+दा =जाँदा
(ग) लैजा+दो> लैजा ँ+दो =लैजाँदो
(घ) ला+ला> ला ँ+ला =लाँला

'इ' पछि : (क) दि+दै> दि ँ+दै =दिँदै
(ख) उभि+दा> उभि ँ+दा =उभिँदा
(ग) चोखि+दो> चोखि ँ+दो =चोखिँदो
(घ) झुक्कि+ला>झुक्कि ँ+ला =झुक्किउँला

'अ' पछि : (क) हु+दै> हु ँ+दै =हुँदै
(ख) छु+दा> छु ँ+दा =छुँदा
(ग) चुहु+दो> चुहु ँ+दो =चुहुँदो
(घ) नुहु+ला> नुहु ँ+ला =नुहुँला

'आउ' पछि :

'छ्' अघि : (क) गाउ+छ>गाउ ँ+छ =गाउँछ, गाउँछन्, गाउँछौ, गाउँछयौ, गाउँछु, गाउँछौं, गाएँछु

'थ्' अघि : (ख) पढाउ+थे> पढाउ ँ+थे =पढाउँथे, पढाउँथ्यौ, पढाउँथें, पढाउँथ्यौं

'द्' अघि : (ग) चिच्याउ+दै> चिच्याउ ँ+दै =चिच्याउँदै, चिच्याउँदा, चिच्याउँदो

'ल्' अघि : (घ) सजाउ+ला> सजाउ ँ+ला =सजाउँला

यस प्रकार मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणप्रक्रियाका क्रममा अ र इ दुई स्वरवर्णको, क्, ग्, ट्, ठ्, त्, न्, म्, य्, र्, ल्, व् र स् बाह्र व्यञ्जनवर्णको तथा एउटा खण्डेतर वर्ण चन्द्रविन्दु (ँ) को आगम भएको देखिन्छ ।

४.४ नेपालीका वर्णविकार सन्धिनियम

मौलिक नेपाली व्युत्पन्न शब्दमा प्रवृत्त हुने वर्णविकार सन्धिका नियमहरूलाई स्वरवर्णको विकारनियम, व्यञ्जनवर्णको विकारनियम र अनेक वर्णको आगमनियम गरी मुख्यतः तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

४.४.१ स्वरवर्णको विकारनियम

मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणप्रक्रियाका क्रममा धातु र प्रातिपदिकको आदि, मध्य र अन्तमा रहेका अ, आ, इ, ई, उ, ऊ, ए र ओ स्वरवर्णका स्थानमा अ, आ, इ, ई, उ, ए र ओ स्वरवर्णको, य् र व् व्यञ्जनवर्णको तथा अस् र उस् स्वरव्यञ्जनात्मक अनेक वर्णको परिवर्तनका लागि २३ नियमहरू (२६–४८) प्रवृत्त भएका पाइन्छन् ।

(२६) व्यतिहार बहुव्रीहि समासमा र पूर्ण द्वित्वमा पूर्ववर्ती शब्दको अन्तमा रहेका अकारको आकार हुन्छ, जस्तै :

(क) समासमा :

भनेर भनेर हुन्छ जुन लडाइँ : भन+भन =भनाभन

काट+काट =काटाकाट	कुट+कुट =कुटाकुट
थुक+थुक =थुकाथुक	पिट+पिट =पिटापिट
बाझ+बाझ =बाझाबाझ	भन+भन =भनाभन
मार+मार =मारामार	रिस+रिस =रिसारिस
लात+लात =लातालात	लुछ+लुछ =लुछालुछ

हान+हान =हानाहान आदि ।

(ख) द्वित्वमा :

दन+दन> दना+दन =दनादन

एक+एक =एकाएक	कप+कप =कपाकप
खच+खच =खचाखच	खप+खप =खपाखप
चट+चट =चटाचट	जान+जान =जानाजान

फट+फट =फटाफट	भट+भट =भटाभट
माल+माल =मालामाल	मुख+मुख =मुखामुख
रात+रात =रातारात	सर+सर =सरासर
साट+साट =साटासाट	हेर+हेर =हेराहेर आदि ।

(२७) आ प्रत्यय पर भएमा घट् धातुका उपान्त्य अकारको आकारमा, टा प्रत्यय पर भएमा एक शब्दका अकारको उकारमा, रो, रा र री प्रत्यय पर भएमा म र तँ शब्दका अकारको एवम् पूर्ण द्वित्वमा पूर्ववर्ती घर शब्दका अन्त्य अकारको एकारमा तथा होरो प्रत्यय पर भएमा एक शब्दका अकारको र ओतो शब्द पर भएमा बह शब्दका आद्य अकारको ओकारमा परिवर्तन हुन्छ, जस्तै :

अ>आ : (क) घट्+आ =घाटा

अ>उ : (क) एक+टा> एअ+टा> एउ+टा =एउटा/यौटा

अ>ए : (क) म+रो> मे+रो =मेरो
(ख) म+रा> मे+रा =मेरा
(ग) म+री> मे+री =मेरी
(घ) तँ+रो> ते+रो =तेरो
(ङ) तँ+रा> ते+रा =तेरा
(च) तँ+री> ते+री =तेरी
(छ) घर+घर =घरैघर आदि ।

अ>ओ : (क) एक+होरो> एको+होरो एकोहोरो
(ख) बह+ओतो> बह्+ओतो> बोह्+ओतो =बोहोतो (दुनो)

(२८) समासमा विशेषणका रूपमा प्रयुक्त पूर्ववर्ती कान, घाट, नन्द, भस्म आदि शब्दका अन्त्य अकारका स्थानमा एकार हुन्छ, जस्तै :

कान+खुसी =कानेखुसी	कान+टोपी =कानेटोपी
घाट+वैद्य =घाटेवैद्य	नन्द+भाइ =नन्देभाइ
भस्म+ठुटो =भस्मेठुटो	

(२९) उन र असी एवम् एक र आना शब्दका पूर्वान्त्य र पराद्य दुवै अवर्णका स्थानमा दीर्घ आकार हुन्छ, जस्तै :

अ+अ>आ : (क) उन+असी> उन् [अ+अ>आ] सी =उनासी
(ख) एक+असी> एक् [अ+अ>आ] सी =एकासी

अ+आ>आ : (क) एक+आना> एक् [अ+आ>आ] ना =एकाना

यो नियम संस्कृतको दीर्घनियम (११०) सँग समान छ र मौलिक नेपाली शब्दमा उनासी, एकासी र एकाना शब्दमा बाहेक अन्यत्र दीर्घनियम प्रवृत्त भएको देखिँदैन ।

(३०) यकार वा स्वरवर्ण आदिमा हुने अनेकाक्षरी कृत् र तद्धित प्रत्यय, द्वित्वनिमित्तक एकाक्षरी आ, ई र ऊ कृत्तद्धित प्रत्यय एवम् हलादि करू तद्धित प्रत्यय पर भएमा धातु र प्रातिपदिक शब्दको अन्त्य व्यञ्जनभन्दा पूर्वमा (उपान्त्य) रहेका आकारका स्थानमा अकार हुन्छ, जस्तै :

(३०.१) स्वरादि कृत् प्रत्ययमा :

(क) छान्+औटो> छन्+औटो =छनौटो

आँक्+आइ =अँकाइ	आँट्+आइ =अँटाइ
काँप्+आइ =कँपाइ	काट्+अनी =कटनी
काट्+आइ =कटाइ	काट्+आन =कटान
काट्+आनी =कटानी	काट्+आरी =कटारी
काट्+औती =कटौती	काट्+उवा =कटुवा
काट्+ई =कट्टी	कात्+आइ =कताइ
कात्+उवा =कतुवा	खा+आइ =खवाइ
खा+ऐया =खवैया	खाँद्+आइ =खँदाइ
खाँद्+इलो =खँदिलो	गाँथ्+आइ =गँथाइ
गाँस्+उवा =गँसुवा	गाँस्+आइ =गँसाइ
गाँस्+ओट =गँसोट	गाँस्+औटो =गँसौटो
गाग्रो+एटो =गग्रेटो	गाथा+आसो =गथासो
चाख्+उवा =चखुवा	चाट्+अनी =चटनी
चाट्+आइ =चटाइ	चाट्+आउ =चटाउ
चाल्+आउ =चलाउ	चाल्+आन =चलान
छाँट्+अनी =छँटनी	छाँट्+उवा =छँटुवा
छाद्+आइ =छदाइ	छान्+ई =छन्नी
छान्+ओट =छनोट	छान्+औटो =छनौटो
छाप्+अनी =छपनी	छाप्+आइ =छपाइ
छाप्+आनी =छपानी	छाप्+आउ =छपाउ
छाप्+आन =छपान	छाम्+आइ =छमाइ
जाँच्+आइ =जँचाइ	जा+आइ =जवाइ

जान्+आउ =जनाउ
झाँट्+अनी =झँटनी
झान्+आइ =झनाइ
टाँस्+उवा =टँसुवा
ढाँट्+उवा =ढँटुवा
ढाक्+अनी =ढकनी
ढाल्+आइ =ढलाइ
ढाल्+ओट =ढलोट
तात्+आउ =ततउ
तान्+आइ =तनाइ
थाक्+आइ =थकाइ
थाक्+आन =थकान
थाक्+आवट =थकावट
थाप्+अना =थपना
थाम्+औती =थमौती
नाच्+आइ =नचाइ
नाप्+आइ =नपाइ
पाक्+आउ =पकाउ
पाक्+औडी =पकौडी
फाँड्+आनी =फँडानी
बाँच्+आउ =बँचाउ
बाँध्+उवा =बँधुवा
बाझ्+आलु =बझालु
बाझ्+औटी =बझौटी
भाँड्+उवा =भँडुवा
भाग्+उवा =भगुवा
माग्+अन्ता =मगन्ता
माग्+आउ =मगाउ
माड्+आइ =मडाइ
माड्+आउ =मडाउ
मास्+ओट =मसोट
झाँक्+आइ =झँकाइ
झाँट्+आरो =झटारो
टाँस्+आउ =टँसाउ
डाँट्+आइ =डँटाइ
ढाँट्+आइ =ढँटाइ
ढाक्+उवा =ढकुवा
ढाल्+आन =ढलान
तात्+आइ =ततइ
ताप्+अनी =तपनी
तान्+आउ =तनाउ
थाक्+आउ =थकाउ
थाक्+इत =थकित
थाक्+औटो =थकौटो
थाप्+ओट =थपोट
दाब्+आउ =दबाउ
नाच्+उवा =नचुवा
नाप्+ओट =नपोट
पाक्+उवा =पकुवा
पाद्+उवा =पदुवा
फाट्+आइ =फटाइ
बाँड्+आइ =बँडाइ
बाझ्+आउ =बझाउ
बाझ्+औटो =बझौटो
भाँड्+आहा =भँडाहा
भाग्+आहा भगाहा
माग्+अनी =मगनी
माग्+अन्ते =मगन्ते
माग्+उवा =मगुवा
माड्+उवा =मडुवा
मान्+आउ =मनाउ
राख्+आल =रखाल

राख्+आलो =रखालो
राख्+औटो =रखौटो
राख्+औटी =रखौटी
लाउ+आइ =लवाइ
लाग्+अन =लगन
लाग्+आनी =लगानी
लाछ्+आर =लछार
साट्+अनी =सटनी
साट्+आइ =सटाइ
साट्+ई =सट्टी
हाँक्+आइ =हँकाइ
हाँस्+आइ =हँसाइ
हाँस्+आउ =हँसाउ
हाँस्+आलु =हँसालु
हाँस्+आहा =हँसाहा
हाँस्+इलो =हँसिलो
हाँस्+उवा =हँसुवा
हाँस्+यौलो =हँस्यौलो
हान्+अक्कड =हनक्कड
हान्+आहा =हनाहा
हान्+उवा =हनुवा
हान्+ऐया =हनैया
हार्+आइ =हराइ
हार्+आउ =हराउ
हार्+आउनी =हराउनी
हार्+उवा =हरुवा आदि ।

(३०.२) स्वरादि र यकारादि तद्धित प्रत्ययमा :

(क) लाज+आलु> लाज्+आलु> लज्+आलु =लजालु

आगो+उल्टो =अगुल्टो
आगो+एनु =अगेनु
आङ+आलो =अँगालो
आठ+आ =अठ्ठा
आङ+एस =अङेस
आधा+इया =अँधिया
आधा+उरो =अधुरो
काँच+औरा =कचौरा
काँच+औरी =कचौरी
काँचो+इलो =कचिलो
काँस+उँडी =कसुँडी
काँध+एरी =कँधेरी
काँध+एउरी =कँध्यौरी
काँडा+आल =कँडेल
काखी+औतो =कखौतो
काजी+आइँ =कजाइँ
काजी+इनी =कजिनी
काजी+याइँ =कज्याइँ
काठ+इनी =कठिनी
काठ+उवा =कठुवा
काठ+औतो =कठौतो
कान+आ =कन्ना, लमकन्ना
काम+आरो =कमारो
काम+आरी =कमारी
काम+ऐया =कमैया
कामी+इनी =कमिनी
कालो+उवा =कलुवा
कालो+एँटी =कलैंटी
कास्की+एली =कस्केली
खाग+ऊ =खरगू

खाग+औतो =खगौतो
खाट+इया =खटिया
खार+आल =खराल
खारी+आल=खर्‍याल/खरेल
गाँजा+अडी =गँजडी
गाग्रो+एटो =गग्रेटो
गाजरी+आल =गजुर्‍याल/गजुरेल
गाथा+आसो =गथासो
घाँस+इलो =घँसिलो
घाँस+इनी =घँसिनी
घाँस+एटो =घसेटो
घाम+आइलो =घमाइलो
घाम+औरा =घमौरा
चन्दन औटो =चनौटो
चन्दन औटा =चनौटा
चाँद+उवा =चँदुवा
चाक+अटो =चकटो
चाक+अटी =चकटी
जाँड+याहा =जँडयाहा
जाड+आन =जडान
जाडो+आउरी=जडाउरी
ठाडो+उवा =ठडुवा
ठाडो+एउरो =ठडेउरो
ढाँड+यान =ढँड्यान
ढाकु+आल =ढकाल
ढाडे+ऊ =ढड्डू
तामा+ओट =तमोट
तामा+औटे =तमौटे
थाक+आली =थकाली
थापा+इनी =थपिनी
थाल+इया =थलिया
थास+उल्ली =थसुल्ली
थास+उल्लो =थसुल्लो
दाड+आली =दडाली
दाल+इया =दलिया
धाक+ऊ =धक्कू
धान+इयाँ =धनियाँ
नाक+अटो =नकटो
पाक+ऊ =पक्कू
पाखो+एटो =पखेटो
पाखो+एरू =पखेरू
पाखो+एरो =पखेरो
पाट+उका =पटुका
पाट+उकी =पटुकी
पाठो+एग्रो =पठेग्रो
पात+अरी =पतरी (टपरी)
पात+इङ्गर =पतिङ्गर
पात+एर =पतेर
पात+एरो =पतेरो
पानी+आलो =पन्यालो
पानी+एरू =पनेरू
पानी+एरो =पनेरो
पानी+औतो =पनौतो, पनौती
फाटो+आई =फटाई
बाँकी+यौता =बक्यौता
बाग+आन =बगान
बाघ+इनी =बघिनी
बाङ्गो+आरो =बङ्गारो
बालुवा+औटो =बलौटो
बाच्छो+एडो =बछेडो
बाटो+उवा =बटुवा

बाठो+याईं =बठघाईं
बात+औरी =बतौरी
भात+आहा =भताहा
भात+एर =भतेर
भाद्र+औ =भदौ
माइत+आलु =मइतालु/मैतालु
माझ+औला =मझौला
माझ+एरी =मझेरी
माटो+आन =मट्यान
मात+उवा =मतुवा
मास+आइलो =मस्याइलो
मास+औरो =मसौरो
मीठो+आस =मिठास
राजा औटो =रजौटो
रात+एउली =रतेउली
राम्रो+आइलो =रमाइलो
लाठो+उवा =लठुवा
वात+आस =बतास
साँध+इयार =सँधियार
सात+आ =सत्ता
सार्की+एनी =सर्केनी
हाट+आरु =हटारु
हात+आर =हतार
हात+इयार =हतियार
हात+एली =हतेली
हात+औडी =हतौडी
हार+एस =हरेस
लात+आउ =लत्याउ
हावा+एली =हवेली आदि ।
बात+औरे =बतौरे
भात+आ =भत्ता
भात+उवा =भतुवा
भात+करु =भत्करु
भार+इया =भरिया
माझ+उवा =मझुवा/मजुवा
माझ+औलो =मझौलो
माटो+याङ्ग्रो =मट्याङ्ग्रो
माटो+इलो =मटिलो
मान+इतो =मनितो
मास+औटो =मसौटो
मास+याङ =मस्याङ
राज+आईं =रजाईं
राजा+औटा =रजौटा
रातो+उवा =रतुवा
लाटो+एउरो =लठ्यौरो
लामा+इनी =लमिनी
वादी+इनी =बदिनी
साँप+एरो =सपेरो
सार+औतो =सरौतो
हात+आर =हतार
हाट+इया =हटिया
हात+आसो =हतासो
हात+उवा =हतुवा
हात+औडा =हतौडा
हात+एउरी =हतेउरी
हात+आउ =हत्याउ
हावा+आइ =हवाइ

(३१) समासमा पूर्ववर्ती आधा, काठ, कान, माटो, रात, रातो, लाख र हात शब्दको तथा हाँस, कान, जिब्रो र मुख शब्द पर भएमा पूर्ववर्ती राज, लामो र कालो शब्दका आद्य आकारको अकार हुन्छ, जस्तै :

आधा+काँचो =अधकल्चो	काठ+फोरा =कठफोरा
कान+फट्टा =कनफट्टा	कान+सुत्लो =कनसुत्लो
कान+चिरा =कनचिरा	माटो+किलो =मट्किलो
रात+अन्धो =रतन्धो	रातो+गेडी =रतिगेडी
लाख+पति =लखपति	हात+कडी =हतकडी
राजा+हाँस=रजहाँस	लामो+कान =लमकन्ना
कालो+मुख =कलमुखा	कालो+जिब्रो =कलजिब्रे

(३२) समासमा पूर्ववर्ती कपडा, गला, गोडा, घोडा र राजा शब्दको अन्त्य आकारका स्थानमा अकार हुन्छ, जस्तै :

कपडा+छान =कपडछान	गला+गाँड =गलगाँड
गोडा+धुवा =गोडधुवा	घोडा+चढी =घोडचढी
घोडा+सवारी =घोडसवारी	राजा+हाँस=राजहाँस/रजहाँस
राजा+काज =राजकाज	राजा+दरबार =राजदरबार आदि ।

(३३) आपरिवर्तित द्वित्वमा पूर्ववर्ती शब्दको आदिमा रहेका आकारको उकारमा तथा इकार, उकार, एकार र ओकारको आकारमा परिवर्तन हुन्छ, जस्तै :

(३३.१) आ>उ :

(क) सार+सार> सार+सुर =सारसुर

खास+खास =खासखुस	गाईं+गाईं =गाईंगुईं
घार्र+घार्र =घार्रघुर्र	चाईं+चाईं =चाईंचुईं
चाट+चाट =चाटचुट	चाल+चाल =चालचुल
झार+झार =झारझुर	टाल+टाल =टालटुल
बाँध+बाँध =बाँधबुँध	पाक+पाक =पाकपुक
फाट्ट+फाट्ट =फाट्टफुट्ट	माड+माड =माडमुड
साँध+साँध =साँधसुँध	साट+साट =साटसुट

(३३.२) इ>आ :

(क) तिरन+तिरन> तिरन+तारन =तिरनतारन

किन+किन =किनकान	टिपन+टिपन =टिपनटापन
थिच+थिच =थिचथाच	निफन+निफन=निफननाफन

पिट+पिट =पिटपाट　　पिसन+पिसन =पिसनपासन
मिच+मिच =मिचमाच

(३३.३) उ>आ :

(क) थुन+थुन> थुन+थान =थुनथान

चुन+चुन =चानचुन　　पुछ+पुछ =पुछपाछ
पुछन+पुछन =पुछनपाछन　　भुट+भुट =भुटभाट
भुटन+भुटन =भुटनभाटन

(३३.४) ए>आ :

(क) केर+केर> केर+कार =केरकार
फेर+फेर =फेरफार
भेट+भेट =भेटभाट

(३३.५) ओ>आ :

(क) गोद+गोद> गोद+गाद =गोदगाद

कोर+कोर =कोरकार　　खोल+खोल =खोलखाल
चोर+चोर =चोरचार　　ठोक+ठोक =ठोकठाक
पोत+पोत =पोतपात　　पोल+पोल =पोलपाल
फोर+फोर =फोरफार　　सोध+सोध =सोधसाध

(३४) व्यतिहार बहुव्रीहि समासमा उत्तरवर्ती मुक्का शब्दका आकारको ईकारमा, आरू र आरो प्रत्यय पर भएमा माझ शब्दका आकारको अइ/ऐकारमा तथा अर र अरी प्रत्यय पर भएमा दाँत शब्दका आकारको अउ/औकारमा परिवर्तन हुन्छ, जस्तै :

आ>ई :　(क) मुक्का+मुक्का =मुक्कामुक्की

आ>अइ/ऐ :　(क) माझ+आरू> माझ्+आरू> मइझारू/मैझारू
(ख) माझ+आरो> माझ्+आरो =मइझारो/मैझारो

आ>अउ/औ :　(क) दाँत+अर> दाँत्+अर> दउँत्+अर =दौंतर
(ख) दाँत+अरी> दाँत्+अरी> दउँत्+अरी =दौंतरी

(३५) ला प्रत्यय पर भएमा एकाक्षरी दि र लि धातुका अन्त्य इकारको तथा उला, उली र उलो प्रत्यय पर भएमा बिहा शब्दको आद्य इकारका स्थानमा एकार हुन्छ, जस्तै :

दि>दे : (क) दि+ला> दे+ला =देला
लि>ले : (क) लि+ला> ले+ला =लेला
बिह्>बेह् : (क) बिहा+उला> बिह्+उला> बेह्+उला =बेहुला
(ख) बिहा+उली> बिह्+उली> बेह्+उली =बेहुली
(ग) बिहा+उलो> बिह्+उलो> बेह्+उलो =बेहुलो

(३६) आइ, आइलो, आहट, आहा र औटो प्रत्यय पर भएमा इकारान्त अनेकाक्षरी धातुका इकारको, आउ प्रत्यय पर भएमा एकाक्षरी लि धातुका इकारको, समासमा आमा शब्द पर भएमा ईकारान्त शब्दका ईकारको तथा इउ द्विस्वरको योगमा इकारका स्थानमा यकार हुन्छ, जस्तै :

'आइ' प्रत्ययमा : (क) अडि+आइ> अड् य्+आइ =अड्याइ
(ख) खिइ+आइ> खि य्+आइ =खियाइ
(ग) खुल्कि+आइ> खुल्क् य्+आइ =खुल्क्याइ
(घ) फुक्कि+आइ> फुक्क् य्+आइ =फुक्क्याइ

'आइलो' प्रत्ययमा : (क) फोस्रि+आइलो> फोस् य्+आइलो =फोस्याइलो

'आउ' प्रत्ययमा : (क) लि+आउ> ल् य्+आउ =ल्याउ

'आहट' प्रत्ययमा : (क) छेस्कि+आहट> छेस्क् य्+आहट =छेस्क्याहट
(ख) टिमुरि+आहट> टिमुर् य्+आहट =टिमुर्याहट
(ग) ठिहिरि+आहट> ठिहिर् य्+आहट =ठिहिर्याहट
(घ) तम्सि+आहट> तम्स् य्+आहट =तम्स्याहट
(ङ) फुर्कि+आहट> फुर्क् य्+आहट =फुर्क्याहट

'आहा' प्रत्ययमा : (क) जिस्कि+आहा> जिस्क् य्+आहा =जिस्क्याहा

'औलो' प्रत्ययमा : (क) खिइ+औटो> खि य्+औटो =खियौटो

समासमा : (क) ठूली+आमा> ठूल् य्+आमा =ठुल्यामा
(ख) बूढी+आमा> बूढ् य्+आमा =बुढ्यामा
(ग) माहिली+आमा> माहिल् य्+आमा =माहिल्यामा
(घ) कान्छी+आमा> कान्छ् य्+आमा =कान्छ्यामा

इउ/ईउ द्विस्वरमा : (क) घिउ> घ् य्+उ =घ्यु>घ्यू
(ख) जीउ> ज् य्+उ =ज्यु>ज्यू
(ग) पिउनु> प् य्+उनु =प्युनु
(घ) जिउनु> ज् य्+उनु =ज्युनु आदि ।

(३७) औटी प्रत्यय पर भएमा लिङ्ग शब्दका आद्य इकारको अकारमा र ऐ प्रत्यय पर भएमा दुई शब्दका अन्त्य ईकारको वकारमा परिवर्तन हुन्छ, जस्तै :

इ>अ : (क) लिङ्ग+औटी> लिङ्ग्+औटी> लँग्+औटी =लँगौटी

ई>व् : (क) दुई+ऐ> दुव्+ऐ =दुवै

(३८) यकारादि र अजादि तद्धित प्रत्यय पर भएमा प्रातिपदिक शब्दको आदिमा रहेका दीर्घ ईकार र दीर्घ ऊकारका स्थानमा क्रमश: ह्रस्व इकार र ह्रस्व उकारको परिवर्तन हुन्छ। वर्णात्मक दृष्टिले यस नियमका दुई उपभेद देखिन्छन्, जस्तै :

(३८.१) ई>इ :

(क) तीतो+औरा> तीत्+औरा> तित्+औरा =तितौरा

ईख+आलु =इखालु	गीत+आरू =गितारू
चीन+इया =चिनिया	तीखो+ए =तिखे
तीखो+उल्ले =तिखुल्ले	तीखो+आउरे =तिखाउरे
दीयो+आलो =दियालो	दुई+टा =दुइटा
पीर+अलो =पिरलो	बत्तीस+आ =बत्तिसा
फुर्ती+ली =फुर्तिली	भीख+आरी =भिखारी
भीर+आलो =भिरालो	भीर+यान =भिर्‍यान
मीठो+आइ =मिठाइ	मीठो+आस =मिठास
मीत+एनी =मितेनी	मीत+एरी =मितेरी
मोही+यानी =मोहियानी	सीप+आलु =सिपालु
सीङ+औरी =सिँगौरी	

(३८.२) ऊ>उ :

(क) जून+एली> जून्+एली> जुन्+एली =जुनेली

अपूतो+आली =अपुताली	आफू+स =आफुस
ऊ+ता =उता	ऊ+त्रो =उत्रो
ऊचो+आइ =उचाइ	ऊ+हाँ =वहाँ/उहाँ
ऊ+हिले =उहिले	चून+औटो =चुनौटो
चून+याहा =चुन्याहा	चूलो+एत्रो =चुलेत्रो
जूठो+यान =जुठ्यान	जूरो+एली =जुरेली

ठूलो+याइँ =ठुल्याइँ	दूध+आलु =दुधालु
दूध+इलो =दुधिलो	धूप+ई =धुपी
दूध+ए =दुधे	दूध+एरो =दुधेरो
धूप+औरे =धुपौरे	धूप+औरो =धुपौरो
धूर्त+याइँ =धुर्त्याइँ	धूलो+औटो =धुलौटो
धूलो+याहा =धुल्याहा	पूर्व+एली =पुर्वेली
पूजा+आरी =पुजारी	बूढो+यौली =बुढयौली
बूढो+याइँ =बुढयाइँ	मूर्ख+याइँ =मुर्ख्याइँ
मूल+याहा =मुल्याहा	रूप+औली =रुपौली
रूप+औला =रुपौला	शूरो+याइँ =सुर्‍याइँ
सूत+अरी =सुतरी/सुथरी	हूल+याहा =हुल्याहा

(३९) समासमा विशेषणका रूपमा प्रयुक्त पूर्ववर्ती जन्ती, खुट्टो, घोडो, ढुङ्गो, धोक्रो, पाठो, बारुलो, बोको, माखो, राँको आदि शब्दका अन्त्य ईकार र ओकारका स्थानमा एकार हुन्छ, जस्तै :

जन्ती+बाख्रो =जन्तेबाख्रो	खुट्टो+डोरी =खुट्टेडोरी
घोडो+जात्रा =घोडेजात्रा	ढुङ्गो+धारा =ढुङ्गेधारा
धोक्रो+सुरुवाल =धोक्रेसुरुवाल	पाठो+घर =पाठेघर
बारुलो+कम्मर =बारुलेकम्मर	बोको+दारी =बोकेदारी
माखो+साङ्लो =माखेसाङ्लो	राँको+भूत =राँकेभूत

(४०) उन्डो प्रत्यय पर भएमा भुक्क शब्दका आद्य उकारको र इलो प्रत्यय पर भएमा धूम शब्दको ह्रस्वीभूत उकारको अकारमा, इलो प्रत्यय पर भएमा पुष्ट शब्दका उकारको ओकारमा तथा हाँ शब्दको ह्रस्वीभूत उकारको स्वरान्त वकारमा परिवर्तन हुन्छ, जस्तै :

उ>अ : (क) भुक्क+उन्डो>भुक्क्+उन्डो>भक्+उन्डो =भकुन्डो
(ख) धूम+इलो>धूम्+इलो>धुम्+इलो>धम्+इलो =धमिलो

उ>ओ : (क) पुष्ट+इलो>पुट+इलो>पुट्+इलो>पोट्+इलो =पोटिलो

उ>व : (क) ऊ+हाँ> उ+हाँ> व+हाँ =वहाँ/उहाँ

(४१) ई, एर, एको, एस्, ओ र ला प्रत्यय पर भएमा रु, धु, छु र फु धातुका अन्त्य उकारका स्थानमा ओकार हुन्छ, जस्तै :

'ई' प्रत्ययमा :

रु+ईश्र रो+ई =रोई　　धु+ईश्र धो+ई =धोई

छु+ईश्र छो+ई =छोई　　फु+ईश्र फो+ई =फोई

'एर' प्रत्ययमा :

रु+एरश्र रो+एर =रोएर　　धु+एरश्र धो+एर =धोएर

छु+एरश्र छो+एर =छोएर　　फु+एरश्र फो+एर =फोएर

'एको' प्रत्ययमा :

रु+एकोश्ररो+एको=रोएको　　धु+एकोश्रधो+एको=धोएको

छु+एकोश्रछो+एको=छोएको　　फु+एकोश्रफो+एको=फोएको

'एस्' प्रत्ययमा :

रु+एस्श्र रो+एस् =रोएस्　　धु+एस्श्र धो+एस् =धोएस्

छु+एस्श्र छो+एस् =छोएस्　　फु+एस्श्र फो+एस्=फोएस्

'ओ' प्रत्ययमा :

रु+ओश्र रो+ओ =रोओ　　धु+ओश्र धो+ओ =धोओ

छ+ओश्र छो+ओ =छोओ　　फु+ओश्र फो+ओ =फोओ

'ला' प्रत्ययमा :

रु+लाश्र रो+ला =रोला　　धु+लाश्र धो+ला =धोला

छ+लाश्र छो+ला =छोला　　फु+लाश्र फो+ला =फोला

(४२) अत, अन्ती, आइ, आर र ऐया प्रत्यय पर भएमा आउ, गाउ, धाउ र लाउ धातु तथा गाउँ शब्दका अन्त्य उकारका स्थानमा वकार हुन्छ, जस्तै :

'अत' प्रत्ययमा : (क) आउ+अत> आव्+अत =आवत

'अन्ती' प्रत्ययमा : (क) धाउ+अन्ती> धाव्+अन्ती =धावन्ती

'आइ' प्रत्ययमा : (क) आउ+आइ> आव्+आइ> अव्+आइ =अवाइ

(ख) गाउ+आइ> गाव्+आइ> गव्+आइ =गवाइ

(ग) लाउ+आइ> लाव्+आइ> लव्+आइ =लवाइ

'आर' प्रत्ययमा : (क) गाउँ+आर> गँव्+आर =गँवार

'ऐया' प्रत्ययमा : (क) गाउ+ऐया> गाव्+ऐया> गव्+ऐया =गवैया

(ख) लाउ+ऐया> लाव्+ऐया> लव्+ऐया =लवैया

(४३) अक्कड र आइ प्रत्यय पर भएमा पिउ र जिउ धातुका उकारका स्थानमा यकार तथा आइ प्रत्यय पर भएमा पिउ र सिउ धातुका उकारका स्थानमा यकार र लकार हुन्छ, जस्तै :

उ>य् : (क) पिउ+अक्कड> पि य्+अक्कड =पियक्कड
(ख) जिउ+आइ> जि य्+आइ =जियाइ

उ>य्/ल् : (क) पिउ+आइ> पि य्+आइ =पियाइ
(ख) पिउ+आइ> पि ल्+आइ =पिलाइ
(ग) सिउ+आइ> सि य्+आइ =सियाइ
(घ) सिउ+आइ> सि ल्+आइ =सिलाइ

(४४) अत प्रत्यय पर भएमा लेख् धातुका एकारको इकारमा र आन प्रत्यय पर भएमा भोट शब्दका ओकारको उकारमा परिवर्तन हुन्छ, जस्तै :

ए>इ : (क) लेख्+अत> लिख्+अत =लिखत

ओ>उ : (क) भोट+आन> भोट्+आन> भुट्+आन =भुटान

(४५) ता, ति, त्रो, ब, हाँ र हिले तद्धित प्रत्यय पर भएमा यो, त्यो, जो र को शब्दको अन्त्य ओकारका स्थानमा अकार हुन्छ, जस्तै :

'ता' प्रत्ययमा : (क) यो+ता> य् ओ+ता> य् अ+ता =यता
(ख) त्यो+ता> त्य् ओ+ता> त्य् अ+ता =त्यता
(ग) जो+ता> ज् ओ+ता> ज् अ+ता =जता
(घ) को+ता> क् ओ+ता> क् अ+ता =कता

'ति' प्रत्ययमा : (क) यो+ति> य् ओ+ति> य् अ+ति =यति
(ख) त्यो+ति> त्य् ओ+ति> त्य् अ+ति =त्यति
(ग) जो+ति> ज् ओ+ति> ज् अ+ति =जति
(घ) को+ति> क् ओ+ति> क् अ+ति =कति

'त्रो' प्रत्ययमा : (क) यो+त्रो> य् ओ+त्रो> य् अ+त्रो =यत्रो
(ख) त्यो+त्रो> त्य् ओ+त्रो> त्य् अ+त्रो =त्यत्रो
(ग) जो+त्रो> ज् ओ+त्रो> ज् अ+त्रो =जत्रो
(घ) को+त्रो> क् ओ+त्रो> क् अ+त्रो =कत्रो

'ब' प्रत्ययमा : (क) यो+ब> य् ओ+ब> य् अ+ब> अ+ब =अब
(ख) त्यो+ब> त्य् ओ+ब> त्य् अ+ब> त+ब =तब
(ग) जो+ब> ज् ओ+ब> ज् अ+ब =जब
(घ) को+ब> क् ओ+ब> क् अ+ब =कब

(घ) को+ब> क् ओ+ब> क् अ+ब =कब

'हाँ' प्रत्ययमा : (क) यो+हाँ> य् ओ+हाँ> य् अ+हाँ =यहाँ

(ख) त्यो+हाँ> त्य् ओ+हाँ> त्य् अ+हाँ =त्यहाँ

(ग) जो+हाँ> ज् ओ+हाँ> ज् अ+हाँ =जहाँ

(घ) को+हाँ> क् ओ+हाँ> क् अ+ता =कहाँ

'हिले' प्रत्ययमा : (क) यो+हिले> य् ओ+हिले> अ+हिले =अहिले

(ख) त्यो+हिले>त् य् ओ+हिले>त् अ+हिले =तहिले

(ग) जो+हिले> ज् ओ+हिले> ज् अ+हिले =जहिले

(घ) को+हिले> क् ओ+हिले> क् अ+हिले =कहिले

(४६) समासमा पूर्ववर्ती लामो, नीलो, कालो, रातो र ठाडो शब्दको अन्त्य ओकारका स्थानमा अकार हुन्छ, जस्तै :

लामो+कीरा =लामकीरा	लामो+खुट्टा =लामखुट्टे
लामो+कान =लमकन्ना	लामो+पात =लामपाते
नीलो+डाम =नीलडाम	नीलो+कमल =नीलकमल
कालो+मुख =कलमुखा	कालो+जिब्रो =कलजिब्रे
रातो+माटो =रातमाटे	ठाडो+कान=ठाडकाने

(४७) समासमा सानो, ठूलो, माछो र चिसो शब्दको एवम् चौर शब्द पर भएमा लामो शब्दको अन्त्य ओकारका स्थानमा आकार तथा माखो, आँखो, कोदालो, चरो, गोलो, बुचो, सेतो र मुसो शब्दको, पानी, माटो नाम्रो, निउरो, पोको, भीर, मकै, मुन्टो, दह, काठ, खोलो, लहरो, सिन्को र गेडो शब्द पर भएमा कालो र रातो शब्दको ओकारका स्थानमा ईकार हुन्छ, जस्तै :

ओ>आ :

सानो+बा =सानाबा	सानो+मामा =सानामामा
ठूलो+बा =ठुलाबा	ठूलो+मामा =ठुलामामा
माछो+पुच्छर =माछापुच्छ्रे	कालो+पानी =कालापानी
माछो+काँडा =माछाकाँडे	चिसो+पानी =चिसापानी
लामो+चौर =लामाचौर	

ओ>ई :

माखो+बुट्टा =मखीबुट्टे	आँखो+ज्याल =आँखीज्याल
कोदालो+पात =कोदालीपाते	कालो+माटो =कालीमाटी

कालो+नाग्रो =कालीनाग्रो	कालो+निउरो =कालीनिउरो
कालो+पोको =कालीपोके	कालो+भीर =कालीभीर
कालो+मकै =कालीमकै	कालो+मुन्टो =कालीमुन्टो
कालो+दह =कालीदह	कालो+लहरो =कालीलहरो
कालो+सिन्को =कालीसिन्की	रातो+गेडो =रतीगेडी
चरो+नङ्ग्रा =चरीनङ्ग्रे	गोलो+गाँठो =गोलीगाँठो
लामो+डाँडो =लामीडाँडा	बुचो+कान =बुचीकाने
सेतो+मकै =सेतीमकै	मुसो+कान =मुसीकाने
चरो+आँखा =चरीआँखे	

(४८) ओ, ऐ, अरी, तो, तरी र को प्रत्यय पर भएमा यो, त्यो, जो र को शब्दको अन्त्य ओकारका स्थानमा अस् र ऊ शब्दका स्थानमा उस् परिवर्तन हुन्छ, जस्तै :

'ओ' प्रत्ययमा : (क) यो+ओ> य् अस्+ओ =यसो
(ख) त्यो+ओ> त्य् अस्+ओ =त्यसो
(ग) जो+ओ> ज् अस्+ओ =जसो
(घ) को+ओ> क् अस्+ओ =कसो
(ङ) ऊ+ओ> उस्+ओ =उसो

'ऐ' प्रत्ययमा : (क) यो+ऐ> य् अस्+ऐ =यसै
(ख) त्यो+ऐ> त्य् अस्+ऐ =त्यसै
(ग) जो+ऐ> ज् अस्+ऐ =जसै
(घ) को+ऐ> क् अस्+ऐ =कसै
(ङ) ऊ+ऐ> उस्+ऐ =उसै

'अरी' प्रत्ययमा : (क) यो+अरी> य् अस्+अरी =यसरी
(ख) त्यो+अरी> त्य् अस्+अरी =त्यसरी
(ग) जो+अरी> ज् अस्+अरी =जसरी
(घ) को+अरी> क् अस्+अरी =कसरी
(ङ) ऊ+अरी> उस्+अरी =उसरी

'तो' प्रत्ययमा : (क) यो+तो> य् अस्+तो =यस्तो
(ख) त्यो+तो> त्य् अस्+तो =त्यस्तो
(ग) जो+तो> ज् अस्+तो =जस्तो
(घ) को+तो> क् अस्+तो =कस्तो

(ङ) ऊ+तो> उस्+तो =उस्तो

'तरी' प्रत्ययमा : (क) यो+तरी> य् अस्+तरी =यस्तरी

(ख) त्यो+तरी> त्य् अस्+तरी =त्यस्तरी

(ग) जो+तरी> ज् अस्+तरी =जस्तरी

(घ) को+तरी> क् अस्+तरी =कस्तरी

(ङ) ऊ+तरी> उस्+तरी =उस्तरी

'को' प्रत्ययमा : (क) यो+को> य् अस्+को =यस्को

(ख) त्यो+को> त्य् अस्+को =त्यस्को

(ग) जो+को> ज् अस्+को =जस्को

(घ) को+को> क् अस्+को =कस्को

(ङ) ऊ+को> उस्+को =उस्को

४.४.२ व्यञ्जनवर्णको विकारनियम

मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणका क्रममा धातु र प्रातिपदिकमा रहेका क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ड, ढ, ण, त, थ, द, न, प, ब, भ, म, य, व, ल, श, स् र ह् व्यञ्जनवर्णका स्थानमा इ र उ दुई स्वरवर्णको, ग, च, छ, ज, ट, ढ, त, द, न, प, ब, म, य, व, र, स् र ह सब व्यञ्जनवर्णको तथा एउटा खण्डेतर अनुनासिक वा चन्द्रविन्दुमा परिवर्तनका लागि निम्नलिखित ९ नियमहरू (४९–५७) को प्रवृत्ति भएको देखिन्छ ।

(४९) आपरिवर्तित द्वित्व हुँदा पछिल्लो शब्दको आदिमा व्यञ्जनवर्ण छ भने त्यसका ठाउँमा सकार हुन्छ, जस्तै :

काठ+काठ =काठसाठ	काम+काम =कामसाम
खेल्नु+खेल्नु =खेल्नुसेल्नु	घर+घर =घरसर
घाम+घाम =घामसाम	चिया+चिया =चियासिया
छाता+छाता =छातासाता	जुत्ता+जुत्ता =जुत्तासुत्ता
जो+जो =जोसो	टोपी+टोपी =टोपीसोपी
डुल्नु+डुल्नु =डुल्नुसुल्नु	देख्नु+देख्नु =देख्नुसेख्नु
पहेँलो+पहेँलो =पहेँलोसहेँलो	पानी+पानी =पानीसानी
प्याज+प्याज =प्याजस्याज	ब्याज+ब्याज =ब्याजस्याज
भरे+भरे =भरेसरे	भात+भात =भातसात
भोलि+भोलि =भोलिसोली	लसुन+लसुन =लसुनससुन

(५०) एटो प्रत्यय पर भएमा फलक शब्दको वर्णव्यत्यय भएका ककारको गकारमा, आन र आर प्रत्यय पर भएमा मुख शब्दका खकारको हकारमा तथा संस्कृत सङ्ग र सङ्गी शब्दको एवम् औटी प्रत्यय पर भएमा लिङ्ग शब्दका ङकारको अनुनासिक (ँ) मा परिवर्तन हुन्छ, जस्तै :

क्>ग् : (क) फलक+एटो> फलक्+एटो> फकल्+एटो> फगल्+एटो> फग्ल्+एटो =फग्लेटो

ख्>ह् : (क) मुख+आन> मुख्+आन> मुह्+आन =मुहान
(ख) मुख+आर> मुख्+आर> मुह्+आर =मुहार

ङ्> ँ : (क) सङ्ग> सँ+ग =सँग
(ख) सङ्गी> सँ+गी =सँगी
(ग) लिङ्ग+औटी> लिङ्ग्+औटी> लँग्+औटी =लँगौटी

(५१) आपरिवर्तित द्वित्वका क्रममा व्यञ्जनवर्ण आदिमा भए पनि झल, झिलि, तिर, गुटु, ढुकु र ढुल शब्दको मकारमा, सल शब्दको बकारमा, ढल र चहल शब्दको पकारमा, माल शब्दको तकारमा र चाल शब्दको ढकारमा परिवर्तन हुन्छ, जस्तै :

ग्/ह्/त्/झ>म् : गुटु+गुटु =गुटुमुटु
ढुकु+ढुकु =ढुकुमुकु
ढुल+ढुल =ढुलमुल
तिर+तिर =तिरमिर
झल+झल =झलमल
झिलि+झिलि =झिलिमिली

च्>ह्/प् : चाल+चाल =चालढाल
चहल+चहल =चहलपहल

ढ्>प् : ढल+ढल =ढलपल

म्>त् : माल+माल =मालताल

स्>ब् : सल+सल =सलबल

(५२) एल प्रत्यय पर भएमा आज शब्दका जकारको चकारमा र उवा प्रत्यय पर भएमा माझ शब्दका झकारको जकार हुन्छ, जस्तै :

ज्>च् : (क) आज+एल> आज्+एल> आच्+एल> अच्+एल =अचेल

झ्>ज् : (क) माझ+उवा> माझ्+उवा> मझ्+उवा> मज्+उवा
=मजुवा/मझुवा

(५३) एटो र ही प्रत्यय पर भएमा गोडा र घोडा शब्दका डकारको रकारमा तथा इका प्रत्यय पर भएमा कण शब्दका णकारको नकार हुन्छ, जस्तै :

ड्>र् : (क) गोडा+एटो> गोड्+एटो> गोर्+एटो =गोरेटो
(ख) घोडा+एटो> घोड्+एटो> घोर्+एटो =घोरेटो
(ग) घोडा+ही> घोरा+ही =घोराही (दाङको एउटा प्रसिद्ध सहर)

ण्>न् : (क) कण+इका> कण्+इका> कन्+इका =कनिका

(५४) इरो र इरी प्रत्यय पर भएमा खत शब्दका तकारको टकारमा, आनी प्रत्यय पर भएमा मथ् धातुका थकारको दकारमा, आइ प्रत्यय पर भएमा तीन शब्दका नकारको हकारमा र एरी प्रत्यय पर भएमा अन्ध शब्दका नकारको अनुनासिक (ँ) मा परिवर्तन हुन्छ, जस्तै :

त्>ट् : (क) खत+इरो> खत्+इरो> खट्+इरो =खटिरो
(ख) खत+इरी> खत्+इरी> खट्+इरी =खटिरी

थ्>द् : (क) मथ्+आनी> मद्+आनी =मदानी

न्>ह् : (क) तीन+आइ> तिन्+आइ> तिह्+आइ =तिहाइ

न्>ँ : (क) अन्ध+एरी> अन्ध् एरी> अँध्+एरी =अँधेरी

खाँचो शब्दको द्वित्व हुँदा भने अनुनासिकका स्थानमा नकारको परिवर्तन भई 'खन्खाँचो' शब्दको निर्माण भएको पाइन्छ ।

(५५) आनी प्रत्यय पर भएमा चामल शब्दका मकारको उकारमा, अली प्रत्यय पर भएमा मामा शब्दका अन्त्य मकारको वकारमा र एत्रो प्रत्यय पर भएमा घुम् धातुका मकारको अनुनासिक (ँ) मा परिवर्तन हुन्छ, जस्तै :

म्>उ : (क) चामल+आनी> चामल्+आनी> चाउल्+आनी>
चउल्+आनी =चउलानी/चौलानी

म्>व् : (क) मामा+अली> माम्+अली> माव्+अली =मावली

म्>ँ : (क) घुम्+एत्रो> घु ँ+एत्रो =घुएँत्रो

(५६) आली र एनी प्रत्यय पर भएमा लुयाँटी, खयर र बयर शब्दका यकारको इकारमा, लो, ली, की, ता, ती, आनी र आली प्रत्यय र सर शब्द पर भएमा नव, देव, देवर र अव शब्दका वकारको उकारमा, लो प्रत्यय पर भएमा वर शब्दका वकारको ओकारमा एवम् वर, पर र उपरि शब्दको रकारको लकारमा तथा उवा प्रत्यय पर भएमा जल शब्दका लकारको रकारमा परिवर्तन हुन्छ, जस्तै :

य्>इ : (क) लुयाँटी+आल> लुयाँट्+आल> लुइआँट्+आल> लुइँट्+आल> लुइँट् य्+आल =लुइँट्याल>लुइँटेल

(ख) खयर+एनी> खयर्+एनी> खइअर्+एनी> खइर्+एनी =खइरेनी>खैरेनी

(ग) बयर+एनी> बयर्+एनी> बइअर्+एनी> बइर्+एनी =बइरेनी>बैरेनी

व्>उ : (क) नव+लो> नव्+लो> नउ+लो =नउलो>नौलो

(ख) नव+ली> नव्+ली> नउ+ली =नउली>नौली

(ग) देव+की> देउअ+की> देउ+की =देउकी

(घ) देव+ता> देउअ+ता> देउ+ता =देउता/द्यौता

(ङ) देव+ती> देउअ+ती> देउ+ती =देउती/द्यौती

(च) देवर+आनी> देवर्+आनी> देउअर्+आनी> देउर्+आली =देउरानी/द्यौरानी

(छ) देवर+आली> देवर्+आली> देउअर्+आली> देउर्+आली =देउराली/द्यौराली

(ज) अव+सर> अउअ+सर> अउ+सर =अउसर>औसर

व्>ओ : (क) वर+लो> वर्+लो> ओर्+लो> ओल्+लो =ओल्लो

र्>ल् : (क) वर+लो> वर्+लो> ओर्+लो> ओल्+लो =ओल्लो

(ख) पर+लो> पर्+लो> पल्+लो =पल्लो

(ग) उपरि+लो> उपर्+लो>उपल्+लो =उपल्लो

ल्>र् : (क) जल+उवा> जल्+उवा> जर्+उवा =जरुवा

उपर्युक्त नियम अन्तर्गतको यकारका स्थानमा इकार र वकारका स्थानमा उकार हुनुलाई संस्कृत व्याकरणमा 'सम्प्रसारण' भनिन्छ (पा.,अ.१।१।४५) भने सम्प्रसारण हुँदा माथिका उदाहरणमा भै उत्तरवर्ती स्वर सम्प्रसारण भएका पूर्ववर्ती इकार वा उकारमै मिल्ने प्रक्रियालाई 'पूर्वरूप' मानिएको पाइन्छ (पा.,अ.६।१।१०८)।

(५७) आन र औटो प्रत्यय पर भएमा क्रमशः राश र शिला संस्कृत शब्दका शकारको छकार र सकारमा परिवर्तन हुन्छ, जस्तै :

श्>छ् : (क) राश+आन> राश्+आन> रश्+आन> रछ्+आन =रछान

श्>स् : (क) शिला+औटो> शिल्+औटो> सिल्+औटो =सिलौटो

४.४.३ अनेक वर्णको विकारनियम

मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणका क्रममा जा, लैजा र हु धातुको अनेकवर्णी ग, लग् र भ शब्दमा तथा दुई, तीन र चार प्रातिपदिकको अनेकवर्णी दो, ते र चौ शब्दमा परिवर्तनका लागि निम्नलिखित दुई नियमहरू (५८–५९) को प्रवृत्ति हुन्छ :

(५८) बर, लो, स्रो र होरो तद्धित प्रत्यय पर भएमा वा समासमा उत्तरपद पर भएमा पूर्ववर्ती दुई, तीन र चार शब्दका स्थानमा क्रमशः दो, ते र चौ हुन्छ, जस्तै :

'बर' प्रत्ययमा : (क) दुई+बर> दो+बर =दोबर, दोब्बर
(ख) तीन+बर> ते+बर =तेबर, तेब्बर
(ग) चार+बर> चौ+बर =चौबर

'लो' प्रत्ययमा : (क) दुई+लो> दो+लो> दोक्+लो =दोक्लो

'स्रो' प्रत्ययमा : (क) दुई+स्रो> दो+स्रो =दोस्रो
(ख) तीन+स्रो> ते+स्रो =तेस्रो

'होरो' प्रत्ययमा : (क) दुई+होरो> दो+होरो =दोहोरो
(ख) तीन+होरो> ते+होरो =तेहरो
(ग) चार+होरो> चौ+होरो =चौहोरो

समासमा :

दुई>दो :

(क) दुई+बाटो =दोबाटो (ख) दुई+धार =दोधार
(ग) दुई+जिया =दोजिया (घ) दुई+साँध =दोसाँध
(ङ) दुई+भान =दोभान (च) दुई+सल्ला =दोसल्ला

चार>चौ :

(क) चार+बाटो =चौबाटो (ख) चार+गुना =चौगुना
(ग) चार+कुना =चौकुना (घ) चार+बन्दी =चौबन्दी
(ङ) चार+घेरा =चौघेरा (च) चार+खम्बा =चौखम्बा

(छ) चार+पाया =चौपाया (ज) चार+मास =चौमास
(झ) चार+कोस =चौकोस

(५९) पूर्वकालिक ई र एर तथा भूतकालिक ए, एको र यो प्रत्यय पर भएमा जा, लैजा र हु धातुका स्थानमा क्रमशः ग, लग् र भ हुन्छ, जस्तै :

जा>ग : (क) जा+ई> ग+ई =गई
(ख) जा+एर> ग+एर =गएर
(ग) जा+ए> ग+ए =गए, गएथ्यो
(घ) जा+एको> ग+एको =गएको
(ङ) जा+यो> ग+यो =गयो

लैजा>लग् : (क) लैजा+ई> लग्+ई =लगी
(ख) लैजा+एर> लग्+एर =लगेर
(ग) लैजा+ए> लग्+ए =लगे
(घ) लैजा+एको> लग्+एको =लगेको
(ङ) लैजा+यो> लग्+यो =लग्यो

हु>भ : (क) हु+ई> भ+ई =भई
(ख) हु+एर> भ+एर =भएर
(ग) हु+ए> भ+ए =भए
(घ) हु+एको> भ+एको =भएको
(ङ) हु+यो> भ+यो =भयो

यस प्रकार मौलिक नेपाली व्युत्पन्न शब्दको निर्माणप्रक्रियाका क्रममा अ, आ, इ, ई, उ, ऊ, ए र ओ आठ स्वरवर्णका स्थानमा अ, आ, इ, ई, उ, ए र ओ सात स्वरवर्णको, य् र व् दुई व्यञ्जनवर्णको, अस् र उस् दुई स्वरव्यञ्जनात्मक अक्षरको, क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ड, ढ, ण, त, थ, द, न, प, ब, भ, म, य, व, ल, श, स् र ह् सत्ताइस व्यञ्जनवर्णका स्थानमा इ र उ दुई स्वरवर्णको, ग, च, छ, ज, ट, ढ, त, द, न, प, ब, म, य, व, र, स् र ह् सत्र व्यञ्जनवर्णको, एउटा खण्डेतर चन्द्रबिन्दुको, अनेकवर्णी जा, लैजा र हु धातुका स्थानमा ग, लग् र भ शब्दको तथा दुई, तीन र चार प्रातिपदिकका स्थानमा दो, ते र चौ शब्दको परिवर्तन भएको पाइन्छ ।

४.४ नेपालीको वर्णव्यत्ययसन्धि नियम

मौलिक नेपाली घडेरी, खडेरी, फग्लेटो र फुलौरा शब्दको निर्माणका क्रममा रकार र डकारको, लकार र गकारको एवम् रकार र लकारको एकआपसमा साटासाटका लागि निम्नलिखित एउटामात्र नियम (६०) प्रवृत्त हुन्छ :

(६०) घडेरी र खडेरी शब्दमा रकार र डकारको, फग्लेटो शब्दमा लकार र गकारको तथा फुलौरा शब्दमा रकार र लकारको वर्णव्यत्यय (साटासाट) हुन्छ, जस्तै :

र्>ड् : (क) घर+एडी> घर्+एडी> घड्+एरी =घडेरी

(ख) खर+एडी> खर्+एडी> खड्+एरी =खडेरी

ल्>ग् : (क) फलक+एटो> फलक्+एटो> फकल्+एटो> फगल्+एटो> फग्ल्+एटो =फग्लेटो

र्>ल् : (क) फुर्+औला> फुल्+औरा =फुलौरा/फुरौला

यस प्रकार मौलिक नेपाली व्युत्पन्न शब्दमा रकार र डकारको, लकार र गकारको तथा रकार र लकारको एकआपसमा साटासाट भएको देखिन्छ भने यस किसिमका वर्णव्यत्यय सन्धिसम्बन्धी थप शब्दहरूको अन्वेषण हुनुपर्ने आवश्यकता देखिन्छ ।

परिशिष्ट

१. संस्कृतका लोप, आगम र वर्णविकारसम्बन्धी मूल नियमहरू

१.१ लोपसम्बन्धी नियमहरू

१.१.१ पाणिनिका सूत्रहरू

नलोपो नञ: ६।३।७३
अनुदात्तोपदेशवनति...६।४।३७
यस्येति च ६।४।१४८
नलोप: प्रातिपदिकान्तस्य ८।२।७
घत्रि च भाव... ६।४।२७
णेरनिटि ६।४।५१
टे: ६।४।१५५
रो रि ८।३।१४

१.१.२ कात्यायनको वार्तिक

वा शर्प्रकरणे खर्परे लोप: (८।३।३६।१)

१.२ आगमसम्बन्धी नियमहरू

१.२.१ पाणिनिका सूत्रहरू

इन्द्रवरुणभवशर्वरुद्र... ४।१।४९
ह्रस्वस्य पिति कृति तुक् ६।१।७१
तस्मान्नुडचि ६।३।७४
श्रयुक: किति ७२।११
यस्य विभाषा ७२।१५
आने मुक् ७२।८२
स्वागतादीनां च ७३।७
अर्तिह्रीब्लीरीक्नूयी... ७३।३६
सृजिदृशो झल्यम्...६।१।५८
मनोर्जातावञ्यतौ षुक् च ६।१।१६१
एकाच उपदेशे... ७२।१०
श्वीदितो निष्ठायाम् ७२।१४
आर्धधातुकस्येड्... ७२।३५
न ल्वाभ्यां पदान्ताभ्यां... ७३।३
आतो युक् चिण्कृतो: ७३।३३
भियो हेतुभये षुक् ७३।४०

१.२.२ कात्यायनको वार्तिक

णिविधावर्थवेदसत्यानामापुक्... (३।१।२५।२)

१.३ वर्णविकारसम्बन्धी नियमहरू

१.३.१ पाणिनिका सूत्रहरू

क्ङिति च १।१।५
त्रेः सम्प्रसारणं च ५।२।५५
ग्रहिज्यावयिव्यधि... ६।१।१६
क्रीङ्जीनां णौ ६।१।४८
एचोऽयवायावः ६।१।७८
आद् गुणः ६।१।८७
अकः सवर्णे दीर्घः ६।१।१०१
एङः पदान्तादति ६।१।१०९
हशि च ६।१।११४
ढ्रलोपे पूर्वस्य दीर्घः...६।३।१११
अप्तृन्तृच्स्वसृनप्तृ... ६।४।११
अनुनासिकस्य क्वि...६।४।१५
शास इदङ्हलोः ६।४।३४
निष्ठायामण्यदर्थे ६।४।६०
घुमास्थागापा... ६।४।६६
ऋत इद्धातोः ७।१।१००
ग्रहोऽलिटि दीर्घः ७।२।३७
मृजेर्वृद्धिः ७।२।११४
अत उपधायाः ७।२।११६
किति च ७।२।११८
हृद्भगसिन्धवन्ते... ७।३।११
नजः शुचीश्वर... ७।३।३०
रुहः पोऽन्यतरस्याम् ७।३।४३
चजोः कु घिण्ण्यतोः ७।३।५२
अजिव्रज्योश्च ७।३।६०
इषुगमियमां छः ७।३।७७
जाग्रोविचिण्णल्ङित्सु ७।३।८५
अस्य च्वौ ७।४।३२
मादुपधायाश्च मतोर्वो... ८।२।९
चोः कुः ८।२।३०
गोस्त्रियोरुपसर्जनस्य १।२।४८
वचिस्वपियजादीनां... ६।१।१५
आदेच उपदेशेऽशिति ६।१।४५
इको यणचि ६।१।७७
वान्तो यि प्रत्यये ६।१।७९
वृद्धिरेचि ६।१।८८
सम्प्रसारणाच्च ६।१।१०८
अतो रोरप्लुताद्.. ६।१।११३
आन्महतः समाना... ६।३।४६
सर्वनामस्थाने च... ६।४।८
सौ च ६।४।१३
च्छ्वोः शूड्... ६।४।१९
जनसनखनां... ६।४।४२
ईद्यति ६।४।६५
ओर्गुणः ६।४।१४६
उदोष्ठ्यपूर्वस्य ७।१।१०२
ईदासः ७।२।८३
अचो ञ्णिति ७।२।११५
तद्धितेष्वचामादेः ७।२।११७
वर्षस्याभविष्यति ७।३।१६
अनुशतिकादीनां च ७।३।२०
हनस्तोऽचिण्णलोः ७।३।३२
प्रत्ययस्थात्कात्... ७।३।४४
हो हन्तेर्ञ्णिन्नेषु ७।३।५४
भोज्यं भक्ष्ये ७।३।६९
सार्वधातुकार्धधातुकयोः ७।३।८४
पुगन्तलघूपधस्य ७।३।८६
द्यतिस्यतिमास्थामित्ति... ७।४।४०
उपसर्गस्यायतौ ८।२।१९
हो ढः ८।२।३१

दादेर्धातोर्घः ८।२।३२
वा दुहमुहष्णुह... ८।२।३३
व्रश्चभ्रस्जसृजमृज... ८।२।३६
झलां जशोऽन्ते ८।२।३९
झषस्तथोर्धोऽधः ८।२।४०
रदाभ्यां निष्ठातोः... ८।२।४२
ओदितश्च ८।२।४५
क्षियो दीर्घात् ८।२।४६
शुषः कः ८।२।५१
पचो वः ८।२।५२
नुदविदोन्दत्राघ्रा... ८।२।५६
ऋणमाधमर्ण्ये ८।२।६०
ससजुषो रुः ८।२।६६
हलि च ८।२।७७
खरवसानयोर्विसर्ज...८।३।१५
मोऽनुस्वारः ८।३।२३
नश्चापदान्तस्य... ८।३।२४
मो राजि समः क्वौ ८।३।२५
विजर्सनीयस्य सः ८।३।३४
शर्परे विसर्जनीयः ८।३।३५
वा शरि ८।३।३६
कुप्वोः क पौ च ८।३।३७
सोऽपदादौ ८।३।३८
नमस्पुरसोर्गत्योः ८।३।४०
इदुदुपधस्य च... ८।३।४१
तिरसोऽन्यतरस्याम् ८।३।४२
शासिवसिघसीनां च ८।३।६०
परिनिविभ्यः सेव... ८।३।७०
सुविनिर्दुभ्यः सुपि... ८।३।८८
अम्बाम्बगोभूमि... ८।३।९७
रषाभ्यां णो नः... ८।४।१
अट्कुप्वाङ्नुम्व्यवाये...८।४।२
कृत्यचः ८।४।२९
स्तोः श्चुना श्चुः ८।४।४०
ष्टुना ष्टुः ८।४।४१
यरोऽनुनासिके... ८।४।४५
झलां जश् झशि ८।४।५३
खरि च ८।४।५५
अनुस्वारस्य ययि... ८।४।५८
वा पदान्तस्य ८।४।५९
तोर्लि: ८।४।६०
झयो होऽन्यतरस्याम् ८।४।६२
शश्छोऽटि ८।४।६३

१.३.२ कात्यायनका वार्तिकहरू

प्रादूहोढोढ्ये... (६।१।८९।४)
स्वादीरेरिणोः (६।१।८९।५)
प्रतिवेशादीनां ...(६।३।१२२।२)
शास इत्वेः... (६।४।३४।९)
प्रतिषेधे त्यकन...(७।३।४५।२)
ण्यप्रतिषेधे त्यजे... (७।३।६६।४)
रुत्वविधावह्नो... (८।२।६८।१)
रषाभ्यां णत्वे ऋकार..(८।४।१।१)
यरोऽनुनासिके... (८।४।४५।१)

१.३.३ काशिकावृत्तिस्थ गणसूत्र

नूनरयोर्वृद्धिश्च (ग.सू.५७ : ४।१।७३)

२. प्राकृतका लोप, आगम, वर्णविकार र वर्णव्यत्ययसम्बन्धी मूल नियमहरू

२.१ हेमचन्द्रका लोपसम्बन्धी सूत्रहरू

द्वे अन्त्यव्यञ्जनस्य ८।१।११
मांसादेर्वा ८।१।२९
कगचजतदपयवां... ८।१।१७७
अधो मनयाम् ८।२।७८
रो न वा ८।२।८०
तीक्ष्णे णः ८।२।८२
आदेः श्मश्रुश्मशाने ८।२।८६
खादधावोर्लुक् ८।४।२२८२.२
विंशत्यादेर्लुक् ८।१।२८
इतेः स्वराद् तश्च द्विः ८।१।४२
कगटडतदपशषस... ८।२।७७
सर्वत्र लवरामवन्द्रे ८।२।७९
धात्र्याम् ८।२।८१
ज्ञो ञः ८।२।८३
रात्रौ वा ८।२।८८

हेमचन्द्रका आगमसम्बन्धी सूत्रहरू

वक्रादावन्तः ८।१।२६
लात् ८।२।१०६
चिचिश्चुहुस्तुलूपुधू... ८।४।२४१
र्हश्रीह्रीकृत्स्नक्रिया... ८।२।१०४
पद्मच्छद्ममूर्खद्वारे वा ८।२।११२

२.३ हेमचन्द्रका वर्णविकारसम्बन्धी सूत्रहरू

स्त्रियामादविद्युतः ८।१।१५
दक्षिणे हे ८।१।४५
ईः स्वप्नादौ ८।१।४६
वल्लचुत्करपर्यन्ताश्चर्ये वा ८।१।५८
महाराष्ट्रे ८।१।६९
ह्रस्वः संयोगे ८।१।८४
ईर्जिह्वासिंहत्रिंशद्विंशतौ... ८।१।९२
प्रवासीक्षौ ८।१।९५
पानीयादिष्वित् ८।१।१०१
पुरुषे रोः ८।१।१११
ओत्संयोगे ८।१।११६
दिक्प्रावृषोः सः ८।१।१९
सप्तपर्णे वा ८।१।४९
पक्वाङ्गारललाटे वा ८।१।४७
धञ्वृद्धेर्वा ८।१।६८
मांसादिष्वनुस्वारे ८।१।७०
तित्तिरौ रः ८।१।९०
द्वित्योष्त् ८।१।९४
ओच्च द्विधाकृञः ८।१।९७
उतो मुकुलादिष्वत् ८।१।१०७
ईः क्षुते ८।१।११२
कुतूहले वा ह्रस्वश्च ८।१।११७

ओत्कूष्माण्डीतूणीरकूर्पर...८।१।१२३
इत्कृपादौ ८।१।१२८
उदृत्वादौ ८।१।१३१
इदुतौ वृष्टवृष्टिपृथङ्...८।१।१३७
ऋणर्ज्वृषभर्त्वृधौ वा ८।१।१४१
ऐत एत् ८।१।१४८
वैरादौ वा ८।१।१५२
उच्चैर्नीचैस्त्रैअः ८।१।१५४
उत्सौन्दर्यादौ ८।१।१६०
आच्च गौरवे ८।१।१६३
वा कदले ८।१।१६७
ऊच्चोपे ८।१।१८३
चन्द्रिकायां मः ८।१।१८५
टो डः ८।१।१९५
तुच्छे तश्चछौ वा ८।१।२०४
अतसीसातवाहने लः ८।१।२११
दशदहोः ८।१।२१८
प्रदीपिदोहदे लः ८।१।२२१
पो वः ८।१।२३१
यष्टचां लः ८।१।२४७
हरिद्रादौ लः ८।१।२५४
दशपाषाणे हः ८।१।२६२
षट्शमीशावसुधासप्तपर्णे...८।१।२६५
ष्कस्कयोर्नाम्नि ८।२।४
स्तम्भे स्तो वा ८।२।८
छोक्ष्यादौ ८।२।१७
द्यय्यर्जा जः ८।२।२४
वृत्तप्रवृत्तमृत्तिकापत्तन...८।२।२९
ष्टस्यानुष्टष्टासंदष्टे ८।२।३४
दग्धविदग्धवृद्धिवृद्धे ढः ८।२।४०
स्तस्य थोसमस्तस्तम्बे ८।२।४५
ऋतोऽत् ८।१।१२६
मसृणमृगाङ्कमृत्यशृङ्ग...८।१।१३०
मातुरिद्वा ८।१।१३५
रिः केवलस्य ८।१।१४०
दृशः क्विप्टक्सकः ८।१।१४२
अइदैत्यादौ च ८।१।१५१
एच्च दैवे ८।१।१५३
औत् ओत् ८।१।१५९
अउः पौरादौ च ८।१।१६२
एत् त्रयोदशादौस्वरस्य...८।१।१६५
न वा मयूखलवण...८।१।१७१
कुब्जकर्परकीले कः... ८।१।१८१
खधथधभाम् ८।१।१८७
ठो ढः ८।१।१९९
सप्ततौ रः ८।१।२१०
दशनवष्टदग्धदोला... ८।१।२१७
संख्यागद्गदे रः ८।१।२१९
दीर्घौ घो वा ८।१।२२३
आदेर्यो जः ८।१।२४५
छायायां होकान्तौ वा ८।१।२४९
शषोः सः ८।१।२६०

क्षः खः क्वचित्तु छझौ ८।२।३
शुष्कस्कन्दे वा ८।२।५
त्योचैत्ये ८।२।१३
ह्रस्वात् थ्यश्चत्सप्सा... ८।२।२१
साध्वसध्यह्यां झः ८।२।२६
तंस्याधूर्तादौ ८।२।३०
गर्ते डः ८।२।३५
पञ्चाशत्पञ्चदशदत्ते ८।२।४३
पर्यस्ते थटौ ८।२।४७

भस्मात्मनोः पो वा ८।२।५१
तास्मासे म्बः ८।२।५६
ह्वो भो वा ८।२।५७
बोध्वें ८।२।५९
दुःखदक्षिणातीर्थे वा ८।२।७२
सदपतोर्डः ८।४।२१९
क्वथवर्धा ढः ८।४।२२०
व्रजनृतमदां च्चः ८।४।२२५
रसोर्लशौ ८।४।२८८
णो नः ८।४।३०६२.४

हेमचन्द्रका वर्णव्यत्ययसम्बन्धी सूत्रहरू

करेणूवाराणस्यौ रणो...८।२।११६
महाराष्ट्रे हरोः ८।२।११९
ह्रदे ह्रदोः ८।२।१२०
लघुके लहोः ८।२।१२२

❐ ❐

सन्दर्भ कृति-सूची

अधिकारी, हेमाङ्गराज, **समसामयिक सरल नेपाली व्याकरण अभ्यास तथा प्रयोग** (२०५७), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अनिवार्य नेपाली विषय स्थायी समिति (२०६६), **अनिवार्य नेपाली शिक्षण निर्देशिका** (स्नातक तह प्रथम वर्ष), ललितपुर : साझा प्रकाशन ।

आप्टे, के. वा. (२०५२), **प्राकृत व्याकरण** (हेमचन्द्रकृत सिद्ध-हैम-शब्दानुशासनको आठौं अध्याय), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

उपाध्याय, मुकुन्दशरण (२०६८), **व्याकरण चिन्तन**, काठमाडौं : भानु भाषा प्रतिष्ठान ।

खतिवडा, बालकुमार (२०५६), **नेपाली तद्धित प्रत्ययको रूपवैज्ञानिक विश्लेषण**, विराटनगर : त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको नेपाली विषयको स्नातकोत्तर स्तरीय अप्रकाशित शोधपत्र ।

गौतम, देवीप्रसाद (२०५३), **नेपालीमा पदावली व्यवस्था**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको विद्यावारिधिस्तरीय अप्रकाशित शोधप्रबन्ध ।

चापागाईं, नरेन्द्र (२०५१), **शब्द, वाक्य र अभिव्यक्ति**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

चौलागाईं, प्रेमप्रसाद (२०५९), **नेपालीमा सन्धिव्यवस्था**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागको स्नातकोत्तरस्तरीय अप्रकाशित शोधपत्र ।

ढकाल, मतिप्रसाद (२०५८), *नेपाली सन्धिको परिचय*, **गरिमा** (वर्ष १९, अङ्क ९), पृ. ७५–८२ ।

——— (२०६७), **लोप, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको समीक्षण**, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालयको विद्यावारिधिस्तरीय अप्रकाशित शोधप्रबन्ध ।

न्यौपाने, टङ्कप्रसाद र दीपकप्रसाद न्यौपाने (२०६३), **रूपविज्ञान**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत् शब्दकोश** (पाँचौं संस्क. २०५८), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०४६), **नेपाली निर्वचन** (भाग-१), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

_____ (२०५०), **नेपाली निर्वचन** (भाग-२), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

_____ (२०५९), **नेपाली निर्वचन** (भाग-३), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

(२०६४), **झर्रो शब्दौली**, ललितपुर : जगदम्बा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५७), **ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि-परिचय**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

मिश्र, नारायण (सम्पा. १९७७ ई.), **अष्टाध्यायीसूत्रपाठः** (पाणिनिकृत व्याकरण), वाराणसी : चौखम्बा ओरियन्टालिया ।

मीमांसक, युधिष्ठिर (२०१९), **संस्कृत व्याकरणशास्त्र का इतिहास** (द्वितीय, तृतीय भाग, पुनर्मुद्रण, २०५७), हरियाणा, राममलाल कपूर ट्रस्ट ।

वर्मा, वीरेन्द्रकुमार (व्याख्या. १९७५ ई.), **वाजसनेयिप्रातिशाख्यम्**, वाराणसी : ज्ञानप्रकाश प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५१), **शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व र अभिव्यक्ति, भाषावैज्ञानिक र प्रयोगात्मक पद्धति**, काठमाडौं : नवीन प्रकाशन ।

❑ ❑

नेपाली भाषामा संस्कृत र प्राकृत भाषाको प्रभाव अत्यधिक रहेको हुनाले तीनै भाषाका शब्दको निर्माणप्रक्रिया र सन्धिनियमको विवेचन गरिएको हुँदा डा. ढकालको यस कृतिबाट प्रचलनमा देखिएका भ्रमात्मक त्रुटिहरूलाई सच्याउन र नेपाली भाषाका शुद्ध एवम् परिष्कृत शब्दको स्वरूप अवगत गर्न सजिलो हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

❑ प्रा.डा.माधवशरण उपाध्याय

संस्कृत र प्राकृत भाषाका व्याकरणको ज्ञानलाई प्रयोग गरी नेपाली शाब्दिक सन्धिका नियमहरूको व्याख्या गरिएको अद्वितीय नमुनाका रूपमा डा. ढकालको यो शोधग्रन्थ तयार भएको देखिन्छ । उनको पिएचडीका लागि गरिएको शोध त संस्कृत सन्धिको मात्रै थियो, तर नेपालीमा प्रयोग हुने संस्कृत, प्राकृत र व्युत्पन्न नेपाली शब्दभिन्नको सन्धिनियमको व्याख्या भने उनको आफ्नो छुट्टै एकलव्य साधनाको प्रतिफल हो ।

❑ प्रा.डा.माधवप्रसाद पोखरेल

डा. मतिप्रसाद ढकाल

जन्म : २०२८ जेठ १९, अमलाचौर-५, बागलुङ

शिक्षा : व्याकरणाचार्य (ने.सं.वि.), नेपाली एम.ए. (त्रि.वि.), विद्यावारिधि (सन्धिविज्ञान : २०६७) ने.सं.वि.

सेवा : नेपाल संस्कृत विश्वविद्यालयको प्रशासनिक र शिक्षण सेवामा विगत २१ वर्षदेखि आबद्ध

प्रकाशित कृति :

१. प्रारम्भिक संस्कृत व्याकरण र रचना (२०५६ : व्याकरण)
२. भानुभक्तीय रामायणका पाठभेदहरू (२०६३ : समालोचना)
३. भानुभक्तका लघुरचनाहरू (२०६४ : पाठभेदीय सम्पादन)
४. शब्दनिर्माणप्रक्रिया र सन्धि (२०६९ : व्याकरण)

गरिमा, नेपाली, मिमिरे, ऋतम्भरा आदि पत्रिकाहरूमा संस्कृत र नेपाली व्याकरण एवम् समालोचनासम्बन्धी फुटकर लेखहरूसमेत प्रकाशित।

सम्प्रति :

गैंडाकोट-१, विकासचोक, नवलपरासी

मोबाइल : ९८४९२७९४३१

इमेल : dhakalmatip@gmail.com

विद्यार्थी पुस्तक भण्डार

प्रकाशक तथा वितरक

भोटाहिटी, काठमाडौं